# नेपाल बौद्ध परियत्ति शिक्षा


सम्पर्क सचिवालय:

**विश्व शान्ति विहार**

नयाँ बानेश्वर, मीनभवन, काठमाडौं

फोन: ४१०६९४१, ४१०६९३६

E-mail: pariyatti2556@gmail.com

Website : www.nepalpariyatti.com


## बौद्ध परियत्ति शिक्षा स्तर

१. परियत्ति सद्धम्म पालकको प्रारम्भिक प्रथम वर्ष
२. परियत्ति सद्धम्म पालकको प्रारम्भिक द्वितीय वर्ष
३. परियत्ति सद्धम्म पालकको प्रारम्भिक तृतीय वर्ष
४. परियत्ति सद्धम्म पालकको प्रवेश प्रथम वर्ष
५. परियत्ति सद्धम्म पालकको प्रवेश द्वितीय वर्ष
६. परियत्ति सद्धम्म पालकको प्रवेश तृतीय वर्ष
७. परियत्ति सद्धम्म पालकको उपाधि वर्ष
८. परियत्ति सद्धम्म कोविद प्रथम वर्ष
९. परियत्ति सद्धम्म कोविद मध्यम वर्ष
१०. परियत्ति सद्धम्म कोविद अन्तिम वर्ष

परियत्ति सद्धम्मपालक उपाधि (कक्षा ७, तृतिय तथा चतुर्थ पत्र)

"पञ्ञा नरानं रतनं"

# परियत्ति शिक्षा

## परियत्ति सद्धम्मपालक उपाधि

(कक्षा ७, तृतिय तथा चतुर्थ पत्र)

सम्पादक

**भिक्षु बोधिज्ञान महास्थविर**

केन्द्रीय परीक्षा नियन्त्रक


Dhamma.Digital

https://dhamma.digital

"पञ्ञा नरानं रतनं"

# परियत्ति शिक्षा

## परियत्ति सद्धम्मपालक उपाधि

**(तृतीय तथा चतुर्थ पत्र)**

पूर्णाङ्क १००, उत्तीर्णाङ्क ३५

Dhamma.Digital

सम्पादक


**भिक्षु बोधिज्ञान महास्थविर**

केन्द्रीय परीक्षा नियन्त्रक

https://dhamma.digital

प्रकाशक : **अखिल नेपाल भिक्षु महासंघ**
नेपाल बौद्ध परियत्ति शिक्षा
पाठ्यक्रम तथा पाठ्यपुस्तक उपसमिति

**परियत्ति सद्धम्मपालक उपाधि (तृतीय र चतुर्थ पत्र)**
**पुस्तक धर्मदान दाता**



**श्री प्रेमरत्न शाक्य / श्रीमती शोभा लक्ष्मी शाक्य**
चाकुपात, ललितपुर

यस धर्मदानको प्रभावले उहाँहरू तथा उहाँहरूको परिवारलाई सुख, शान्ति तथा दीर्घायु प्राप्त होस् भनि कामना पनि गर्दछौं ।

© सर्वाधिकार : नेपाल बौद्ध परियत्ति शिक्षा

दोस्रो संस्करण : ५०० प्रति
बु.सं. २५६६ ने.सं. ११४२
वि.सं. २०७९ ई.सं. २०२२

सहयोगार्थ : रू. १५० मात्र
(पुस्तकबाट प्राप्त रकम परियत्ति विकास कोषमा जम्मा गरिनेछ ।)

मुद्रण : आईडियल प्रिन्टिङ्ग प्रेस
ग्वार्को, ललितपुर, फोनः ५४३०५२२

https://dhamma.digital

# साधुवाद

प्रस्तुत पुस्तक परियत्ति शिक्षा परियत्ति सद्धम्म पालक उपाधिको तृतीय र चतुर्थ पत्रको पाठ्यक्रमानुसार तयार पारिएको हो । यस तृतीय पत्रमा आर्य अष्टांगिक मार्ग, बहुजन हिताय बहुजन सुखाय र नेपाली विहारका विशेषता पुस्तकहरू रहेका छन् । त्यस्तै चतुर्थ पत्रमा बौद्ध जगतमा प्रसिद्ध व्यक्तित्वहरू, दश संयोजन र अजातशत्रु पुस्तकहरू रहेका छन् ।

तृतीय पत्रमा खण्ड एक आर्य अष्टांगिक मार्ग पुस्तक भिक्षु प्रज्ञारश्मिले सम्पादन गर्नुभएको हो । एक एक जना श्रद्धेय अग्रज भिक्षुहरूले एक एक मार्गका बारे नेपालभाषामा लेख्नुभएको मार्गांगलाई दिवंगत भिक्षु प्रज्ञारश्मिले सम्पादन गर्नुभई यो पुस्तक प्रकाशन गर्नुभएको हो ।

दोश्रो खण्डमा बहुजन हिताय बहुजन सुखाय पुस्तक रहेको छ । यो पुस्तक श्रद्धेय भिक्षु सुदर्शन महास्थविरले लेख्नुभएको हो । यस पत्रमा चारवटा खण्ड समावेश भएका छन् । यसलाई भिक्षु नायकोले नेपालीमा अनुवाद गर्नु भई सहयोग गर्नुभएको छ ।

तेश्रो खण्डमा नेपाली विहारका विशेषता पुस्तक रहेको छ । यो पुस्तक पनि श्रद्धेय भिक्षु सुदर्शन महास्थविरले लेख्नुभएको हो ।

चौंथो पत्रको खण्ड एक बौद्ध जगतका प्रशिद्ध बौद्ध व्यक्तित्वहरू पुस्तक रत्नसुन्दर शाक्यले लेख्नुभएको हो भने यसलाई भिक्षु कोण्डन्यद्वारा सम्पादन गरी परियत्ति सद्धम्मपालक उपाधिमा पाठ्यपुस्तकका रूपमा समावेश गर्नुभएको हो ।

दोश्रो खण्डमा दश संयोजन पुस्तक रहेको छ। यो पुस्तक श्रद्धेय भिक्षु अश्वघोष महास्थविरले नेपालभाषामा लेख्नुभएको हो । भिक्षु संघरक्षितले नेपालीमा अनुवाद गर्नुभएको हो ।

तेश्रो खण्डमा अजातशत्रु पुस्तक रहेको छ। यस पुस्तक श्रद्धेय भिक्षु अमृतानन्द महास्थविरले लेख्नुभएको हो ।

यस पुस्तकको अन्त्यमा परियत्ति सद्धम्मपालक उपाधिको तृतीय

https://dhamma.digital

तथा चतुर्थ पत्रको वि.सं. २०७० देखि २०७८ सम्मका प्रश्नपत्रहरूलाई समावेश गरेको छु । आशा छ, यसले परियत्ति विद्यार्थीहरूका लागि सन्दर्भ सामाग्रीका रूपमा उपयोगमा आउनेछ ।

परियत्ति शिक्षाको प्रसार र विस्तारका लागि उपयुक्त भएको यस पुस्तकका मूल लेखक, मूल अनुवादक, सम्पादक र पुनः अनुवादक तथा पुस्तक प्रकाशक दाताहरू सबैजना साधुवादका पात्र हुनुहुन्छ ।

यो पुस्तक ललितपुर चाकुपात निवासी उपासक श्री प्रेमरत्न शाक्य तथा उपासिका श्रीमती शोभालक्ष्मी शाक्य परिवारद्वारा धर्मदानका रूपमा प्रकाशन गर्नुभएको छ । यसका लागि उहाँहरुलाई विशेष साधुवाद दिन चाहन्छु । यस धर्मदानको प्रभावले उहाँहरू तथा उहाँहरूको परिवारलाई सुख, शान्ति तथा दीर्घायु प्राप्त होस् भनि कामना पनि गर्दछु ।

पुस्तक टाइप गरी सहयोग गर्नुहुने तथा प्रत्यक्ष अप्रत्यक्ष रूपमा सहयोग गर्नुहुने सबैलाई साधुवाद दिन चाहन्छु । यो संकलित पुस्तकको शुद्धाशुद्धिमा सहयोग गर्नुहुने अमिता धाख्वा, महेन्द्र रत्न शाक्य, प्रदीप शाक्य 'घोषक' तथा बसन्त राज शाक्य लगायत सबै सहयोगी महानुभावहरूलाई पनि साधुवाद दिन चाहन्छु ।

Dhamma.Digital

**भिक्षु बोधिज्ञान**
केन्द्रीय परीक्षा नियन्त्रक
नेपाल बौद्ध परियत्ति शिक्षा
सम्पर्क : ९८५११६७२५, ९८४१३७७५२९

२०७९ श्रावण १

"पञ्ञा नरानं रतनं"

# परियत्ति शिक्षा

## परियत्ति सद्धम्म पालक उपाधि

## तृतीय पत्र

पूर्णाङ्क १००, उत्तीर्णाङ्क ३५

Dhamma.Digital

**पुस्तकहरू**

१. अष्टांगिक मार्ग

२. बहुजन हिताय बहुजन सुखाय

३. नेपाली विहारको विशेषताहरू

https://dhamma.digital

https://dhamma.digital

# बिषय-सूची

## (तृतीय पत्र)


| | बिषय | पृष्ठ |
|---|---|---|
| **क)** | **अष्टांगिक मार्ग** | २ |
| | १) सम्मादिट्ठि (सम्यक् दृष्टि) | ५ |
| | २) सम्मा संकप्पो (सम्यक् संकल्प) | १० |
| | ३) सम्मावाचा (सम्यक् वचन) | १४ |
| | ४) सम्माकम्मन्तो (सम्यक् कर्मान्त) | १८ |
| | ५) सम्माआजीवो (सम्यक् आजीविका) | २१ |
| | ६) सम्मावायामो (सम्यक् व्यायाम) | २५ |
| | ७) सम्मासति (सम्यक् स्मृति) | २८ |
| | ८) सम्मासमाधि (सम्यक् समाधि) | ३६ |
| **ख)** | **बहुजन हिताय बहुजन सुखाय** | ४१ |
| | १) बुद्धकालीन जम्बुद्विपको परिचय - १ | ४२ |
| | २) बुद्धकालीन जम्बूद्वीपको एक परिचय (२) | ४८ |
| | ३) महाबुद्ध : एक अध्ययन | ५७ |
| | ४) बुद्धधर्मका विशेषता | ६३ |
| **ग)** | **नेपाली विहारको विशेषता** | ७१ |


Dhamma.Digital

https://dhamma.digital

https://dhamma.digital

# अष्टांगिक मार्ग

(प्राप्ताङ्क ५०)

**सम्पादक – भिक्षु प्रज्ञारश्मि महास्थविर**

**आर्य अष्टागिंक मार्गको लेख तथा लेखकहरू**

| | |
|---|---|
| १) सम्मादिट्ठि (सम्यक् दृष्टि) | भिक्षु सुदर्शन |
| २) सम्मा संकप्पो (सम्यक् संकल्प) | भिक्षु प्रज्ञारश्मि |
| ३) सम्मावाचा (सम्यक् वचन) | भिक्षु मेधंकर |
| ४) सम्माकम्मन्तो (सम्यक् कर्मान्त) | भिक्षु सुबोधानन्द |
| ५) सम्माआजीवो (सम्यक् आजीविका) | भिक्षु अश्वघोष |
| ६) सम्मावायामो (सम्यक् व्यायाम) | भिक्षु बुद्धघोष |
| ७) सम्मासति (सम्यक् स्मृति) | भिक्षु विवेकानन्द |
| ८) सम्मासमाधि (सम्यक् समाधि) | भिक्षु कुमारकाश्यप |

https://dhamma.digital

# अष्टांगिक मार्ग

आर्य अष्टाङ्गिक मार्ग चैतसिकका तीनवटा विभाजन :-

| | |
|---|---|
| १) सम्मावाचा<br>२) सम्माकम्मन्तो<br>३) सम्माआजीवो | शील |
| ४) सम्मावायामो<br>५) सम्मासति<br>६) सम्मासमाधि | समाधि |
| ७) सम्मादिट्ठि<br>८) सम्मासङ्कप्पो | प्रज्ञा |

**१) सम्मावाचा (सम्यक् वचन)**

झुठो कुरा नगर्नु, चुग्लि कुरा नगर्नु, कडा र फोहोर कुरा नगर्नु, व्यर्थको कुरा नगर्नु नै सम्मावाचा हो ।

**२) सम्माकम्मन्तो (सम्यक् कर्मान्त)**

हिंसा, चोरी, व्यभिचार यी तीनवटा पापकर्मबाट मुक्त हुनु अर्थात् त्यस्तो काम नगरी बस्नु नै सम्माकम्मन्तो हो । अर्काको हिंसा र अहित गर्नु भनेको नै आफूलाई पनि हिंसा र अहित हुनु हो । हिंसा गर्ने कुरा मनमा आइसकेपछि मनमा शान्ति हुँदैन । यसले गर्दा आफूलाई पनि अहित हुन जान्छ । हिंसा गर्न हुँदैन, चोरी गर्न हुँदैन इत्यादि कुरा शताब्दियौं देखि चलिआएको हो । यस्तो पापकर्म गर्न हुँदैन भनी सबैलाई थाहा छ तर कसैले पनि बुझेका छैनन् । अब हामीले बुझाइदिनु परेको छ कि किन मार्न हुँदैन, किन चोर्न हुँदैन, किन झुठो कुरा बोल्न हुँदैन यो महत्वपूर्ण कुरा हो ।

**३) सम्माआजीवो (सम्यक् आजीविका)**

शस्त्र, अस्त्र, विष, रक्सी र दासका व्यापार नगर्नु नै सम्माआजीवो हो । त्यति मात्र होइन करोडपति हुन बजारमा सम्पूर्ण मालसामानमा धेरै



https://dhamma.digital

प्रतिशत नाफा लिई बेचेर कमाउनु यो सम्यक् आजीविका होइन, मिथ्या आजीविका हो ।

व्यापार गर्नु पापकर्म होइन तर परिश्रम गरी आम्दानी र लाभ भएको समाजको हो भनी बुझी जीविका गरे भने त्यस जीवन सम्यक् आजीविका हुन्छ, शोषण जीवन कहिल्यै पनि सम्यक् जीवन हुन सक्दैन ।

व्यापार पैसाको लागि मात्र होइन, समाज, धर्म र सेवाका लागि हो । पैसाका लागि नै व्यापार हो भने ठूलाहरू झन् ठूला (धनी) नै भइरहन्छन्, गरीबहरू झन् गरीब– दुखी नै भइरहन्छन् अनि शोषण विहीन समाज स्थापना हुन सक्दैन । भगवान् बुद्धले भिक्षुहरूलाई पनि भन्नुभएको छ, चुपलागेर बस्ने काम नगर, तिमीहरूले जनताले दिएको पिण्ड (भोजन) गरिराखेको त्यो जनताले दिएको राष्ट्रपिण्ड हो । भिक्षुहरू, राष्ट्रपिण्ड पचाउन गाह्रो छ । समाजसेवा तथा मैत्री राखे मात्रै पच्दछ ।

४) **सम्मावायामो (सम्यक् व्यायाम)**

मनमा भएको क्लेश र मयल हटाएर पठाउनुलाई नै सम्मावायामो भनिन्छ । मनमा अकुशल कल्पना आउनुलाई ठाँउ नै नदिनु, आइसकेको कल्पना (अकुशल)लाई हटाएर पठाउनु, कुशल कुरा मनमा नभए ठाँउ बनाउँदै लैजानु, भैराखेको कुशललाई झन् झन् उन्नति गरी लानुलाई नै सम्मावायामो भनिन्छ । उन्नति र मेहनत भनेको आफूलाई ठीक हुने गरी मात्र गर्नुपर्छ जस्तै कि सितारको तार पातलो भए पनि हुँदैन, मोटो भए पनि हुँदैन, ठीक्क हुने गरी केसमा मात्र आवाज राम्रो हुन्छ । त्यस्तै नै शरीरलाई बढी कष्ट दिएर ध्यान गर्न हुँदैन ।

५) **सम्मासति (सम्यक् स्मृति)**

शरीरले के के काम गर्दछ, मनमा के के कल्पना आइरहेछन्, नराम्रो कल्पनालाई हटाएर पठाउन सतर्क वा जागरूक भइरहनु नै सम्मासति हो । यहाँ स्मृति शब्द सम्झिराख्ने अर्थमा होइन । “सति” वा “स्मृति” सम्झिने अर्थमा मात्रै राखे भने संकीर्ण क्षेत्रमा पर्न जान्छ । होश राखिरहने जागृत अवस्थाको अर्थमा सम्यक् स्मृति हो ।



https://dhamma.digital

**६) सम्मासमाधि (सम्यक् समाधि)**

होश नटुटाई कतै बाहिर जान नदिकन समातिराख्नु वा नचाहिँदो कुरा तर्फ कल्पना नगरी सार्थक कुरातिर एउटै निमित्तमा मात्र चित्त एकाग्र गर्नुलाई पनि सम्मा समाधि वा सम्यक्–समाधी भनिन्छ । अर्को वचनले भन्नुपर्दा सम्यक्–समाधी, कुशल चित्तको एकाग्रतालाई भनिन्छ ।

**७) सम्यक् दृष्टि**

सम्यक दृष्टि भन्नाले सही विचार, हेराई अथवा दृष्टिकोण भन्न सकिन्छ । ठिकलाई ठिक बेठिकलाई बेठिक नै वा जस्तो छ त्यसतै देख्नु सम्यक दृष्टि हो । सम्यक्–दृष्टिको विपरीत दृष्टि सत्काय–दृष्टि हो । सम्यक् दृष्टिको यथार्थत्व प्राप्तिको मतलब दुःख, दुःख समुदय, दुःख निरोध, दुःख निरोध मार्गको दर्शन हो ।

**८) सम्यक् संकल्प**

सम्यक संकल्पको अर्थ कुशल–राम्रो कल्पना विचार ल्याउने संकल्प र प्रयत्न पनि हुन आँउछ । राग सहगत, द्वेष सहगतबाट ग्रसित, घृणा तथा ईर्ष्याबाट ग्रसित कल्पना मिथ्या संकल्प हो, यो कहिल्यै सम्यक् संकल्प हुन सक्दैन । घृणा तथा शोषण मनोवृत्ति कम भएमा मात्र प्रेम र करुणारुपी सम्पर्क संकल्प हुन्छ । केही काम गर्दा खेरी सम्यक् संकल्प नभएको कारणले सो काममा असफल भई अन्तमा दुःखी भएर बस्छ । यसकारण सम्यक् संकल्प भएमा मात्र ध्यानमा पनि सफल हुन्छ ।



https://dhamma.digital

# १) सम्यक् दृष्टि

'मग्गानट्ठङ्गिको सेट्ठो' मार्गमध्ये आर्यअष्टाङ्गिक मार्ग श्रेष्ठ । आर्यअष्टाङ्गिक मार्ग हुन्, सम्यक्–दृष्टि, सम्यक्–संकल्प, सम्यक्–वचन, सम्यक्–कर्मान्त, सम्यक्–आजीविका, सम्यक्–व्यायाम, सम्यक्–स्मृति र सम्यक्–समाधि । यसप्रकार आठवटा अंगले संयुक्त भएको आर्यमार्गमा सम्यक् दृष्टिको शीर्षस्थान छ, जुन साँच्चै सार्थक पनि हुन्छ किनभने दृष्टिलाई छुट्याएमा दृश्य जगत पनि फरक पर्दै जान्छ। जगतमा सही तथ्य देख्न पहिले सही दृष्टि चाहिन्छ अनि सही दृष्टि छ भनी तब भनिन्छ, जब नैतिकता र अनैतिकताका, जसलाई धार्मिक शब्दमा सदाचार र दुराचार भनिन्छ, मूल कारण देख्छ ।

बुद्धधर्ममा नैतिकता र अनैतिकतालाई केवल कायिक कर्ममा सीमित गरेको छैन अपितु वाचिक र मानसिक कर्मलाई समेत यसले आफ्नो परिधिमा परिवेष्ठित गरिलिन्छ किनभने हिंसा, चोरी काम, कामभोग मात्र दुराचरण होइन कि असत्य भाषण, चुग्ली र कठोर वचनको प्रयोग तथा व्यर्थ वार्तालाप अझ लोभ, क्रोध र मिथ्यादृष्टि समेत बुद्धका आज्ञानुसार दुराचरण हुन् । सायद पहिलो वाचिक दुराचरणलाई यसरी परिभाषित गर्ने सजिलो शब्द यहाँ छैन । यो त्रिद्वार दश अकुशलको बिना पूर्ण निरीक्षणले बिना संयमले अनैतिकता नबनाई नैतिक सम्पन्नता जगतमा ल्याँउछु भनेको सम्भव छैन । बुद्धको आज्ञा अनुसार दुराचरणको मूल कारण नै लोभ, द्वेष र मोह हो । क्रोध र मिथ्यादृष्टिको अर्को पर्यायवाची शब्द द्वेष र मोह हो । त्यसैले जब यसको निमूर्ल हुँदै जान्छ त्यसबेला नै दश कुशल वा सदाचरण झन् झन् बलियो हुँदै जान्छ । फेरि सदाचरण बिना शक्तिले वास्तविक सुख सम्भव नै नभएको कारण क्लेश कर्मवश नै दुःखको उत्पत्ति हुन्छ । त्यसैले क्लेश कर्म बीज दग्ध गर्न ज्ञानको आँखा चाहिन्छ, दृढसंकल्प चाहिन्छ, साधना चाहिन्छ । यो दृष्टिले व्यापक र गहन विचार गर्दै लगेमा सम्पूर्ण आर्यअष्टाङ्गिक मार्गको बाटोहरू सम्यक् दृष्टिमा समाविष्ट गराउन सकिन्छ । त्यसो भनिएको तात्पर्य अर्को मार्गको मौलिक अस्तित्व नै छैन भनिएको होइन, केवल सम्यक् दृष्टिको व्यापकतामा यी मार्गहरू समावेश



https://dhamma.digital

हुन आँउछ भनिएको मात्र हो ।

मानिसहरू परोक्ष दृष्टिले हेरिएमा साँच्चैमा सम्यक् दृष्टिका प्रेमी हुन् किनभने मानिसहरूलाई दुःख मनपर्दैन । दुःख दुई प्रकारका छन्, एउटा आफ्नो मनले बनाउने, अर्को शरीरमा हुने प्राकृतिक दुःख । पहिलो दुःखको प्रत्यक्ष निवारणार्थ अनि पछिल्लो दुःखबाट मुक्ति प्राप्त गर्न विषयवासनाको यथार्थता देख्नुपर्दछ । दुःख जहिल्यै विषय वासनाको पछि नै आँउछ । महादुक्खक्खन्ध सुत्तमा बुद्धले आज्ञा गर्नुभएको छ, 'विषयको निम्ति नै एकजना राजा अर्को राजासँग, क्षत्रिय क्षत्रियसँग, वैश्य वैश्यसँग, आमा छोर ासँग, बुबा सन्तानसँग, दाजुभाई दिदीबहिनीसँग, साथी साथीसँग आ–आफै झगडा गर्दछन ।' विषयको पछि के के काण्ड हुँदैन ? अपशब्द बोलिन्छ, झगडा हुने काम हुन्छ, हतियार चलाउने काम हुन्छ, मान्छे मार्ने, मान्छेलाई मारणान्त पीडा दिने काम हुन्छ । यो विषयको तृप्तिका लागि नै मान्छेले चोर्ने, डाँका मार्ने, बटुवालाई लुट्ने काम गर्ने हो ।

त्यस्तै शरीरमा हुने दुःख हो, जन्म, वृद्धत्व, मृत्यु, शोक, पीडा, चिन्ता, परेशान हुनु, रूनु, कराउनु, प्रिय वियोग, अप्रिय संयोग हुनु संक्षिप्त शब्दमा पञ्च उपादान स्कन्ध नै दुःखका कारण हुनु हो । यो दुःख समुदय, त्यसको निरोधलाई बुझ्नु, निरोधको बाटोलाई देख्नुलाई नै सम्यक् दृष्टि भनिन्छ । अनि यो बाटोको बाधा दृष्टिदोषलाई हटाउने तर्क सम्यक् दृष्टिले देख्दछ किनभने कति दुःख देख्ने मूल बाटोमा नगई दुःख सिध्याउने लक्ष्य लिई संसार शाश्वत–अशाश्वत, अन्त–अनन्त, जीव र शरीर एउटै हो कि फरक–फरक, मृत्यु पछि तथागत हुन्छ कि हुँदैन भन्ने कुरामा पनि दौडिरहन्छन् । तर यो चर्चामा गए चर्चा निष्कर्षमा नपुगी जीवनको अन्तिम क्षणमा आफू पुगि सकिन्छ । फेरि वास्तवमा संसार चाहे शाश्वत–अशाश्वत, अन्त–अनन्त, जीव र शरीर एउटै हो कि फरक–फरक, मृत्यु पछि तथागत हुन्छ कि हुँदैन, इत्यादि जे होस्, तर यो कुरा सत्य हो कि जन्म, वृद्धत्व, मृत्यु, शोक, परेशानी, चिन्तन–कन्दन इत्यादि दुःख जुन हालतमा पनि भइरहन्छ । यो उपसमार्थ प्रयत्न गर्नुपर्छ फेरि यहि जन्ममा नै जिँउदैमा गर्न सकिन्छ । यो नै बुद्धधर्मको आशावादी सन्देश हो ।

बुद्धधर्म सम्यक् दृष्टि पक्षको धर्म हो, त्यसैले धर्मको गुण वा



https://dhamma.digital

विशेषता–जसलाई अहिले सम्म बौद्धहरूले प्रतिदिन संस्मरण गरिरहन्छन्– यो नै धर्म राम्ररी देशित गरिराखिएको धर्म हो, यहीँको यही नै फल दिने, यहाँ आई हेर भनी बोलाई देखाउन योग्य धर्म हो । यो नै परिक्षणार्थ अवसर दिने धर्म भएकोले यसमा केही कुनै गुरूमुष्टि रहस्य छैन । यो धर्म सम्यक् दृष्टिको धर्म हो, त्यसैले जबरदस्त तरवार र धनको भय प्रदर्शनमा, लोभ प्रदर्शनमा यसको अनुयायी बनाउन सकिन्न, न इतिहासमा कतै बनाइएको नै छ । धर्म मात्र होइन, बुद्धले समेत भन्नुभयो, तथागत केवल मार्गप्रर्दशक हो, काम तिमीले नै गर्नुपर्छ । बुद्धदर्शनले त्यसैले दुःख – सुखको दाता खोजी आफूलाई परोक्ष रूपमा हीन देखाउन दार्शनिक ज्ञानका सारा पूँजि खर्च नगरी व्यक्तित्वको निर्माण विशुद्धिकरणका निम्ति आफ्नो महत्ता देखिलिनमा जोर दिन्छ । अनि त्यसको निम्ति अष्टाङ्गिक मार्ग देखाँउछ जसलाई सम्यक्–वचन, सम्यक्–आजीविका, सम्यक्–कर्मान्त, शील स्कन्धमा, सम्यक्–व्यायाम, सम्यक्–स्मृति, सम्यक्– समाधि, समाधि स्कन्धमा, फेरि सम्यक्–दृष्टि र सम्यक्– संकल्प, प्रज्ञा स्कन्धमा विभाजित गरी राखियो । त्यसैले पहिलो सदाचार हो, अर्को मन कुशल गर्न साधना हो, अनि सबैभन्दा पछि त्यसलाई देख्नु प्रज्ञा हो । यो नै बुद्ध–धर्मको मानवतावाद हो ।

सम्यक्–दृष्टिको विपरीत दृष्टि सत्काय–दृष्टि हो । सत्काय दृष्टि पतनमुखी बन्धन हो । अनि उसको मन यो बन्धनमा परी विचिकित्सायुक्त हुन्छ, शीलव्रत परामर्शयुक्त हुन्छ, कामवासनाले युक्त हुन्छ, क्रोधयुक्त हुन्छ । उसले यो कुरा बुझ्दैन कि कस्तो कुरालाई मनमा ठाँउ दिनुपर्छ, कस्तो कुरालाई दिन हुँदैन । उसले अनि व्यर्थको कुरामा मन पठाई 'म पहिले थिए कि थिएन, भूतकालमा म के हो, कस्तो हो, वर्तमान कालमा के हुन्छ ? म फेरि भविष्यत् कालमा हुन्छु कि हुँदिन ? सत्वहरू कहाँबाट आए, कहाँ जानेछन् ? यी अनुचित चिन्तनले ' मेरो आत्मा छ, मेरो आत्मा छैन, मैले आत्मा चिनेँ, आत्मा नै राम्रो नराम्रो कर्मको फलभोगी हो, आत्मा नित्य, ध्रुव, शाश्वत, अपरिवर्तनशील हो,' भन्ने नाना अनुचित निरर्थक शैलीले विचार गरी सम्पूर्णमा आफैले विश्वास गर्छ । बुद्धले यी यसरी विचार गरिरहनेहरू मूर्खको मूर्ख नै हुन् भनी स्पष्ट गर्नुभयो, भन्नुभयो । बुद्धको आज्ञानुसार यो सम्प्रदाय (मत) गहनता, सम्प्रदाय कान्तार, आडम्बर, बन्धन मात्र हुन् । यी



https://dhamma.digital

मतमतन्तर वा साम्प्रदायिक बन्धनमा रहँदा मानिसले दुःखलाई बुझ्दैनन्, दुःखबाट मुक्त हुन सक्दैनन् । त्यसैले दुःखलाई वास्तविक रूपले बुझ्ने दिशामा लान दार्शनिक जालमा नदेखाउनु, सतर्क गराउने सम्यक्–दृष्टिधर्म कान्तिकारी बुद्धधर्म हो ।

नैतिक निर्माणको बाटोमा दृष्टि विशुद्धताले मात्रै काम दिन्छ न कि आत्मा परमात्मा एउटै भनिने समभाव ल्याउन चालिएको एउटा विश्वास । वास्तवमा भन्ने हो भने यो विश्वासको आधारशीला नै नभएकोले बुद्धिवादी हुँदै आएदेखि मानिसहरू यसलाई अंगीकार नै गर्दैनन् किनभने रूप, वेदना, संज्ञा, संस्कार, विज्ञान समुदय हुन्छ, अस्त पनि हुन्छ । यो सत्य तथागतको जीवन कालमा मात्रै होइन, चाहे तथागत उत्पन्न भएको होस् चाहे नहोस् यी सबै अनित्य हुन्, अनित्यमय दुःखजन्य हो, दुःखजन्य भएर आफ्नो अधीनमा नभएकोले यी अनात्मा हो । रूपको अनित्यता देखि सायद वेदनालाई आत्मा भनिएको हुन्छ । तर वेदना पनि सुखवेदनाको समयमा दुःख वेदनाको सम्भव छैन, दुःख वेदनाको समयमा सुख वेदनाको सम्भव छैन । त्यसैले वेदना अनित्य, संस्कृत, प्रत्ययले उत्पन्न हुने, क्षय व्यय अवश्यम्भावी, विराग–प्रेरक, निरोध प्राप्त हुने हो । त्यसैले पहिलो वेदनाको अनुभूति समयमा यदि यहि नै आत्मा हो भनिए अर्को वेदनानुभूति हुँदाखेरि ( पहिलो वेदना निरोध हुँदा) यस्तो भन्नुपर्छ कि, आत्मा उठेर गयो । यदि वेदना आत्मा होइन, आत्माको अनुभूति हुँदैन भने प्रश्न आँउछ, जहाँ कसैको अनुभूति नै छैन उसको बारेमा आत्मा भनेको के हुन सक्छ, केही छ र ? यदि फेरि आफ्नो आत्माले नै वेदना अनुभव गर्छ, मेरो आत्माको स्वभाव गुण वेदना हो भनिएको हो भने सम्पूर्ण प्रकारको वेदना राम्ररी नै निरोध हुन आँउछ । फेरि मन, मनको धर्म वा मनोविज्ञान नै आत्मा भन्ने हो भने यिनीहरूको उत्पत्ति र निरोधको स्पष्टताले आत्माको स्वरूप उत्पत्ति हुने र शान्त हुन जान्छ । बुद्धले भन्नुभयो कि मनलाई आत्मा भनिएको हेरी सद्धर्ममा नपरेपनि तिनीहरू भन्दा शरीरलाई नै आत्मा भन्नेहरू कति कुरामा ठीक हुन्छन्, किनभने शरीर केही वर्षसम्म भएपनि त्यही रूपमा देखिने भएकोले उनीहरूको केही तर्कलाई भ्रम हुने ठाँउ छन्, तर मनलाई आत्मा भन्नेहरूलाई ठाँउ छैन । किनभने मन चित्त वा विज्ञान राती एउटा



https://dhamma.digital

विहान एउटा हुने हो, यो भन्दा पनि छिटो छिटो परिवर्तन हुने हो । बुद्धका आत्मावादीहरूलाई कति ठूलो चुनौति यो ? बुद्धले भन्नुभयो, 'तथागतले यसको लागि मननको उपदेश दियो पनि, प्रकाशित गऱ्यो पनि, स्थापित गऱ्यो पनि, विस्तार गऱ्यो पनि, बाटोमा राखी देखायो पनि, यदि कसैले हेरेन, देखेन भने त्यस्तो अज्ञ पृथग्जनलाई म के भनूँ ?'

यसप्रकार सम्यक् दृष्टि तर्फ लैजान मिथ्यादृष्टिलाई खण्डन गरी बुद्धले जीवन क्रमलाई प्रतीत्यसमुत्पादले बुझिलिन आज्ञा गर्नुभयो । 'जसले धर्मलाई बुझ्यो, उसले मलाई बुझ्यो' भन्ने शब्द अगाडि राखी, जसले धर्मलाई बुझ्छ, उसले प्रतीत्यसमुत्पादलाई बुझ्छ भन्ने स्मरण गर्दा यसको विशेषता स्पष्ट हुन्छ । पूर्वजन्म वा पुनर्मजन्मको विषयमा बुद्धको दृष्टिकोण पनि यहि छन् । जस्तै कि गाईले दूध दिन्छ, दूधले दही, दहीबाट नौनीघ्यू, नौनीघयूबाट घ्यू बन्छ । जुन समयमा त्यो दूध हो, त्यसबेला त्यो न दही हो, न नौनी घ्यू, न घ्यू आदि हो । यसरी बुद्धको शब्दमा भूतकालको जन्ममा भूतकाल नै सत्य, वर्तमान काल र भविष्यत् कालको  जन्म असत्य हो, जब भविष्यत् कालको जन्म हुन्छ, त्यसबेला भविष्यत्को जन्म नै सत्य हुन्छ, यो वर्तमान काल र भूत कालको जन्म असत्य हो, जुन यो वर्तमान कालको समय छ, यो समय वर्तमान जन्म नै सत्य, भूत र भविष्यत् कालको जन्म असत्य हो । त्यसैले जीव र शरीर भिन्न भिन्न हो वा जीव र शरीर दुवै एउटै हो भनी मत लिएपनि निरर्थक हुन्छ किनभने उसले श्रेष्ठ जीवन गुजार्न सक्दैन । त्यसैंले ती दुवै निरर्थकलाई छोडी बुद्धले मध्यममार्ग लिनुभयो ।

अविद्या भएर संस्कार भयो, संस्कार भएर विज्ञान, विज्ञान भएर नाम–रूप, नाम–रूप भएर ६ वटा आएतन, ६ वटा आयतन भएर स्पर्श, स्पर्श भएर वेदना, वेदना भएर तृष्णा, तृष्णा भएर उपादान, उपादान भएर भव, भव भएर जन्म, जन्म भएर वृद्धत्व, मृत्यु, शोक, हृदय तड्पन, क्रन्दन आदि भयो । त्यसैले यहि नै क्रमले अविद्या एउटाकै सम्पूर्ण प्रकारको निरोध हुँदै क्रमशः सबैको निरोध भएर दुःखको उपशमन हुन्छ ।

सम्यक् दृष्टिको यथार्थत्व प्राप्तिको मतलब दुःख, दुःख समुदय, दुःख निरोध, दुःख निरोध मार्गको दर्शन हो । बुद्धले धम्मदायाद सुत्तमा भिक्षुहरूलाई धर्मको अंश लिन यही नै देखाउनु भएको छ । किनभने यो



https://dhamma.digital

मार्ग नै लोभ, द्वेष, मोह, विनाशार्थ आँखा प्रदान गर्ने शान्ति र दिव्यज्ञानप्रद मार्ग हो । त्यसैले सम्यक् दृष्टि ज्ञानको यथार्थ दर्शनले नै सत्काय दृष्टि, विचिकित्सा, शीलव्रत परामर्श तीनवटा बन्धनबाट मुक्त हुन्छ । अर्को भनाई अनुसार दर्शनको सम्यक् आनुभाव मिथ्यादृष्टिको समुच्छेद हुने भावना मार्गको प्रारम्भ हुन्छ । भावना मार्गमा पूर्णता प्राप्त अगावै उसलाई श्रेष्ठ श्रोतापन्न फलमा प्रतिस्थित व्यक्ति भनी भनिन्छ । त्यसैले सम्यक् दृष्टि श्रोतापत्ति फलको प्रदाता हो, अनि दर्शनको माथिल्लो अभ्यासको मार्गमा गई सकृदागामी, अनागामी, अर्हत्व फल प्राप्त गर्न सकिन्छ । वस्तुतः दुःखबाट मुक्ति वा निर्वाण पद प्राप्तिका निम्ति श्रोतापत्तित्वको प्रारम्भिक शिर्षस्थान छ, अर्को अर्थमा आर्य अष्टाङ्गिक मार्ग ज्ञानका निम्ति सम्यक् दृष्टिलाई शिर्षस्थान दिइराखिएकोले सार्थकताको सिद्धत्व हुन्छ ।

सम्यक् दृष्टि निद्धितं ।

## २) सम्यक संकल्प

आजको युगलाई हरेक क्षेत्रमा यो आर्य अष्टाङ्गिक मार्ग अर्थात् मध्यम मार्ग प्रज्ञा पक्षको पृष्ठ–पोषक हो । अनि सम्यक् संकल्प यो नै आर्य–अष्टाङ्गिक मार्गको दोस्रो मार्ग हो । यसको साधारण स्पष्टिकरण दिँदा मानव जीवनमा सपार्न गाह्रो मनलाई कुशल राम्रोमा लाने भनेपनि हुन्छ । कुशल वा राम्रो बाटो समात्न संकल्पको अर्थ कुशल–राम्रो कल्पना विचार ल्याउने संकल्प र प्रयत्न पनि हुन आँउछ । भगवान् बुद्धले सम्यक् संकल्पलाई तीन भागमा विभाजित गरि राख्नुभएको छ –

१) नैष्क्रम्य संकल्प

२) अव्यापाद संकल्प

३) अविहिंसा संकल्प

नैष्क्रम्य संकल्पको अर्थ विषय, भोग–सम्पत्ति, आफ्नो छोरा–छोरी वा सम्पूर्ण परिवारको परित्याग गरी जानु हो । सिद्धार्थलाई यो दुईवटाको सानो प्रबन्ध शुद्धोदन महाराजले गर्नुभएको होइन । नाँच्नेहरू, गाउनेहरू राखी सिद्धार्थको आगार ( कोठा, महल) सम्पूर्ण नै विलासमा थुनिएको जस्तै गरि राखिएको हो । परन्तु एकदिन परिभ्रमणको समयमा रथमा



https://dhamma.digital

बसी गइरहँदा जुन अत्यन्त वृद्ध, कुप्रो, लाठीको सहाराले हिँड्नुपर्ने जीर्ण–महल्लक–दुर्बल वृद्धलाई देखे, त्यो उहाँको मनभित्र नै गुटमुटियो। यौवनको स्थिरता बेस्कन हल्लियो । वृद्धत्वले सधैँ सताउन थाल्यो । फेरि एकदिन त्यस्तै नै रोगले ग्रस्त व्यक्ति देख्नुहुँदा मानिसको विवशताले जीवनलाई अर्कै तालमा पुऱ्यायो । एकदिन फेरि चारजनाले बोकी लगिरहेको मृतक अनि पछि पछि जाने परिवारको विरह देख्दा जीवन क्षणिक विलासमय तरंगमा हिँड्ने तुच्छता देखे । अन्तमा चीवरधारी भिक्षु देखेपछि  मनमा अलि शान्ति भयो । वृद्ध–दुःख, व्याधि–दुःख,मरण–दुःखको कल्पनाले मनमा आगोले पोले जस्तै के गरूँ कसो गरूँ भइरहेकोलाई अलिकति यसो गर्नुपर्छ भन्ने विचार आएर सान्त्वना दियो । यता शुद्धोदनले छोराको विरक्तिलाई छोप्न पञ्चकाम सुख अगाडि राखे। परन्तु एकदिन राती मोहकरूपले नाच्ने नर्तकीहरूको वास्तविक सौन्दर्यको उपहाश निन्द्रित अवस्थामा भइरहेको देखे । त्यो प्रमोदशाला शमशान भूमिजस्तै प्रतीत भयो । अनि अषाढ–पूर्णिमाको त्यो रातमा सम्पूर्ण जन सुतिरहँदा आफू बिस्तारै उठी सारथी छन्दकलाई बोलाए। यो सम्बोधनको उद्गम स्थान नैष्क्रम्य संकल्प हो । वहाँले यस्तो विषय वासनामय जीवनलाई छोडी जानुको कारण बुद्धत्व प्राप्ति गर्न हो। साँच्चै भन्दा विषय वासना लिने मानिसहरूले केही गर्न सक्दैन भनी भन्न मिल्दैन । आदर्शवाद र विषय वासनाको प्रेम परस्पर विरोधी गुण हो। भगवान् बुद्धको वाक्य अनुसार हामी यथावादी तथाकारी हुन सक्नुपर्छ, यद्यपि यो धेरै गाह्रो छ । विषय उत्तेजकताले नै वहाँले राजमहल र आमा–बुबा सबै छाडी जानुभयो । छाडी जानुअघि वहाँलाई कति गाह्रो अनुभव भयो यसको पूर्ण रोचक विवरण पालि साहित्यमा छ। त्यसदिन राती वैभव र आनन्दले भरिरहेको राजभवनबाट जाने पक्का गरे तर घर छोडी जानु अघि यशोधराको खोपीतिर नि पाइला चाले । अनि जब पर्दा उठाई कोठामा जानुभयो, श्रीशोभाले भरिएको मनमोहक कोठा देख्दा आफ्नो जहान राहुलमाताको अनुहारमा ल्याई मस्त सुतिरहेका शिशु राहुलको अनुहार देख्दा उनको मनमा पनि एकपटक उथलपुथल गराइदिए। फेरि मारदेवले विषय कामनाको चाहना दिइरहे। हरे यस्ती सुन्दरी यशोधरा, पुत्र राहुललाई एकैपटकमा राती कसरी जान सकेको ? फेरि राहुललाई एकचोटि लिने आकांक्षा भयो । तर मैले छोयो कि निद्राबाट ब्युँझन्छ ।



https://dhamma.digital

बिँउझ्के भने मेरो महाभिनिष्क्रमण सफल हुँदैन । यसरी विचार गर्दा पाइला स्वभावत पछि हटे । फेरि बोधिज्ञान प्राप्त भइसकेपछि मात्र राहुललाई भेट्छु भनि विचार गर्नुभयो । यो विचारको प्रेरक नै हो, नैष्क्रम्य । उँहा घर छोडी जानुभयो । बाटोमा फेरि भोगवादको प्रेरणा लोभ–प्रदर्शन अगाडि आयो । वशवर्ती मारले भने–"आजबाट सातौं दिनमा सम्राट भएर आफ्नो अधिकारको बलले दुःख दर्द पीडा हराउन सक्छौ । स्वयँले पनि राज्य सुख भोग गरी रहन छोडेर किन त्यसै त्यसै हुन नसकिने काम चालिराखेका ? अहिलेसम्म भ्याउँछ फर्कि जाऊ ।" तर वहाँको नैष्क्रम्य संकल्पबाट उत्तर आयो–"हे मार, मलाई थाहा छ आजबाट सातौं दिनमा मलाई सम्राटको चक्ररत्न प्राप्त हुन्छ । म त बुद्ध हुने इच्छा भएको व्यक्ति हुँ । त्यसैले तिमीले मलाई रोक्न सक्ने छैनौ । तिमी आफ्नो बाटो हेरी जाऊ ।" मारले यसरी कति रोक्न खोजे तर नैष्क्रम्य संकल्पको अगाडि सँधै मारको पराजय भयो । अन्तमा नैष्क्रम्यको बलले आफ्नो लक्ष्य सिद्ध गर्न घोर जङ्गल तिर हेऱ्यो । प्राणी मात्रलाई कल्याण गरी दिनुभयो । त्यसैले विषय बन्धन छोडी आफ्नो स्वतन्त्र चिन्तनमा लीन हुने ज्ञानलाई नैष्क्रम्य भनिन्छ भने त्यसैको संकल्प नै नैष्क्रम्य संकल्प हो ।

अव्यापाद संकल्पको अर्थ संक्षिप्त रूपमा भन्नुपर्दा आफ्नो मनमा द्वेषभाव नल्याउनु वा नराख्नु हो । व्यापाद माने नै द्वेष हो, अव्यापाद माने द्वेषले निर्लिप्त भाव हो । गम्भीरता पूर्वक विचार गरिदाँ हामीले देख्छौं, जुनसुकै काममा विनाशको कारण द्वेष हो । जब हामीसँग द्वेषले मनमा ठाँउ लिइरहन्छ, तब उसको अगाडि अन्धकारले र अविद्याले छोपिरहन्छ । अनि भन्न हुने–नहुने, गर्न हुने–नहुने उसले केही देख्दैन । द्वेष भनेको दुःख र पापको बीज भने पनि हुन्छ । त्यसैले भनिएको छ –

**दोसो अत्थं न जानाति, दोसो अत्थं न पस्सति ।**

**अन्धसमं यदा होति, तदा दोसो भिज्जते नरं ॥**

**अर्थात्–**

द्वेषले अर्थ–अनर्थ चिन्दैन, द्वेषले अर्थ–अनर्थ देख्दैन द्वेष अन्धो समान हो, त्यसैले सँधै मानिसलाई बिगार्छ । त्यसैले द्वेषको लक्ष्य नै विनाश हो ।



https://dhamma.digital

एकजना ऋषिको गंगापारी जानुपर्ने भयो । उनीसँग माझीलाई दिन केही छैन । उनी डुँगामा बसी पारी तरे । पारी तरेपछि माझीले दस्तुर मागे । बिचराले दिने नै के? तर यसले माझीलाई रिस उठ्यो । उसले ऋषिलाई समाति सास्ती गरे । त्यहि बेला उसको गर्भिणी जहान आई छुट्याउन आए । उसको रिसमा बाधा दिन आउँदा रिस फेरि आफ्नो जहानतिर पऱ्यो । रिसले जहानलाई लाती हानी पठाए । लाती भुँडीमा नै लाग्यो । बिचरा गर्भिणी जहानको त्यही नै प्राणान्त भयो । पछि रीस शान्त भइसकेपछि माझीले पश्चाताप र दुःखको अनुभव गर्नुपऱ्यो । रिसको परिणामले पछि पश्चाताप गर्नुपर्ने हामीलाई आ– आफ्नो जीवनमा पनि अनुभव नभएको होइन । रिसको लक्ष्य सिद्धि पछि केही समय आनन्द दिएपनि एक न एक दिन पश्चाताप गर्नुपर्ने स्वभावत हुन्छ ।

अविहिंसा संकल्पको अर्थ साधारणतः हिंसामय चेतनाबाट विरत हुनु हो । आज यही नै अविहिंसा संकल्पलाई उपेक्षा गरि राखिएको फल हो व्यक्ति–व्यक्तिमा, समाज–समाजमा, अझ राष्ट्र–राष्ट्रमा समेत अशान्ति भएको । बुद्धले यो अविहिंसा संकल्पको भयंकर भविष्य राम्ररी देखे, त्यसैले उहाँले आज्ञा गर्नुभयो,

**नहि वेरेन वेरानि, सम्मन्तीध कुदाचनं ।**

**अवेरेन च सम्मन्ति, एस धम्मो सनन्तनो ॥**

अर्थात्,

"वैर भावले वैर भाव कहिल्यै शान्त हुँदैन, अवैर भावले मात्र वैर भाव शान्त हुन्छ, यो नै सनातनदेखि चलिआएको धर्म हो ।"

यता भगवान् बुद्धले यसरी तीन संकल्पको उपदेश दिनुभयो । उता यसको निम्ति सद्भावना मनमा जगाउन मैत्री, करूणा, मुदिता र उपेक्षाको व्याख्या गर्नुभयो । मैत्रीको तात्पर्य हो, मानव जीवन मात्रको दुःख–सुःख समान देख्नु, करूणाको अर्थ हो दुःखीप्रति सदा सहानुभूति र सहयोग गर्नु, मुदिताको अर्थ हो, अरूको राम्रो–कुशल हेरेर मन प्रसन्न हुनु, उपेक्षाको अर्थ हो, मनपर्ने–मननपर्ने भाव नराख्नु । यी चारवटा गुण पनि सम्यक् संकल्पलाई आधार हो वा प्रेरक–बल हो । बुद्धको यस्तो प्रेरक–बल कतै सैद्धान्तिक दृष्टिले नै सार्वभौमिक हो । हाम्रो सह अस्तित्व सिद्धान्त बचाउन,



Dhamma.Digital
https://dhamma.digital

भातृत्व बलियो गर्न, मानव–मानव एउटै होस् भन्ने भावना साकार रूपमा ल्याउन हामी त्यसैले सम्यक्–संकल्प भएका प्राणीहरू हुन सकोस् । अस्तु ।

## ३) सम्यक् - वचन

मानव मनोवृत्तिको सक्रिय रूप काम हो, कुरा त्यस्को व्यञ्जनात्मक स्वरूप हो । शाक्यपुत्र सिद्धार्थ कुमार बुद्ध हुनुभइसकेपछि विश्व–हित, विश्व–सुखको निम्ति आजबाट पच्चीस सय वर्ष आगाडि अष्टलोक धर्मले हाम्रो समाजको अहं वा ममभावले भरिएको अन्धविश्वासलाई हटाउन जुन सिंहनाद बुद्धले गर्नुभयो त्यो सबै त्रिपिटकमा समावेश भएका छन् । त्रिपिटकमा आर्य अष्टाङ्गिक मार्गको धेरै महत्व छ । यो सम्मावाचा अर्थात सम्यक् वचन पनि त्यसैको नै तेस्रो मार्ग हो ।

बुद्धले बुद्ध हुनुभन्दा अगाडि पुऱ्याउनु भएको बुद्धकारक धर्म अर्थात् दशवटा पारमिता मध्ये सत्य पारमिताको व्याख्यानमा सत्यको स्वरूप देखाई जुन वचनको प्रयोग स्वयंले गर्नुभयो, त्यस वचनको सारांश हाम्रो दैनिक जीवनको घटनासँग घनिष्ठ सम्बन्ध रहेको छ । अनि त्यसैले अप्रतिकूल भएका वचन नै सत्य वा सम्यक् वचन हो ।

गरिएको जस्तै वचन पनि सत् गर्नको लागि कर्म पनि सत् नै हुनुपर्छ भन्ने हुँदैन । प्राणीघातको असत् कर्म गरिसकेपछि गरेको हो भनि भनेमा उसको कर्म असत् भएपनि वचन सत् हुन्छ । तसर्थ, कर्मसँगै अविपरित भएको वचन नै सत्य हो फेरि त्यो सत्य वचनको असाधारण प्रभाव सम्बन्धमा धेरै बुद्धका बौद्ध साहित्यमा बोधिसत्व कालको उदाहरण दिई राखिएको छ । वट्ट–जातकको एउटा कथा छ, बट्टाईंको आफू बसिरहेको जङ्गलमा एकपटक आगो लाग्यो । उसको खुट्टा बलियो थिएन । उड्नलाई पुग्दो पखेटा थिएन । अनि यथार्थ घटनाको सम्बन्धमा भएको सत्य वचनको प्रयोगले तत्क्षणमा नै त्यो 'दावग्गि' शान्त भएर गयो । परित्राणको यो सूत्रको व्याख्यामा यो सत्य वचनको महत्व र प्रभावले अहिलेसम्म ठाँउ लिइरहेको छ ।

सुत्तनिपातको सुभाषित–सुत्तमा चारवटा अंगले युक्त भएको विद्वानजनहरूले बोल्ने राम्रो, दोष रहित भएको वचन सम्बन्धमा भगवान् बुद्धले भन्नुभएको



https://dhamma.digital

छ–“यदि वचनको प्रयोग गर्न हुने भए प्रयोग गर, निर्दोषी, अर्थयुक्त, सत्य। अन्यथा मौन नै उत्तम हुन्छ।”

यो नै बुद्धको वचन सुनी भिक्षु वंगीसले बुद्धलाई वन्दना गरी यो स्तुति गरे :–

“त्यसतो मात्र कुरा गर, जसले आफूलाई पनि अरूलाई पनि दुःख र कष्ट हुँदैन, यस्तो नै वचन राम्रो पनि हुन्छ।

आनन्ददायी प्रिय वचन मात्र बोल, नराम्रो वचन छोडी अरूलाई प्रिय हुने वचन मात्र बोल।

सत्य वचन नै अमृत वचन हो, यो सनातन धर्म हो। सत्यको अर्थमा तथा धर्ममा प्रतिष्ठित भईरहेका सज्जनहरूले यस्तो भनी भनिराखेको हो।”

मंगल सूत्रमा त यो सुभासित वचनलाई पनि मानव जीवनको मङ्गलकारक मध्ये एउटा भनी भनिराखेको छ। सम्यक् वचन आर्य अष्टाङ्गिक मार्ग अन्तर्गत भएर, यो चारवटा आर्यसत्यमा पनि अन्तर्गत भएको छ। कारण आर्यसत्यको चारवटा सत्य आष्टाङ्गिक मार्गको सफलता हो। झुठो नबोलिकनै भएको कुरा बोल्नु सम्यक्वचनको एउटा गुण भएर सत्यपरायण र यथार्थवादीको पर्यायवाची शब्द जस्तै सम्यक्वचन हुन आँउछ। यथार्थवादी सभामा, परिषदमा, आफन्तहरूको समूहमा, पञ्चायतमा अथवा राजसभामा जहाँ पनि आफूलाई केही सोध्दा त्यसै नै भन्छ जसरी आफूलाई थाहा छ, बुझेको छ, भएको छ। उसले आफूले थाहा नभएको, नबुझेको, नसुनेको भए त्यस्तै नै भन्छ–मलाई थाहा छैन, बुझेन, सुनेन, देखेन। सम्यक् वचनवादी आफ्नो निम्ति घुमाएर कुरा गर्दैन न परको निम्ति नै कुरा गर्छ फेरि न केहि लौकिक पदार्थको निम्ति नै थाहा पाँउदा पनि बुझ पचाई बस्छ।

सम्यक् वचनको अनुयायीले चुग्ली कुरा छोड्छ। उसले यताको कुरा लगी उता सुनाउँदैन, उताको कुरा ल्याई यता सुनाउने पनि गर्दैन। कारण उ झगडाको बीउ बन्न सक्छ। सम्यक् वचनका प्रेमी स्वभावतः पारस्परिक ईर्ष्या र द्वेषले छुट्टिरहेकाहरूलाई मिलाउन इच्छुक हुन्छ। सम्यक् वचनको अर्को तात्पर्य क्रोधवाणीमा संयम हो, फेरि च्वाक्क ठूलो स्वरमा कराउने बानीबाट विरत हुनु हो। कडा वचन छोडी नरम वचन बोल्दा



https://dhamma.digital

सुन्नेहरूको कानलाई सुख दिन्छ, प्रेमभावको वृद्धि गर्छ । यदाकदा कडा वचनबाट विरत हुन उपहासबाट अविचलित हुने शक्ति पनि मानिसमा चाहिन्छ । अन्यथा आफ्नो उपहास सुन्दा एकपटक हाम्रो स्वर ठूलो हुन्छ, कडा हुन्छ । स्वर ठूलो हुने र कडा हुनेको तात्पर्य स्वरको उच्चतामा मात्र निर्भर हुँदैन । शब्द प्रयोग सानो स्वरले नै भएपनि त्यस्तो शैलीको त्यस्तो प्रयोग भइरहन्छ जसले मनमा बाँधिन्छ, मनमा नै रहन्छ, मनमा दुख्छ । आजको सभ्य समाजमा यस्तो कटुवचनको नै बढी प्रयोग भईरहेको छ । व्यंगवाणी यसको सन्तान हो । यस्तो वाणी अलग भएर बस्नुमा अरूको मन नदुख्ने मात्र होइन, आफूपनि बहुजनप्रिय हुनु हो । त्यसैले वचन प्रयोग स्नेहशील, प्रेमभावजन्य हुनुपर्छ । यसको निम्ति समयानुकूलको ज्ञान हुनुपर्छ, अनि उ धार्मिक वा युक्तिले युक्त हुन सार्थक र सह मतलबको पक्षपाटी पनि हुन आवश्यक छ ।

सत्य र मृदुवचन सम्यक्‌वचनको शाखा सहभाव हो । कहिलेकाहीँ सत्य र कटु वचनको पारस्परिक संघर्ष हुँदा सत्यको विजय हुन्छ । त्यसैले सायद मृदु वचन भन्दा सत्य वचन श्रेष्ठ हुन्छ । फेरि वाणीले कर्मको प्रचारण वा प्रकाशन शक्तिको प्रतिनिधित्व पनि गर्छ । एकजना ऋषिले बाघको छाला बिछ्याई भरि पानी भएको कमण्डलु एउटा अगाडि राखी बाटोको बीचमा बसे । पथिक दम्पत्तिले बेहोशले त्यो कमण्डलु खुट्टाले हान्दा पानी सबै पोखियो । ऋषिले उनीहरूलाई सराप दिए, भोलि सूर्य नउदाउँदै तँ मरोस् ! सराप सुन्दै लोग्नेचाहिँ अचेत भए । स्वास्नीले आफ्नो पतिव्रताको गुण सम्झी उनले पनि भनिन्, यो नै गुणको प्रभावले सूर्य त्यसबेलासम्म नउदाओस् जबसम्म मेरो स्वामी सचेत हुँदैनन् । प्रतिज्ञा सफल भयो । यो कथामा माथिका सत्‌कर्मको र सत्यवचनको श्रेष्ठत्व एवं धर्मको शक्तिलाई वाणीले देखाउनु, दुईवटा कुराको प्रतिनिधित्व गर्ने भाव सन्निवेश भएको छ । जुन वचन सत् कर्मको आधारमा स्थित भइरहन्छ उसको विजय सुनिश्चित छ । यस्तो उदाहरण अंगुलिमाल आदिको वचन प्रतिज्ञामा पनि देखाउन सकिन्छ ।

सम्यक् वचनको सम्पन्नता सत्यतामा, पारस्परिक प्रेमको वृद्धि र विन्रमतामा जति निर्भर हुन्छ त्यति नै अर्थयुक्त हुनमा भइरहेको छ । फेरि



https://dhamma.digital

जब अर्थयुक्त वा सार्थकको कुरा आँउछ, त्यसबेला लौकिक लोकोत्तरको कुरा वा व्यवहारिक र परमार्थिकको कुरा पनि निस्कन्छ। व्यवहार सुविधाको निम्ति बुद्धले सम्मुति र परमार्थिक दुई प्रकारका प्रवचन गर्नुभएको छ । जुन प्रवचन पदार्थको उपर निर्भर भइरहेको छ, त्यस प्रवचन मानसिक स्वच्छताको महान् विकास हो । वास्तविक रूपमा त्यो भावजन्य भए पनि परमार्थ दृष्टिले अभाव नै सिद्ध हुन्छ । बुद्धको यो व्यवहार कुशलता व्यवहारिक सुविधाको निम्ति बौद्धिक विकास भएको विशेषता र अखण्डित स्वीकारोक्तिको चिन्ह भएर रह्यो । तसर्थ लोक सम्मुतिको कारणले संकेत वचन सत्य हो । बुद्धको व्यवहृत वचन असत्य होइन ।

संज्ञाको सम आधारभूत परमार्थ चारवटा छन् । ती हुन् चित्त, चैतसिक, रूप अनि निर्वाण । यसको आधारमा हामीले व्यवहारमा सरलता ल्याउन जुन विद्यमान अविपरित भूत पदार्थको प्रति केटा–केटी आदि शब्दको आरोप गरिरहँदा त्यो परमार्थको दृष्टि अभाव प्रतीत हुन्छ। संज्ञा र गुणले रिक्ततामा पदार्थको सत्ताविहीन हुने अवस्थामा पदार्थ मौनावस्थामा पर्दछ अथवा पदार्थको अभिव्यञ्जन हीनावस्था हुन्छ। अतः एउटा (स्वभाव) धर्म अर्को धर्मसँग अन्योन्याश्रित सम्बन्ध हुँदैन । यसले नै अर्को यो कुरा पनि भन्छ, गुण अतिरित्त द्रव्यको सत्ता अभाव सिद्ध हो ।

भिन्न भिन्न इन्द्रिय ग्राह्य अतिरिक्त मूलभूत पदार्थको पृथक सत्ता निरावलम्बन हो । वचनद्वारा देशना त्यसको विषय नभएकोले उक्त तत्व वचनले प्रकट नभइकन मनले गोचर हुन्छ, अर्थात् परमार्थ मानसिक विषय तत्व हो । यसले वाणीको असक्तता देखाँउछ ।

व्यवहार परमार्थको प्रतिबिम्ब हो । पदार्थको उपर व्यवहृत वचन परिकल्पित हो, फेरि वस्तुको प्रति आश्रित संज्ञा पराधीन वा परतन्त्र हो । पदार्थको स्वतन्त्र रूपले नास्तिकत्वको परिनिष्पन्नावस्था नै परमार्थ हो । धर्म भूतको कारणले परमार्थ वचन सत्य हो । वस्तुतः व्यवहार कुशल भएका लोकनाथ शास्ताको व्यवहारिक सम्मतको सिलसिलामा मृषाभाषण अवक्तव्य हो ।

व्यवहारिक संज्ञा परोक्ष ज्ञान र परमार्थिक एउटामा अर्को आश्रित रहेको हुन्छ। त्यसैले त्यसको विशिष्ट स्वरूप हुँदैन। परिनिष्पन्न सत्य अद्वैत



https://dhamma.digital

वस्तुको ज्ञान हो । परिनिष्पन्नको नै अर्को नाम तथ्यता, भूत र परमार्थ आदि हो तथा त्यस्तै नै भिन्न–भिन्न मानसिक व्यापारले अतिरिक्त आत्माको सत्ता अपरिग्रहणीय छ ।

सम्यक्–वचन हाम्रो व्यवहारिक जीवनमा कति प्रतिफलदायक छ यो केही समयको परीक्षणले वा अनुभवले नै भन्छ । फेरि आजको हाहाकार र अशान्ति जति यसलाई उपेक्षा गर्ने कारणजन्य हो यो पनि स्वयं विचार गर्न सकिन्छ । अस्तु !

## ४) सम्यक्–कर्मान्त

सम्यक्–सम्बुद्धले आफ्नो जीवन कालमा विश्वशान्तिको निम्ति जुन मध्यममार्गको उपदेश गर्नुभयो त्यसैलाई नै आर्य अष्टाङ्गिक मार्ग भनिन्छ । ती हुन्: सम्यक्–दृष्टि, सम्यक्–संकल्प, सम्यक्–वचन, सम्यक्–कर्मान्त, सम्यक्–आजीविका, सम्यक्–व्यायाम, सम्यक्–स्मृति र सम्यक्–समाधि । यी आठवटाको दोष रहित सुवचन बोल्नु, पापरहित सत्कर्म गर्नु, निर्दोषी जीविका गर्नु, असल उद्योग गर्नु, कुशल चरित्रमा स्मृति राख्नु र असल कुरामा चित्त एकाग्र गर्नु । त्यसैले सम्यक्–कर्मान्त अर्थात् पाप रहित सत्कर्म गरिरहनु आर्य अष्टाङ्गिक मार्गको चौथौ विवेचनीय मननीय विषय हो ।

दृष्टि दोषबाट मुक्त भइसकेपछि विशुद्ध संकल्प मानिसले गर्छ अनि सुवचन भाषी भएर नै वास्तविक रूपमा सम्यक कर्ममा रत हुन सक्छ । अनि सम्यक्–कर्मान्तको मूल उद्देश्य हो, परप्राणी हिंसा नगर्नु, परवस्तु चोरी नगर्नु, दुराचार काम नगर्नु । यो तीनवटा दोषपूर्ण काम नगर्नु अर्थात् आफूले त्यस्तो शारीरिक दुष्कृत्य नगर्नु जसले आफू र परलाई दुःख हुन्छ अनि त्यस्तो शारीरिक सत्कर्म गर्नु जसले आफू र परलाई कुनै केही पनि हानी दुःख हुँदैन, यसलाई नै सम्यक्–कर्मान्त भनिन्छ ।

हिंसाबाट बच्न अहिंसाको शिक्षा आवश्यक हुन्छ, फेरि वास्तवमा भन्नुपर्दा अहिंसाको शिक्षालाई नै धर्मको मूल वा पृष्ठभूमि भन्दा अत्युक्ति हुँदैन । कारण यो अहिंसाको शिक्षामा नै मैत्री, करूणा, सत्य शीलादि सम्पूर्ण गुण धर्म अन्तर्गत भइरहेको छ । परन्तु मानवहरूको विचार–शैलीको विचित्रता हो, मानिसको हिंसामा मानव–न्यायालयमा हिंसाको यस्तो कुनै



https://dhamma.digital

कानुन छैन। वेदनाको संसारमा हिंसा जो कसैलाई पनि आफ्नो हुन्छ, उसको प्रति अन्याय नै स्वयं सिद्ध हो ।

धार्मिक मानिसहरूको विश्वास हो, कानुन शब्दको एउटा बहस मात्र हो । हिंसाको क्षेत्रमा धार्मिक मानिसहरूले कानुन निर्माणमा जोड दिएन अनि हृदय परिवर्तनमा पनि ध्यान दिएन। उल्टो दैव भयले दैव भीरू भएर सम्यक् कर्मान्त काम अर्थात् अहिंसा शिक्षालाई उल्लंघन गर्छ। बुद्धको समयमा पनि धर्माचार्यहरूले स्व–स्वार्थवश धर्मको नाममा अनेक प्रकारले यज्ञ, होम, देव–पूजा सँग–सँगै हिंसा, बलि अझ नरबलि समेत गराउन अनेक मोहक लालसा देखाउने हो। हिंसाको रौद्रताले अशरण प्राणीहरूलाई यसप्रकार भय, त्राश र दुःख दिइरहेको समयमा बुद्धले अहिंसाको निम्ति कान्ति ल्याउने आफ्नो शान्ति–शिक्षा वा उपदेश दिनुभयो। अनि अहिंसाको यो शिक्षाले मानवहरूलाई मात्र होइन, अपितु देवादिहरूलाई सम्म पनि प्रभावित गऱ्यो। फेरि यो बहुजन हितायको काम वहाँले धेरै नरनारीहरूलाई सहयोग दिए । यसको उज्जवल प्रमाण पर्याप्त रूपमा बौद्ध वाङमयमा छ। आज पनि लोकमा त्यहि नै अहिंसाको आदर्श लिई विश्वमा एकता र शान्ति ल्याउने धेरै प्रयत्न देशका प्रमुख–प्रमुखहरूले गरिरहेका देख्न सक्छौं। वास्तवमा भन्नुपर्दा पर हृदयतिर आँखा लगाउन सके भने नै अहिंसाले प्राणीहरूलाई कति शान्ति दिन्छ भन्ने थाहा पाउन सकिन्छ। त्यसैले बुद्धले भन्नुभएको छ –

"आफ्नो सुखको कारणमा सुख इच्छा गर्ने प्राणीहरूलाई दण्डले वा शस्त्रले प्रहार गर्नेलाई पछि सुख हुँदैन ।"

अहिंसा एउटा 'अ' उपसर्गले युक्त भएको शब्द हो। अहिंसाको अर्थ हो, कसैलाई नमार्नु, दुःख र कष्ट नदिने। संसारमा ठूल्ठूला जुनसुकै धर्ममा पनि कसैलाई मारी दुःख दिन हुन्छ भनी भनिएको छैन। तर यो सिद्धान्तलाई तखता माथि राखी धार्मिक शास्त्र सम्मत अनुसार नै भन्दै विधि पूर्वक अहिंसा धर्म वा करूणा–धर्मलाई बिर्सी आफू र अरूलाई हानी हुने, दुःख हुने हिंसा वा बलि कर्ममा मानिसहरू दौडिरहेका पनि देखिन्छन्। यस्तो परस्पर विरोधी धर्मको नाममा भइरहेको मध्ये जुनमा तथ्य हुन्छ केहि मात्र धर्मको अभिप्राय बुझेपनि स्पष्ट नभएको होइन। कुनै कविले भनेका छन् :–



https://dhamma.digital

**अन्यस्थाने कृतं पापं, धर्मस्थाने विनश्यति ।**

**धर्मस्थाने कृतं पापं, वज्रलेखो भविष्यति ॥**

अर्थात् :–

अन्य ठाँउमा गरिएको पाप धर्मस्थानमा वा तिर्थस्थानमा सिध्याउन सकिन्छ तर धर्मस्थानमा गरिएको पाप कहिले पनि सिध्याउन सकिँदैन त्यो वज्रलेख भइरहन्छ ।

यो दृष्टिले अन्य ठाँउमा मारेको पाप भन्दा धर्मस्थानमा अझ धर्म साक्षी राखेर देवस्थानमा मारेको पाप ?

साँच्चै भन्नुपर्दा कुरा यति मात्रै होइन । बौद्ध मतानुसार गरेको पाप मोचन गर्नु भनेको असम्भव हो । पापको भोग खराब कामको प्रतिक्रिया अवश्यमेव नै आउँछ ।

धर्म–अधर्म, पाप–पुण्य, झूठो–सत्यको कसौटी हो, पर–प्राणीको सुख र दुःख । प्राणीहरूलाई दुःख दिने स्वभाव अधर्म, पाप वा अकर्तव्य हो, सुख दिने धर्म, पुण्य वा कृत्यकर्म हो । हिंसा त्यसैले कृत्य–कर्म होइन किनभने युद्ध मानव कर्म होइन । त्यसैले मानवहरूले बुद्धको अहिंसादिको शिक्षा लिनुको तात्पर्य नै विश्वास र भ्रातृत्व भावना जागृत गरी विश्व–बन्धुत्वलाई राम्रो पृष्ठभूमि तयार गरी लानु हो । जसले अनि कुशलता पूर्वक नै आजको वैज्ञानिक युगमा भयंकर विनाशकारी शास्त्रादिले ल्याउने अशान्ति नरहन सक्छ ।

यो भयो शारीरिक सुचरित्रको प्रथम चरित्र । दोस्रो वा तेस्रो शिक्षाको मूलभूत उद्धेश्य पनि वास्तवमा भन्दा उपरोक्त विश्वास र भ्रातृत्व भाव जगमा ल्याउनु नै हो, जुन बिना शान्ति सम्भव छैन । चोरी काम कति अशान्ति फैलाउने काम हो, त्यो भन्दा बढी मानिसको ममताको आत्मीयतामा धक्का दिने काम हो । जसले पारस्परिक सहलह भाव र विश्वास नै नहुने बनाइदिन्छ । त्यस्तै नै तेस्रो शिक्षा काम व्यभिचार स्वभाव छोड्नमा आशंकाजन्य अप्रियकर स्वभाव ईर्ष्या र झगडा केही नपाई मानव परिवारमा विश्वासपूर्ण स्नेह–सुखको धारा बगिरहन्छ ।

यसप्रकार खराब हुने हिंसा, चोरी, व्यभिचार छोडी अहिंसा, अचोरी,



https://dhamma.digital

सत्य विश्वास सम्पूर्ण शरीरले गर्ने पाप वा अकुशलबाट बच्ने शुद्ध भएको कर्म वा काम गरी रहनुलाई नै सम्यक्–कर्मान्त भनिन्छ । यो सम्यक्–कर्मान्तको परिपालनले त्यसैले मानवहरूलाई आफू र परलाई हित र सुख भएर शान्ति र कल्याण नै हुन्छ । यसलाई विस्तार विस्तारले आफूले अपनाउँदै जानुको तात्पर्य नै विस्तार विस्तारले हित र सुखको बाटोमा अग्रसर हुने हुन्छ । अस्तु !

सम्यक्–कर्मान्त निट्ठितं ।

## ५) सम्यक्-आजीविका

सम्यक्–आजीविका– यो आर्य अष्टाङ्गिक मार्गको पाँचौ मार्ग हो । बौद्ध धर्मको विशेषता यसैमा छ । भन्न सकिन्छ, विश्व युद्धबाट त्रस्त भइरहेको आजको युगलाई बौद्ध–धर्मको कति आवश्यक्ता छ । सम्यक्–आजीविकाको शाब्दिक अर्थ हो, पवित्र जीवन अर्थात् सत्यतापूर्वक आफ्नो इलम समाती कमाई खाएर जीविका गर्नु, हृदय पवित्रता र व्यवहार कुशलता बनाई स्वार्थ रहित जीवन व्यतीत गर्नु । पाली वाङमयबाट भन्नुपर्दा–"अरिय सावको मिच्छा आजीवं पहाय सम्मा आजीवेन जीवकं कप्पेति अयं वुच्चति सम्मा आजीवो" अर्थात् मिथ्या जीवन छोडी ठीक इमान्दारी पूर्वक जीवन व्यतित गर्नुलाई नै सम्यक्–जीवन भनिन्छ । इलम नभएर पेटको निम्ति चोरी गरी, लोभलालच देखाई खानेहरूको कुरा अर्कै छन् ।

बुद्धको आठवटा शिक्षामा स्वच्छ विचार, सदाचार, सत्कर्म तथा इमान्दारी पूर्वक आफ्नो इलम लिई कमाई गरेर जीविका गर्नमा जोड दिइराखे । मिथ्या आजीव कस्तोलाई भनिन्छ यो विषयमा पनि पाली साहित्यमा राम्ररी भनिराखिएको छ ।

१) सत्थ वाणिज्जा अर्थात् हिंसा र युद्धलाई उपयोगी हुने शास्त्रको व्यापार ।

२) सत्त वाणिज्जा अर्थात् मान्छे, पशुपन्छीहरूकोको बेचबिखन ।

३) मंस वाणिज्जा अर्थात् हिंसा गरी मासु बेच्नु ।

४) मज्ज वाणिज्जा अर्थात् मानिसलाई राक्षस गराइदिने रक्सी बेच्नु ।



https://dhamma.digital

५)    बिस वाणिज्जा अर्थात् विष बेच्नु जसले आत्महत्या गर्न टेवा दिन्छ ।

यी पाँचवटा कर्म बौद्ध गृहस्थहरूले गर्नु हुँदैन । यसको अतिरिक्त अरू सबै इलमले जीवन व्यतीत गर्नु धार्मिक शब्दमा सम्यक्–आजीव भनिन्छ ।

प्रवजितहरूका लागि कुहना, लपना अर्थात् केवल जीविकाका निम्ति मात्र चीवर ओढी आफूसँग नभएको गुण देखाई मानिसहरूलाई प्रभाव पार्नु, लाभ सत्कारका उपाय मात्र खोजिरहनु, आफूभन्दा ठूला–बडाहरूलाई तल खसाएर आफू माथि जान खोज्नु यी सबै श्रमणहरूलाई सुहाउँदैन । जसको काम र कुरा सुहाँउछ उसलाई जुन पनि आशीर्वाद नै हुन्छ, अभिशाप हुँदैन ।

मानिसहरूको स्वार्थ र संकीर्ण विचारले गर्दा राजनीति र व्यापार नै ठग विद्या सम्झिसकियो । विचार शक्ति कमजोर भएका कतिले पञ्चशील लिएर पसलमा बस्नु पनि अयोग्य सम्झिन्छन् । पसलमा बस्दा कसरी इमान्दार हुन सकिन्छ, झूठो कुरा बोल्नुपर्छ, फाइदा धेरै लिनुपर्छ इत्यादि विचार बढी भएको चिन्तन हो । बुद्धले पसलेहरूलाई इमान्दारी भएर आफ्नो इलम गर्न सक्ने मात्र होइन व्यापार कुन किसिमले उन्नति हुन्छ, भन्ने उपाय समेत देखाउनु भएको छ । बुद्धको सन्देश हो, पसलमा बस्न वा व्यापारमा लाग्न बुद्धि वा दिमागको आवश्यक्ता छ अर्थात् कुशाग्र बुद्धि चाहिन्छ । कोइलीले जस्तै दिमागको काम लिन सक्ने हुनुपर्छ । अंगुत्तर निकायको भनाइ अनुसार व्यापारी जीवन सफल गर्न तीनवटा अंगले पूर्ण हुनुपर्छ । "तीहि भिक्खवे अंगेही समन्नागतो वाणिजो न चिरस्सेव महन्तं......।" अर्थात् "भिक्षुहरू ! तीनवटा अंगले युक्त पसले छिट्टै सम्पन्न र समृद्धशाली हुन्छ ।" यी तीनवटा अंग हुन् :–

पसलेको आँखा भएको हुनुपर्छ, उत्साह र व्यवहार कुशलता भएको हुनुपर्छ तथा अरूलाई भरोसा दिने हुनुपर्छ ।

जुन व्यापारी उन्नतिको इच्छुक हुन्छ उसले प्रयत्नपूर्वक काम गर्न कहिल्यै बिहान, बेलुका भन्दैन, फेरि बेचेको वस्तुबारे राम्ररी ज्ञान भएको हुनुपर्छ, यति पैसाले किनेर यतिमा बेच्दा यति लाभ हुन्छ भन्ने चिन्तन–शक्ति भएको हुनुपर्छ । त्यति मात्र होइन जुन गाँउमा वा नगरमा वस्तुको मात्रा र पूर्ति अधिक र सुलभ हुन्छ त्यहाँबाट त्यो वस्तु दिई दुर्लभ र माग



https://dhamma.digital

बढी भएको ठाँउमा लगी व्यापार गर्ने कुशलता हुनुपर्छ। बरू कुनै व्यापारीले चीज किन्ने एउटा तराजुले बेच्ने अर्को तराजुले गर्ने आफ्नो व्यापारिक लाभ हो भने त्यो भ्रम मात्र हो । चिनीमा पिठो मिसाउनु, दुधमा पानी मिसाउनु, शुद्ध घ्यूमा अशुद्ध घ्यू मिसाउनु साँच्चैको व्यापारीक उन्नति होइन । किन कि एकपटक धोका दियो कि उसलाई कसैले पनि विश्वास गर्दैन । यो व्यापारिक हानी हो । बेइमान भयो भने उसलाई एकपटक लाभ हुन्छ तर उसले इमान्दारीलाई लात हानेकोले इष्टमित्रहरू पनि टाढिँदै जान्छ, अनि उसले व्यापारीक जीवनको सफलता प्राप्त गर्न सक्दैन । भनिएको पनि छ, मानिस जोख्नु एकपटक सुन जोख्नु सयपटक ।

किन्न आउने ग्राहकहरूसँग प्रेमपूर्वक कुरा गर्न जान्नु अर्थात् चित्त बुझ्छ लिनुहोस् नभए म तपाँईलाई के भनूँ भनेर व्यवहार कुशलता पनि बनाउनुपर्छ । व्यापारीक मानिसलाई इमान्दारीको कति आवश्यक्ता छ त्यति नै कोमल पनि हुनुपर्छ। व्यवहार कुशलता भनेको केवल पसलेहरूको जीवनलाई मात्र होइन, राजादेखि लिएर रङ्कसम्मलाई चाहिन्छ। अनि मात्र सबैको सम्यक् जीवन व्यतित गर्न सकिन्छ। विचार गरौं, २५२८ वर्षभन्दा पहिले बुद्धले दिनुभएको उपदेश आजसम्म पनि नयाँ नै छ। बुद्धले सम्पूर्ण इलम भन्दा पनि किसानी कामलाई नै श्रेष्ठ इलम भनी भन्नुभएको छ । कारण किसानी काम कसैलाई पनि हानी हुँदैन फेरि सबैको जीवन त्यसैमा नै निर्भर हुन्छ। जीवन सफल गर्न उत्साह र बुद्धि तथा सहयोग चाहिन्छ भनेर त बुद्धले बारम्बार आज्ञा गर्नुभएको हो ।

गृहस्थ जीवनी इमान्दारी र शान्तिमय गर्न आमा बुबाले छोराछोरी प्रति गर्नुपर्ने कर्तव्य जस्तै स्वास्नीले लोग्ने प्रति लोग्नेले स्वास्नी प्रति गर्नुपर्ने कर्तव्य, मालिकले सेवकप्रति, सेवकले मालिकप्रति गर्नुपर्ने कर्तव्य बुद्धले राम्ररी देखाउनु भएको छ ।

आमा–बुबाले छोरा–छोरीहरूलाई चाहिँदो शिक्षा दिनुपर्छ। समयमा नै बिहे गरिदिनुपर्छ। समयको मतलव मर्नु अघि विवाह गरि दिनुपर्छ भनि केही थाहा नहुँदै बिहे गरिदिने होइन । हो आजकल आमा–बुबाले छोरा–छोरीलाई बिहे गरिदिनु पर्छ भन्ने नियम नै छैन भने पनि हुन्छ केवल नेपाल जस्तै पछि परिरहेको देशमा मात्रै बाँकि रहेको छ ।



https://dhamma.digital

लोग्नेले स्वास्नीलाई आफ्नो साथी जस्तै व्यवहार गर्नुपर्छ अथवा अर्धाङ्गिनी सम्भनुपर्छ। प्रेमपूर्वक देवी आदि प्रिय वचनले सम्बोधन गर्नुपर्छ। श्रीमतीलाई टाउको दुखेर सुत्दा पनि खुब गाली गरेर काम गराउनु ठीक हुँदैन । बुद्धले भन्नुभएको पनि छ "भरिया परमा सखा" अर्थात् श्रीमती भनेको परम साथी हो । कमाएर राखेको धन सबै गृह लक्ष्मी सम्भेर दिनु, आफ्नो शक्ति अनुसारले राम्रो भएको लुगा र अलंकार पनि दिनुपर्छ। तर यति मात्रले पनि शान्ति हुँदैन । श्रीमतीले पनि गर्नुपर्ने काम आफ्नो कर्तव्य सम्भेर गर्नुपर्छ। धन सम्पत्तिको राम्ररी रक्षा गर्नुपर्छ। त्यसो नभए मितव्ययी अर्थात् आम्दानी हेरेर खर्च गर्ने कसरी ? त्यसैले लोग्ने–स्वास्नी दुवै इमान्दारी र विश्वासपात्र भए भने मात्र जीवन सफल हुन्छ, सम्यक् जीवन हुन्छ।

मालिक आफ्नो सेवकसँग पशुलाई जस्तै जुन काम पनि गराउनु हुँदैन । मालिक काम दिने मालिक हो भने सेवक आफ्नो कामको मालिक हो । त्यसैले सेवकसँग मानिसको रूपमा व्यवहार गर्नुपर्छ । सेवकको परिश्रम र काम हेरेर ज्याला नदिनु, समय–समयमा छुट्टी नदिनु, रोगी हुँदा औषधी नगरिदिनु, मालिकको दानवता हो । कारण सेवक पनि एउटा मानिस हो । त्यस्तै नै सेवकले पनि आफ्नो कर्तव्य नटुटाई, अल्छी नभई काम गर्न सक्नुपर्छ। अल्छी हुनु, इमान्दारी नहुनु, आफ्नो परिश्रम बचाउने हो भने, आफ्नो कर्तव्यको हानी गर्ने पनि होइन भनी भन्नु हुँदैन । यस्तो पारस्परिक मानवी मित्रतापूर्ण व्यवहार गरी जीविका गर्नुलाई नै सम्यक्–आजीव भनिन्छ।

राजाले प्रजालाई आफ्नो छोराछोरी जस्तै समान कुशल शासन गर्नुपर्छ। अर्थात् प्रजा राजाको निम्ति होइन राजा प्रजाको निम्ति हो। अनि मात्र सम्यक् जीवन बिताउन सकिन्छ । त्यसैले नै हो सम्राट अशोकले परम्परादेखि चलिआएको प्रजा राजाको निम्ति भनेको नीति "प्रजा राजाको निम्ति " भनी आफ्नो सिद्धान्त खण्डन गरी "राजा प्रजाको निम्ति" भनेको नीति लिई राज्य गरे। त्यसैले सम्राट अशोकको जीवन सम्यक्–आजीवको जीवन भयो। अस्तु !

सम्यक्–आजीव समाप्त ।



https://dhamma.digital

## ६) सम्यक्–व्यायाम

सम्यक्–व्यायाम आर्य–अष्टाङ्गिक मार्गमा छैठौं मार्ग हो । यसको अर्थ हो, असल काममा प्रयत्न वा कोशिस । साधारण लोक जीवनको अनुभवले नै हामीलाई थाहा छ, बिना प्रयत्नले केही काम–कुरा हुँदैन । झन् लोकोत्तर धर्ममा यसको कति आवश्यकता हुन्छ । सम्यक् दृष्टिले दृष्टिगत विशुद्धता प्राप्त गर्छ भने त्यसलाई सम्पन्नतामा लैजाने काम सम्यक्–व्यायामले नै गर्छ, अनि त्यसलाई भरोसा दिन सम्यक्–संकल्प आँउछ । हामीलाई थाहा छ, जुन तथ्यबाट उनको श्रेष्ठत्वको ज्ञान नभएर पुगिरहेन जुन तथ्यबाट ज्ञान हुँदा पनि पुगिरहेन । यसको कारण हो, व्यायामको अभाव । भगवान् बुद्धले त्यसैले बल दुईवटा छन् भनी भन्नुभयो, एउटा ज्ञान–बल अर्को अभ्यास–बल । अभ्यास–बल बनाँउदै जाने बाटोमा वा असल काम गर्न लाग्दा रोक्न आउने अवरोध ६ प्रकारका छन् :–

एकदमै चिसो, एकदमै गर्मी, एकदमै राती, एकदमै सबेरै, धेरै भोक लागेको, भरखरै खाएको (अल्छीहरू) मानिसहरूले काम गर्दैनन् ।

कल्प उत्थानको आरम्भमा मानिसहरूलाई खान पिउनमा केही दुःख थिएन, किनभने उनीहरूको कोशिस बलियो थियो । जब उनीहरूमा क्रमशः अल्छी भाव भएर आयो, क्रमशः नै खाने पनि लोप हुँदै गयो । भनिएको तात्पर्य हो, उद्योगी जीवनमा सम्पन्नता छ, अनुद्योगी जीवनमा रिक्तता । ' व्यग्धपज्ज' सूत्रमा यो जन्ममा सुख दिने धर्म चारवटा देखाइएको छ, अनि जसमा शिर्षस्थान नै उत्पन्न–सम्पदालाई दिइयो । उत्थान–सम्पदाको अर्थ हो, आलस्य रहित भएर शुभकार्यमा कोशिश गर्नु । यदि हामी कोशिश गर्नमा पछि पऱ्यो भने हामी आफूलाई प्राप्त हुने सुख सुविधाबाट पनि अवश्यमेव वञ्चित नै रहनुपर्ने हुन्छ । एकजना बर्मी भिक्षुको उक्ति अनुसार, चारवटा अधिपति मध्ये एउटामा मात्र अधिपति हुन सके हामी एक महान व्यक्ति हुन सक्छौं । ती चारवटा अधिपति मध्ये 'वीरियाधिपति' विष्यानुकूल हाम्रो ईष्ट अधिपति हो । बर्माको राष्ट्रपतिलाई पनि अधिपति भनिन्छ । वीरियाधिपतिको तात्पर्य हो वीर्यतापूर्वक काम गर्नु । अमेरिकाका एण्डु कार्नेगि एक गरिबका छोरा थिए, पछि ऊ धनी भएर जाँदा–जाँदा उनको



https://dhamma.digital

तर्फबाट नियुक्त गरिराखेका उनीकहाँ नै बस्ने एकजना मेनेजरले नै एक लाख पाउण्ड खाने सम्म भयो । उनको यही एउटै जन्ममा नै यति ठूलो परिवर्तन यो नै वीरियाधिपतिको चमत्कार हो । भगवान् बुद्धले भन्नुभएको छ, 'वीरियतो किं कम्मं नाम न सिज्झति' अर्थात् वीर्य वा कोशिसद्वारा कुनै पनि भनेका काम सिद्ध नहुने छ ? त्यसैले वीर्य एउटा जस–कसैसँग पनि हुनुपर्दछ अन्यथा उसको जीवन सँधै बाँच्न इच्छा नभई बाँचिरहेको असफलताले भरिएको जीवन हुन्छ ।

बुद्धले शिक्षानुसार मानिसको वीर्य आफ्नो चरित्र पवित्र गर्नमा हुनुपर्दछ किनभने मानिसको चरित्र नै मानव–जीवन उन्नति र अवनतिका कारण हो । त्यसैले सच्चा मानिसको निम्ति यस संसारमा त्यस्तो कुनै चीज छैन, जसको कारणले उ डराउँछ । उ डराउनुपर्ने हो, आफैं देखेर । त्यो धर्म त दुर्बलहरूको धर्म हो जुन धर्ममा आफ्नो कुकर्मको परिणामबाट बच्न कसैको शरण लिनजान्छ । सबलहरूको धर्ममा कसैको तर्फबाट भय–भीरू भएर शरण लिन जाने भन्ने हुँदैन । त्यो त सँधै आफ्नो सहायताका निम्ति आफ्नो शुभ कार्यमा नै निर्भर भइरहन्छ । भगवान् बुद्धले भन्नुभएको छ–

'आफूले गरेको पापले आफूलाई नै धमिलो पार्छ, आफूले नगरेको पापले आफूलाई नै शुद्ध गर्छ । शुद्ध र अशुद्ध आफ्नो नै तर्फबाट हुन्छ कसैले पनि कसैलाई शुद्ध गर्न या अशुद्ध गर्न सक्दैन ।'

यसप्रकार आफ्नो शुद्धिको जिम्मेदार आफू, फेरि आफ्नो शुद्धि र अशुद्धिको कारण आफ्नो चरित्र भएर आफ्नो निम्ति आफैले अशल काममा प्रयत्नशील हुने प्रेरणा सम्यक्–व्यायामले दिन्छ । सम्यक्–व्यायामको चारवटा अङ्ग छन् :–

उत्पन्न भइसकेको अकुशललाई हटाउन कोशिश गर्नु, उत्पन्न नभएको अकुशललाई उत्पन्न नै नगर्नमा कोशिश गर्नु, उत्पन्न नभएको कुशललाई उत्पन्न गर्नमा कोशिश गर्नु, उत्पन्न भइसकेको कुशललाई अझ वृद्धि गर्नमा कोशिश गर्नु । बिना यी अङ्गहरूलाई अङ्गीकार नगरी कुशल कर्मको सम्पादन नै हुँदैन । किनभने श्रद्धा र प्रज्ञा भए मात्रले शुभ काम सिद्ध हुनु सम्भव हुन्छ । पौडी खेल्नु भनेको पानीमा जीउ डुबाई हात–खुट्टा सरसर



https://dhamma.digital

चलाउनु, साइकल चढ्दा खुट्टाले पाउदानी घुमाउनु अनि हातले हेण्डेल समात्ने फेरि सिधा बस्नु हो । तर यति बुझेर पानीमा ओर्ली न कसैले पौडी खेल्न सक्छ, न कसैले साइकल चलाउन सक्छ । त्यसैले जुनसुकै कलामा निपुणता प्राप्त गर्न ज्ञान र इच्छा भएर पुग्दैन अभ्यास पनि चाहिन्छ । अनि झन् संसारको दुःखबाट मुक्ति प्राप्त गर्न कति अभ्यास चाहिन्छ, कसरी अभ्यास गर्नुपर्छ हामीले विचार गर्न योग्य छ । यहाँ कति अभ्यास गर्नुपर्छ भन्ने छोडी कसरी अभ्यास गर्नुपर्छ भन्ने प्रश्नको उत्तर भइरहेको यो नै सम्यक् व्यायामको चारवटा अंगको बाट नै अलि विस्तृत चर्चा गर्नु युक्ति युक्त देखिन्छ । कारण पद्धति समुचित भएपनि क्षमताको सार्थकता नै अवश्यम्भावी हो । अनि त्यो क्षमताले यति–उति भन्न नपरीकन नै हामीलाई लक्ष्यमा पुऱ्याइदिन्छ ।

अंगुत्तर निकायमा सम्यक्–व्यायामको यो चारवटा अंगलाई संयम प्रयत्न, प्रहाण–प्रयत्न, भावना–प्रयत्न र अनुरक्षण प्रयत्न भनी उपशीर्षक दिइएको छ । संयम–प्रयत्नको तात्पर्य जुन अकुशल, पापमय विचार अहिलेसम्म मनमा उत्पन्न नभएको गराइराख्ने प्रयत्न हो । उसले आँखाले रूप हेर्छ तर त्यसमा आँखा बाँधेर मज्जा लिँदैन । किनभने चक्षु असंयमले लोभ, द्वेष आदि अकुशल पापमय विचार मनमा बाँधिन्छन् भनेको उ सँग स्मृति हुन्छ । त्यस्तै नै अरू–अरू इन्द्रिय संयममा पनि । कारण इन्द्रिय संयम विना अकुशलको विरोध सम्भव छैन । त्यसैले बुद्धले एक ठाँउमा फेरि भन्नुभयो–

"आँखालाई वशमा राख्नु अशल, कानलाई वशमा राख्नु अशल, नाकलाई वशमा राख्नु अशल, मुखलाई वशमा राख्नु अशल, शरीरलाई वशमा राख्नु अशल, वाणीलाई वशमा राख्नु अशल, मनलाई वशमा राख्नु अशल, सम्पूर्ण इन्द्रियलाई वशमा राखेका भिक्षु सम्पूर्ण दुःखबाट मुक्त हुन्छ ।"

यसप्रकार नभएको बनाई राख्न संयम–प्रयत्न चाहिन्छ भने भइसकेकोलाई नबनाउन प्रहाण–प्रयत्न चाहिन्छ । मनमा जुन काम भोगको इच्छा भयो, क्रोध उत्पन्न भयो, हिंसक विचार उत्पन्न भयो त्यस्तै नै अर्को–अर्को अकुशल पापमय विचार उत्पन्न भयो वा भइसक्यो भने



https://dhamma.digital

त्यसलाई ठाँउ नदिने, छोड्ने, विगारी पठाउने, सिध्याई पठाउने जुन प्रयत्न गर्छ त्यसलाई नै प्रहाण–प्रयत्न भनिन्छ । यसको निम्ति जुन काम–कुरा तृष्णा, द्वेष र मोहले भरिएको विचार आँउछ त्यसको ठाँउमा तुरून्त शुभ विचार ल्याउनु, अशुभ विचारको दोष देख्नु, त्यस वितर्कमा मन नदिनु, त्यस वितर्कको संस्कार स्वरूप सृष्टि भएको देख्नु वा सहनु । आफूसँग नभएको कुशलमय वा कल्याणमय विचार प्राप्तिका निम्ति जुन प्रयत्न गर्छ त्यसलाई भावना प्रयत्न भनिन्छ । अनि जुन भइसक्यो त्यस संरक्षणका निम्ति निरन्तर गरिराख्ने प्रयत्नलाई अनुरक्षण प्रयत्न भनिन्छ । बुद्धले अर्को ठाँउमा आज्ञा गर्नुभएको छ –

"सम्पूर्ण पाप नगर्नु, कुशल मात्र गर्नु, आफ्नो चित्त वशमा राख्नु यो नै बुद्धको अनुशासन हो ।"

वस्तुतः सम्यक् व्यायाम बुद्धको अनुशासन पालन गर्ने पद्धति सिकाउने विधि–शास्त्र जस्तै भयो, किनभने यसमा पनि त पापकर्मले मानिसलाई निर्लिप्त गर्छ । अनि कुशल कर्ममा अग्रसर गराउने र त्यसैमा नै लीन गराइ राख्छ !

## ७) सम्यक्–स्मृति

हाम्रा भगवान् बुद्ध बोधिवृक्षको मुनी बसी भयंकर भन्दा भयंकर दमन गरी गर्न गाह्रो मारगणहरूलाई दमन गरी बोधिज्ञान प्राप्तिपछि सबैभन्दा पहिले सारनाथ मृगदावनमा पञ्चवर्गीय भिक्षुहरूलाई धर्मदेशना गर्नुभयो । वहाँले उनीहरूलाई सम्बोधन गरी भन्नुभयो –"भिक्षुहरू, प्रवजित तिमीहरू दुई अन्त धर्मलाई छोड । एउटा शारीरिक पीडा दिने, अर्को भोग विलासमा लिप्त हुने । किनभने यसबाट कहिले पनि वास्तविक शान्ति प्राप्त गर्न सकिँदैन । यी दुईवटा अन्त छोडी अर्को बाटो जाऊ, जुन बाटोमा जाँदा चित्त परिशुद्ध भएर वास्तविक सत्य भेट्टाई शान्तित्व प्राप्त हुन्छ । त्यो हो, मध्यम मार्ग, बीचको बाटो ।" मध्यम मार्गको बाटो आठ वटा छन्, त्यसैले यसलाई आर्य अष्टाङ्गिक मार्ग भनिन्छ । यो मार्गमा सातौं अङ्ग हो, सम्यक्–स्मृति ।



https://dhamma.digital

सम्यक्–स्मृति भनेको के हो ? सम्यक्–स्मृति भनेको राम्ररी होश राखी प्रत्येक कार्य क्षेत्रमा जागृत भइरहन सक्नु हो । बिर्से भनेको नभई सम्झीराख्न सक्नु नै यहाँ स्मृतिको गुण हो । जब हामीले यो गुण गुमाउँछौं तब मानिसहरू स्वभावतः कार्य क्षेत्रमा पछि पर्दछन् । सँधै उन्नत स्तरले खस्किरहन्छ । भौतिक वा आध्यात्मिक जुनसुकै कार्य क्षेत्रमा पाइला राखेपनि मन बलियो भएका मानिसहरू मात्रै माथि परिरहन्छन् । उ आफ्नो कार्य सफलताको परीक्षामा स्वभावतः राम्ररी नै उत्तीर्ण हुन्छ ।

स्मृति साधकको क्लेश क्रमशः दुर्बल भएर गइराख्छ । स्मृति हीन व्यक्तिले आफूले गरेका कुराहरू पनि बिर्सिंदै उ आफैं देखेर झोक चल्छ, रीस उठ्छ । यसको विपरित स्मृति–ज्ञान वृद्धि भएर त्यो भन्दा पुरानो युग–युगका कुराहरू सम्झिएर आउँछ । साँच्चै भन्नुपर्दा स्मृति बलले नै धर्मावलम्बी आध्यात्मिक साधकहरूले परचित्त ज्ञान बुझी पूर्वानुस्मृति अगाडि ल्याए । भूत भविष्यका कुराहरू राम्ररी जानीबुझी लिए । स्मृतिवान् व्यक्ति सँधै मुदित हुन्छ, स्मृतिहीन व्यक्ति सँधै दुखित । त्यसैले भनिएको छ–

स्मृति भएको चित्त नै सुखदाता सुमित्र,

स्मृति नभएको चित्त नै दुःखदाता कुमित्र ।

स्मृतिको उत्पत्ति (१७) वटा कारणले हुन्छ भनिए पनि यहाँ दुईवटा कारण विशेष मुख्य कारण छ । भित्र र बाहिर अर्थात् स्वयं आफ्नो विचार बलियो पार्नु र अरूसँग सोधी अध्ययन गरी वा परिश्रमी भएर बलियो गर्नु, यो नै दुईवटा कारण हुन् ।

भगवान् बुद्धले जुन धर्मदेशना गर्नुभयो ती सम्पूर्ण मौखिक हुन्, लिखित वा लेखिराखिएको होइन । त्यसबेला आजजस्तो न त लेख्ने केही प्रचार र प्रसार गर्ने प्रथा थियो, न त साधन नै । तर पनि त्यसबेला स्मृतिको भरमा प्रचार भएको तत्वले सँधैको लागि चुनौति दिन सक्छ । साँच्चै भन्दा स्मृतिहीन जीवन झन्–झन् पराश्रयी भएर कष्टमय जीवन हुँदै जान्छ । स्मृति नभएको मानिस कहिल्यै पनि दुःखबाट मुक्त हुन सक्दैन । वस्तुतः स्मृति धर्माचरणमा शान्तिको हेतु हो । बुद्धको आज्ञानुसार स्मृतिको साधना एउटा धार्मिक योग वा भावना पनि हो । जति जति यो भावना बलियो



https://dhamma.digital

गर्दै लगियो, त्यति त्यति स्मृति झन्–झन् बलियोको बलियो नै हुन सक्ने हुँदै जान्छ । बुद्धको जीवन कालमा र पछि सम्म हामीले धेरै भिक्षुहरू यो योगाभ्यासमा गएको पनि देखिन्छ ।

स्मृतिको नील राम्ररी पवित्र हुन, बढी बनाइराख्न, आफ्नो हृदय–कलश राम्ररी धुनुपर्छ । मन धुनका निम्ति शील नियमलाई राम्ररी पालन गर्नुपर्छ। चरित्र शुद्धि बिना स्मरण शक्ति बलियो हुने सम्भव नै छैन किनभने चरित्रको पवित्र शक्ति नै मानिस समाधिस्थ हुन सक्छ । अनि समाधिमा बसी पूर्वानुस्मृति प्राप्त हुने अभिज्ञा ज्ञान प्राप्त हुन्छ। क्रमशः स्मृति बलियो गरी तृष्णाको मूल कारण पहिचान गरी आश्रव क्षय गरि दुःखबाट मुक्त हुने शान्ति हुन्छ । यो अर्थमा स्मृति निर्वाण प्राप्तिको साधन पनि हो । त्यसैले यो स्मृति बनाउने साधना व्यावहारिक जीवनलाई कति उपयोगी मात्र होइन आवश्यक पनि छ, त्यो भन्दा बढी मोक्ष साधकहरूलाई आवश्यक छ । बुद्धले भन्नुभएको छ–"भिक्षुहरू, एउटा मात्र मार्ग, एउटै मात्र बाटो छ, जुन बाटोमा गई सत्वहरूको चित्त शुद्ध भएर शोक सन्ताप हरण हुन्छ, त्यो हो स्मृति–प्रस्थान ।" स्मृति प्रस्थान ४ वटा छन्, जसको संक्षिप्त वर्णन विस्तृत ज्ञानको निम्ति सूत्र–पिटक अन्तर्गत प्रथम पिटिक दीघ निकायको ' महासतिपट्ठान सुत्त' हेर्ने आग्रह सहित यहाँ उल्लेख गर्दछु ।

१) कायनुपश्यना (कायानुपस्सना)

२) वेदनानुपश्यना (वेदनानुपस्सना)

३) चित्तानुपश्यना (चित्तानुपस्सना)

४) धर्मानुपश्यना (धम्मानुपस्सना)

**१) कायानुपश्यना :**

कायानुपश्यना शरीर सम्बन्धी होश ज्ञान बनाउनमा अभ्यास भावना गर्नु हो । अनि यो अभ्यास ६ वटा छन् :–

| | |
|---|---|
| १) आनापान स्मृति | २) इरियापथ स्मृति |
| ३) सम्प्रजन्य | ४) प्रतिकूल मनसिकार |
| ५) धातुमनसिकार | ६) सिवथिक पर्व |



https://dhamma.digital

१) **आनापान स्मृतिः** – एकाग्र गर्नको निम्ति पहिले आफ्नो आश्वास प्रश्वास शान्त र सूक्ष्म गर्नु आवश्यक छ। योगाभ्यासको निम्ति यो एउटा ठूलो मूल तर सजिलो साधन हो। किनभने जब सम्म आश्वास प्रश्वास चञ्चल भइरहन्छ त्यसबेला सम्म कसैले पनि यो चञ्चल मनलाई वशमा राख्न सक्दैन। श्वास प्रश्वासमा चञ्चलता नबनाई वा एकाग्रता बनाएपछि चित्त शान्त हुन्छ, फेरि चित्त शान्त भइसकेपछि श्वास प्रश्वास या आरम्मणमा स्थिरता आँउछ। यो पारस्परिक रूपले एउटामा अर्को आश्रय लिई बसेको छ। जति जति चित्त एकाग्र भएर जान्छ त्यति त्यति अनि काय हलुका हुँदै गएको अनुभव हुन्छ।

आश्वास प्रश्वास शान्त गर्नु जुन अभ्यासको बाटो देखाए त्यो एकदमै सुगम तथा सरल मार्ग हो। जुन भित्रयाउने, बाहिऱ्याउने सास हो, यसमा कसैले कसैलाई मद्धत दिइरहनु पर्ने हुँदैन। यो जीवित प्राणीका निम्ति स्वभावत नै भइरहने हो। त्यसैले स्मृति साधकले सबैभन्दा पहिले अनेक प्रपञ्चबाट अलग भएर श्वास प्रश्वासमा स्मृति राख्नु पर्दछ। फेरि साधक निस्वार्थी र स्वतन्त्र भएको हुनुपर्दछ। अल्पेच्छु, सन्तोषी, निरालसी तथा उद्योगी हुनुपर्दछ। जुन दुईवटा गुण पनि साधकसँग हुनुपर्ने हो। चित्तले साँच्चै नगर्नको निम्ति अनि चित्तलाई प्रतिज्ञा वा अधिस्थान रूपी ठाँउमा बेस्कन बाँधी राख्न हेर्नुपर्छ। यसको निम्ति कल्याण मित्रको आश्रय लिनु युक्ति संगत हुन्छ सँगै नै जङ्गलमा वा रूखतल अथवा कहीँ शून्य ठाँउमा आश्रय लिनु आवश्यक हुन्छ। यहाँ पलैंटी कसेर शरीर सोझ्याएर स्मृतिलाई अगाडि राखेर भगवान् बुद्धको आज्ञानुसार भावनाको गुण सम्झी स्मृति साधनामा बस्नुपर्छ।

हामीले श्वासको आश्वास–प्रश्वासमा ध्यान दिँदै जाँदा स्मृति गर्दै जाँदा हामीले तुरून्त आफ्नो मनलाई मनको विचरण भूमिलाई देख्छौं। किनभने यसरी अभ्यास गर्दा यो चञ्चल मन जुन आफूले श्वास प्रश्वासमा काम गरिरहेको हो, त्यस काम छोडी अन्यान्य विषय तिर सुत्त–सुत्त भाग्छ। त्यसबेला नै यो मनलाई सक्दो स्मृति ज्ञानको डोरीले बाँधेर ल्याई अभ्यास गरिरहेको आश्वास–प्रश्वासमा स्मृति बलियो हुँदै गएपछि त्यसको गति



https://dhamma.digital

जतिसुकै सूक्ष्म हुँदै गएपछि विषयतर्फ मन पल्टिई विषय वासना तर्फ दुःख क्रमश देख्दै आँउछ । अनि यो वासनामा दुःख देख्दै गएदेखि आश्वास–प्रश्वासको चाल चलनमा नै मनले सुख अनुभव गरिरहन्छ । मनले जति जति आनापानाय सुख र आनन्द अनुभव गर्छ, त्यति त्यति त्यो मन अर्को ठाँउमा जाने हेर्दैन । त्यसैले बुद्धले भन्नुभएको छ, 'भिक्षुहरू, आनापान समृतिले समाधिलाई भावना गरी वृद्धि गरे भने मनमा उत्पन्न भएर आएको नाना प्रकारको नराम्रो अकुशल भएको संकल्प विकल्प हराएर शान्ति प्राप्त हुन्छ ।'

२) **इरियापथः**– आफ्नो चालचलनमा वा गमनागमनमा होश राख्नुलाई इरियापथ भनिन्छ । स्मृति–प्रस्थानका साधकले गइरहे गइरहेको, सुतिरहे सुतिरहेको छ भनी इत्यादि स्मृति राखी बस्नुपर्छ । यस प्रकारले स्मृति राखी रहे भने अभ्यास गर्दै गई आफ्नो चित्तलाई आफैले कहाँ चाहियो त्यही राख्न सक्ने हुन्छ ।

३) **सम्प्रजन्यः**– संक्षित्प शब्दमा भन्नुपर्दा खाने, पिउने, सुत्ने, उठ्ने, बस्ने, कुरा गर्ने, मल–मूत्र त्याग गर्ने सम्म पनि होश राखी जुन अवस्थामा आफू छ, त्यस अवस्थामा स्मृति राख्नु अर्थात् प्रत्येक आफ्नो काम–कुरामा होश राख्नुलाई संप्रजन्य स्मृति–प्रस्थान भावनाको अभ्यास भनि भनिन्छ । यो अभ्यास एकजना स्मृति–प्रस्थान भावनाको साधकका निम्ति अत्यावश्यक छ ।

Dhamma.Digital

४) **प्रतिकूल मनसिकारः**– शारिरीक बाह्य सौन्दर्यमा आकर्षित हुनबाट बच्न शारीरिक अशुचि, दुर्गन्ध सित अनित्य देख्नुलाई प्रतिकूल मनसिकार भनि भनिन्छ । शरीर राम्रो र मनपर्ने वस्तु होइन । यो बत्तीस प्रकारको माथिदेखि तलसम्म तलदेखि माथिसम्म विचार गरी होश बनाई भावना गर्नु स्मृति विषय भोगमा भित्र पर्दैन । सँधै हाम्रो अगाडि विमुत्ति आइरहन्छ । शरीरको नव द्वार नै अशुचि दुर्गन्ध बाहिर आउने ठाँउ हो त्यसैले यसमा पनि मोहित हुने मूर्खजनहरू मात्रै हुन्छ । साँच्चै भन्दा शरीर विष–वृक्ष हो, रोगको घर हो, दुःखको थल हो । त्यसैले पण्डित चक्षुभूतहरूले यो शरीरलाई अशुचिको एउटा रास हो भनि बुझिलिन्छन् ।



https://dhamma.digital

**५) धातु मनसिकारः–** शरीर स्थित चारवटा महाभूतको यथार्थ दर्शनलाई धातु मनसिकार भनिन्छ। बौद्ध वाङ्मय अनुसार महाभूत चारवटा छन्। ती हुन् : पृथ्वी, आपो, तेजो र वायु। अनि जसरी चतुर गोघातकले गोरू काटी चौबाटोको बीचमा बसी मासु टुका–टुका भाग राखी बेच्ने हो, त्यसरी नै योगीले यो चारवटा धातुलाई छुट्याएर देख्न सक्ने हुनुपर्छ। पृथ्वी धातु दुईप्रकारका छन्, आपो (जल) धातु बाह्र प्रकारका छन् : तेजो धातु चार प्रकारका छन् र वायु छ प्रकारका छन्। वस्तुतः यो पृथ्वी धातु, आपो धातु, तेजो धातु, वायु धातु चारवटामा न म हुँ, न मेरो हो, न मेरो आत्मा हो भनी बुझ्दै गए यसको मोहाकर्षणले आफू विमुक्त भएर सत्यतिर नजिक पर्न जान्छ।

**६) सिविथक पर्वः–** मृत्यु पछिको शरीरको विकारमा स्मृति राख्नु नै सिविथक पर्वको तात्पर्य हो। स्मृति भावनाका साधकले मरेको एक दिन भैसकेको, दुई दिन भइसकेको, तीन दिन भइसकेको, शरीर फुलिरहेको, कुहिरहेको, शमशानमा फालिरहेको मृत शरीरलाई हेरेर म पनि एकदिन यस्तै हुनेछ भनेर स्मृति गर्नपर्छ। फेरि गिद्ध, चील, कुकुर, बाघ आदि जीव जन्तुहरूले खाइरहेको शरीर देखेर उसले स्मृति राख्छ कि मलाई पनि एकदिन यसरी नै खानेछन्। यस ज्ञानका स्मृति अगाडि राखी भावना गरिरहेका योगी चाँडै नै विषय वासनाबाट विरत भएर अहंभाव नभएको मानभाव नभएको हुनुपर्छ।

**२) वेदनानुपश्यना :–**

वेदना सम्बन्धी होश बनाइराख्नुलाई वेदनानुपश्यना भनिन्छ। सुख हुँदा सुख भयो भनी सुखानुभव गर्नु, दुःख हुँदा दुःख भयो भनी दुःखानुभव गर्नु, न दुःख न सुख हुँदा उपेक्षानुभव गर्नु, यो वेदनानुपश्यनाको पद्धति हो।

**३) चित्तानुपश्यनाः**

पाँच नीवरण, पाँच उपादान स्कन्ध, छ आयतन, सात बोध्यङ्ग, चार आर्यसत्यको चिन्तन र मननमा स्मृति राख्नुलाई भनिन्छ।



https://dhamma.digital

### ४) धम्मानुपस्सना

पाँच नीवरण मध्ये आफूसँग कामच्छन्द भए छ भनी नभए छैन भनी थाहा पाउनु, अनुत्पन्न कामच्छन्द कसरी उत्पन्न हुन्छ तथा उत्पन्न कामच्छन्द कसरी निरोध हुन्छ बुझ्नु, नाश भइसकेको कामच्छन्दको उत्पत्ति कसरी हुन्छ बुझ्नु नै एउटा नीवरणमा धर्मानुपश्यना भावना गर्नु हो । अर्को चार नीवरण हुन्: व्यापाद (ईर्ष्या), स्त्यानमृद्ध (आलस), औद्धत्य–कौकृत्य (चञ्चलता) विचिकित्सा (शंका) । यी चारवटाको पनि त्यस्तै नै अस्तित्व छ छैन अनि भएकोको विनाश कसरी हुन्छ, नभएकोको कसरी उत्पत्ति हुन्छ तथा विनाशित अवस्थामा पुगेकाको फेरि कसरी उत्थान हुन्छ धर्मानुपश्यना साधकले विचार गर्छ ।

पाँच उपादान स्कन्ध मध्ये यो रूपस्कन्ध हो भनी चिन्नु, यो रूपको उत्पत्ति हो, अनि यो रूपको विनाश हो भनी जान्नु एउटा उपादान स्कन्धमा धर्मानुपश्यना भवाना गर्नु हो । यसरी नै वेदना, संज्ञा, संस्कार र विज्ञानका विषयमा पनि भएको अस्तित्वलाई देख्नु तथा उत्पत्ति र विनाशको अवस्थामा स्मृति राख्नु धर्मानुपश्यना भावनाका साधकले गर्छन् ।

धर्मानुपश्यना भावनाका साधकले छ आयतन धर्ममा ध्यान राख्छ । उसले यो चक्षु हो, यो चक्षु विज्ञेय रूप हो । यो चक्षु र रूपको संयोग उत्पन्न भएको बन्धन हो भनी बुझ्दछ । फेरि अनुत्पन्न संयोजनका उत्पत्ति कसरी हुन्छ, उत्पन्न संयोजनको विनाश कसरी हुन्छ, फेरि विनाशित संयोजनको कसरी उत्पन्न हुँदैनन् भनी जान्नुमा स्मृति राख्छ । यसरी नै यो श्रोत हो, यो श्रोत विज्ञेय शब्द हो, श्रोत र शब्दको संयोगले उत्पन्न भएको बन्धन हो, यो घ्राण हो, यो घ्राण विज्ञेय गन्ध हो, घ्राण र गन्धको संयोगले उत्पन्न भएको बन्धन हो, यो जिह्वा हो, यो जिह्वा विज्ञेय रस हो, जिह्वा र रसको संयोगले उत्पन्न भएको बन्धन हो भनी जहाँ धर्मानुपश्यना भावनाका साधकले विचार गर्छ त्यहाँ नै बसेर यो संयोजनको उत्पत्ति कसरी हुन्छ, उत्पन्न संयोजनको विनाश कसरी हुन्छ तथा विनाशित संयोजन कसरी उत्पन्न हुँदैनन् भन्ने बुझ्नमा स्मृति राख्छ ।

आयतन पछि सात बोध्यङ्गको कुरा आँउछ । सात बोध्यङ्ग स्मृति भएको बखतमा छ भनी नभएको बेलामा छैन भनी जान्नु अनि अनुत्पन्न



https://dhamma.digital

स्मृति कसरी उत्पन्न हुन्छ, उत्पन्न भएको स्मृति कसो गरेर पूर्ण हुन्छ भनी जान्नु पहिलो बोध्यङ्ग अन्तर्गत धर्मानुपश्यना भावना हो । त्यसरी नै धर्म विचय (धर्म अन्वेषण), वीर्य, प्रीति, प्रश्रब्धि, समाधि, त्यो अपेक्षा पनि हुँदा छ, नहुँदा छैन, नभएको हुन्छ कसरी, भएर आएको पूरा गर्ने कसरी भन्ने जानेर तृष्णाबाट अलग भएर लोकमा कुनै पनि म मेरो भनेर ग्रहण नगरी विहार गर्ने धर्मानुपश्यना भावनाका साधकको काम हो ।

धर्मानुपश्यना अन्तर्गत सबैभन्दा तल चार आर्य–सत्यको कुरा आँउछ । उसले यो दुःख भनी दुःखलाई यथार्थ रूपमा देख्छ, यो दुःख समुदय हो भनी दुःख समुदय दुःखको हेतु यथार्थ रूपमा जान्छ, यो दुःख निरोध तर्फ लाने मार्ग हो भनी दुःख निरोध मार्गलाई यथार्थ रूपमा जानिलिन्छ । यसप्रकारले भित्रको धर्ममा धर्मानुपश्यी भएर विहार गर्छ । त्यसरी नै भित्र बाहिरको धर्ममा धर्मानुपश्यी भएर विहार गर्छ । फेरि यी धर्मको उत्पत्ति जानेर विहार गर्छ, विनाशलाई जानेर विहार गर्छ । त्यसरी नै उत्पत्ति र विनाशलाई जानी विहार गर्छ । यो धर्म हो भनी जान्नमा स्मृति ज्ञान वृद्धि गर्नमा तत्पर भैरहन्छ । आश्रव–विमुक्त भएर विहार गर्छ । लोकमा कुनै वस्तु पनि म मेरो हो भनी ग्रहण गर्दैन ।

भगवान् बुद्धले यो स्मृति–प्रस्थानमा कति प्रत्यक्ष फलको वर्णन गर्नुभएको छ यसैबाट थाहा हुन्छ । वहाँले आज्ञा गर्नुभयो, 'भिक्षुहरू ! जसले यो चार प्रकारको स्मृति प्रस्थानलाई सात वर्षसम्म भावना गर्छ उसले दुई फल मध्ये एउटा फल प्राप्त गरिलिन्छ । ती दुई फल हुन् : अर्हत्व र अनागामीत्व । भिक्षुहरू ! सात वर्षको कुरा एकातिर राख, छ वर्ष, पाँच वर्ष, चार वर्ष, तीन वर्ष, दुई वर्ष, १२ महिना, छ महिना, तीन महिना, एक महिना, आधा महिना अथवा एक हप्ता मात्र यो भावना गरे भने दुई मध्ये एक फल लाभ गर्छ, अर्हत्व वा अनागामीत्व ।

बुद्धका उक्त आज्ञानुसार बरू हामीले बिस्तारै–बिस्तारै पाइला चालेर हेर्नु नै अर्हत्व वा अनागामीत्व पद प्राप्तिका निम्ति बिस्तारै–बिस्तारै हिँड्नु हो । अस्तु !

सम्यक्–स्मृति समाप्त ।



https://dhamma.digital

# ८) सम्यक्–समाधि

सम्यक्–समाधी, कुशल चित्तको एकाग्रतालाई भनिन्छ । अर्को वचनले भन्नुपर्दा नचाहिँदो कुरा तर्फ कल्पना नगरी सार्थक कुरातिर एउटै निमित्तमा मात्र चित्त एकाग्र गर्नुलाई पनि सम्मा समाधि वा सम्यक्–समाधी भनिन्छ । यो आर्य अष्टाङ्गिक मार्गको आठौं मार्ग हो । बौद्ध धर्मको मूल सार चार आर्य सत्य हुन्– दुःख, दुःखको कारण (हेतु), दुःख नबनाउने उपाय, दुःख नबनाउने मार्ग । त्यही दुःख नबनाउने मार्ग हो, आर्य अष्टाङ्गिक मार्ग ।

सम्यक्–दृष्टि अर्थात् सुहाँउदो, ठीक भएको विश्वास, सम्यक्–संकल्प अर्थात् साँच्चैको सार्थक भएको संकल्प, सम्यक्–वचन अर्थात् सत्य, सार्थक, मृदु, हितकर भएको कुरा गर्नु, सम्यक्–कर्मान्त अर्थात् सम्यक्–जीवन, सम्यक्–व्यायाम अर्थात् ठीक वीर्य वा उत्साह, सम्यक्–समाधि अर्थात् राम्ररी कुशल निमित्तमा चित्त एकाग्र गरिराख्नु यो नै आर्य अष्टाङ्गिक मार्ग हो ।

मानिसहरूको मनमा नाना प्रकारका कल्पनाहरूको बाढी आइरहन्छ। राग, द्वेष र मोह वा यसको विपरीत सद्गुणको बाढी आउने नल भइरहन्छ। मानिसहरूको चित्त पञ्चकाम वस्तु अर्थात् रूप, शब्द, गन्ध, रस, र्स्पश तर्फ दौडिरहन्छ। उसको शरीर एक ठाँउमा हुन्छ, मन अर्कै ठाँउमा हुन्छ। शरीरले एउटा गरिरहन्छ, मनले अर्कै गरिरहन्छ । काम गर्ने सोच्छ, गर्न लाग्दा बिर्सन्छ, अर्कै काम गर्छ । यो नै चित्तको अस्थिरपनाको निम्ति उदाहरण हो । काम छन्द अर्थात् भोग सम्बन्धी आशा, व्यापाद अर्थात् द्वेष र क्रोध, थिनमिद्ध अर्थात् आलस्य, उद्धच्च कुक्कुच्च अर्थात् चित्त र शरीरको चञ्चलता, विचिकिच्छा अर्थात् शंका, यो पाँच अधोपतन तर्फ मन नपठाई प्रथम, दुतीय, तृतीय, चतुर्थ ध्यानमा मन राख्नुलाई सम्यक्–समाधि भनिन्छ ।

प्रथम ध्यान केलाई भनिन्छ ? निमित्तमा चित्त एकाग्र गरी, विरोध क्लेश नबनाउनु ध्यानको एउटा कृत्य हो । वितर्क, विचार, प्रीति, सुख, एकाग्रता यी पाँच अङ्गलाई प्रथम ध्यान भनिन्छ । वितर्कले निमित्त लिन जान्छ, विचारले निमित्तमा चित्त सञ्चार गर्छ । प्रीतिले निमित्तमा चित्त



https://dhamma.digital

खेलिरहन्छ, सुख चित्तालम्बनमा रस अनुभव गर्छ, अनि एकाग्रताले चित्त नाना प्रकारको आलम्बनमा नपठाई एउटै निमित्तमा मात्र स्थिर भैरहन्छ ।

विरोधी क्लेश हटाएर पठाउने समाधीको एक काम हो । वितर्कले आलस्य हटाएर पठाँउछ । विचारले शंका उठाई पठाँउछ, प्रीतिले क्रोध र द्वेष सिध्याई पठाँउछ । सुखले शारीरिक मानसिक चञ्चलता बगाई पठाँउछ अनि एकाग्रताले भोग सम्बन्धी आशा कुल्चिई पठाँउछ ।

प्रथम ध्यान लाभी योगीले त्यसैले आफूसँग भएको वितर्कलाई हीन सम्झेर र नबनाउनका लागि भावनाको उन्नति गर्दै वितर्क रहित भएको विचार, प्रीति, सुख, एकाग्रताको चार अङ्ग युक्त भएको दुतिय ध्यान कुशल चित्त लाभ गर्छ । दुतिय ध्यान लाभीले विचारहीन भावनको उन्नति गरेर वितर्क र विचार रहित प्रीति, सुख, एकाग्रता, तीनवटा अङ्ग युक्त भएको तृतीय ध्यान लाभ गर्छ । त्यसरी नै सुख, एकाग्रता दुईवटा अङ्ग युक्त भएको चतुर्थ ध्यान र उपेक्षा, एकाग्रतायुक्त भएको पञ्चम ध्यान योगीहरूले आ–आफ्नो प्रयत्नले लाभ गर्छ । यसलाई रूपावचर ध्यान भनि पनि भनिएको छ । यो ध्यानको क्रममा बुद्धले चतुक्कनय, पञ्चकनय भनि दुई प्रकारले देशना गर्नुभएको छ । चतुक्कनय भनेको प्रज्ञा बुद्धि भएकोलाई, पञ्चकनय भनेको अल्प प्रज्ञा बुद्धि भएकोलाई ध्यान गराउने प्रयत्नशैली हो ।

चित्त परमाणु बल वेग भन्दा पनि शीघ्रगामी सूक्ष्म हो । यो नै अस्थिर मन एउटै निमित्तमा मात्र राख्नुलाई नै सम्यक्–समाधि भनिन्छ । त्यसैले चित्त एकाग्रता निम्ति मानिसहरू जङ्गलमा नै बस्न जानुपर्छ भनि भनिएको छैन । चित्तको एकाग्रता प्राप्त गर्न उसले नाना प्रकारको उपासना गर्छ । आहार नखाई शरीरलाई दुःख कष्ट दिन्छ । शरीरलाई दण्ड कष्ट दिएर मन वशीकरणको प्रयत्न गर्ने, गौतम बुद्धले चित्त एकाग्रताको लागी यो पद्धति स्वीकार गर्नुभएन, अझ व्यर्थ सम्म पनि स्वयं अनुभव गरि भन्नुभएको छ ।

समाधि धेरै प्रकारका छन् । त्यस मध्ये लौकिक र लोकोत्तर प्रधान हो । लौकिक समाधि गर्नेहरूले सबैभन्दा पहिले शील अर्थात् सदाचार तर्फ विशेष ध्यान राख्नुपर्छ । आचरणको पवित्रतामा चित्तको एकाग्रता र आनन्द हुन्छ । बुद्ध धर्ममा मुख्य–मुख्य भएको तीनवटा छन्, शीलको स्थान यो



https://dhamma.digital

गुणाङ्गमा प्रथम हो । समाधिको विषयमा तपाईहरूले पढिसक्नुभयो बाँकि अर्को गुणाङ्ग प्रज्ञा हो । बौद्ध वाङमयमा मात्र समाधिको खेलमा कवाज खेलिसकेका हुनेछन् । अर्थात् अज्ञानको दुर्ग भेद गरी भित्र नपसीकन त्यहाँ भित्र भएको प्रज्ञाको शास्त्रमा अधिकार जमाउन सक्दैन । तर अभ्यन्तरमा भित्र पस्न भने वाक् परिशुद्ध हुनुपर्छ फेरि शुद्ध विचार बिना काय, वाक्को शुद्धिकरण असम्भव हो । अतः समाधि ज्ञान प्राप्त गर्न शील पालन नगरी हुँदैन । यदि शीलको पालन बिना नै समाधि ज्ञान लाभ हुने बुद्धले उपदेह गर्नुभएको भए धर्म शास्त्र सबै निष्फल नै हुन्छ । महापरिनिर्वाण सूत्रमा भगवान् बुद्धले आज्ञा गर्नुभएको छ, 'शीलको परिभाविताले प्रज्ञा महत्फल हुन्छ, अनि प्रज्ञाको भाविताले क्लेश चित्तले राम्ररी विमुक्त प्राप्त हुन्छ । शील, काय र वाक् संयम गर्न चाहिन्छ भने समाधि चित्त–संयम गर्न चाहिन्छ। अनि प्रज्ञा मात्र चित्त संयम गर्नमा साथी हुन आउँछ।' आचरणको पवित्रतामा अर्थात् शीलको उपेक्षामा प्रज्ञा प्रतिफलित हुँदैन अथवा बाहिरिक वातावरणको एकान्तता मात्रले चित्तमा एकाग्र ल्याउन सक्दैन । उसको मनमा त कल्पनाको नृत्योत्सव भैरहन्छ, सुख अनुभवले मनलाई हा हा गराइराख्छ । अनि आश्चर्य मान्नु पर्दैन, समाधिस्थ व्यक्ति आसनबाट उठी भागी गए। एकजना भिक्षु विहारमा भिक्षुहरूको जमातमा बस्न मन नलागी चित्त एकाग्र गर्न जङ्गलमा जाने विचार राखे । बुद्धसँग आज्ञा माग्न जाँदा बुद्धले तिमी जङ्गलमा बस्न जाने योग्य भएको छैन, तिमीलाई शिक्षा र सत्संगत पुगको छैन, शील पवित्र गर्नतिर हेर, बुद्धिले काम लिने हेर भनी भन्नुभयो । तर त्यो भिक्षु मानेन । तीनपटक सम्म रोक्दा पनि त्यो भिक्षु जङ्गलमा नै गयो । जङ्गलमा एकान्तमा रूखको मुनि बस्न गए । भावना गरे । नाना प्रकारको वितर्क आएर संघर्ष महासंघर्ष भयो । काम वितर्क, व्यापाद–वितर्क, विहिंसा वितर्कसँग भएको संघर्षमा उ विजयी हुन सकेन । भिक्षु बुद्ध कहाँ गएर क्षमा मागे । हो, त्यही भनेर एकान्त स्थान निरर्थक भनेको होइन। भनिएको तात्पर्य समाधिका निम्ति शील र बुद्धि पनि चाहिन्छ भनि भनिएको हो । पालि साहित्यमा समाधिको सफलता निर्भर हुन्छ ।

'जुन घरमा वा विहारमा बसिरहँदा वस्तु विचार गर्ने अभाव पूर्ति गर्ने आदि अनेक काम हुन्छ, यो चित्त एकाग्र हुनमा विघ्न हो।' दाजु–भाई,



https://dhamma.digital

आफन्तहरू तथा सेवा तहल गर्नेहरूसँग सँगै बस्दा उनीहरूको सुखमा सुखी दुःखमा दुःखी, आनन्दमा आनन्द हुनुपर्छ, यो ठाँउमा पनि चित्त एकाग्र हुनमा विघन हो । व्यक्तिको लाभ सत्कार एकाग्रार्थ बाधा हो । परिवार वा धेरै शिक्ष्य बनाउनु पनि चित्त एकाग्रताको बाधक हो । विहार वा गृह बनाँउदा ज्यामीहरूको प्रबन्ध, उपकरणको व्यवस्था, कार्य सम्पादन निम्ति प्रयत्न गर्नुपर्ने ठाँउमा चित्त एकाग्र हुँदैन । आफू र आफ्नो ज्ञाति बन्धुको रोग चित्त एकाग्रताको शत्रु हो । यस्ता विघ्न नभएर पनि शील र प्रज्ञाको सहायता भएर पनि समाधिबोध्यंग सम्पन्नता निम्ति चरित्र ज्ञान र चरित्र सँग समाधि पद्धतिको सन्तुलन ज्ञान नभएको भए समाधि प्राप्त हुँदैन । मानिसको चरित्र छ वटा छन्, अनि भिन्न चरित्रहरूको निम्ति चालीस प्रकारको कर्मस्थान भावना छन् :

१) राग चरित्र २) द्वेष चरित्र

३) मोह चरित्र ४) श्रद्धा चरित्र

५) बुद्धि चरित्र ६) वितर्क चरित्र

चरित्र आचरण र अभ्यासानुसारले हुन्छ । राग चरित्रको लक्षण भएको स्वाभावले नै पाइला चलाउँदा खेरि पाइतालाको बीच भाग भुँइमा नछुने हुन्छ । द्वेष चरित्र भएकोले पाइला चलाउँदा पाइतालाका टुप्पोले भुइँ कुल्चिने जस्तै हुन्छ । छिटो छिटो पाइला राख्छ, छिटो छिटो पाइला उठाउँछ । मोह चरित्र भएकोले हात खुट्टा चलाई चञ्चलपनको हुन्छ । अनि चालीस कर्मस्थान हो, दस कसिण, दस अशुभ, दस अनुस्मृति, चार ब्रह्म विहार, चार आरूप्य, संज्ञा र व्यवस्था ।

राग चरित्र भएकासँग चित्त एकाग्र गर्न दश अशुभ र कायगतानुस्मृति अर्थात् शरीर सम्बन्धी विचार गरी रहनु यो एघार निमित्त उसको लागि अनुकुल हुन्छ । द्वेष चरित्र भएकासँग चार ब्रह्म विहार अर्थात् मैत्री, करूणा, मुदिता, उपेक्षा र तीन वर्ण कसिण यी सातवटा अनुकूल हुन्छ । मोह र वितर्क चरित्र भएकाहरूलाई बढी गरेर स्मृति अर्थात् आश्वास प्रश्वास गर्ने बखतमा होश राखिरहने कर्मस्थान अनुकूल हुन्छ । श्रद्धा चरित्र भएकोसँग छ स्मृति अर्थात् बुद्धानुस्मृति, धर्मानुस्मृति, संघानुस्मृति, शीलानुस्मृति, त्यागानुस्मृति,



https://dhamma.digital

वेदनानुस्मृति यी छ अनुकूल हुन्छन् । बुद्धि चरित्र भएकासँग मरणानुस्मृति र उपसमानुस्मृति चारवटा धातुको व्यवस्था र आहार प्रतिकूलताको पनि अर्को संज्ञा शेष कसिण चारवटा आरूप सबै चरित्रलाई अनुकूल भएको यो रूपले एउटा निमित्तमा चित्त एकाग्र गरी बस्नुलाई नै सम्यक्–समाधि भनिन्छ। अनि समाधिको अनुभूति कस्तो हो, यो शब्दातीत विषय होइन भने अन्दाजले यस्तो उस्तो भनी राम्ररी भन्न सकिने विषय पनि होइन । समाधि स्वयंको निम्ति मानसिक सुख र शान्ति दिन्छ अनि रसको निम्ति उसको तर्फबाट दुःख पनि हुँदैन, यो नै समाधिको सारांश फल हो, लाभ हो । अस्तु !

सम्यक्–समाधि निट्ठितं ।

Dhamma.Digital



https://dhamma.digital

# बहुजन हिताय बहुजन सुखाय

(प्राप्ताङ्क ३० अंक)

अ.ने.भि. महासंघ द्वारा संचालित
नेपाल बौद्ध परियत्ति शिक्षा
स्थापित बु.सं. २५०७

Dhamma.Digital

**लेखक - भिक्षु सुदर्शन महास्थविर**

नेपालीमा अनुवाद - भिक्षु नायको

https://dhamma.digital

# बुद्धकालीन जम्बुद्वीपको परिचय – १

## बौद्ध वाङ्मयका भूगोल

आफूलाई वाण लागेको व्यक्तिले पहिले आफूलाई लागिरहेको वाण निकाल्नुपर्दछ, अनि औषधी गर्नुपर्दछ । यस्तो नगरीकन वाण हिर्काएर ल्याएको व्यक्ति को, कस्तो व्यक्तिले हिर्काएर ल्याएको हो भनि दुराग्रह गर्दागर्दै वाण–वीषले मरेर जानु बुद्धिमानी होइन ।

त्यसैले बौद्ध वाङ्मय संसार–सृष्टि र त्यसका अनन्तता भित्र भित्रीन भ्याइ–नभ्याइ दौड्ने काम गर्दैन, जति भएको दुःख छ त्यो अन्त गर्ने प्रयासमा हिँड्छ । अन्धकारमा अल्झिएर कल्पनाका दर्शनमा आफूलाई हराउनु (बिलाउनु) भन्दा प्रकार भएको ठाँउ बाहिर आइ वास्तविकतामा आफूलाई देख्ने मानव–जगतलाई बुझाउने आधार नै मात्र बौद्ध–दर्शनले स्वीकार्दछ जुन बुद्धले सिकाइदिनु भएको पनि हो ।

फेरि त्यसैले, विशुद्ध वाङ्मयमा त्यति मात्रै भूगोल विषयका विचार गर्दछ, जतिका सम्बन्ध मानव सामर्थ्य र मानव हित पक्षमा छ । ईश्वरीय श्रेय बौद्ध वाङ्मयलाई मनपर्दैन ।

यो लोक अनन्त हो । यसको स्वीकार एक ऋद्धिवान भिक्षुको प्रयत्न अगाडि राखि स्वीकार गर्न सक्दछ । अनि ४ द्वीपमा कल्पना झण्डै आजका महाद्वीपका विचार हुन् । फेरि ‘जम्बूद्वीप’ बुद्धका समयमा धेरै राज्य समेटिएको महाद्वीप हो ।

त्योबेलाका सम्बन्धित त्यो संसारलाई तीन मण्डल, पाँच प्रदेश र १६ महाजनपदमा विभाजन गरिन्छ । राजनैतिक शासन–पद्धति अनुसार महाजनसत्तात्मक गणतन्त्र, एकसत्तात्मक राजतन्त्र र राजतन्त्रले समेटिएको गणतन्त्र गरी तीन प्रकारका थिए ।

## बुद्धकालीन भौगोलिक विभाजन

महामण्डल, मध्यमण्डल र अन्तरमण्डल यी तीन मण्डल हो । पाँच प्रदेश हुन्, मध्यम प्रदेश, उत्तरापथ, अपरान्तक, दक्षिणापथ र प्राच्य । अझ बुद्धकालीन र यस सम्बन्धित पूर्ण राज्यहरू त १६ वटा छन् जुन मध्यम



https://dhamma.digital

देशमा पहिलो १४ वटा र पछिको २ वटा उत्तरापथमा पर्दछ। यी १६ राज्य हुन् :

'यो इमेसं सोलन्नं महाजनपदानं पहतसत्तरतनानं इस्सराधिपच्चं रज्जं कारेय्य, सेय्यथिदं

| | | | |
|---|---|---|---|
| १) अंगानं | २) मगधानं | ३) कासीनं | ४) कोसलानं |
| ५) वज्जीनं | ६) मल्लानं | ७) चेतीनं | ८) वंसानं |
| ९) कुरूनं | १०) पञ्चालानं | ११) मच्छानं | १२) सूरसेनानं |
| १३) अस्सकानं | १४) अवंतीनं | १५) गन्धारानं | १६) कम्बोजानं।' |

यी सोह्र (१६) राज्यका उल्लेख 'अंगुत्तरनिकाय'मा चार ठाँउमा भेट्न सकिन्छ। 'ललित विस्तर'मा पनि आठ राजकुलका पूर्ण वर्णन गर्दै सोह्र अलग अलग राज्य भएका कुरा अगाडि सारिएको छ।

यी सोह्र राज्य पनि आजका परिभाषामा समेत सार्वभौमसत्तामा केहि उपेक्षा गरेपनि राज्य नै हो। कारण त्योबेलामा पनि पूर्णत स्वतन्त्र सत्ता नभएका राज्यलाई राज्य भन्दैन थियो। जस्तै शाक्य र कोलिय राज्य।

यस राज्यमा पहिले महाजनसत्तात्मक व्यवस्था हो। पछि बदलिदै गयो। महाजन (सम्भ्रान्त व्यक्ति) लाई राजा, फेरि यसका नाइले (अध्यक्ष) लाई महाराज भनिन्थ्यो। तर यो छानिएर होइन, वंशज अनुसार गणतन्त्र मात्रै भइसक्यो। अनि कँहि पूर्ण राजतन्त्र नै विकसित भइसक्यो। अझ बुद्धका समयमा एकसत्तात्मक राज्य पद्धतिले महाजनसत्तात्मक पद्धति कुल्चिएर लगिराखेको हो।

यहाँ पहिले सोह्र राज्यका अर्थात् मध्यमदेश र उत्तरापथका वर्णन गरौं :–

**अङ्ग**

अंग मगधको पूर्वपट्टि पर्दछ। 'महागोविन्द–सुत्त' अनुसार अंग त्यो समयको सात (७) विशिष्ट राजनैतिक विभाजन भित्र पनि पर्दछ। अंगको छेउमा गंगा छ। यसको मुख्य शहर (राजधानी) चम्पा हो। विशाखाको जन्मभूमि भद्दिय नगर पनि यसै भित्र पर्दछ।



https://dhamma.digital

जातक अनुसार त्यो समयमा अंगका अधीनमा मगध भएतापनि बुद्धको समय सम्म अंग युद्धका हारेर मगध नरेश विम्बिसारको अधीनमा परिसकेको थियो । फेरि 'अंगमगध' भनेरपनि द्वन्द्व समास गरि ढिक्का (एकजुट) पारिसक्यो। तर पनि महाजन सत्तात्म शासन–प्रणालीका राजवंश यहाँ नाश भएको थिएन । गग्गरा रानीले बनाएको पोखरी छेउमा बुद्ध वर्षावास पनि बस्नुभयो । राजा बिम्बिसारले सोणदत्त ब्राह्मणलाई अंगको नै एक गाँउ दान दिएको हो जुन गाँउको आयस्रोतले ठूल्ठूलो यज्ञ गऱ्यो ।

## मगध

मगधको राजधानी राजगृह (गिरिब्बज) हो । ऋषिगिलि, बेपुल, वेभार, पाण्डव र गृद्धकुट जस्ता पहाडले चारैतिरबाटे घेरेर यसलाई राम्रो र बलियो बनाएको छ। सप्प सोण्डिक पब्भार, इन्द्रकुछ, चोरपपात, कालसिला पर्वत पनि यहि नै छ । एकनाला, नालक ग्राम, श्वाणुमत र अन्धवृन्द यसका प्रसिद्ध नगर हो। राजगृहको पूर्वमा सालिन्दिय र अम्बसण्ड ब्राह्मण गाँउ छ । नालकमा सारिपुत्रको जन्म र निर्वाण भयो । कोलिय गाँउमा मौद्‌गल्यायनको जन्म भयो । यहाँ कै कलबाल गाँउमा वहाँले अर्हत्व प्राप्त गर्नुभएको हो। नालान्दाको पावारिक अम्बवन (अमलावन) मा बुद्धले वर्षावास गर्नुभएको छ। लट्ठिबनमा त विम्बिसारले धर्म ग्रहण गर्नुभएको नै भयो । यसका अतिरिक्त नालान्दाको पावारिकम्बवन, जीवक आम्रवन, वेणुवन, शीतवन, भद्रकुक्षि, मृगदाय, सुमागधा पोखरी छेउमा मोरनिवाप र कलन्दक निवाप पनि यहिँ छ। अम्बसण्डका छेउमा इन्द्रशाल गुफा छ। जसरी पिप्पल गुफा र सप्तपण्णी गुफा छ। मगध र वज्जीका राज्य सीमाना गंगा त ऐतिहासिक नै भयो, जसको आय बारे दुई राज्य बीच बारम्बार झगडा भइरहने हो ।

मगध त्यो समय सबैभन्दा राम्रो भएर आइरहेको एकसत्तात्मक शासन प्रणालीको राज्य हो । बिम्बिसारले यो व्यवस्था राम्रो बलियो साथ समाल्यो । त्यसैले नै अजातशत्रुले काम लियो । त्यो बुद्धकालीन सबैभन्दा बलियो वज्जी गणतन्त्र बुद्धको निर्वाणको ३ वर्ष बाद धुलो पिठो भयो । अझ लिच्छवीको साथलिई यसले कोशलमा पनि पछि विजय प्राप्त गऱ्यो, जुन राज्यले कपिलवस्तुलाई दबाई राखेको हो, काशी आफ्नो बनाइ लिनेमा



https://dhamma.digital

मगधसँग पनि बारम्बार झगडा भइरहने हो ।

मगध एकसत्तात्मक राज्यका रूपमा पनि सारै राम्रो थियो । त्यसैले त राजा अजातशत्रुले आफ्नो बाबु राजा बिम्बिसार मारेको बखत अवन्ती पुगिसकेका राजा चन्द्रप्रद्योतले तरवार उठाए पनि मगधवासी चूप लागेको देख्न पायो । मगधले वैवाहिक सम्बन्ध, कूटनीति र आक्रामक नीतिले मात्र आफ्नो साम्राज्य विस्तार गरेका होइन सांस्कृतिक दृष्टिले पनि यसमा सहयोग लिएको थियो ।

'सामञ्ञफल–सुत्त' र 'महासुकुलदायि–सुत्त' द्वारा स्पष्ट हुन्छ, यहाँ विविध धर्मवादीहरू छन् । काश्यप बन्धु सोणदण्ड ब्राह्मण त्यो समयका प्रख्यात अबौद्ध दार्शनिक हुन् । बोधिसत्व महाभिनिष्क्रमण पछि यहाँ नै ज्ञानको अन्वेषण गर्नका लागि आए । बोधिसत्वले भिक्षुसंघलाई गर्नुभएको भिक्षाटनको वर्णन, राजा बिम्बिसारले भिक्षुसंघलाई गर्नुभएको सहयोगको तथ्य, देवदत्तको पक्षमा लागेर बाबुको हत्या गरेर पनि अजातशत्रुले प्रथम संगायन गर्न सकेको स्थिति पनि भनौं, मगधले धर्मलाई सहयोग दियो, साथै साम्राज्य विस्तार गर्न सांस्कृतिक पृष्ठभूमि पनि बनायो ।

त्यो समयको राज्यमा मगधको भाषा अनुरूप नै आधिपत्य पनि थियो । मगधका भाषा धेरै राज्यमा बुझिन्थ्यो । मगधको धान फलेको खेतका आली आली हेरेर बुद्धले भिक्षुहरूलाई चीवर वस्त्र लगाउने नियम (तरिका) बनाइदिनु भएको हो । यहाँ काश्यपकाराम, निग्रोधाराम र परिव्राजकाराम पनि छन् ।

## काशी

बुद्धकालीन काशीको राजनैतिक स्वतन्त्र सत्ता छैन तर गौरव गाथा यसको चारैतिर फैलिएको छ । मगधले अङ्ग हराए झैं कोशलले काशीका धेरै जसो भाग हराएर पनि पचाइसकेको थियो । केहि भाग मगधले त्यस्तै नै गऱ्यो । तर अङ्ग अगाडि राखेर 'अङ्गमगध' भनि मगध विशाल भएर आए झैं काशीलाई कोशलले 'काशीकोशल' भन्ने गऱ्यो । जुन पछि फेरि कोशलसँग मगध साम्राज्यमा नै गाभिन पुग्यो ।

काशीको यो राजनैतिक दुर्बलाका विपरीत सांस्कृतिक गौरव गाथा



https://dhamma.digital

चारैतिर बाँकि छ । यहाँका वीर राजवंशसँग सम्बन्ध हेर्ने राजपरम्पराले गौरव राख्दछ । शैक्षिक, सांस्कृतिक र व्यावसायिक प्रभाव चारैतर्फ अर्का राज्यहरूमा बाँकि छन् । उरूवेलबाट निराश भएका विचार–विभ्रमहरू पाँच भद्रर्गीय यहाँ कै मृगदावनमा आएर बसे । वाराणसी राजा अश्वसेनका छोरा २३ जवान तीर्थङ्गर पाश्वनार्थ आफ्ना श्रमण–पन्थ प्रचारले गर्दा यसलाई ऋषि श्रमणहरूका केन्द्र बनाई राखे । क्रुर हिंसायुक्त वैदिक यज्ञका क्षेत्र र त्यसको आयकर आउने गाँउको ठाँउमा यहाँ अभयदान प्राप्त मृगहरूको उपवन ऋषिहरूको देश (पतन) छ । यहाँ बुद्धले पहिले धर्मचक्र प्रवर्तन गर्नुभएको थियो ।

काशीको चन्दन आदि श्रृङ्गार साम्रगी सम्पूर्ण दाँया बाँयाका राज्यमा श्रेष्ठ मानिन्छ । काशीका कपडा त दरवारको वस्त्र नै भयो ।

**कोशल**

कोशल एक सम्पन्न र उच्च जनसंख्या भएको देश हो । यसको राजधानी अचिरवती (राप्ती)को छेउमा रहेको श्रावस्ती हो । श्रावस्तीमा ७ (सात) करोड जनता थियो ।

कोशल सरयूका दाँया बाँया रहेको गणतन्त्र जस्तो देशहरू र केशपुत्र जस्तो महाजनसत्तात्मक देश एकतृत पारि उत्तर दक्षिणले विस्तृत भएको देश हो । कपिलवस्तुसँग प्राणदण्ड दिने अधिकार खोसिएर लिएर राखेको भनौ, या कति गण्तन्त्रका सार्वभौमसत्ताका अधिकारहीन गरिराखिसके ।

कोशलमा शाला, नगरविन्द, वेनागपु, इच्छानंगल, सेतव्य आदि नगर र एकशाला, डण्डकप्पक, नलकपान तोरणवत्थु जस्ता गाँउ र निगम थिए । एकशाला, इच्छानंगल, इत्यादि गाँउहरू, पोक्खरसाति उक्कट्ठानगर जस्तो विविध ब्राह्मणहरूले कोशल सत्ताधिकारीहरूसँग दक्षिणा लिइराखेका गाँउ हुन् । यहाँ अन्धवन, सिसपावन, जेतवन र इच्छानंगल जस्ता वनहरू धेरैमात्रामा थिए ।

कोशल एक बलियो एकसत्तात्मक राजतन्त्रका राज्य हो । यसको मगधसँग प्रतिस्पर्धा छ । आफ्नो राज्य विस्तारणमा यसले ९ राज्य जितिलिएर ९–९ राज्य अर्ध वा केही रूपमा नियन्त्रणमा राख्यो । कालामतामा राज्य



https://dhamma.digital

व्यवस्था गणतन्त्र प्रणाली जस्तो हो । यो केशपुत्र राज्य कोशलको भित्र पर्दछ । शाक्य गणतन्त्र कपिलवस्तुका राजा शुद्धोदनका प्राणदण्ड दिनका लागि राजा प्रसेनजीतसँग वचन माग्नुपर्दथ्यो । बुद्धका परम अनुयायी भइसकेपछि वा शाक्य जातीय गौरव सम्पूर्ण राज्यमा फैलिएको हुनाले शाक्यपुत्री विवाह गर्ने इच्छा गरेका प्रसेनजीतलाई जात्याभिमानी शाक्यहरूले आफ्ना छोरीबेटी दिने अस्वीकार गर्नै सकेनन् । झुक्काएर महानाम शाक्यले आफ्नी दासी कन्या वासभखत्तिया पारिदियो–यो अर्कै कुरा । जुन रहस्य प्रकट हुने वित्तिकै आफ्नो दासीपुत्र हुनु परेका कारण शाक्यहरूको षड् यन्त्र बुझि विडूडभले शाक्यहरूलाई क्रूरतापूर्वक दमन गऱ्यो । अनि शाक्य गणतन्त्रका बचेका केहि स्वतन्त्रता पनि पूर्णत विनष्ट भयो । विडूडभले कपिलवस्तुलाई पूर्णत कोशल अन्तरगत गरि फर्किरहेको बेला ऊ आफू स्वयं र सेनाहरू अचिरवतीको बाढीले बगाइलग्यो । शायद यसैले मगध नरेश अजातशत्रुसँगको झगडामा सन्धि भएको बखत प्रसेनजीतले आफ्नी छोरी वजीरा दिएर बलियो बनाइराखेको सम्बन्ध कोशलले बचाइराख्न सकेन । मगधमा दुतीत बाटो दियो । प्रसेनजीत र विडूडभले पछि उनीहरूकै नमुना अनुरूप गणतन्त्र देश दमन गरी बलियो भएर आएको अजातशत्रुले कोशलमगधमा जोडेर पठायो ।

बुद्धले यहाँ २५ वर्षावास बस्नुभएको हो । अनाथपिण्डिकले बनाउनु भएको जेतवन विहार, मृगारमाता विशाखाले बनाउनु भएको पूर्वाराम विहार यहि नै छ । बाक्लो जनसंख्याको श्रावस्ती बुद्धका धर्मप्रचार गर्नका लागि ठूलो कार्यक्षेत्र हो । पटाचारा, कृशागौतमी, नन्द, कंखा रेवत, कोशल नरेशका बहिनी सुमनाको जीवनी र प्रव्रज्या यहिकै सामाजिक स्थिति र धार्मिक श्रद्धाको स्पष्ट चित्रण गर्दछ ।



https://dhamma.digital

# बुद्धकालीन जम्बूद्वीपको एक परिचय – २

**वज्जी**

वज्जी जनपदको राजधानी वैशाली हो। यसका ७७०७ प्रासाद, यति नै कूटागार, उद्यान गृह, पोखरी, राजा, युवराज, सेनापति र भण्डागारिक छन् । नगरको बीचभागमा एक संस्थागार (संसद भवन) छ । वज्जी जनपदमा बौद्ध प्रसंग सम्बन्धी कोटीग्राम, हस्तिग्राम, वेलवग्राम र भण्डग्राम छ । यहाँ गंगाको किनारमा उक्काचेल विहार, वैशाली नजिक महावनमा कूटागार शाला र बालुकाराम छ । चापाल, सप्तामुक, सारन्दद, उदयन, गौतमक र बहुपुत्रक भन्ने चैत्यहरू पनि यहि नै रहेको थियो । नागवन, अम्बादक वन, मच्छिका वनखण्ड, अम्बपाली वन, महावनले यहाँको शोभा बढाइ दिन्थ्यो ।

बुद्धकालीन वज्जीमा विदेह पनि पर्दथ्यो । त्यो एक स्वयं पुरानो मिथिलाभैँ सात योजनको राजधानीमा भएको ३०० योजनका भूसम्पन्न राज्य हो । यो राज्यमा १५,००० गाँउ, १६,००० भण्डार गृह, १६,००० नर्तकी भएको उल्लेख गरिराखेको छ, यस राज्य पनि जोडिएको वज्जी गणतन्त्र कति विशाल होला ।

वज्जी एकमात्रै बुद्धकालीन पूर्णत स्वतन्त्र र पूर्णत एकता सम्पन्न शक्तिशाली गणतन्त्र राज्य हो । यसले नै हामीलाई सबैभन्दा धेरै महाजनसत्तात्मक शासनपद्धतिका बारेमा बताउन सक्दछ । यिनीहरूको लिखित संविधान छ। यो नै 'प्रवेणी' पढाएर अपराधीहरूलाई दण्ड स्वीकार गराउने नियम थियो। 'महापरिनिर्वाण सूत्र'मा उल्लेख अनुसार बुद्धले यहाँका नागरिकहरूलाई देखाएर नै बताउनु भएको हो ; 'भिक्षुहरू, जसले तावत्रिंश देवताहरू देखेका छैनन्, उनीहरूले यी लिच्छवीहरूका समूहलाई हेर ।'

यो गणतन्त्रको साँच्चैको सुरक्षाशक्तिलाई वर्षाकारबाट दुर्बल गरिसकेपछि बुद्धको महापरिनिर्वाणको तीन महिना पछि अजातशत्रुले यसलाई विनष्ट गरिदियो ।

बुद्धलाई गणतन्त्र पद्धति र व्यवस्था मनपर्दछ । वहाँ बरोबर यहाँ पाल्नुहुन्थ्यो । हामीले बुद्धलाई पाटलीग्रामबाट कोटिग्राममा जानुभएको;



https://dhamma.digital

कुशीनगरबाट हस्तिग्राममा पुगिराख्नु भएको; मच्छिका वनखण्डमा बसि चित्त गृहपतिलाई धर्मोपदेश दिइराख्नु भएको, कूटागारमा बसि महाप्रजापति गौतमीलाई प्रव्रज्या दिनका लागि आनन्दसँग कुरा गर्नु भएको, आम्रपालीको निमन्त्रण स्वीकार गरेपछि वज्जी कुमारहरूका भोजन अस्वीकार गर्नुभएको हो ।

त्यसैले नै वज्जीले वर्द्धमान स्थवीर, अंजन वनिया, वज्जीपुत्र, सुयाम, नियञ्जह, वसभ, वल्लिय, सब्बकायी भिक्षुहरूका जीवनी पढाउन सक्यो । भिक्षुणी विमला, सिंहा, वशिष्ठी, आम्रपाली, रोहिणी र सिंहसेनापति, सनुक्खत्त, उग्र गृहपतिका चर्चा हामीलाई यहाँको आर्थिक, समाजिक, सांस्कृतिक र राजनैतिक स्थिति थाहा पाउन सहयोग गऱ्यो ।

**मल्ल**

मल्लहरूका राज्य वज्जीको पूर्वपट्टी कोशलबाट पश्चिममा पर्दछ । यहाँ पनि गणसत्तात्मक प्रणाली प्रचलित थियो तर मल्लहरूका बीचमै फूट भएको हुनाले मल्ल राज्य दुई दल पावा र कुसिनारा भयो । अनि यिनीहरूका अलग अलग नै अस्तित्व रहे, साथै दुई राज्य बीच केहि अविभाज्य तथ्य पनि थियो । त्यसैले नै यसलाई एक राज्य भनेर पनि उल्लेख गरिराख्यो ।

मल्ल राज्यमा अनुपिया, थूणग्राम, उरूवेलकप्प, वलिहरण वनखण्ड, भोगनगर, आम्रग्राम वस्ति प्रसिद्ध थियो । अनुपिय अम्बवन र उपवत्तन शालवन पनि बौद्ध प्रसंगमा मननै प्रशन्न (प्रफुलित) पारिदिन्छ । आलवी निगममा स्वयं बुद्ध एक हप्ता बस्नु भएको छ । ककुत्था र हिरण्यवती नदी यहाँको राज्यको जीवन नै भनेपनि हुन्छ । बुद्धले आफ्नो अन्तिम प्यास हिरण्यवतीको पानीले बुझाउनु भएको थियो । बुद्धको अन्तिम भोजन गराउनेवाला चुन्दको घर भयो, बुद्धको महापरिनिर्वाण यहाँकै वृक्षमुनि भयो, फेरि अग्निसंस्कार यहाँका सम्पूर्ण जनताले अत्यन्त भव्यरूपमा श्रद्धापूर्वक गरे ।

चन्द्र कुमार पुत्र, खण्ड सुमन, गोधिक, सुवाहु, वल्लिय, उत्तिय अनि दब्ब स्थविर, बन्दुल मल्ल, दीर्घकारायण, रोजमल्ल, वज्रपाणि मल्लका जीवनीले पनि यहाँको वस्तुस्थिति बारे प्रकाश दिन्छ ।



https://dhamma.digital

**चेती**

चेती बुद्धका पालामा नामले मात्र अलग अस्तित्व राख्ने राज्य हो । यसलाई 'चेदी' र 'मद्द' पनि भनिन्छ । वेस्सन्तरका महारानी मद्दी मद्द(मद्र) राज्यकी हुन् । यो यमुनाको नजिकै पर्छ । कुरूबाट नजिकै । 'चेतिय जातक'ले यसको राजधानी 'सोत्थिवती' भइरहेको र यसका राजाहरूका नाम क्रमैसँग उल्लेख गरिएको छ । वेदब्भ जातक अनुसार काशी र चेतीका बीच बाटामा धेरै लुटेराहरू छन् । जेतुत्तर नगरबाट चेती ३० योजन टाढा छ ।

चेतीको अरू दुई प्रमुख नगर सहजाती र त्रिपुरी हो । सहजाती महाचुन्दले उपदेश गर्नुभएको छ । चेतीको सहञ्जनिक गाँउमा बुद्ध पाल्नुभएको छ (जानुभएको छ) ।

**वंस**

वंस (वत्स) एक राम्रो एकसत्तात्मक राज्य हो । यसका राजधानी कोसम्बी (कौशम्बी) हो । पाली साहित्यसँग सम्बन्धित वेणुवग्राम आदि धेरै गाँउ, वन र आराम यहाँ छन् । शायद यो बुद्धका पालामा भन्दा केही समय अगाडि गणसत्तात्मक शासन प्रणालीको राज्य हो । बुद्धको समयसम्म भर्ग प्रदेशको अधिकारमा परेर पनि पूर्णरूपले प्रजासत्तात्मक प्रदेश हो । उदयन–पुत्र बोधिराजकुमारले यसलाई नियन्त्रण गरिराखेको हो । भर्गका भित्र पनि भेसकलावन र सुंसुमार गिरि पर्वत छन् । बुद्ध यहाँ आउनुभएको छ ।

वंसका राजा उदयन हो । चन्द्रपद्योतले उदयनलाई हराउनका निम्ति जीउ हेरेन । हात्ती समात्ने र वशमा राख्ने मन्त्र जानेका राजा उदयनलाई एकपटक त चन्द्रप्रद्योतले नक्कली हात्ती बनाई राखि यसको नजिकै चाँदिले बनाइराखेको हात्ती जस्तो मान्छे बाहिर आएर उसलाई दाहिनेबाट समात्यो । तर उदयनलाई प्रलोभनले अल्झाउन र त्राशले बाँधेर राख्नसकेन । शायद उदयनलाई केही गरि पठायो भने आफैलाई राजनैतिक परिस्थितिले मिल्दैन । त्यसैले हात्ती समात्ने वशमा राख्ने मन्त्र सिकिलिने नै उचित ठान्यो । यो मूल्यवान मन्त्र आफूले सिक्न उदयनलाई गुरू बनाउन नमिलेर आफ्नी छोरीलाई सिकाउन दियो । तर पर्दा भित्र छोरीलाई पर्दा पछाडि उदयनलाई राख्न एक कुप्रो र अर्को कुष्टरोगी बनाइ षडयन्त्र बनायो । फेरि मन्त्र सिक्दा



https://dhamma.digital

सिक्दै उदयनले कुप्री भनि गालि गर्दा वासलदत्ताले 'कोदि' भन्ने जवाफ दिँदा रिसमा उदयनले पर्दा उठायो। अनि दुवै एक–अर्काको सौन्दर्यमा आकर्षित भएको बखत चन्द्रप्रद्योत नै मूर्ख बन्यो। उदयन र वासलदत्ता दुवै वंस राज्यमा पुग्यो। उदयनका मागंधी, श्यामावती र वासुलदत्त तीन रानीहरू थिए। श्यामावती र उनकी दासी खुज्जुत्तरा बुद्ध प्रति अति श्रद्धावान थिए। उदयनले पनि बुद्धप्रति श्रदा राखे।

वंशको कोसम्बी नै मात्र पनि घोषक सेठले बनाएको घोषिताराम, कुक्कुटले बनाइ दिएको कुक्कुटाराम, पावारिकको पावारिकाराम विहार र बदरिकाराम छन्। कोसम्बीमा नै बुद्धका अगाडि भिक्षुहरू बीच झगडा भएको अनि बुद्ध दुराग्रही भिक्षुहरू प्रति उपेक्षा गरि पारिलेयक वन जानुभएको हो।

**कुरू**

कुरू एक पुरानो राज्य हो। यसलाई उत्तरकुरू र दक्षिण कुरूको रूपमा पनि विभाजित गरिन्छ। यो ८००० योजन विस्तृतमा छ। यसको राजधानी सात योजन भएको इन्द्रपट्टन (इन्द्रप्रस्थ) हो। यहाँ राज्य गर्ने राजालाई कोरव्य भनिन्छ। यहिँकै कम्मासदम्म नगरमा नै बुद्धले महासतिपट्ठान र महानिदान सूत्र देशना गर्नु भयो। बुद्धले मीगाचीर उपवनमा गर्नुभएको उपदेश सुनेर नै यहाँको एक प्रमुख थुल्लकोट्ठि नगरका श्रेष्ठ–पुत्र राष्ट्रपाल अनशन सम्म बसी प्रव्रज्या लिन आयो।

Dhamma.Digital

**पञ्चाल**

पञ्चाल राज्य पनि भागीरथी नदीको दाँया बाँया परेझैं उत्तर पञ्चाल र दक्षिण पञ्चाल भनि दुई भागमा विभाजन गरिएको छ। अनि उत्तर पञ्चालको मुख्य नगर अहिच्छन्त हो, दक्षिण पञ्चालको कम्पिल्ल। यहाँको राजा दुर्मुख हो। दुवै नगरमा राजाको इच्छा अनुसार राजधानी हुन्थ्यो।

बुद्ध पञ्चालमा आउनुभएको देखिँदैन। भिक्षुहरू गई धर्मप्रचार गरि यहाँ प्रभावित गरेतापनि शायद संघको बलियो स्थिर व्यवस्थाले तुरून्त जरा लिन सकेन। पञ्चाल नरेशका बहिनी–छोरा विशाख पनि स्वयं श्रावस्ती आइ बुद्धशासनमा दिक्षित भएको थियो।



https://dhamma.digital

**मच्छ**

मच्छ (मत्स्य) इन्द्रपस्थको दक्षिण पश्चिम अनि सुरसेनको दक्षिणमा पर्ने राज्य हो । यसको राजधानी विराटनगर हो । नादिकाको गिञ्जिकावसथ बस्नु भएको बेला बुद्धले मच्छ राज्यको वर्णन गर्नुभएको छ ।

**सुरसेन**

सुरसेन (शूरसेन) पनि यमुनाको छेउमा पर्दछ । यहाँको राजधानी मथुरा नगर (मथुरा) हो । 'अंगुत्तरनिकाय'मा यो नगर सम्म नमिलेको धूलो उडने, धेरै डरलाग्दा लाछी कुकुरहरू र क्रुर यक्षहरू भएको र भिक्षा दुर्लभको भनि दोष देखाइ राखेको छ । यहाँको राजा अवन्तिपुत्र हो ।

भगवान् बुद्ध यहाँ आउनुभएको बेला मथुराका विहारमा बस्नुभयो । महाकात्यायनले घुमि–घुमि यहाँ चारैतर्फ धर्म प्रचार गर्नुभयो । वर्णाश्रम धर्मका विषयमा महाकात्यायन र अवन्तिपुत्रका बिच भएको छलफल मज्झिमनिकायमा 'मधुर–सुत्त'मा स्पष्ट छ ।

**अस्सक**

अस्सक (अखक) गोदावरी नदीको नजिकसम्म पर्दछ । यो कुरा सुत्तनिपातमा पारायण वग्गमा स्पष्ट हुन्छ । यसको राजधानी पोतन नगर हो । जातक अनुसार दन्तपुर नरेश कलिङ्गसँग अस्सक नरेशको झगडा र सन्धि भएको उल्लेख छ ।

बुद्धको समयमा यहाँ श्रमणवादले आफ्नो प्रचारको कार्य गरिसकेको थियो । श्रावस्तीका बाबरी ब्राह्मण पनि यहाँ १६ जवान शिष्य समुदायसँग आश्रम बनाएर यहाँ बस्न आएको हो । बुद्धको कीर्ति–गाथा सुनि उनीहरू बुद्धकहाँ आए, फेरि राजगृहमा बुद्धका शिष्य भए ।

**अवन्ती**

अवन्ती त्यो समयको एक सत्तात्मक प्रणालीको देश हो । यसको राजधानी अच्युतगामीले स्थापित गरिराखेको उज्जैनी नगर हो । कुररघर र सुदर्शनपुर अवन्तीको अर्को प्रसिद्ध नगर भइराख्यो । अनि अवन्ती पनि उत्तरीय र प्रमुख राजधानी हो, माहिष्मती दक्षिण भागको राजधानी ।



https://dhamma.digital

महागोविन्द–सुत्त अनुसार माहिष्मती वैश्वभूले राज्य गरको देख्न आँउछ। तर यो शायद अवन्तीको राजप्रतिनिधि मात्र हो किनभने अवन्तीको सर्वसत्ताधारी राजा त प्रद्योत हो । प्रद्योत कति मात्र कडा वचनका राजा थियो भन्दा मगधको राजकुलको अझ निमत्रित वैद्य जीवक पनि उसलाई औषधी गर्नु पहिले नै भाग्नकालागि रथ तयार गरिएको थियो। औषधी खुवाएर राजवैद्य जीवक भाग्यो । प्रद्योतले रिसले उसलाई समात्न पठायो । तर समाति उसलाई केहि गर्नु पहिले नै राजाको रोग निको भयो । अनि मन नपर्ने स्वाद वान्तासँगै आएको रिस पनि हरायो । यसरी रिसालु स्वभाव भएकाले उनलाई चन्द्रप्रद्योत भनियो ।

चन्द्रप्रद्योतका मगधसँग वैवाहिक सम्बन्ध छ। उसले कोसम्बी राजा उदयनलाई समाति शरीर निहुराउने हेरेन । तर आखिर यसमा पनि आफ्नी छोरी वासलदत्ता पारिसके पछि वैवाहिक सम्बन्ध राखि चुप लागेर बस्नुमा नै उचित ठान्यो ।

उज्जैनमा दक्षिणागिरि विहार छ । चन्द्रप्रद्योतको राजपुरोहित महाकात्यायन बुद्धशासनमा भित्रीयो। उसको भिक्षुसंघमा ठूलो नै स्थान छ। चन्द्रप्रद्योत पनि त्यसैले महाकात्यायको प्रभावमा बुद्ध धर्ममा दिक्षित भयो । महाकात्यायन कुररघर पर्वतमा निवास गर्नुभएको र सोण कुटिकण्णको वर्णनले स्पष्ट हुन्छ, बुद्धको समयमा नै अवन्ती यहाँका बुद्धशासनमा आएकाहरू अभयकुमार, इसिदासी, इसिदत्तले बुद्ध शासनलाई प्रचुररूपमा प्रचार गरे ।

**उत्तरापथ**

उत्तरापथको भित्र सोह्र (१६) राज्य मध्ये बाँकि दुई गन्धार र कम्बोज पर्दछ ।

**गन्धार**

गन्धारको राजधानी तक्कसिला (तक्षशिला) हो । यो वाराणसीबाट २००० योजन टाढा पर्दछ। फेरि यो बुद्धको समयसम्म विशाल विद्याको केन्द्र भइसक्यो। यहाँ टाढा–टाढा देखि राजकुलीन र उच्चकुलीन मानिसहरू विद्या अध्ययन र उच्चकला कौशलको अभ्यास गर्न आँउदथे। प्रसेनजीत, महालि,



https://dhamma.digital

बन्धुल मल्ल, र जीवक आफ्नो शैशव र तरूण समयमा यहीकै छात्र हुन् । बुद्धको समयमा तक्कसिलाको प्रशासक पक्कुसाति भइरहेको देख्न आँउछ । पक्कुसाति मगध सम्राट बिम्बिसारको उमेरका हुन् । उसको बिम्बिसारसँग घनिष्ट मैत्री सम्बन्ध पनि थियो । उनीहरूका बीच उपहारको आदानप्रदान पनि हुन्थ्यो । पक्कुसातिले पंचरंगी दुशाला पछ्यौरा (ओड्ने) दिएर ल्याएको बेला बिम्बिसारले सगर्व त्रिरत्न गुण लेखिराखेको (कुँदि राखेको) स्वर्णपट्ट दिएर मैत्री सम्बन्ध मज्बुत (बलियो) बनाइराख्यो । पक्कुसातिले बरू आफ्नो वृद्धावस्थामा राज्य छोडि राजगृहसम्म पदयात्रा गऱ्यो । फेरि भिक्षुसंघमा भित्रिनु भयो । मज्झिमनिकायको 'धातुविभंग–सुत्त' अनुसार एक बहुलाएको गाईले हानी उसको मृत्यु भयो ।

**कम्बोज**

कम्बोजका बारेमा विविध धारणा छन् । त्यैपनि अशोकको उल्लेख, हुएन साँगको वर्णन र विद्वानहरूका भनाइ अनुरूप पश्चिमोत्तर तर्फ कम्बोज पर्दछ । मज्झिनिकायमा 'अस्सलायन–सुत्त' अनुसार यवनहरूको देश नै कम्बोज हो । यो गान्धारबाट पनि उता पर्दछ । यहाँ घोडाहरूको व्यापार हुने वर्णन 'कुणाल जातक'मा छ । यसको भित्र वा नजिकैको राज्यमा महाकप्पिनको राज्य छ । यहाँको चन्द्रभागा नदी छेउमा (किनारमा) बुद्ध पाल्नुभएको उल्लेख छ ।

**अपरान्त**

अपरान्त र दक्षिणापथ १६ राज्य भित्र पर्दैन । शायद बुद्धको समयमा यसका अस्तित्व भएरपनि महत्व नभएर यस्तो भयो । सिघ, गुजरात, पश्चिमी राजपुताना र नर्मदाको केही भाग यसभित्र पर्दछ । यसको राजधानी सुप्पारक हो । समुद्रको छेउमा पर्ने यहाँको भरूकच्छ बन्दगाहबाट नै मानिस ताम्रपर्णी र सुवर्णभूमि जाने गर्दछन् । स्वयं सुप्पारक नामक एक बन्दरगाह छ । वाणिजग्राम, भडौच, महाराष्ट्र, नासिक, सूरत र लाट राष्ट्र अपरान्त भित्रनै पर्दछ । फेरि जुन समयका सूरत (सुरह) नै स्वयं एक राष्ट्र हो । फेरि यहाँ स्रेतोदिका नदी बग्दछ ।



https://dhamma.digital

**दक्षिणापथ**

आचार्य बुद्धघोषको भनाइ अनुसार दक्षिणापथ गंगाबाट दक्षिण र गोदावरीबाट उत्तरपट्टि पर्दछ । तर यसका बारेमा स्वयं बुद्धकालीन जनताहरूलाई नै धेरै ज्ञान छैन । अशोककालीन धर्मदूत रक्षिक स्थविरले मात्रा तुगंभद्रा र वडौदाको बीचमा पर्ने वनवासी गई धर्मप्रचार गर्न जानुभएको हो । कलिंग र यसको राजधानी दन्तपुर यसै भित्र पर्दछ ।

**प्राच्य**

प्राच्य मध्यप्रदेशको पूर्वपट्टि पर्दछ । यसको पश्चिमी सिमाना कजंगलनिगम, अंग र मगध हो । यसैको भित्र वंग जनपद जोडिन्छ । फेरि वंगको भित्र वर्धमानपुर भन्ने एक ठूलो नगर छ । प्राच्यको ताम्रलिप्ति बन्दरगाहबाट सुवर्णभूमि र ताम्रपर्णि आउनजान मिल्दछ ।

**कोलिय र शाक्य जनपद**

माथि उल्लेख भए अनुसार १६ राज्य, तीन महामण्डल, पाँच प्रदेश विभाजन पछि कोलिय र शाक्य जनपदलाई अलग उल्लेख गर्दैन । यसका कारण शायद त्यो समय यस राज्यहरूको सार्वभौमिक सत्ता केहि–केहि मात्रामा हराइसकेकोले हो । तर त्यैपनि त्यो समयसम्म यी राज्य कसैलेपनि मेरो राज्य अन्तरगत भनि संवैधानिक दावा गरेर चुपचाप सजिलोसँग लिइसकेको र लिन सक्ने राज्य भनएकोले नै आफ्नो अस्तित्व भएको हो । त्यसैले नै यी दुई राज्यको पनि यहाँ केहि उल्लेख गरौं ।

**कोलिय**

कोलियको राजधानी रामग्राम हो । यहाँ गणतन्त्रात्मक शासन व्यवस्था छ । यहाँ पनि बुद्धको परिनिर्वाण पछि प्राप्त भएको अस्थिधातु राखि एक स्तूप निर्माण गरिएको हो । यो शाक्य जनपदबाट पूर्वपट्टि मल्ल जनपदबाट पश्चिममा पर्दछ । यसको अर्को नगर देवदह हो । हलिद्द वसन र कुण्डिल यहाँको त्यो प्रसिद्ध गाँउ हो, जहाँ बुद्ध पाल्नुभएको र विहार गर्नुभएको छ । कुण्डिधावनमा पनि बुद्धले सन्तान नभएर दुखीभएकी सुप्पावासालाई शान्त्वना दिनुभएको थियो ।



https://dhamma.digital

**शाक्य जनपद**

ललितविस्तर र जातक अट्ठकथा अनुसार शाक्य राज्य त्यो समयको जम्बूद्वीपमा श्रेष्ठतम भूभागको जनपद हो । कथात्मक बुद्ध–जीवनीको उल्लेखले यहाँ एकसत्तात्मक राज्य व्यवस्था झैं देखाइ शुद्धोधनलाई राजा बनाएतापनि यहाँ वास्वतवमा गणतन्त्रको व्यवस्था नै थियो । कोशलको नियन्त्रणले केहि जकडिएतापनि गणपति शुद्धोधन वज्जीको गणपति भन्दा शायद केहि धेरै प्रभावशाली थियो ।

शाक्य जनपदको राजधानी कपिलवस्तु हो । यहाँ चातुम, सामग्राम, उलुम्प सक्कर, शीलवती र खेमदुस्स भन्ने गाँउ र नगर छन् । सामग्राममा बुद्धले सामग्राम सूत्रको देशना गर्नुभयो ।

यहाँको बाटो राम्रो छ । चारैतर्फ देशको पर्खाल र द्वारहरू छन् । यहाँको संस्थागार शायद सबैभन्दा राम्रा र ठूलो भवन हो । यो ठाँउलाई शाक्यहरूको सबैभन्दा उच्च र पवित्र मान्दथे । बुद्ध यहाँ पनि बस्नुभएको छ ।

शाक्य जनपदमा बगैचा र वन छ । यहाँको महावन वैशाली सम्म जोडिएको वन हो । लुम्बिनी उपवन त बुद्धको जन्म भएको स्थान जगत प्रसिद्ध उपवन नै भयो । यहाँ शालको रूख बाक्लो थियो । फेरि यहाँ शाक्यहरू साथै कोलीयहरूका संयुक्त बगैचा । रोहीणी नदी शाक्य र कोलीयहरूका एकतर्फ राज्य सीमा, अर्कातर्फ बाटोको प्रमुख आधार हो ।

मूलत शाक्य र कोलीय एकै जातीका मानिस हुन् । पछि यिनीहरूका राज्य विभाजन भयो । शाक्य जनपदको पूर्णत विनष्ट कोशल नरेश विडूडभको हातबाट भयो ।

यो नै बुद्धकालीन बुद्धका विचरण र धर्मको प्रसारण सँगै सम्बन्ध राखेको भू–भागको संक्षिप्त भौगोलिक र राजनैतिक परिचय हुन् ।

*(यो रचना पनि बु.सं. २५१२ को योजना अनुरूप प्रकाशन भएको हो ।)*



https://dhamma.digital

# महाबुद्ध : एक अध्ययन

'महाबुद्ध' मन्दिरहरुको देशमा रहेको मन्दिर मध्ये एक मन्दिर हो । तर यसको मूल कलात्मक, ऐतिहासिक र सांस्कृतिक अनुसार विचार गर्नेबेला भने अरू अन्य ठूला मन्दिरका महत्व भन्दा पनि धेरै छ ।

'महाबुद्ध'लाई नै अबौद्ध प्रयोगले महाबौद्ध भनिन्छ । तर नेपालको प्राय इतिहासमा सम्म यो नै अबौद्ध प्रयोग भइरहेको छ ।

महाबुद्ध, सिद्धार्थले 'सम्बोधि' प्राप्त गर्नुभएको ठाँउमा रहेको चैत्य हेरि बनाइराखेको भनि यसको वंशावली र नेपालको इतिहास पुस्तकमा लेखिराखेको छ । आजको बुद्धगयामा रहेको चैत्य र हाम्रो महाबुद्ध हेर्नेबखत त्यसतै रहेकाले पनि यो कुरामा कलात्मक रूपले सत्य सिद्ध हुन्छ ।

**महाबोधि : महाबुद्ध**

सिद्धार्थको सम्बोधि-प्राप्ति स्थानमा पहिले देखिनै केहि केहि स्मारक छन् । 'बोधि'को प्रतीकमा बुद्ध-प्रतिमा निर्माण हुनुपूर्व नै बोधिवृक्ष, तथागतका चरण चिन्ह र चैत्य बनाइएको हो । यो बोधि-स्मारक सम्राट अशोकका पालामा 'सम्बोधि-स्मारक' रूपमा विकास भयो । फेरि मुस्लीमहरूका मूर्ति विनाश लीलामा बुद्धगयामा विशाल चैत्य र मूर्ति विनाश लीलामा बुद्धगयामा विशाल चैत्य बच्यो । शायद श्री अभयराजको समयमा यहाँको यो मूल विहार 'वज्रासन' वा 'महाबोधि' नामले अति प्रसिद्ध छ किनभने १३औं शताब्दीमा यो जस्तै चैत्य बर्मामा निर्माण गर्‍यो । लङ्कामा पनि यसैको अनुकरण गरेर एक चैत्य बनायो । अनि यी दुई चैत्यलाई पनि 'महाबोधि' भनियो । शायद त्यसैले 'महाबोधि' नै नेपाललाई आइपुगेर 'महाबुद्ध' भयो । फेरि बुद्धगयाको अभयराजले देखेको महाचैत्य जनरल कनिंघमले १८७० ईस्वीमा जीर्णोद्वार गर्नुपर्ने गरिकन पछि केहि भाग बिग्रियो ।

**अभयराज युग**

अब विचार गरौं, अभयराजको युगलाई जसबाट उसको बुद्धगयामा जाने श्रद्धा र वीर्यका केहि कुरा स्पष्ट हुन्छ । आजभन्दा ९०० वर्षपूर्व नै नेपालमा भारत र तिब्बतको धर्म अध्ययन-अध्यापनका काम सुचारू रूपले



https://dhamma.digital

अघि बढि सकेको थियो । अझ नेपाली बुद्धमार्गीहरू पनि यो बाटो जानुमा अभ्यस्त भइसकेका थिए । भारतको विक्रमशील, नालन्दा र वज्रासनजस्ता विद्याकेन्द्रका आचार्य भिक्षुहरू तिब्बतमा धर्म प्रचार गर्न नेपालबाट नै गएका हुन् । आजभन्दा ७०० वर्षपूर्व नेपालका नै संघश्री र सुगतश्री तिब्बतमा धर्म प्रचार गर्न, ६०० वर्षपूर्व अरनिको नेपाली कलाकार प्रतिनिधिहरूका नेतृत्व गरेर तिब्बत (सँदेश) चीन गएका थिए । त्यसैले त्यो समयको परम्परा जोडिएको आजभन्दा ५०० वर्ष अगाडिका अभयराजलाई बुद्धगया (भारत) जाने श्रद्धा वीर्य उत्पन्न हुनुमा आफ्नै युगका बलियो प्रेरणा हो ।

**अभयराजको श्रद्धा र वीर्य**

अभयराजको विश्वस्त जीवनी राम्रोसँग दिन गाह्रै पर्छ । त्यैपनि वंशावली उल्लेखमा विश्वस्त साराशं यस्तो हो –

अभयराज पाटनका श्री शिवदेव संस्कारित वंकुलि रूद्रवर्ण महाविहारका श्री शिवदेव वंशज हुन् । उसका पिता हो श्रीमद् नायक । ऊ ठूलो श्रद्धा र अद्‌भुत वीर्यबलले बुद्धगयामा गयो । फेरि त्यहाँ नै तामाको पैसा बनाउने प्रेरणा र संकल्प लिएर नेपाल आयो । अनि राजा उमल मल्ल (अमर मल्ल) लाई आफ्नै तामा खानिबाट तामा ल्याएर पैसा बनाइ दिएकोले उसलाई तक्मा (उपहार) पनि दिइयो । यो नै पैसाले धर्म चित्त उत्पत्ति गरेर आफूले हेरेर आएको र मनमा राखेर आएको अनुरूप 'महाबोधि'को प्रतिरूप महाबुद्ध बनाउन उसले ६८५ ने.सं. देखि जग राख्यो । फेरि यो पुण्य प्रतिज्ञा पुरा नहुँदै आफ्नो काम आफ्नो पाँच छोराहरूलाई सुम्पेर अभयराज दिवंगत भयो ।

**अभयराजका छोरा र नातिहरू**

अभयराजका पाँच भाई छोराहरू हुन्; मयरजु, ब्यधरजु, जगन्नथजु, हेरजु र बुद्धजु । यद्यपि यी नामहरू कस्तो-कस्तो छ । फेरि मयरजु, व्यधरजु, जगन्नाथजु र हेरजुहरूले 'महाबुद्ध' मन्दिर एक तल्ला मात्रै आफ्नो जीवनकालमा पूर्णगर्न सके । उनीहरू मरेर गए । एक वर्ष पछि बुद्धजुले आफ्ना छोरा जीवराज र नाति जयमुनिका सहयोग लिएर फेरि मन्दिरका तल्ला बढाउन थाले । तर उ पनि दुईवर्ष मात्र यो कार्य गर्न सक्यो,



https://dhamma.digital

मन्दिरको तल्ला थपि पुरा गर्ने कार्य नै सकेको थिएन बुद्धजु पनि परलोक भए । अनि यस पछि बाबु-छोरा जीवराज र जयमुनि फेरि १३ वर्षको श्रद्धा र वीर्यले यो मन्दिर सम्पूर्ण गर्नसके । सम्वत् ७२१ आषाढ शुक्ल ७ मा श्री शिवसिंह मल्लका हातबाट 'महाबुद्ध'को प्रतिष्ठा भयो ।

**केहि विचार**

अब यी कुरामा केहि विचार गरौं । महाबोधि दर्शन गर्न अभयराज एक्लै गएको हो वा कुनै धार्मिक मण्डल साथ गएको हो, त्यसै त्यागी भएर गई प्रेरणा लिइ फर्की आए अथवा विवाह पूर्व तरूण वैशको श्रद्धा वीर्य भएको बखत गएको हो यो कुरा विचार गर्नै बाँकि छ । फेरि यो कुरा एक निर्णय अर्को निर्णयलाई रोक्न आउने भएकाले झट्ट यस्तो भनि भन्न सकिन्न । त्यसरी नै बुद्धगयाको 'महाबोधि'को तस्वीर वा नमूना हृदयमा मात्र राखी लिएर आयो वा केहि कोरी (लेखि) नै ल्यायो, यो पनि साँच्चै सजिलो छैन । जे होस् आफ्नै जीवन कालमा महाबुद्ध बनाउन नसकेतापनि बर्मा र लंकाले बनाएको भन्दा दुरूस्त झैं ठूलो र राम्रो "महाबुद्ध " निर्माण भएकाले यति अवश्य स्पष्ट गर्दछ । अभयराजका र उनका कुलका हातमा स्वयं शिल्प विद्यामा कलात्मक पुरूषार्थ छ । फेरि अभयराजको महाबुद्ध बनाउन पहिले महाबोधिका तस्विर वा नमूनाका स्पष्ट रूपरेखा तयार गर्नका लागि नै होला, जुन हेरेर उनका छोराहरू र नातिहरूले पनि अभयराजका हृदयमा रहेका मन्दिर साँच्चै पूर्णरूपमा बनाउन सके ।

यो महाबुद्ध बनाउन ३६ वर्ष वित्यो । यसको निर्माणको भूमिका :-

वटू जाम्बूनद विहारको अभिलेख अनुसार ने.सं. ७११ मा शिवसिंह राजा भइसकेका थिए । त्यसैले अभयराजका छोराहरू चारजनाका मृत्यु ने.सं. ७०६ दाँया बाँया हुँदाखेरि सदा शिव मल्लका राज्यकालमा नै परेको हुनसक्दछ । त्यसैले नै इतिहासमा सदाशिवका राज्यकालमा जीवराज भन्ने एक बौद्ध भिक्षुले बुद्धगया हेरि आएर महाबुद्ध बनायो भनि लेखिराखेको हुनसक्दछ । तर वास्तविक अनुसार जीवराजका बाजे र काकाहरूले नै यो काम प्रारम्भ गरिसकेका थिए । यसैले इतिहासले जीवराज केपुका "महाबुद्ध " का निर्माण सदा शिवका राज्यकालमा परेतापनि "महाबुद्ध"का निर्माण काल महिन्द्र मल्लका राज्यकाल सम्म हुनपुगेको हुनसक्दछ । फेरि कति



https://dhamma.digital

इतिहासमा यसका निर्माता जीवराज भालपा पनि उसलाई पण्डित भनि उल्लेख गरियो। अनि कति इतिहासकारले 'महाबुद्ध' सम्पन्न गर्ने नै बुद्धगया जानेबेला र यसका निर्माता भन्ने सजिलो बाटो छोडि अलि सत्यका समिप जाने कोसिस गरे। तर यहाँ पनि इतिहासकारले अभयराजलाई वज्राचार्य भनि सजिलैसँग भनिराख्यो। जुन उसका वंश पसम्परा अनुसार विचार गर्नेबेला निःसन्देह उनी शाक्य हो।

महाबुद्ध बनाउन ३६ वर्ष लागेको कारण यसका अर्थ व्यवस्था र विशेषता सूक्ष्म महान कलात्मक काम हो। किनभने यसका वंशजसगँ १९-२० रोपनि खेत हुने बित्तिकै त्यो समयको अर्थ व्यवस्थाले उनीहरूलाई पैसाले गाह्रो (असजिलो) भएन होला भनि भन्न सकिन्न। अर्कोतर्फ यो ज्यामि राखि सजिलोसँग बनाउने घर जस्तो पनि होइन। अभयराजले तामाको पैसा जम्मा पार्न दुःख भोगको कुरा जनश्रुतिले बताउँदछ, उसले आफ्नो श्रमले नै पैसा जम्मा गऱ्यो। ६६९ ने.सं.को तुलजा भवानी झैं आफ्नो समयमा महान विशेषताले युत्तका अद्भुतका कलाकृति भएरपनि ' महाबुद्ध' चाँदै निर्मित हुनसकेकोले यसले राजकीय सहयोग नभएको पनि देख्न सकिन्छ । यो देशको सबैभन्दा ठूलो (अग्लो) सबै शाक्यमुनि बुद्धका मूर्तिहरूका मन्दिर एक कलाकार श्रद्धालुका इच्छाले बनाएको हो। त्यसैले नै जन सहयोगमा मात्र भर लिएको हुनुपर्दछ। बरू यो सम्पन्न भएपछि मात्र राजा शिवसिंहले उद्घाटन गरेको कुरा साँच्चै विवेचनीय हुन्छ। यद्यपि शिवसिंह मल्लले बौद्ध मन्दिरका निर्माणमा पनि केहि सहयोग गरेको छ।

**उच्चत्तम र कलात्मक मन्दिर**

महाबुद्ध साँच्चैको आफ्नो युगको सर्वोच्च र अतुल्य कलात्मक मन्दिर हो। किनभने त्यो समय पाटन दरवारमा कृष्ण मन्दिर थिएन, काठमाडौंको हनुमान ढोका, काष्ठमण्डप र स्वयम्भूको दाँया बाँया रहेको अग्निपुर-नागपुर थिएन, भक्तपुरको ५५ झ्याले दरवार र पाँचतले मन्दिर (न्यातापौ) पनि थिएन। महाबुद्ध नेपालको मन्दिर, मन्दिरहरूको इतिहाससँगै राखि पढ्ने वखत स्पष्ट हुन्छ, त्यो आफ्नो युगका सर्वोच्च र अद्भुत कलात्मक मन्दिर हो।

महाबुद्ध माटै माटोले बनाइराखेको मन्दिर हो। यसमा इट्टा पिछै



https://dhamma.digital

बुद्धका मूर्ति छन् । तिब्बती श्रद्धाले यसलाई त्यसैले नौ हजार बुद्धका चैत्य भनिन्छ । बुट्टा नभएका इट्टा नै छैनन् । यो सात तल्ला छ । बुद्धगयाका चैत्य एक तल्ला मात्र आजभोलि माथि जान मिल्छ । यसको चार तल्लासम्म जान मिल्छ । अनि एक तल्ला माथि बुद्धगयामा झैं जोडिएर माथि राखिएको (भएको) र माथि जान भऱ्याङ्गको बाटो झण्डै बुद्धगयाको झैं छ ।

यहाँको मूल देवता पनि माटोकै हो भनिन्छ । त्यसैले माथिको ढुङ्गाको चैत्य र धर्मधातु पछि स्थापित गरेकोमा केहि आश्चर्य छैन । महाबुद्धको अर्को तर्फ यसमा क्रमशः तलदेखि साततल्लासम्म स्मारक छ -शाक्यसिंह, अमिताभ, चैत्यराज, वागीश्वर धर्मधातु, वज्रधातु र चैत्यकार-चूडामणि ।

**अभयराज कुल**

अभयराजका यो श्रद्धा र वीर्यका कारणले यो कुल नै महान हुन पुग्यो । अभयराजका सन्तानले महाबुद्धका दाँया बाँया धेरै बहाल बनाए । यसको सन्तानमा पहिलो यशुबहाल, दोस्रो तीनपटक सम्यक् चलाएका नरबहाल, तेस्रो सिकुचाबहाल, चौथो त्वाय्बहाल, पाँचौ जथाबहाल बनाउन दियो भन्ने जनश्रुति पनि छ । छैठौंले मात्र अंश नलिकन उबाल बहील जीर्णोद्वार गरी त्यहाँ बस्न गयो । यसैको अंश (१७ रोपनी जमिन) देशिपूजा चलाउन र अन्य धार्मिक कार्यका लागि प्रयोग गरियो । यो पंक्तिका लेखक उनी कै वंशज हो । सातौले अंश नलिकन भिक्षु भएर बहिलमा बस्न गयो । यसैका अशंले पञ्चदानका बखत महाबुद्धमा आजसम्म पनि दान गर्ने चलन चलि आईरहेको छ ।

**महाबुद्धको जीर्णोद्वार**

अभयराजका यी कीर्ति-स्तम्भ महान श्रद्धा र वीर्यका प्रतीक महाबुद्ध १९९० सालको महाभूकम्पमा दुई तल्ला मात्र बाँकी रहने गरिकन भत्किन पुग्यो । तर यसका वंशजले किन महाबुद्धको फेरि जीर्णाद्वार नगर्ला ? ज्याथाबहालका बुद्धिनरसिंह र नौद्ध बहालका देवराजले आफ्ना केहि जग्गा बन्धक राखे, सरकारसँग ३१००-/ रूपैयाँ ऋण लियो । जुन पैसा ने.सं. १०५८ जेष्ठ सुदी बुधबारका दिन प्रतिष्ठा गर्नयोग्य जुद्धशम्शेरले माफि दिए ।



https://dhamma.digital

यो जीर्णोद्वार गर्नुपूर्व थासा खोज्न पनि कति हो प्रयास गरियो । तर भेटिएन । पछि फेरि थासा बनाएर यो पहिले झैं जीर्णोद्वार गरियो । यसबाट स्पष्ट हुन्छ कि अभयराजका कलात्मक परम्परा र श्रद्धाले आएका केहि वर्ष पहिलेसम्म आफ्ना कुललाई प्रेरणा दियो ।

यो जीर्णोद्वारकालागि अगाडि बढेका थकालि (जेष्ठहरू) हुन् (१) महाबुद्धका च्वापुधन (२) थैनाका लक्ष्मण (३) सिकुचोबहालका कुबेर (४) महाबुद्धका सिद्धानन्द (५) गोष्ठि सहायक हुन जोठाबहालका बुद्धिनरसिंह, बौद्ध बहालका देवराज । माटोका विधिका बारेमा महाबुद्धका कुलीशाचार्य श्री जीतेन्द्रानन्द पण्डितले बताउनुभयो । शिल्प प्रमुख हो सिकुचोबहालका जोगमान, ज्याथाका पद्मज्योति । जन सम्पर्क र ढुङ्गाको काम भिंछेबहालका सिहंराज र सिद्धिवज्र, बज्रलेपमा बाकुननीका न्हुच्छेराज मानकाजी । इट्टा मिलाउने र छाप्ने कुम्हालेको काम खपिंछेका देवदास र न्हुच्छेलाल । हिसाब सम्पूर्ण ज्याथाका व्रतराजले राख्यो । अनि अभयराज कुलका छव खाछैंका सम्पूर्ण सन्ततिहरूले यसमा श्रमदान गरे ।

यसरी महाबुद्ध मन्दिर देशको एक मन्दिर भएता पनि यसको आफ्नै इतिहास छ, श्रद्धा र वीर्यका परम्परागत गौरवपूर्ण गाथा छ । यो मन्दिर नै नेपालको कलाकारहरूका आफ्नो रतग पसिनाको आफ्नै कीर्तिको, आफ्नै श्रद्धाको मन्दिर हो । फेरि यो नै मन्दिर नेपालको मन्दिर हो । जसमा विशुद्ध बुद्ध-धर्म प्रेमका प्रतीक भएर शाक्यमुनि बुद्धले बोधिप्राप्ति गर्नुभएको स्मारकसँग सोझै सम्पर्क राखिराख्यो ।



https://dhamma.digital

# बुद्धधर्मका विशेषता

## (अनित्य, दुःख र अनात्म)

बुद्ध-धर्मका प्रमुख विशेषता मध्ये एक प्रमुख विशेषता अनित्य, दुःख र अनात्म दर्शन हो ।

यो संसारमा केहि पनि कोहि पनि स्थिर सदैव रहिरहेको छैन । यहाँ केहि पनि कोहि पनि नित्य, स्थिर र ध्रुव भन्ने छैन । संसारका सम्पूर्ण वस्तु संयोजित हो । त्यसैले सम्पूर्ण वस्तु प्रतिपल नै प्रवाहमय फेरि गतिशील हो । फेरि यो क्षण क्षण परिवर्तनशील हो ।

जति पनि धर्म संस्कार छ, हेतुद्वारा परिचालित छ । हेतु प्रत्यय विना यहाँ केहि छैन, कोहि छैन । भगवान बुद्धले यस हेतुकाबारे विश्लेषण गर्नुभयो । फेरि हेतुबारे निरोध गर्ने उपदेश दिनुभयो । यसरी बुद्धधर्म दुःख निरोधक धर्म भयो । निर्वाणयुक्त धर्म भयो ।

**अनित्य, दुःख र अनात्म**

अनित्य, दुःख र अनात्मलाई नबुझ्‍ेसम्म ईश्वरवाद ग्रन्थप्रमाणवाद र आत्मवादलाई केलाई हेर्न जाँन्दैन ।

मानिसले केहि पनि चाल पाएको होइन, यो संसारमा प्रयत्न भनेको त त्यसै त्यसै मात्र हो । वास्तवमा त संसार ईश्वरको माया मात्र हो । यसतो भनि "मानिस आफ्नो नाथ आफै हो" भन्ने बुद्धका उपदेश नबुझ्‍ेसम्म सम्झी रहन्छ ।

युद्ध अथवा शान्ति मानिसका स्वविवेकमा निर्भर हुन्छ । शान्ति ल्याउन प्रयास गर्नुपर्ने स्वयं मानिस नै हो । मानिसको विचार फराकिलो गर्नुपर्दछ । यसरी स्वतन्त्र चिन्तनलाई मूल्य दिनेवित्तिकै वा दिएमात्र धर्मशास्त्रमा लेखेतापनि पत्यार गर्न नसक्ने हुन्छ ।

'म अजर अमर सत्ताको अंश मात्र हुँ । वास्तवमा मैले मारेको भन्ने पनि छैन, मैले थाहा भएको भन्ने पनि छैन' भनी सम्झने (धारणा राख्ने) त्यो समयमात्र छोड्न सकिन्छ, जब मैले गरेको राम्रो र नराम्रो उत्तरदायी म नै भनि मानिस स्वीकार गर्दछ ।



https://dhamma.digital

## निर्वाण आफैले नै प्राप्त गर्नुपर्दछ

व्यक्तिको सुख दुःखका कर्ता व्यक्ति आफू स्वयं हो। त्यसैले व्यक्तिले आफ्नो सुख वा निर्वाणका निम्ति प्रयास स्वयंले गर्नुपर्दछ। फेरि यसरी प्रयास गर्नकालागि राम्रो शुद्ध धर्ममा मन पठाउनुपर्दछ।

यो प्रसंगमा भगवान बुद्धका उपदेश सम्झन योग्य छ, ' भिक्षुहरू, कुन धर्म मनमा राख्दा उसको भित्र उत्पन्न नभएका काम-आस्रव उत्पन्न हुन्छ, फेरि कुनमा उत्पन्न भइरहेको काम-आस्रव वृद्धि गरिदिन्छ, उत्पन्न नभएको भव-आस्रव (जन्म हुने इच्छारूपी मल) उत्पन्न गरिदिन्छ, उत्पन्न भव आस्रव वृद्धि गरिदिन्छ, उत्पन्न नभएको अविद्या-आस्रव (अज्ञानरूपी आस्रव) उत्पन्न गरिदिन्छ, यस्तो धर्म मनसिकरणीय होइन।'

बुद्ध-धर्ममा अविद्याको अर्थ अनित्य, दुःख र अनात्म नबुझ्नु (नजान्नु) हो। फेरि जुनबेला जसले अनित्य, दुःख र अनात्म दर्शन बुझ्दछ त्यो स्वयं निर्वाण प्राप्त गर्न सकिन्छ।

## अनात्म

यो अनित्य, दुःख र अनात्ममा पनि अनात्म भन्ने सबै भन्दा बुझ्न गाह्रो (कठिन) विषय हो। संसारमा नाश भएर गइरहेको, बिग्रेर गइरहेको वा प्राणीहरू मरेर गइरहेको देखेर अनित्य केहि न केहि रूपमा थाहा पाउछन्। यो कसैले गरिदिएको अथवा यो हुनैपर्ने भएकोले भएको भन्ने सिद्धान्त चाँहि मानिसहरूका मनमा चिसोका साथ अनित्य देखिन्छ। अनि दुःख मनाउँदछ। वास्तवमा यो अनित्य चालपाउनु र दुःखमय तथ्य देख्नु नै शील, समाधि र प्रज्ञालाई आधार हो। संसारमा विरक्तहरू र त्यागीहरू धेरै हुनुका एक कारण यो पनि हो। तर विरक्त र त्यागीहरू स्वयं साध्य होइनन्, त्यो त मुक्तिका निम्ति साधन मात्र हुन्। वास्तवमा त्यसैबाट कैयौंले संसार त्यागेर आएता पनि संसारमा नै घुमिरहन्छन्। यस्ताहरूलाई नदी तर्न नसकेर नदीको किनारै किनार दौडिरहेकाहरू भन्न सकिन्छ।

वास्तवमा अनात्मा भन्ने कुरा सबैभन्दा बुझ्न जटिल विषय हो।

भगवान् बुद्धले आज्ञा गरिराख्नु भएको पनि छ, "आत्मवाद दृष्टिगत (मतवाद), दृष्टि गहन (दृष्टिको ठूलो) जंगल, दृष्टिको काँडा (विशूक), दृष्टि



https://dhamma.digital

जाल (संयोजन) हो । यस्तो जालमा परेका अज्ञानी नै जन्म, जरा, मरण र शोक, रोदज-क्रन्दन, दुःख-दौंमनस्य तथा हैरानीले मुक्त हुनसक्दैन, दुःखले परिमुक्त हुन सक्दैनन् ।" (म.नि. १/१/२)

**सच्चक निगण्ठपुत्र**

अनात्म विषय कतिपय थाहा पाएकाहरूले पनि नबुझ्ने दर्शन हो समयका सच्चक निगण्ठपुत्रका प्रसंगले राम्रोसंग स्पष्ट हुन्छ । वैशालीमा एक सच्चक निगण्ठपुत्र भन्ने धर्म दर्शनका स्वाभिमानी व्यक्ति थिए । उसले भन्ने गर्दथ्यो "मैले यस्तो कुनै श्रमण र ब्राह्मण देखिन, यस्तो कोहि संघपति, गणपति, गणाचार्य वा अर्हत् सम्यक्सम्बुद्ध भन्ने पनि देखिन जो म संग वादका बीज रोपन देखि डराउँदैन । वादका बीज रोप्न थरथर काँप्दैन, धेरै पसिना निकाल्दैन । मैले अचेतन खम्बा संग शास्त्रार्थ गरे भने मेरो वादले त्यो खम्बा नै डराउँछ । फेरि त्यो खम्बा नै थरथर काम्दछ । मानिसहरूको त कुरा नै छैन ।"

यस्तो वाद विज्ञताका स्वाभिमानी सच्चकले वैशालीमा भिक्षा चरण गरिरहनु भएका अश्वजित भन्तेसंग भेट भयो । सच्चक निगण्ठपुत्रले उहाँलाई देख्ने बित्तिकै उहाँ भन्तेकहाँ आइपुगे । त्यहाँ आएर प्रश्न गऱ्यो, "भो अश्वजित, श्रमण गौतमले आफ्ना शिष्यहरूलाई कस्ता शिक्षा दिने हुन् । कस्तो उपदेश श्रमण गौतमका शिष्यहरू बीच धेरै प्रतलित छ ?"

"अग्निवेश ! भगवानले श्रावकहरूलाई शिक्षा दिनुहुने र भगवानका श्रावकहरू माझ धेरै प्रचलित उपदेश हुन्, भिक्षुहरू रूप अनात्मा, वेदना अनात्मा, संज्ञा अनात्मा, संस्कार अनात्मा, विज्ञान अनात्मा हो । सारा धर्म पदार्थ अनात्मा हो ।"

"यस्ता उपदेश दिने गौतमलाई के मैले भेट्न सकिन्छ ?"

सच्चकका मनमा भगवान बुद्धका उपदेश पूर्णरूपमा नै गलत छ । किनभने उसले अनित्य र दुःखका दर्शनलाई बुझेको छैन । त्यसैले नै सच्चक तुरून्तै बुद्धका सामु गए । छलफल गर्न उ उत्तेजित पनि भए । बुद्धले दिएका उपदेश फेरि भिक्षुहरूबीच धेरै चर्चाको विषय नै अनात्म भएका कारण आत्मवादी सच्चकसंग ठूलो स्वाभिमान पनि बढी आयो ।



https://dhamma.digital

त्यो समय पाँच सय लिच्छवीहरू आफ्ना संस्थागारमा केहि कुरा गर्नका लागि समागम भएका थिए । सच्चक त्यही नै सरासर गयो । गएर भन्यो "जाँऊ, तपाईँहरू लिच्छवीहरू सबै जाँऊ । आज मेरो श्रमण गौतमसंग कथा संलाप हुन्छ । यदि श्रमण गौतम उनका एक प्रसिद्ध शिष्य अश्वजित भन्ने भिक्षुले भनेझैं अनात्मवादमा स्थिर भए मैले श्रमण गौतमलाई वादद्वारा त्यसरी बाहिर पनि निकाल्छु, घुमाइ-घुमाइ, आछु-आछु गर्छु जसरी एक बलवान मानिस लामा-लामा रौं भएका भेडालाई समाति बाहिर निकाल्छ, घुमाई-घुमाई, यता उता गर्दछ ।

सच्चक निगण्ठपुत्रले अझ यस्तो पनि भन्यो, "यदि श्रमण गौतमका वाद अनात्मवाद भए मैले श्रमण गौतमलाई ६० वर्षको जवान हात्तीले जसरी पोखरी तल गई मनपरेझैं क्रिडा गर्दछु, त्यसरी नै मैले सनधोवन भन्ने पासा खेलेझैं खेलेर गौतमलाई बाहिर तानि ल्याउँछु, फनफनी घुमाउँछु, आछु आछु पार्छु ।"

यस्तो भनि सच्चक निगण्ठपुत्र पाँचसय लिच्छवीहरू साथ महावन कूटागारशालामा गयो । त्यो समय भिक्षुहरू बाहिर फराकिलो ठाँउमा चंक्रमण (ओहोर-दोहोर) गरिरहेका थिए । सच्चकले भिक्षुहरू माझ गई प्रश्न गऱ्यो, "भो, यो समय तपाईँहरूका श्रमण गौतम कहाँ बसिरहनुभएको छ ? मलाई वहाँ गौतमको दर्शन गर्न मन लागिरहेको छ ।"

"अग्निवेश ! वहाँ भगवान् महावनका भित्र वृक्षमुनि दिउँसोको विहार गरि बसिरहनुभएको छ ।"

सच्चक धेरै लिच्छवी-परिषद् साथ महावन भित्र पस्यो । भगवान्संग सन्चो विसन्चो सोधी एकतर्फ बस्यो । लिच्छवीहरू अभिवादन गरि एकतर्फ बस्यो । एकतर्फ बसेका सच्चक निगण्ठपुत्रले भगवानसंग सोध्यो ।

यदि तपाई गौतमले केहि सोध्ने समय दिएको खण्डमा मैले तपाई गौतमसंग केहि प्रश्न गर्दछु ।

अग्निवेश, के प्रश्न गर्न मनलाग्यो प्रश्न गर ।

गौतम, तपाँईले कस्तो शिक्षा दिने हो ?

अग्निावेश, मैले शिष्यहरूलाई यस्तो उपदेश दिने हो, भिक्षुहरू



https://dhamma.digital

रूप अनित्य हो, वेदना, संज्ञा, संस्कार र विज्ञान अनित्य हो । दुःख हो । रूप अनात्म हो । वेदना, संज्ञा, संस्कार र विज्ञान अनात्म हो । सम्पूर्ण धर्म अनात्म हो ।

"भो गौतम, मलाई एउटा उदाहरण याद आयो ।"

भगवान्‌ले भन्नुभयो, "अग्निवेश, उपमा याद आयौ भन्यौ र ?"

"भो गौतम, हरेक बीज समुदाय वा प्राणी समुदाय वृद्धि हुने विपुल हुने पृथ्वीकै आश्रय लिएर हो, पृथ्वीमा प्रतिष्ठित भएर नै हो । कसरी भने भो गौतम, जुन पनि बल गर्नुपर्ने कर्मान्त फल छ, त्यो सम्पूर्ण पृथ्वीको आश्रय लिएर भयो । त्यसरी नै भो गौतम, यो पुरूष पुद्‌गलका कारणले रूपमा प्रतिष्ठित हुन्छ, पुण्य वा अपुण्य उत्पन्न हुन्छ ।" त्यसरी नै वेदना, संज्ञा, संस्कार र विज्ञान पनि हो ।

भगवानले सच्चकसंग प्रश्न गर्नुभयो, "त्यसो भए के अग्निवेश, तिमीले रूप मेरो आत्म हो । वेदना, संज्ञा, संस्कार र विज्ञान मेरो आत्म हो भनि भनेको त ?"

"भो गौतम, मैले यो भनिरहेको छु कि रूप मेरो आत्म हो । वेदना, संज्ञा, संस्कार र विज्ञान मेरो आत्म हो । फेरि यो कुरा बुझ्केका सबै मानिसहरूले पनि भन्ने गर्छन् ।"

भगवान बुद्धले मानिसहरूले के भन्छ भन्ने कुरा एकातर्फ राख । आफ्नो विचार मात्र भन भनि आज्ञा भई प्रश्न गर्नुभयो, "अग्निवेश, एकतर्फ यो कुरा सोधिरहेको छु । जसरी सहि लाग्छ त्यसरी नै उत्तर देऊ । अग्निवेश, मूर्द्धाभिषक्त क्षत्रिय राजाले कसैलाई आफ्नो राज्यमा 'मार्छु' भनि मार्न सक्छ, जलाएर पठाउँछु भन्दा जलाएर पठाउन सक्छ, देशबाट निकालेर पठाउँछु भन्दा देशनिकाला गर्न सक्छ । जसरी राजा प्रसेनजित कौशल वा मगधराजा वैदेहीपुत्र अजातशत्रुले गर्न सक्छन् ।"

"सक्छ भो गौतम ! यस्तो गर्न सक्छ" भन्ने सच्चकको उत्तर थियो ।

" त्यसो भए के भन्छौ त अग्निवेश ! तिमीले तिम्रो रूप मेरो आत्म भन्यौ, त्यो रूप के तिम्रो वशमा छ त ? 'मेरो रूप यस्तो भइदियोस्, मेरो रूप यस्तो नहोस्' भनी भनेझैं छ र ?"



https://dhamma.digital

धेरै समय सम्म उत्तर दिइकन चुपलागि बसिरहेपछि नदिइ नहुने भए पछि सच्चक निगण्ठपुत्रले उत्तर दियो, “आफ्नो रूप आफूले भनेभ्कैं छैन । ”

अनि भगवान बुद्धले भन्नुभयो, “अग्निवेश, होस गर । अग्निवेश, होस राखेर उत्तर देऊ । तिम्रो पहिलो भनाइ र अहिलेको उत्तर मिलेन ।”

“अग्निवेश, रूप नित्य कि अनित्य ?”

“अनित्य हो, गौतम ।”

“जुन अनित्य हो, त्यो दुःख कि सुख ?”

“दुःख हो, गौतम ।”

“जुन अनित्य हो, दुःख हो, परिवर्तनशील हो, के त्यसका निम्ति यस्तो विचार गर्नु के सहि हुन्छ र ? ‘यो मेरो हो’,‘यो म हुँ’ ‘यो मेरो आत्म हो’ ?”

“हुँदैन, भो गौतम ।”

“त्यसो भए अग्निवेश, वेदना, संज्ञा, संस्कार र विज्ञान बारे के मनमा राख्छौ त ? फेरि अग्निवेश, जुन दुःखमा परिरहेका छन्, दुःखमा लट् पटिरहेका छन्, दुःखका अनुभवमा परिरहेका छन्, त्यो अवस्थाको अनुभवमा पनि ‘यो मेरो हो’,‘यो म हुँ’ ‘यो मेरो आत्मा हो’ भनि मनमा राखी यस्तो मनमा राख्ने स्वयं त्यो दुःखलाई हटाउन सक्ला र ? दुःखलाई हटाएर विहार गर्न सकिन्छ र?”

“भो गौतम, सकिँदैन ।”

सार चाहने मानिसले सार खोजि-खोजि बलेको राँको समाति जंगलमा गएतापनि उसले केराबोट काटी उसले छोडाइ (केलाइ) हेरि सार फेला नपारे भ्कैं त्यसरी नै अग्निवेशका विश्वासका तर्क खोक्रो हो । वैशाली लिच्छवीहरू कहाँ सच्चक संग तर्क गर्नेहरू वादका बीउ रोप्नेहरूका काखीबाट पसिना आँउछ भनि सच्चकले अहं भाव निकालेतापनि वास्तवमा उसको तालुमा मात्र पसिनाको गिर्खा देख्न थाल्यो । बुद्धका शरीरबाट एक थोपा पनि पसिना आएको देखिएन । त्यही समयमा नै सच्चक निगण्ठपुत्र चुप लागेर बस्ने वित्तिकै दुर्मुख लिच्छवीपुत्रले टिप्पणी गरेर ल्याँउन थाले,



https://dhamma.digital

गाँउको पोखरीमा रहेको गंगटोलाई बच्चाहरूले समाति पोखरीबाट माथि ल्याई गंगटोको हात, खुट्टा, च्यापु निकालि भाँचि दिएदेखि त्यो फेरि पोखरीमा हिड्न नसक्ने हो, त्यसरी नै सच्चक निग्गण्ठपुत्रको पनि भयो । (म.नि. १/४/५)

**अनत्त लक्खण सूत्र**

भगवान बुद्धले सबैभन्दा पहिले जुन उपदेश पञ्चभद्रवर्गीयलाई आज्ञा हुनुभयो, त्यो धर्मचक्र सूत्र हो ।

दुई अति मार्ग छोडि मध्यमा मार्ग अङ्गाल्नु नै धर्मचक्र सूत्रको मूल अभिप्राय हो । परन्तु धर्मचक्र सूत्रको पूर्ण व्याख्या त्यो समयसम्म बुद्धदर्शन अनुरूप स्पष्ट हुँदैन, जबसम्म अनत्त लक्खण सूत्र बुभ्न सकिँदैन ।

अनत्त लक्खण सूत्र भगवान बुद्धले आषाढ पूर्णिमा पछि कृष्णपक्ष पञ्चमीका दिन देशना गर्नुभएको हो । वास्तवमा यो उपदेश श्रवण पछि नै पञ्चभद्रवर्गीयहरू अर्हत हुनुभएको हो । यसरी अनत्त लक्खण सूत्र त्यो समयको दुई अतिवादमा नजाने उपदेश दिइसकेपछि बुद्धले दिनुभएको मूल उपदेश हो । त्यसैले मध्यम मार्गको व्याख्यात्मक दर्शनभूमि अनत्तलक्खण सूत्र हो । भगवान् बुद्धको उपदेश हो -

"भिक्षुहरू, रूप अनात्म हो । भिक्षुहरू, यो रूप यदि आत्म हो भने (आफूले भनेको, आफूले भने भैं भएको भए) रोगादि मन नपर्ने पीडा हुनु नपर्ने । यो रूप यस्तो होस् भनेतापनि आफूले भनेको भैं नहुने, यो रूप यस्तो नहोस् भनेतापनि आफूले नभनेतापनि हुने भएर यो अनात्म हो ।"

त्यसरी नै वेदनामा रोगादि यस्तो नहोस् भनेतापनि हुने, संज्ञामा निरोगादि होस् भनेतापनि नहुने, संस्कार यस्तो किसिमले होस् भनेभैं नहुने वा विज्ञान यस्तो किसिमको होस् भनेभैं नहुने भएर यी सबै अनात्म हो ।

भगवान बुद्धले आज्ञा गर्नुभयो -

"कस्तो हो भिक्षुहरू, रूप नित्य हो कि अनित्य ?"

भिक्षुहरूको उत्तर हो, " अनित्य भन्ते ।"

" जुन अनित्य हो, त्यो दुःख हो कि सुख ?"



https://dhamma.digital

" दु:ख हो भन्ते ।"

" जुन दु:ख दायक वस्तु हो, त्यसलाई 'त्यो मेरो' 'त्यो नै म' फेरि 'त्यो नै मेरो आत्म' भनि भन्न योग्य छ र? "

"छैन भन्ते !"

त्यसरी नै वेदना, संज्ञा, संस्कार र विज्ञान पनि अनित्य हो । त्यसैले नै यी सम्पूर्ण दु:खकारक हो । अनि त्यसैले नै यी सम्पूर्ण अनात्म हो ।

भगवान बुद्धले आज्ञा गर्नुभयो, "भिक्षुहरू, पहिलेको, अहिलेको वा पछिको होस्, आफूसंग भएको भित्रको वा बाहिरको, ठूलो-सानो, अहित-हित, टाढाको नजिकको जेसुकै होस् भइरहेको रूप मेरो होइन, त्यो म होइन, त्यो मेरो आत्म होइन भनि यथार्थ प्रकारले प्रज्ञाले देख्नुपर्दछ ।"

यो नै हो वेदना, संज्ञा, संस्कार र विज्ञान बारे पनि हो ।

भगवान बुद्धले फेरि आज्ञा गर्नुभयो, 'भिक्षुहरू, यसरी प्रज्ञा चक्षुले देख्नसक्ने सुनेर बुझ्नसक्ने आर्यश्रावकहरू रूपमा विरक्त हुन्छन्, वेदना, संज्ञा, संस्कार र विज्ञानमा पनि विरक्त हुन्छन् ।'

विरक्त हुने वित्तिकै विराग हुन्छ । विराग हुने वित्तिकै आशाको जालबाट मुक्त हुन्छ । अनि म मुक्त भएँ भनि बुझ्नेछ । म जन्म लिनु पर्ने भइन, भिक्षु चर्या पूर्ण भयो, गर्नुपर्ने चर्या पूर्ण भएको भनि आफू स्वयंले बुझ्नेछ ।

*(यो रचना प्यूखाका दुई वर्ष पुगेका विनोद राज शाक्यको स्मृतिमा वि.सं. २०३२ सालमा प्रकाशन भएको हो ।)*



https://dhamma.digital

# नेपाली विहारका विशेषताहरू

(प्राप्ताङ्क २०)

Dhamma.Digital

लेखक - भिक्षु सुदर्शन महास्थविर

https://dhamma.digital

# नेपाली विहारका विशेषताहरू

"एवं मे सुतं एकं समयं भगवा सावत्थियं विहरति जेतवने अनापिण्डिकस्स आरामे.........." सूत्रारम्भमा रहेका विहरति (बस्नु भएको छ) शब्दको अनुकरणबाट 'विहार' को व्युत्पन्न भएको थियो । शुरूमा विहार 'आराम' को एक अंग हुन्थ्यो । बुद्धको जीवितावस्थामा शान्त, स्वच्छ सघन वृक्षछायाँयुक्त श्रमणहरूको विश्राम-भवनहरूलाई 'आराम' भन्ने गर्दथ्यो । यसको उदाहरण जेतवनाराम, घोषिताराम, पूर्वाराम र कपिलवस्तुको निग्रोधाराम हो । प्राचीन वाङ्गमयको अध्ययनबाट स्पष्ट हुन्छ । 'आराम' भन्नाले थुप्रै विहारहरू, बगैंचा, खुल्ला चौर आदिको संयुक्त नाम हो भन्ने बुझिन्छ । आरामभित्रै मूल गन्धकुटी हुन्छ, जहाँ भगवान बुद्ध विहार गर्नुहुन्थ्यो । मूल सूत्रमा जेतवनाराम आदि आरामहरूको धेरै बार उल्लेख भएतापनि आरामको एकाई अर्थमा 'विहार'हरूको उल्लेख पनि हुने गर्दछ । जस्तो कि 'बुद्धवंस' मा उल्लेख गरेको छ - "विहारवत्थुं भन्ते जानाहिनेति विहारस्स पतिट्ठानंट्ठानं भन्ते जानाहि । एत्थ च विहारो ति न सकल विहारो एको आवासो । तेनवाहं अयस्स विहारं कारापेस्सामीति ।" अर्को रमाइलो कुरा के हो भने आजसम्म पुरातात्विक उत्खननमा पाइएका प्राचीन अभिलेखहरूमा आरामका अपेक्षा 'महापरिनिर्वाण विहार' र 'मुकुटबन्धन महाविहार' जस्ता विहारहरूको नाउँ पाइएका छन् । यसका मूल कारण ' आराम' विहारहरूको एक सामुहिक नाउँ हुनु हो ।

नेपाल उपत्यकामा रहेका विहारहरूको प्राचीन ऐतिहासिक क्रम आजसम्म स्पष्ट भएको छैन । स्वयम्भू पुराण बुद्धको नेपाल आगमनको कुरा त उल्लेख गर्दछ तर बुद्ध कुन विहारमा बस्नुभएको छ भन्ने कुरा स्पष्ट गर्दैन । यी पुराणहरूले पूर्व बुद्धहरूलाई पहाडको शिखरमा बसाले जस्तै गौतम बुद्धहरूलाई पनि स्वयम्भू स्तूप अगाडी बस्नुभएको उल्लेख गर्दछु, परन्तु यसले विहारहरूको नाउँ बुद्ध र बुद्धको भिक्षु परिषदलाई प्रदान गर्न सकेको छैन ।

ऐतिहासिक प्रमाण्य श्रोतको आधारमा भन्ने भए 'सुगत शासन पक्षपाति' वृषदेवको समयसम्म विहार भएको हुनुपर्दछ । कारण विना बौद्ध



https://dhamma.digital

बिहार कुनै राजा सुगत-शासनको कालसम्म 'श्रीमान विहार' बनिसकेको छ । गोपाल-वंशावलीको 'श्री मानदेव..........तेन स्वनामेन मानविहार प्रतिष्ठित' उल्लेख लिपि अनुसार चाँगुको स्तम्भ लेखभन्दा अलि पुरानो देखिएको चायबहिलको अभिलेखमा '..............संघस्स मत्तयाथं' भन्ने उल्लेखको आधारमा विद्वानहरूले स्वयम्भुको '.................क्षत्रश्चाक्षत्र दत्तं श्रीमान विहारे' बाट राजा मानदेबले श्रीमान विहार बनाएको कुरा प्रमाणित गर्दछन् ।

यस अतिरिक्त लिच्छविकालका अभिलेखबाट लिच्छवि युगमा थुप्रै विहारहरू भएको कुरा सिद्ध गर्दछ । ने.सं. ४० को अष्टसहश्रिका प्रज्ञापारमिता पुस्तकमा उल्लेख गरेका जस्ता विहारहरूको नाम संकलन गरे 'नेपालको धार्मिक इतिहास' को विहारहरूको सूचिभन्दा विहारहरू थुप्रै भएको देखापर्दछ ।

लिच्छविकालमा बौद्ध विहारको प्रतिष्ठा र विहारको जनकल्याणकारी कार्यक्रम सारै माथिल्लो स्तरको छ। त्यसैले राजकीय सहयोगमा बौद्ध विहार हरूको स्थान धेरै सम्मानित भएको देखिन्छ। दोलाशिखर स्वामीलाई जस्तै गुंविहार, श्रीमानविहार, श्री राजविहार, खर्जुरिका विहार, मध्यम विहारलाई पनि प्रति विहार ६ पुराण २ पण राजकीय सहयोग पाएको हाडिगाउँको अभिलेखबाट प्रमाण हुन्छ ।

लिच्छविकालका यी प्रसिद्ध एवं शिक्षण केन्द्र विहारहरू आज कहाँ कहाँ छन् निश्चित रूपमा भन्न सकेको छैन । 'गुंविहार' लाई साँखु स्थित बज्रयोगिनीसित सम्बन्ध देखाउने प्रयास भइरहेको छ । १२ औं शदीको प्रसिद्ध तिब्बती विद्वान धर्म स्वामीले भिक्षुहरू भएको र विना भिक्षुको थुप्रै विहार काठमाडौं उपत्यकामा भएको कुरा उल्लेख गर्नुभएको छ । तर ती विहारहरूलाई हाम्रा वर्तमानकालका विहारहरूसँग अझसम्म तादात्म्य सम्बन्ध राखेर व्याख्या गर्न सकेको होइन । काठमाडौं उपत्यका बाहिरका विशेषत उत्तरी भेगका र पश्चिमी नेपालका विहारहरूतिर अझसम्म हाम्रो ध्यान जान सकेको छैन । कमसेकम एघार सय वर्ष पुराना दानवताल र काँके विहार धेरै कलात्मक र विशाल भएर मात्र महत्वपूर्ण छैन । अपितु यो हाम्रो सांस्कृतिक प्रसारको बाटो देखाउने केन्द्रको बीच बाटोमा भएकोले



https://dhamma.digital

पनि मूल्यवान भएको छ ।

नेपाली बौद्ध विहारका विशेषताहरूलाई दुई आयामबाट विवेचना गर्नु युक्तियुक्त देखिन्छ । ती दुई आयामहरूमा पहिलो आयाम नेपाली विहारमा विद्यमान ती विशेषताहरू - जसले प्राचीनतम बौद्ध विहार र संस्कृतिसंग तादात्मय वा अनुकरण भाग सम्बन्ध देखाउँछ तथा अर्को आयाममा नेपाली बौद्ध विहारका विद्यमान ती विशेषताहरू जुन बौद्ध दर्शन संस्कृतिको विशेषतः समयगत र देशगतरूपमा विकसित कलात्मक पक्ष हो ।

नेपाली बौद्ध विहारको विशेषतामा पहिलो आयामबाट विचार गर्दा विचार गर्नुपर्ने तत्वहरू -

- चतुष्कोण चोक
- खुल्ला दलान
- विहारको चारैतिरको पेटी
- मुख्य प्रतिमाको अलग कोठा हुनु
- विहारको चारैतिरका घरहरूमा अन्तर्गत बाटो नहुनु ।
- विहारको चौकबिचको चैत्य

विहारको चतुष्कोण चौक बौद्ध विहारको एक विशेषता हो । सारनाथ, कुशीनगर, लुम्बिनी तथा पिपरहवाको विहारका अवशेषबाट यसको प्राचीनता सिद्ध गर्दछ । नेपालका बौद्ध विहारहरूले आजसम्म यस विशेषतालाई कायम गरिएको छ । वर्तमान समय चतुष्कोणरूपमा देखानपरेका पनि इतुम्बहाल, टेबहाल र नागबहाल मूलतः चतुष्कोण नै छ ।

बहाल वा बहिलका यी चतुष्कोण आज प्रायः चिकँ ईंटाले छापेको हुन्छ । कतै कतै ढुंगाले छापेको हुन्छ । यहाँ घाँस न उम्रने काई नपर्ने हुन्छ । यी बौद्धहरूको परम्परागत वास्तुकला प्रविधि हो । बर्माको आनन्दफया, कम्बोडियाको अंकोवाट र इण्डोनशियाको बोरोबुदुरमा पनि यी विशेषताहरू देखिन्छ ।

खुल्ला दलान : विहारको भूमि तल्लाका मुख्य प्रतिमाको दिसामा बाहेक तिनै दिशाको दलान खुल्ला हुन्छन् । यसले खुल्ला ठाउँमा बसेर



https://dhamma.digital

बुद्धको उपदेश सुन्ने वा सामुहिक रूपमा ध्यानादि गर्ने प्राचीन युगको दृश्य हाम्रो सामु ल्याइदिन्छ । किनभने पहिले पहिले आज जस्तो हल परम्परा छैन । राम्रो मौसम र घाम चाहेको अवस्था विहारको बिचको खुल्ला चौकले काम दिए, अन्य मौसममा यस दलानले काम दिन्थ्यो । यी चारै दिसामा दलानहरू अलग अलग रूपमा विभाजित गरेका हुन्छन् र यसको पछाडि पट्टिबाट झ्याल ढोका हुँदैन । जहाँसम्म विहारको मुख्य द्वारको सामुन्ने पर्ने दिशामा एकातिर कुनामा एउटा द्वार हुन्छ । त्यो आजकल पनेरामा जाने वा ननि वा अर्को चौकमा जाने बाटो भए उहिले ध्यानार्थ छायामय उद्यान जाने बाटो हो ।

विहारको चारैतिरको पेटी विहारको अर्को विशेषता हो । पाइएका पुराना पुराना विहारहरूको अवशेषमा पेटी त पाइएको छैन, परन्तु मूल चौक पछि चारैतिरको कोठाको अगाडि केही ठाउँ स्पष्ट देखापर्दछ । यो पेटी हुँदारहेछ । पेटीले गर्दा चौकमा भई कोठाहरूमा जानुपर्ने हुँदैन । एक कोठाबाट अर्को कोठामा जाँदा पेटीबाट मात्रै जाने गर्दछन् । यो पेटी इरियापट भावना वा चंक्रमण आदि बौद्ध क्रियाका लागि पनि उपयोगी हुन्थ्यो ।

मुख्य प्रतिमा राख्न एक अलग कोठा हुन्छ र यो कोठा अरू कोठाको तुलनामा ठुलो पनि हुन्छ । बुद्ध बस्ने कोठालाई पहिले मूल गन्धकुटी भन्दथे । यो आरामभित्र रहेता पनि अलग रहने गर्दथ्यो । बुद्धलाई एकान्त शान्त कोठाको अवस्था हुने प्राचीन परम्परा आज पनि नेपाली बहाल परम्पराले मुख्य प्रतिमाको लागि अलग कोठाको व्यवस्था गरेर जोगाई राखेको देखिन्छ । यो मुख्य कोठा सधैं नै विहारको मुख्य द्वारको सामुन्ने हुन्छ । यसले गर्दा ढोकाबाट पस्ने बित्तिकै बुद्धको दर्शन हुन्छ ।

विहारमा एउटै मात्र ढोका हुनु यसको अर्को विशेषता हो । आजसम्म पाइएका बौद्ध विहारहरूको भग्नावशेषको पर्खालमा पनि पछाडिपट्टिबाट त्यस्तै बन्द भएको देखिन्छ । विहारको यो गुप्तावस्थाको लक्ष विहारलाई बाह्य वातावरणबाट मुक्त र सुरक्षित गर्नु नै हो ।

विहारको चौक परिधि बीचमा जुन साना ठूला चैत्य हुन्छन् त्यो बुद्धकालीन पछिको प्राचीन विहारको परम्परा हो । वास्तवमा बुद्धको



https://dhamma.digital

महापरिनिर्वाण पछि अवशेष राखेर बनाइएका धातु चैत्य र त्यस पछिका परिभोग चैत्य एवं धर्म चैत्यको चारैतिर अघि जस्तै विहार बनाउन थालेको थियो ।

अब हामी अर्को आयामबाट नेपाली विहारका विशेषताहरू बारेमा विचार गर्दछौं । नेपाली विहारका यी विशेषताहरू समयगत र देशगत रूपमा क्रमशः कलात्मक रूपमा विकास भएको देखिन्छ ।

- ढोका बाहिर दायाँ बायाँ रहने दुई सिंह ।
- ढोकाबाट पस्ने बित्तिकै देखिने गणेश, महांकाल र हारति ।
- मुख्य ढोकाको तोरण ।
- प्रवेश द्वारबाट विहारभित्र पस्ने बित्तिकै बाटोको दायाँ बायाँ हुने फलेचाहरू ।
- टुँडाल र भिरालो छाना ।
- दुई तल्ले विहार र तिनका झ्यालहरू ।
- गजुर वा छानामाथि रहने चैत्यहरू ।
- विहार अगाडि पछाडिका चौक ।
- मुख्य देवताको विविधता ।
- इनार ।

प्रत्येक बहालमा मुख्य द्वार बाहिर दायाँ बायाँ दुई सिंह रहेका हुन्छन् । शाक्यसिंह तथागतको विहारद्वारमा दायाँ बायाँ सिंह रहेको साह्रै प्रतिकात्मक अर्थ लाग्दछ । यसको अर्थ यो होइन कि ढोका बाहिर सिंह राख्ने नेपालको आफ्नै मौलिक विशेषता हो । किनभने यस्तै सिंह थाइलैण्ड, बर्मा र चीन आदि देशका मध्यकालीन विहारमा पनि पाइएका छन् । अशोकको स्तम्भ माथि रहने सिंहबाट यसको प्राचीनता सिद्ध गर्दछ । कुनै कुनै विद्वानको विचार अनुसार सिंह बहालमा मात्र हुन्छ, बहिलमा हुँदैन ।

सिंह जस्तै गणेश, महाँकाल प्रत्येक बहाल बहिलमा अनि अजिमा प्रायः विहारमा हुन्छ । थाइलैण्ड, चीन आदि देशका बौद्ध विहारमा जुन विशालकाय दण्डधारी धर्मपाल हुन्छ यही देवताहरू नेपालको वास्तवमा



https://dhamma.digital

धर्मपालहरू हुन् । त्यस्तै नेपाली बच्चाहरूको रक्षासँग हारति सम्बन्धित हुन्छ । यी देवताहरू विहारका लागी पनि अनिवार्य अंग हुन्, मूर्ति बनाएर राख्न नसकेको खण्डमा कपडामा छापेर भएपनि विहारमा राख्ने गरिन्छ ।

विहारको मुख्य प्रवेश द्वारमा काठको वा ढुंगाको एक कलात्मक तोरण हुन्छ। यी तोरणहरूमा धातुका पाताले प्रतिकृतिका साथ मोडेको पनि हुन्छ । तोरणमा भएका क्षेपु आदि अनेक विशेषतातिर व्याख्या नगरेतापनि एक मुख्य कुरामा हामी जरूर ध्यान दिनुपर्दछ । तोरणको मुख्य कुरा वास्तवमा मूल देवताको अनुकृतिको बाहिर प्रस्तुत गर्नु ।

मूल देवताको दर्शन गर्न नसकिने वा नपाउने अवस्थामा तोरणको मूर्तिले दर्शकलाई सान्त्वना प्रदान गर्दछ । किनभने तोरण मुख्य भागमा त्यही देवता हुन्छ । जुन देवता कि मुख्य मन्दिरभित्र हुन्छ । प्रायः बौद्ध विहारमा शाक्यमुनि बुद्ध तोरणमा हुन्छ, तापनि इटुंबहालमा मार विजय लायकूबहिलमा बुद्धको लुम्बिनी यात्रा र छुस्याबहालमा प्रज्ञा पारमिता भए जस्तै कतै कतै तोरणमा अन्य देवता नभएको पनि होइन प्रायः बहिलहरूमा तोरण हुँदैन । यही बहाल र बहिल छुट्टयाउने एक आधार पनि हो ।

प्रवेशद्वारबाट विहारभित्र पस्ने वित्तिकै प्रवेश द्वारको बाटो छाडेर यसैको दायाँ बायाँ दुईवटा फलेचा हुन्छन् । यसको उपयोगिता बहुपक्षीय हुन्छ । यहीं बसेर 'गुंलाधर्म' मा वा पर्वदिनमा दाफा भजन, स्तोत्र पाठ हुन्छ भने प्रत्येक दिनमा देवपालालाई रक्षार्थ सहयोग गर्न राति पालो सुत्न आउनेहरू यहीं सुत्ने गर्दछन् । दिउँसो यहाँ खुल्ला आराम लिने गर्दछन् भने 'बहीद्यो ब्वयेगु' जस्ता धार्मिक कलात्मक प्रदर्शनी पनि हुने गर्दछ ।

भिरालो छाना प्रत्येक विहारको अर्को विशेषता हो । यो भिरालो छानालाई पैंतालिस डिग्रीको कोणमा तेर्सिएर राखेको टुँडाल वा वास्तबमा नेपाली कलाको विशेषतालाई दर्शाउने आधार भएको छ । विभिन्न देव देवीहरूका मूर्तिहरू पाप-पूण्यका दृश्यहरू र मानव जीवनका सामाजिक आकृतिहरू दर्शाउने यो टुँडाल कलाकारहरूको लागी नेपालको कलात्मक आधार स्तम्भ पनि हो । श्री शिवदेब संस्कारित श्री रूद्रवर्ण महाविहारको ५ वटा टुँडालहरू, इटुंबहालका २ वटा टुँडालहरू र यट्खा बहालका ३ वटा टुँडालहरू अत्यन्तै कलात्मक हुनुका साथै प्राचीनताको दृष्टिकोणबाट पनि



https://dhamma.digital

उल्लेख भएको यस प्रसङ्गमा स्मरणीय छ ।

दुई तल्ला हुनु नेपाली विहारको अर्को विशेषता हो । माथिल्लो तल्ला प्रत्येक दिशामा आ-आफैंमा स्वतन्त्र छन् । माथि उक्लने भऱ्याङ्ग पनि यसैकारण अलग हुन्छन् । मुख्य देवताको माथिल्लो तल्लाको कोठामा कुलदेवता हुन्छन् । माथिल्लो तल्लामा कुलदेवता हुने परम्पराले स्थविरवादि धर्म पछि महायानधर्मको आगमन भएको तथ्यलाई पनि प्रमाणित गर्दछ । अर्को कुरा माथिल्लो तल्लामा झ्यालहरू विहारको चोकतिर मात्र हुन्छन् । त्यो पनि सा-सानै र प्रायः बहिलको झ्याल भिरालो रूपमा बाल्कोनी भएको तिकिझ्या रूपमा हुन्छ ।

नेपाली विहारमा मुख्य देवता भएको दिशातिरको छानामा गजुर हुन्छ । कतै एक तल्लामा सा-साना चैत्य राखेर फेरी माथिल्लो तल्लामा ठूला ठूला चैत्यहरू राखेका हुन्छन् । यी चैत्यहरू जहिले पनि विजोर संख्यामा हुन्छन् । बीचको चैत्य ठूलो हुन्छ ।

प्रायः बहिलको छानामा सानो देगल जस्तै एउटा चतुष्कोणको गजुरको रूपमा निर्माण भएको हुन्छ । कसैको विचारमा यही बहीलको विशेषता हो । तर हिरण्यवर्ण महाविहार पाटनमा जस्तै कुनै कुनै बहालमा मुख्य देव प्रतिमा तिरको छानामा चैत्य र कुनानिरको छानामा फेरी बहिलमा जस्तो चतुष्कोण देगल गजुर पनि नभएको होइन ।

विहारको अगाडि पछाडिको चोकहरू नेपाली विहारका अर्को विशेषता हो । प्राचीन बहिलहरू धेरैजसो कि त पर्वतको टुप्पामा वा थुम्कोमा हुन्थ्यो कि त समतल स्थानमा भए नदीको किनारामा हुन्थ्यो । समतल जमीनमा निर्माण गरिने बहालहरू प्रशस्त रूपमा अगाडि पछाडि चौक वा खुल्ला ठाउँ हुन्थ्यो । पाटनका हिरण्यवर्ण महाविहार श्री रूद्रवर्ण महाविहार यसको नमुना हो । पाटन दरबारका अगाडीका मल्लकालीन मन्दिर देगलहरू हटाएर दरबारको स्थानमा विहारलाई स्थापना गरेर विहारका अगाडी पछाडीका चोक वा खुल्ला ठाउँ स्पष्ट देखापर्दछ ।

नेपालका विहारहरूका मूल देवता शाक्यमुनि बुद्ध हुन् । यसै ऐतिहासिक परम्परालाई पन्छाउन नसकेर पनि विकसित र लोकप्रिय भएको महायानी बौद्ध संस्कृतिले शाक्यमुनि बुद्धलाई यथा स्थान राखिकन



https://dhamma.digital

आगमदेवता वा गुह्य देवतालाई ठीक शाक्यमुनि बुद्धकै माथि माथिल्लो तल्लामा प्रतिस्थापित गरेको देखिन्छ । प्रायः बहालहरूमा शाक्यमुनि बुद्धको अर्को एउटा सानो बुद्धप्रतिमा राख्ने नेपाली परम्परा छ । लोक प्रचलनरूप यस सानो प्रतिमालाई राहुलभद्र भन्ने गर्दछ । कुनै कुनै बहिलमा मैत्रेय बुद्धको प्रतिमा पनि हुने गर्दछ जस्तो वकुबहिलमा ।

प्रत्येक विहारमा इनार हुनु र निकाशा हुनु नेपाली विहारको अरू विशेषता हो । इनार नित्य पूजाका लागी आवश्यक अंग भए, निकाशा विहार सुरक्षाका लागी अनिवार्य व्यवस्था हुन् ।

**-समाप्त**

Dhamma.Digital



https://dhamma.digital

https://dhamma.digital

"पञ्ञा नरानं रतनं"

# परियत्ति शिक्षा

## परियत्ति सद्धम्म पालक उपाधि

## चतुर्थ पत्र

पूर्णाङ्क १००, उत्तीर्णाङ्क ३५

Dhamma.Digital

पुस्तकहरू

१. बौद्ध जगतका प्रशिद्ध व्यक्तित्वहरू

२. दश संयोजन

३. अजातशत्रु

https://dhamma.digital

# बिषय–सूची
## (चतुर्थ पत्र)


पेज

**क. बौद्ध जगतका प्रशिद्ध व्यक्तित्वहरू** **८३**

१. भिक्षु नारद महास्थविर ८४

२. प्रो. जी.पी. मललशेखर ९३

३. भदन्त ऊ. शोभन महास्थविर ९९

४. भिक्षु ऊ. चन्द्रमणि महास्थविर १०८

५. भिक्षु सोमदेच फ्रा. ञाणसंवर महास्थविर १२१

६. भिक्षु निचिदात्सु फूजी १२९

**ख. दश संयोजन** **१४९**

१. सक्कायदिट्ठि १५१

२. विचिकिच्छा १५४

३. सीलब्बतपरामास संयोजन १५७

४. कामराग संयोजन १६०

५. पटिघ संयोजन १६२

६. रूपराग संयोजन १६६

७. अरूपराग संयोजन १६८

८. मान संयोजन १६९

९. उद्धच्च संयोजन १७३

१०. अविज्जा संयोजन १७५

**ग. अजातशत्रु** **१७९**


https://dhamma.digital

# बौद्ध जगतका प्रशिद्ध व्यक्तित्वहरु

(प्राप्ताङ्क ४०)


लेखक - रत्नसुन्दर शाक्य

Dhamma.Digital

https://dhamma.digital

# भिक्षु नारद महास्थविर

२० औं शताब्दीमा विश्वमा बुद्धधर्म व्यापकरूपमा प्रचार प्रसार गर्न अग्रणी निभाएका व्यक्तिहरूमा भिक्षु नारद महास्थविर पनि एक प्रमुख हुनुहुन्थ्यो ।



**जन्म : १४ जुलाई १८९८**
**दिवंगत : ८ अक्टोबर १९८३**

उहाँको जन्म श्रीलंकाको कोटहेनास्थित एक मध्यमवर्गीय परिबारमा १४ जुलाई १८९८ का दिन भएको थियो । उहाँका पिता कलोनिस पेरेरा र माता पबिलिनाडे सिल्बा थिए । मातापिताको तर्फबाट बालकको नाम "सुमनपाल" राखियो ।

सुमनपालले आफ्नो प्रारम्भिक शिक्षा कोटहेनाकै एक क्रिश्चियन स्कूल (Society for promoting christain knowledge) मा पाउनुभयो । त्यसपछिको शिक्षा पनि कोटहेनाकै सेन्ट बेनेडिक्ट्स कलेज (St. Benedict's College) मा पाउनुभयो । यसैको फलस्वरूप उहाँमा बाइबल (इशाई धर्म ग्रन्थ) एवं इशाई धर्मसम्बन्धी अन्य कैयौं कुराहरू अवगत भइसकेको थियो । उहाँका एक प्रशिक्षक श्रद्धेय जेम्स (Rev. Brother Jemes) ले त युवा सुमनपाललाई यहाँसम्म बिश्वास गरेका थिए कि एकचोटि उहाँले बडो गम्भीरपूर्वक रोमन कैथोलिक "फादर" हुन आग्रह गरेको थियो । बौद्धजगतको लागि सौभाग्यको कुरा कि सुमनपालले आफ्ना पूर्वजहरूको धर्मलाई छोड्नुभएन । यसमा विशेष टेवा उहाँको काकाबाट गरियो जो एक श्रद्धालु बौद्धमात्र थिएन बुद्धधर्मसम्बन्धी अति विज्ञ व्यक्ति पनि थियो ।

युवक सुमनपालले अंग्रेजी शिक्षाको अतिरिक्त संस्कृतशिक्षामा पनि दिलचस्पी राख्दै जानुभयो । यसको निमित्त उहाँले श्रद्धेय पालित महास्थविर,



https://dhamma.digital

जो वजिरामाधिपति वजिरञाण महानायक स्थविरका एक गुरूभाई थिए, सित सम्पर्क राख्दैजानुभयो । सुमनपालले संस्कृत शिक्षामात्र होइन कोटहेनाकै परमानन्द विहारमा चल्दै आएको रविवारीय स्कूल (Sunday School) मा पनि सम्मिलित भई बुद्धधर्मसम्बन्धी शिक्षा पाउँदै जानुभयो । यही रविवारीय स्कूलको प्रेरणाबाट नै उहाँले १८ वर्षको उमेरमा सन् १९१६ को १४ जुलाई (जन्मभएको दिन) कै दिन "श्रामणेर नारद" हुनुभएको थियो ।

युवक सुमनपाल श्रामणेर नारद भएको दुई वर्षपछि नै सन् १९१८ मा विनयाचार्य वेरगमपित सिरि रेवत महाथेरको उपाध्यायत्वमा उपसम्पन्न भई "भिक्षु नारद" हुनुभयो । उहाँको कम्मवाचाचार्य पेलेन वजिरञाण महानायक थेर हुनुभएको थियो त अभिधर्मको शिक्षा पनि उहाँको साथै अरंगल सिरिधम्म महाथेरसित लिनुभएको थियो । अभिधर्मको साथै अन्य प्राचीन भाषाहरू (Oriental Languages) को पनि अध्ययन गर्नुभएको थियो ।

उपसम्पदापछि भिक्षु नारदले Ceylon University College मा भर्ना हुनुभई नीतिशास्त्र, तर्कशास्त्र एवं दर्शन शास्त्रको पनि अध्ययन गर्नुभई भावी धर्म प्रचारक हुनको लागि नियमित टेवा पाउनुभयो । उहाँलाई विश्वविद्यालयमा अध्ययन गर्नको निमित्त आर्थिक सहयोग दिनुहुने महानुभावहरूमा प्रो. सुरियगोडा सुमंगल, डा. जे ई. पी. चन्द्रसेन र डा. कसेस ए. परेरा (पछि भिक्षु काश्यप) प्रमुख हुनुहुन्छ । अतः यहाँहरूप्रति भिक्षु नारद चिर ऋणी हुनुभएको थियो ।

भिक्षु नारद सन् १९२१ देखि डा. कसेस परेराद्वारा संस्थापित "Servents of the Buddha" नामक संस्थामा सम्मिलित भई उहाँलाई काफी मद्दत गर्दै आउनुभएको थियो । यस संस्थाको प्रमुख लक्ष्य विशेषतः युवा भिक्षुहरूलाई धर्मप्रचारको निमित्त तालिम दिनु, प्रत्येक शनिवार बुद्धधर्मसम्बन्धी छलफल गरी सुयोग्य धर्मप्रचारकहरू बृद्धि गर्नु थियो ।

सन् १९३१ मा भिक्षु नारद स्थविरको जीवनमा एक नयाँ मोड शुभारम्भ भयो । उहाँलाई श्रीलंकाबाट सर्वप्रथम बाहिर आउने सुअवसर प्राप्त भयो, हेतु थियो- श्रीलंकाकै सुप्रसिद्ध धर्मदूत अनगारिक धर्मपाल, जो त्यसबेला श्रामणेर (३१ जुलाई १९३१ का दिन) भइसकेका थिए, ले सारनाथमा आफूले निर्माण गरिएको "मूल गन्धकुटी विहार" को समुद्घाटन



https://dhamma.digital

समारोह ११-१३ नवम्बर १९३१ सम्म सम्पन्न भएको थियो ।

यस समारोह विद्योदय परिवेण, श्रीलंकाका प्रधानाचार्य भिक्षु के रतनसारनायक स्थविरको सभापतित्वमा सम्पन्न गरिएको थियो । देश-विदेशका हजारौं महानुभावहरूको उपस्थितिमा समुद्घाटन भएको यस समारोहमा भिक्षु नारद, रतनसार नायक स्थविरको अनुवादकको रूपमा आउनुभएको थियो । यसैबेला भिक्षु नारदले सर्वप्रथम भारतका प्रधानमन्त्री जवाहरलाल नेहरूसित भेटघाट गर्ने सुअवसर पाउनुभयो । यस समारोहमा नेहरूको अतिरिक्त अन्य कैयौं राजनैतिक एवं धार्मिक नेताहरसित पनि सम्पर्क राख्नपाएको फलस्वरूप भिक्षु नारद स्थविरलाई धर्मदूत कार्य संचालन गर्दै जाने सुअवसर प्राप्त भयो जसअनुसार भिक्षु नारदले सर्वप्रथम भियतनाम र इन्डोनेशियामा धर्मदूत कार्य शुभारम्भ गर्नुभयो । यी दुबै देशमा उहाँले सन् १९३४ को आसपासदेखि निरन्तर दुई तीन वर्षको फरक गरी यात्रा गर्दै बुद्धको शान्तिसन्देश पुऱ्याउँदै आउनुभएको थियो । यसै क्रममा उहाँ दक्षिण-पूर्व एशियाका अन्य मुलुकहरूमा पनि बुद्धको शान्तिसन्देश पुऱ्याउनमा सफल हुनुभएको थियो जस्मा लाओस, कम्बोडिया, सिंगापुर, हङकङ्ग, पेनाङ्ग, मलेशिया आदि प्रमुख थिए । यी देशहरूमा उहाँले धर्मव्याख्यानमात्र होइन बुद्धको शारीरिक धातु पुऱ्याई प्रायः प्रत्येक राष्ट्रहरूमा चैत्य निर्माण पनि गराउँदै आउनुभएको थियो । यसका साथै प्रत्येक राष्ट्रहरूमा महाबोधि बृक्षको शाखा (बिरूवा) हरू पनि पुऱ्याउँदै आएका थियो यी राष्ट्रहरूमा भिक्षु नारद स्थविरले बुद्धको अस्थिधातु, बोधिबृक्षको बिरूवामात्र होइन प्रायः उपर्युक्त सम्पूर्ण देशभरहरूमा भिक्षु सीमागृह (उपसोथागार) पनि निर्माण गर्दै आउनुभएको थियो ।

उहाँको यसप्रकार (बुद्धको शारीरिक धातु पुऱ्याउने एव, बोधिबृक्षको शाखा पुऱ्याउने, सीमागृह निर्माण गर्ने आदि) को धर्मप्रचारको क्रममा नेपाल पनि समावेश भएको थियो । उहाँले नेपालमा यी कार्यहरू कहिले गरे र कतिपटक नेपालयात्रा गरे यसको संक्षिप्त विवरण यहाँ प्रस्तुत गर्न चाहन्छु--

**१) पहिलो नेपालयात्राः**

नेपालमा सन् १९४४ को जुलाई ३० (१५ श्रावण, २००१ साल) का दिन श्री ३ जुद्धशम्सेरको सरकारले ८ जना स्थविरवादी भिक्षु एवं श्रामणेर



https://dhamma.digital

हरूलाई देश निष्कासन गरिएको थियो । वर्षवासकालको अवधिमै निष्कासित गरिएका ती भिक्षु एवं श्रामणेरहरूले वर्षवासकाल जसो तसो यताउता गरी बिताइसकेपछि प्रायः उहाँहरू सन् १९४४ को नवम्बर महिना (कार्तिक २००१ साल) मा मूलगन्धकुटी विहार सारनाथको १३ औं वार्षिकोत्सवमा सम्मिलित हुन आइपुग्नुभएको थियो । त्यसबेला भिक्षु अमृतानन्द वि.सं. १९७५-२०४७) सारनाथमा केही महिनाअगाडि देखि रहँदै थिए । नेपालमा भिक्षु एवं श्रामणेरहरूलाई निष्कासन गरिएको बेला उहाँ सारनाथमा हुनाको कारण उहाँ निष्कासित भिक्षुहरूमा समावेश भएका थिएन ।

**निष्कासित भिक्षु** – श्रामणेरहरू सारनाथ आइपुगेपछि उहाँहरू एवं त्यहाँस्थित अन्य देश-विदेशका ज्येष्ठ भिक्षुहरूसित पनि सरसल्लाह गरी नेपालमा बुद्धधर्म पुनरूत्थानको निमित्त सन् १८९४-९५ देखि स्थायी रूपमा भारतको कुशीनगरमा रही धर्म प्रचार गर्दै आउनुभएका बर्मी भिक्षु ऊ. चन्द्रमणि महास्थविर (सन् १८७६-१९७२) को अध्यक्षतामा "धर्मोदय सभा" को स्थापना भएको थियो । यस सभाको उपाध्यक्षपदमा भदन्त आनन्द कौशल्यायन (सन् १९०५-८८) रहनुभएको थियो त सचिव-भिक्षु अमृतानन्द हुनुभएको थियो । उपसचिव भिक्षु महनाम (वि.सं. १९७४-२०५२) हुनुभएको थियो त कोषाध्यक्षपद साहू मणिहर्षज्योति कंसाकार (वि.सं. १९७४-२०४९) ले लिनुभएको थियो । अन्य सदस्यहरूमा भिक्षु ऊ. कित्तिमा महास्थविर (सन् १९०३-८७), भिक्षु महाप्रज्ञा स्थविर (वि.सं. १९५८-२०३५), भिक्षु धर्मालोक स्थविर (वि.सं. १९४७-२०२४) र भिक्षु सुबोधानन्द (जन्म- वि.सं. १९७३) थिए ।

यस सभा स्थापनापछि सर्वप्रथम यसको प्रमुख कार्यको रूपमा नेपालबाट भिक्षुहरू निष्कासित गरेको बारेमा भारत लगायत श्रीलङ्का, बर्मा, थाइलैण्ड आदि थेरवादी बौद्धदेशहरूका संघसंस्थाहरूमा अपील निमित्त पत्र पठाए । श्रीलङ्कामा "धर्मोदय सभा" का सचिव भिक्षु अमृतानन्द स्वयं जानुभई त्यससम्बन्धमा त्यहाँका प्रमुख भिक्षुहरूसित सरसल्लाह गर्नुभएको थियो । यसैको फलस्वरूप त्यसबखत श्रीलङ्कामा तत्कालीन नेपालको राणा सरकारको विरोधमा भिक्षु नारद महास्थविरको अध्यक्षतामा एक बृहद् बौद्धसभा भएको थियो । यसको लगतै भिक्षु अमृतानन्दले नारद महास्थविरको नेतृत्वमा एक शिष्टमण्डल नेपाल आइदिनको निमित्त अनुरोध



https://dhamma.digital

गरे तर त्यससम्बन्धी यहाँबाट लेखपढी हुँदा श्री ३ जुद्धसम्सेरको सरकारले "नेपाल आउन सक्छ तर कुनै धर्मदेशना गर्न पाउने छैन" भन्ने प्रत्युत्तरमा आएको कारण भिक्षु नारद महास्थविर नेपाल आउन चाहनुभएन । पछि भिक्षु अमृतानन्दले अनेक प्रकारले सम्झाई बुझाई, वीरपुस्तकालय पनि हेर्ने सुझाव दिई भिक्षु नारद महास्थविरको नेतृत्वमा आफूसहित ५ जनाको एक शिष्टमण्डल सन् १९४६ को अप्रिल १७, (५ बैशाख, २००३ साल) का दिन नेपाल ल्याउन सफल हुनुभयो । ५ जनाको शिष्टमण्डलमा अन्य ३ जना थिए- भिक्षु पियदस्सि, डा. रत्नसर्ऊ र प्रा. आर्यपाल ।

त्यसबेलासम्म नेपालमा श्री ३ पद्मशम्शेर (राज्यकाल-सन् १९४५-४८) को सरकार भइसकेको थियो यद्यपि श्री ३ जुद्धशम्सेर १४ मंसिर २००२ का दिनदेखि राजर्षि भई रिडीमा रहँदै थिए । तसर्थ नारद महास्थविरको नेतृत्वमा नेपाल आएको शिष्टमण्डलले श्री ३ पद्मशम्शेरलाई भेटगर्न जाँदा निष्कासित भिक्षुहरूलाई फर्काउने प्रसंग भिक्षु अमृतानन्दले उठाउनुभएको बेला आफूभरखर प्रधानमन्त्री भएको, जुद्धशम्सेर स्वयम् जीवित रहनाको कारण निष्कासित भिक्षुहरूमा बृद्ध हुनुभएका भिक्षु धर्मालोक स्थविर एकजनालाई मात्र नेपाल फर्कने प्रमांगी दिनुभएको थियो । पछि क्रमशः अन्य भिक्षुहरू पनि काठमाडौं फर्के ।

भिक्षु नारद महास्थविरले आफ्नो पहिलो नेपालयात्रामा नेपालबासीहरूको निमित्त उपहारस्वरूप बुद्धको एक अस्थिधातु लिएर आउनुभएको थियो जुन अस्थिधातु उहाँले श्री ३ पद्मशम्शेरको हातमा सुम्पिने निश्चय गर्नुभएको थियो । श्री ३ पद्मशम्शेरले त्यस अस्थिधातु आनन्दकुटी विहारको भूमि भागमै चैत्य बनाई प्रतिष्ठित गर्न हुकुम दिनुभयो जसअनुसार त्यसै वर्ष (बु. सं. २४९० - वि. सं. २००३ - सन् १९४६) को बैशाख पूर्णिमाको दिन श्रीलंकाबाट आउनुभएका शिष्टमण्डलको सन्मुखमै चैत्यको शिलान्यास कार्य सम्पन्न भएको थियो ।

**२) दोस्रो नेपालयात्रा :**

वि. सं. २००३ साल को बैशाख पूर्णिमाको दिन शिलान्यास भएको आनन्दकुटी विहारस्थित "श्रीलंकाराम चैत्य" दुई वर्षपश्चत्मात्र पूर्ण तयार भएको थियो सो चैत्यको प्रतिष्ठा (समुदघाटन) को निमित्त भिक्षु नारद



https://dhamma.digital

महास्थविरलाई निमन्त्रणा दिइएको थियो । अतः उहाँ दोस्रो नेपालयात्राको रूपमा २९ अप्रिल १९४८ का दिन श्रीलंकाबाट भारत आगमन गर्नुभयो । कलकत्तामा केही दिन रही नारद महास्थविर ५ मई १९४८ का दिन भिक्षु अनिरूद्धका साथ नेपाल आगमन गर्नुभएको थियो । २४९२ औं बुद्धजयन्तीको शुभअवसरमा भिक्षु नारद महास्थविरको प्रमुख आतिथ्यमा श्रीलंकाचैत्यको प्रतिस्था कार्य सम्पन्न गरे । सिर्फ यस पुण्यकार्यको निमित्त नेपाल आउनुभएका उहाँ श्रद्धाबान् दाताहरूको आग्रहमा एक महिना बढी रहनुभएको थियो जसको विवरण उहाँले नेपालबाट फर्कनासाथ श्रीलङ्काको एक प्रमुख साप्ताहिक पत्रिका "सिलुमिण" मा प्रकाशित गरिएको थियो, शीर्षक थियो- "नेपालदेशे बौद्ध कृत्य" । "धर्मोदय" मासिक पत्रिका वर्ष - २, अंक - १ (नवम्बर १९४८) मा प्रकाशित त्यस लेखमा विशेषत निम्न कुराहरू उल्लेख गरिएको स्मरणीय छ- नयाँ प्रधानमन्त्री (३० अप्रिल १९४८ देखि) श्री ३ मोहन-शेरसित भेटघाट गरेको, यटखाबहालमा उहाँ (भिक्षु नारद महास्थविर) को सम्मानमा भव्य नागरिक अभिनन्दन समारोह भएको, श्री ३ बाट बैशाख पूर्णिमाको दिन बौद्ध कर्मचारीहरूलाई बिदाको घोषणा गरेको आदि प्रमुख थिए । यस दोस्रो यात्राकालमा नारद महास्थविरले आनन्दकुटी विहारमा बोधिबृक्षको बिरूवा रोप्नुको साथै सीमागृहको पनि स्थापना गर्नुभएको थियो ।

### ३) **तेस्रो नेपालयात्राः**

भिक्षु नारद महास्थविरको तेस्रो नेपालयात्रा (२४९४ औं) बैशाखमहोत्सवको निमित्त थियो । २३ अप्रिल १९५० का दिन नेपाल आउनुभएका उहाँ ३ हप्ताजति रहनुभई धर्मोपदेशकार्य गर्नुभएको थियो । यसै यात्राकालमा उहाँ बनेपामा सम्पन्न भएको महापरित्राणपाठमा पनि सम्मिलित हुनुभएको थियो ।

### ४) **चौंथो नेपालयात्राः**

भिक्षु नारद महास्थविरको चौंथो नेपालयात्रा सन् १९६१ को मार्च महिनामा भएको थियो । उहाँ ३१ मार्च १९६१ (१९ चैत्र २०१७) का दिन भाजुरत्न साहू (वि. सं. १९४०-२०१३) को पुण्यस्मृतिमा उहाँको परिवारले कान्तिपुरको नःघलस्थित श्रीघःविहारमा सम्पन्न गर्न लागेको



https://dhamma.digital

महापरित्राणपाठमा निमन्त्रित भई आउनुभएको थियो ।

**५) पाँचौं नेपालयात्राः**

भिक्षु नारद महास्थविरको पाँचौं नेपालयात्रा वि. सं. २०२३ सालको जेष्ठ महिनामा सम्पन्न भयो । त्यसताका उहाँ भिक्षु अमृतानन्द महास्थविरले आफूप्रव्रजित (सन् १९३६) भएको ३० वर्ष र उपसम्पन्दा (सन् १९४०) भएको २५ वर्ष पूरा भएको उपलक्ष्यमा आनन्दकुटी विहारमा महापरित्राणपाठमा पनि सम्मिलित हुन भिक्षु नारद महास्थविरको पाँचौं पटकको रूपमा नेपाल आउनुभयो ।

**६) छैठौं नेपालयात्राः**

भिक्षु नारद महास्थविरको छैठौं एवं अन्तिम नेपालयात्रा २०३६ साल (सन् १९७९ - लुम्बिनी वर्ष) को आश्विन-कार्तिक महिनामा भयो । करीब ३ हप्ताको नेपालनिवासकालमा उहाँले आनन्दकुटी विहार, मणिमण्डप विहार, ध्यानकुटी विहार एवं त्रिभुवन विश्वविद्यालयको नेपाल स्टडीज सेन्टरमा पनि जानुभई बुद्धधर्मसम्बन्धी प्रबचन दिनुभएको थियो ।

यस पंक्तिका लेखकले उहाँको प्रथम एवं अन्तिम दर्शन आनन्दकुटी विहारमै १० कार्तिक २०३६ का दिन गर्ने सौभाग्य पाएको थियो । स्मरणीय छ, भिक्षु नारद महास्थविरले आनन्दकुटी विहारमा ७ देखि १८ कार्तिकसम्म "प्रतीत्यसमुत्पाद" विषयमा धर्मदेशना गर्नुभएको थियो । उहाँ ८ नवम्बर १९७९ का दिन शाही नेपाल वायुसेवा निगमको यति विमानबाट श्रीलङ्का फर्कनु भयो ।

यसप्रकार भिक्षु नारद महास्थविरले एशियाका अधिकांश मुलुकहरूमध्ये तथगातको जन्मस्थल रहेको नेपालमा पनि बुद्धधर्म पुनरूत्थान गर्ने कार्यमा सहयोग दिने सौभाग्य पाउनुभएको थियो । एशियामा मात्र होइन यूरोप, अमेरिका एवं अफ्रिकाका देशहरूमा पनि उहाँले बुद्धको सन्देश पुऱ्याउनुभएको थियो । इङ्गलैण्डको केंग्सिङ्गटनस्थित "लण्डन बौद्ध विहार" को समुद्घाटन कार्यमा उहाँ पूर्ण सम्मिलित हुनुको साथै त्यस विहारमा पहिलो आवासिय भिक्षु उहाँनै रहनुभएको थियो । आफ्नो लन्दन निवासकालमा भिक्षु नारद महास्थविरले इङ्गलैण्डबासीहरूलाई बुद्धको



https://dhamma.digital

शान्सिन्देश मैत्री र करूणा, श्रद्धा र प्रज्ञाले परिपूर्ण रहेको कुरा निरन्तर धर्मव्याख्यानमा अवबोध गराउँदै जानुभएको थियो ।

भिक्षु नारद महास्थविरले इङ्गलैण्डमा जस्तै अमेरिकामा पनि आफ्नो प्रभाव जमाउन सफल हुनुभएको थियो । संयुक्त राज्य अमेरिका (United States America) मा धर्मदूतकाय गर्दै रहनुभएको बेला एकपटक उहाँले वासिङ्गटन डी. सी. स्थित "वासिङ्गटन स्मारक" अगाडि उपस्थित जनसमूहलाई बुद्ध र उहाँको धर्म-दर्शनसम्बन्धी व्याख्यान दिनुभएको थियो । शायद यसैको फलस्वरूप वासिङ्गटन डी. सी. मा स्थविरवादी बौद्ध विहारको निर्माण भयो ।

यसप्रकार भिक्षु नारद महास्थविरले देश देशान्तर घुमी मौखिक रूपबाटमात्र धर्मप्रचार गर्नुभएको थिएन आफ्नो कलमबाट पनि त्यतिकै रूपमा प्रचार प्रसार गर्नुभएको थियो । उहाँले देश विदेशका केयौं पत्र-पत्रिकामा पनि रचना लेखि पठाउने गर्नुहुन्थ्यो ।

उहाँका केही अंग्रेजी कृतिहरू-

1. Buddhism in a Nutshell
2. Dhammapada
3. The Buddha and His teachings
4. A manual of Abhidhamma Vol I-III
5. Parents and children
6. Buddhism
7. Heritage of Vietnam
8. Brahma Vihar
9. Facts of life
10. Meaning of life etc.

यसप्रकार अविच्छिन्नरूपमा लिखित एवं मौखिकरूपमा स्वदेश एवं विदेशमा ६ दशक भन्दाबढी समयसम्म घुमफिर गरी बुद्ध-धर्म प्रचार प्रसार गर्नुभएका नारद महास्थविर ८ अक्टोबर १९८३ का दिन ८५ बर्षको उमेरमा आफ्नो जीवन कार्यपूरा गरी यस संसारबाट प्रस्थान गर्नुभयो । उहाँको शबयात्रा एवं अन्त्येष्ठीक्रिया राजकीय सम्मानका साथ कोलम्बोमा



https://dhamma.digital

सम्पन्न गरिएको थियो जसको खबर हामीलाई नेपालको ज्येष्ठ दैनिक पत्रिका “गोरखापत्र” बाट पनि दिएको थियो ।

**– सन्दर्भ –**


१) लुमेके बहपिं - भिक्षु सुदर्शन व दबलकाजी तुलाधर - कयो मयजु तुलाधर, भोटाहिटी, येँ, ने.सं. १११०

२) भिक्षु नारद महास्थविर - ईश्वरमान सिंह, आनन्द भूमि वर्ष - ७, अंक ९ (पौष, २०३६)

३) Narada Felicitation Volume- Piyadassi Thera - Buddhist Publication Society, Kandy, Sri Lanka – 1979


४) आनन्द भूमि वर्ष २३, अंक १०


Dhamma.Digital



https://dhamma.digital

# प्रो. जी. पी. मललशेखर



जन्म : ८ नवम्बर १८९९

दिवंगत : २३ अप्रिल १९७३

२० औं शताब्दीका केही विश्वप्रसिद्ध बौद्ध विद्वानहरूमा प्रो. जी. पी. मललशेखर पनि एक अद्वितीय व्यक्ति हुनुहून्छ । उहाँको जन्म ८ नवम्बर १८९९ का दिन श्रीलंकाको पानदुरास्थित मलामुलाम्स भन्ने स्थानमा भएको थियो । उहाँको बाबा एम. एस. पीरिस र आमा डी. सी. के. जयवर्धनेको तर्फबाट बालकको नाम जर्ज पीरिस (George Pieres) राखिएको थियो । बालक जर्ज पीरिसले आफ्नो प्रारम्भिक र माध्यमिक शिक्षा सन् १९०६-१७ भित्रमा पान्दुराकै St. John's College मा पाउनुभयो । यही सेन्ट जोन्स कलेजमा उहाँले आफ्नो बाबाको प्रेरणाबाट अंग्रेजी र फ्रेन्च भाषाको पनि अध्ययन गर्नुभएको थियो । युवावस्थामा नहुँदै उहाँले पाश्चात्य ढंगको आफ्नो नाम बदली जी. पी. कै रूपमा गुणपाल पियसेन राखिएको थियो । उहाँको बाबा एम. एस. पीरिस एक आयुर्वेदिक चिकित्सक मात्र थिएन संस्कृत, पाली र सिंहलीभाषाका विद्वान पनि थिए । अतः उहाँले गुणपाल पियसेनलाई पनि एक महान् प्राच्यविद् बनाउने हेतु पूर्वीय र पश्चिमीभाषाको अध्ययन गराउन लगाएको थियो । बाबाले छोरालाई एक चिकित्सक पनि गराउने हेतु केही कोशिश गरेको थियो तर शुरूदेखि संस्कृत एवं पालीभाषामा दिलचस्पी बढाउँदै लगेको एवं शैक्षिक क्षेत्रमा विशेष अभिरूचि राखेबापत जर्ज पीरिस (गुणपाल पियसेन) भावी एक चिकित्सक नभई एक ख्यातिप्राप्त प्रोफेसर हुन गयो ।

सन् १९१७ मा मेडिकल कलेजमा भर्ना हुनुभएका जी. पी. मलालशेखरले सन् १९१९ मा लन्डन विश्वविद्यालयको तर्फबाट बी.ए. उत्तीर्ण हुनुभएको थियो । बी.ए. उत्तीर्ण हुनासाथ उहाँ (जर्ज पीरिस) केही



https://dhamma.digital

समयको निमित्त आफ्नो जन्मस्थान मलामुलामा जानुभएको थियो जहाँ उहाँले सर्वप्रथम ग्रामीण जनताहरूको निमित्त एक बौद्ध स्कूलको स्थापना गर्नुभएको थियो । यस स्कूलमा उहाँले संस्कृत, पाली र सिंहल आदि भाषाको पनि अध्यापनको व्यवस्था गर्नुभएको थियो ।

वर्षदिन जति आफ्नो जन्मस्थान मलामुलामा बिताइसकेपछि उहाँ कोलम्बो फर्कनुभयो र आफ्नो योग्यताअनुरूप आनन्द महाविद्यालय (कलेज) मा सहायक अध्यापक नियुक्त हुनुभयो । दुई वर्षको अध्यापन कार्यपछि उहाँले सन् १९२३ मा उच्च शिक्षाको निमित्त लन्डनमा अध्ययन गर्न जाने सुअवसर प्राप्त गर्नुभयो ।

पुरा दुई वर्षको लण्डन निवासकालभित्रै उहाँले एम. ए. र पी. एच. डी. उपाधि हासिल गरेका थिए । यसभन्दा पहिले लन्डन निवासकालमा गुणपाल पियसेन मलालशेखरले पालीसाहित्यका प्रकाण्ड पण्डित मिसेज करोलीनफोली रीस डाय्विड्स (सन् १८५८-१९४२) को छत्रछायामा रहने अवसर पनि पाएको थियो जसको बारेमा उहाँले आफ्नो पी. एच. डी. को निमित्त तयार पारिएको शोधग्रन्थ "The Pali Literature of Ceylon" को भूमिकामा उल्लेख गर्नुभएको छ -

"I have no words sufficient to convey my heartfelt gratitude to my Acariya, Mrs. Rhys Davids, but for whom this work would never have been seen the light of day . The two years I spent in London as her "antevasika" have been one of the happiest periods of my life, and I am indebted to her.

(“मेरी हृदयदेखिकी चिरपरिचित श्रीमती आचारिया श्रीमती रीस डाय्विड्स, जसले मेरो कार्य (शोधग्रन्थ) दिनमा देखिने असमर्थ स्थितीमा पुगिसकेका थिए, को गुण प्रकट गर्ने त्यस्तो कुनै उचित शब्द नै थिएन । मेरो दुई वर्षको लन्डन बसाइमा, जब म उहाँको अन्तेवासीक भइदिएको थिए । जुन मेरो जीवनको एक प्रमुख आनन्ददायी समय थियो र म उहाँप्रति सदा ऋणी हुनेछु ।)

डा. जी. पी. मलालशेखर लन्डनबाट फर्कनुभई केही समय नालन्दा कलेजको प्रिन्सिपल हुनुभएको थियो । यसको केही महीनापछि नै सन्



https://dhamma.digital

१९२७ मा उहाँ Ceylon University College को प्रोफेसर नियुक्त हुनुभयो । उहाँको अध्यापनको विषय सिंहली, पाली र संस्कृत साहित्य थियो ।

सन् १९३५ मा उहांलाई लन्डन विश्वविद्यालयले D. Litt. को उपाधि प्रदान गरेको थियो । यस उपाधि उहांलाई "Dictionary of Pali Proper Names" नामक दुई खण्ड भएकै विशाल ग्रन्थ लेखेबापत प्रदान गरेको थियो । यस ग्रन्थको पहिलो संस्करण सन् १९३७ मा सम्पन्न गरिएको थियो यस ग्रन्थको समर्पण पनि उहांले तीनै पाली पण्डित मिसेज रीस डायविडसलाई नै गर्नुभएको थियो । शब्द यसप्रकारका छन-

"TO MY TEACHER AND FOR MORE THAN TEACHER CAROLINE A F. RHYS DAVIDS IN REVERENT AFFECTION AND INTENSE GRATITUDE"

सन् १९४२ DFF Ceylon University College University of Ceylon को रूपमा परिणत भएपछि उहांको कार्यभार पनि बढ्यो, उहांलाई प्राच्य विभागको प्रमुख पद (Dean- The faculty of Oriental Studies) प्रदान गऱ्यो । यस पदमा पनि उहां पुरा १५ वर्ष रहनुभएको थियो । यसप्रकार उहांले पुरा तीन दशक (सन् १९२४-५७) सम्म विश्वविद्यालयमा अध्ययन कार्य गर्नुभएको थियो ।

यस अवधिभित्रमा नै उहांले २५ मई १९५० का दिन श्रीलंकाको कोलम्बोमा एक यस्तो वृहद् बौद्ध समुदायको भेला आयोजना गरिएको थियो जुन भेलामा बुद्धधर्मका तीनै निकाय (महायान, बज्रयान एवं थेरवाद) समर्पित २७ राष्ट्रका प्रतिनिधिहरू सम्मिलित भएका थिए । यस अन्तराष्ट्रिय बौद्ध भेलाको प्रमुख लक्ष्य विश्वमा विशेषतः दोस्रो विश्वयुद्ध (सन् १९३९-४५) को परिणाम (विभत्स नरसंहार) बाट त्रसित शान्तिप्रेमी विश्वभरका बौद्ध समूदायहरूको बीच एकआपसमा सरसल्लाह गरी एक अन्तराष्ट्रिय संस्था (संगठन) निर्माण गरी विश्वमा बुद्धको शान्तिसन्देश व्यापकरूपमा प्रचार प्रसार गर्नुभयो । लक्ष्यअनुरूप २५ मई १९५० को त्यस भेलाले एक संगठन तयार गरियो । संस्थाको नाम "The World Fellowship of Buddhists" राखियो अर्थात् "विश्व बौद्ध भातृत्व संघ" कहलाइयो । यस सम्मेलन २५ मई देखि नै शूरू भएको मानियो जून ६ जुनसम्म सम्पन्न भएको थियो ।



https://dhamma.digital

यस सम्मेलनमा नेपालको तर्फबाट भिक्षु अमृतानन्द महास्थविर (वि. सं. १९७५-२०४७) र साहु मणिहर्ष ज्योति कंसाकार (वि. सं. १९७४-२०४९) ले प्रतिनिधित्व गरेका थिए ।

शुरूमा यस संस्थाले दुई - दुई वर्षको फरक गरी विश्व बौद्ध सम्मेलन गर्दै आएको थियो जसअनुसार पहिलो श्रीलंकामा भयो र दोस्रो जापानमा । तेस्रो बर्मामा सम्पन्न गरियो त चौथो बूद्धको आफ्नै मातृभूमि नेपालमा सम्पन्न गर्ने मौका "धर्मोदय सभा" लाई प्राप्त भयो जुन सभाको स्थापना नेपालमा बुद्धधर्म प्रचार प्रसारार्थ हेतु सारनाथमा ३१ अक्टोबर १९४४ (कार्त्तिक पुर्णिमा, बू. सं. २४८८) का दिन भएको थियो । यस सभाले "विश्व बौद्ध भातृत्व संघ" को चौथो विश्व बौद्ध सम्मेलन १५ - २१ नवम्बर १९५६ सम्म सम्पन्न गर्ने अवसर प्राप्त गऱ्यो । यस चतुर्थ विश्व बौद्ध सम्मेलनमा उद्घोषक स्वयम् संघका संस्थापक अध्यक्ष प्रो. डा. जी. पी. मलालशेखर नै हुनुभएको थियो । भारतका संविधान निर्माता बाबा भीमराव अम्बेडकर (सन् १८९१-१९५६) लगायत विश्वका कयौं ख्यातिप्राप्त बौद्ध विद्वान एवं नेताहरू यस सम्मेलनमा उपस्थिति भएबाट यस सम्मेलन भव्यरूपमा सफल भएको स्वतः अनुमान गर्न सकिन्छ ।

यसको ठीक वर्षदिनपछि सन् १९५७ मा डा. जी. पी. मलालशेखरको जीवनमा देशसेवा गर्ने बदलियो, उहांलाई श्रीलंका सरकारले ४ वर्ष (सन् १९५७-१९६१) को निमित्त रूसलगायत चेकोस्लाभाकिया, पोल्याण्ड, रूमानियाका राजदूतको रूपमा नियुक्त गरियो । पछि क्रमशः क्यानडा (सन् १९६१-१९६३) र ब्रिटेनको (सन् १९६३-१९६७) पनि राजदूत गरिपठाएको थियो ।

विश्वमा शान्ति कामनार्थ अन्तराष्ट्रिय बौद्ध संगठन निर्माणका अगुवाई गर्नुभएको डा. मलालशेखर जब राजदूतकार्यमा नियुक्त हुनुभयो तब उहाँलाई कुशल राजनीतिज्ञको रूपमा मात्र परिचित गराउन मौका मिलेको थिएन बुद्ध शासनिक कार्यमा पनि थप योगदान गर्ने सुअवसर प्राप्त भएको थियो । उहाँले देश विदेशका कैयौं उच्चपदस्थ अधिकारीहरूलाई यस धर्मबारे परिचित गराईशासनिक कार्यमा पनि सरिक गराउनुभएको थियो ।

उहाँ ब्रिटेन (इङ्गलैण्ड) मा राजदूतको रूपमा रहनुभएको बेलामै उहाँकै बिशेष प्रयासमा सर्वप्रथम बुद्धको पवित्र अस्थिधातु एशियाबाहिर



https://dhamma.digital

पुऱ्याइयो । श्रीलंकाको मिहितलेस्थित त्यस अस्थिधातु तत्कालीन प्रधानमनत्री श्रीमती बन्दार नायिकाकै हातबाट १३ अक्टोबर १९६४ का दिन लण्डन पुऱ्याइएको थियो । श्रीलंकाका बौद्धहरूको तर्फबाट ब्रिटेनका बौद्धहरूलाई प्रदान गरेको त्यस पवित्र उपहार लन्डनमा स्तूप निर्माणको निमित्त लगेको थियो । त्यसबेला उक्त अस्थिधातु लण्डनको चिसविक (Chiswick) स्थित बौद्ध विहारमा प्रतिष्ठित गराइएको थियो ।

लण्डनको कार्यकालअवधि (सन् १९६३-६७) भित्रमा उहाँले Buddhist Society of London एवं Pali Text Society मा पनि सरिक भई कैयौं साहित्यिक कार्य एवं व्याख्यान पनि दिँदै जानुभएको थियो । उहाँ विभिन्न देशका राजदूतको रूपमा रहनुभए तापनि विभिन्न अन्तराष्ट्रिय संघ संस्थाहरूको कार्यभार पनि सम्पन्न गर्दै सन् १९५० देखि १९५८ सम्म "The World Fellowship of Buddhists" का संस्थापक अध्यक्षको कार्यभार वहन गर्नुभएको थियो त श्रीलंका स्थित All Ceylon Buddhist Congress (A.C.B.C.) को स्थापनाकाल (सन् १९२९) देखिका हितैषीको हैसियतमा अटूरूपमा सरसल्लाह दिँदै आउनुभएको थियो । उहाँ यस संस्थामा सन् १९३७-३९ सम्म दुई वर्ष उपाध्यक्ष पदमा रहनुभएको थियो त सन् १९३९ देखि १९५७ सम्म १८ वर्ष अध्यक्षपदमा रही बेजोड भूमिका निभाउनुभएको थियो । यसै A.C.B.C. को अध्यक्षपदमा रहनुभएको परिणामस्वरूप नै उहाँले W.F.B. (विश्व बौद्ध भातृत्व संघ) को स्थापना गर्न सफल हुनुभयो । यसै पदमा उहाँ पुनः १९६८ देखि जीवनपर्यन्त रहनुभएको थियो । यसको अतिरिक्त उहाँ अन्य अन्तराष्ट्रिय संगठन U.N.O, UNESCO, R. A. S. (Royal Asiatic Society) आदिमा पनि सम्मिलित भई श्रीलंकाको प्रतिनिधित्व एवं बुद्धधर्मको पनि प्रतिनिधित्व गरी विभिन्न सभा सम्मेलनहरूमा भाग लिँदै आएको थियो ।

जीवनको अन्ततिर सन् १९६७ देखि सन् १९७१ सम्म उहाँलाई श्रीलंका सरकारले आफ्नो देशको शिक्षा विभागका प्रमुख पद दिई शैक्षिक क्षेत्रमा उहाँको देनलाई अविस्मरणीय गराउने मौका प्रदान गरेको थियो । शैक्षिक क्षेत्रमा उहाँको कार्यकाल अवधिलाई "स्वर्णकाल" समेत मानिएको छ ।

बुद्धधर्म क्षेत्रमा पनि उहाँको योगदान कहिल्यै बिर्सन नसकिने (अविस्मरणीय) स्थितिमा रहेको छ । बुद्धको मध्यममार्गलाई व्यापक प्रचार



https://dhamma.digital

प्रसार उहाँले एकतर्फीले मात्र गर्नुभएको थिएन आफ्नो जीवनको तृतीयांश भाग यस धर्मको प्रचारार्थ उहाँ विश्वका कैयौं मुलुकहरूमा पुग्नुभई व्याख्यान दिंदै आउनुभएको थियो । पाली, संस्कृत, सिंहली, प्राकृत, हिन्दी, ल्याटिन, ग्रीक, अंग्रेजी, फ्रेन्च, रसियन र जर्मन आदि कैयौं भाषाका ज्ञाता प्रो. डा. मलालशेखरले विशेषतः पाली र अंग्रेजी भाषामा अत्यधिक कार्य गर्नुभएको थियो । उहाँले पाली ग्रन्थहरूको सम्पादन कार्यमा "पाली टेक्सटसोसाइटी" लाई मात्र मद्दत गर्नुभएको थिएन पाली ग्रन्थका अनेकौं टीकाहरूको अनुवाद एवं प्रकाशनमा पनि यथेष्ट योगदान दिनुभएको थियो । यसको अतिरिक्त बु४धर्मको परिचय दिन स-साना पुस्तकहरू पनि लेख्नुभएको थियो त कैयौं राष्ट्रिय एवं अन्तराष्ट्रिय पत्र-पत्रिकाहरूमा पनि उहाँका सयौं अनुसन्धानात्मक लेखहरू छापिएका थिए ।

सन् १९५५ देखि उहाँले बौद्ध विश्वकोष (The Encyclopaedia of Buddhism) को निर्माणमा प्रधान सम्पादक भई अटूट रूपमा कार्य गर्दै आउनुभएको थियो र उहाँले अंग्रेजीमा यसको १२ भागमात्र प्रकासित गर्न पाउनुभयो ।

अफशोच ! २३ अप्रिल १९७३ का दिन रातको ८.४५ बजे उहाँले केही दिनको बिमारीबाट श्रीलंकाको एक प्राइभेट नर्सिङ्ग होममा सदाको निमित्त आफ्नो शरीर त्याग्नुभयो । यसको ठीक ३ दिनपछि २६ अप्रिल १९७३ बृहस्पितिवारका दिनको ३.०० बजे उहाँको शवयात्रा प्रारम्भ भयो र अग्नि संस्कारकार्य सम्पन्न भयो ।

## – सन्दर्भ –


१) विश्व बौद्ध भातृत्व संघ : एक परिचय - स्वस्तिरत्न शाक्य, धर्मोदय सभा, २५३०

२) Buddha – Marga – Vesak Annual, 2526-1982

३) Tribute to Malalasekera – Nemsiri - Mr. Mrs. C. P. Jaya........ Colombo-6


४) रजतजयन्ती स्मारिका - बौद्ध संघ परिवार, बु. सं. २५४०




https://dhamma.digital

# भदन्त ऊ शोभन महास्थविर

## (महासी सयादो)



**जन्म : २९ जुलाई १९०४**

**दिवंगत : १४ अगस्ट १९८२**

२० औं शताब्दीमा बुद्धधर्मको व्यापक प्रचार-प्रसार गर्ने महानुभावहरूमा विपस्सना भावनाका सुप्रसिद्ध ध्यानगुरू महोपकारक अग्गमहापण्डित भदन्त ऊ सोभन महास्थविर (महासी सयादो) पनि एक प्रमुख हुनुहुन्छ ।

विपस्सना भावनाअन्तर्गत विशेषतः सत्तिपट्ठान भावनालाई विश्वमा बेजोडरूपमा प्रचार-प्रसार गर्नुभएका उहाँ २९ जुलाई १९०४ का दिन बाबा ऊ कान वा (U. Kan Htaw) र आमा डा स्वे ओक (Daw Rhwe Oak) का माहिला पुत्रको रूपमा जन्मेका थिए । उहाँको परिवार बर्माको उत्तरी भूभाग स्वेबो (Shwebo) को सैखुन (Seikkhun) नामक गाउँमा भएको थियो जुन गाउँ स्वेबो नगरबाट ७ माइल पश्चिममा अवस्थित थियो ।

६ वर्षको उमेरमा गाउँकै एक विहारमा विद्या अध्ययन शुरू गर्नुभएका उहाँले १२ वर्षको उमेरमा प्रव्रजित भई "श्रामणेर सोभन" हुनुभएको थियो । २६ नवम्बर १९२३ का दिन २० वर्षको उमेरमै उपसम्पन्न भई "भिक्षु शोभन" हुनुभएको थियो ।

भिक्षु शोभन उपसम्पन्न हुनुभएको ४ वर्षपछि बुद्धधर्मसम्बन्धी विस्तृत अध्ययनार्थ माण्डले प्रस्थान गर्नुभएको थियो जहाँ उहाँले कैयौं प्रतिष्ठित बौद्धभिक्षुहरूको तर्फबाट शिक्षा हासिल गर्दै जानुभएको थियो । उहाँ माण्डलेबाट पुनः बौद्धग्रन्थहरूको अध्ययनार्थ मोलमिन जानुभयो- यो उहाँको उपसम्पदाको पाँचौं वर्षको कुरा हो ।



https://dhamma.digital

भिक्षु ऊ सोभन उपसम्पदाको आठों वर्ष (सन् १९३१) मा मोलमिनबाट बुद्धधर्मको आध्यात्मिकपक्ष ध्यान-भावनातर्फ पनि लाग्ने आशयले एक मित्रका साथ अन्यत्र जानुभयो । उहाँहरूले थातोन भन्ने (मोलमिनबाट उत्तरी भाग) ठाउँमा भदन्त ऊ नारद नामक एक सुप्रसिद्ध ध्यानगुरूसित सम्पर्क राख्नुभयो । उहाँको छत्रछायामा रही भिक्षु ऊ सोभनले उहाँको विशेष पद्धतिअनुरूप सतिपट्ठानभावनामा विशेष प्रगति गर्दै जानुभयो । फलस्वरूप केही वर्षको अवधिमै उहाँले ध्यान-भावनाका आचार्य पद प्राप्त गर्नुभयो ।

यद्यपि उहाँले आफ्नै तर्फबाट ध्यानशिविर सन् १९३८ देखि मात्र शुरू गर्नुभएको थियो । उहाँले सबभन्दा पहिले शुरू गर्नुभएको ध्यानशिविर सिर्फ ३ जनाको थियो - त्यो पनि आफ्नै जन्मस्थान सैखुनमा र सहभागी आफ्नै नातेदार भाइहरू थिए । त्यसपश्चात् एकैचोटि त्यही गाउँका ५ण जना व्यक्तिहरू विपस्सनाका साधक हुन आए ।

भिक्षु ऊ सोभनले आफ्नो तर्फबाट ध्यानशिविर संचालन गर्न तत्सम्बन्धी पूरा ५/६ वर्ष मोलमिनस्थित “ताङ्ग-वैङ्ग-गाले-तैक-क्वाङ्ग” नामक विहारमा रही प्रशस्त बोद्धग्रन्थहरू अध्ययन गरिसक्नुभएको थियो । अतः उहाँ ग्रन्थधुर बनिसक्नुभएको थियो, पछि उहाँ विपस्सनाधुरमा पनि पारंगत हुनुभयो ।

मोलमिनको उपयुक्त विहारबाट थातोनमा आएको वर्षदिन नहुँदै मोलमिनस्थित उक्त विहारका गुरूवरको निकै अस्वस्थताको खबर आएको कारण उहाँ तुरन्तै मोलमिन फर्के । उहाँ मोलमिन पुगनुभएको ७ दिनबाद नै गुरूबरले आफ्नो देहलीला समाप्त गरेको थियो । त्यसताका दोस्रो विश्वयुद्धबाट केही असर नपरेका ठाउँहरूमा सैखुन गाउँ पनि एक थियो । उक्त गुरूवरका शिष्यहरूमा भिक्षु ऊ सोभन नै प्रमुख शिष्य एवं जेष्ठ पनि हुनाको कारण उक्त विहारका सम्पूर्ण अभिभारा उहाँलाई नै सुम्पे ।

भिक्षु ऊ सोभनले सत्तिपट्ठान ध्यान-भावनाको प्रचार-प्रसार गर्दै जानुको साथै देशले पाली सम्बन्धी लिएको परीक्षामा पनि समावेश हुनुभयो र उत्तीर्ण हुनासाथ सन् १९४१ मा उहाँलाई “सासनधज सिरि पावर धम्माचारिय” नामक उपाधि प्रदान गर्नुभयो ।

त्यसताका बर्मामा पनि विश्वयुद्धको प्रभावअनुरूप जापानी सेनाको



https://dhamma.digital

आक्रमणको चोट सहनुपरेको थियो । त्यहाँ पनि बमबारीका साथ आक्रमणको कारण गृहस्थहरू मात्र होइन असंख्य भिक्षु समुदायहरूलाई पनि सुरक्षार्थ आ-आफ्नो विहार छोडेर अन्यत्र जानुपरेको थियो । त्यही क्रममा भिक्षु ऊ सोभन पनि मोलमिनस्थित “ताङ्ग-वैङ्ग-गाले-तैक-क्वाङ्ग” विहार छोडी आफ्नै जन्मस्थान सैखुन जानुभएको थियो । सैखुनवासीहरूको निमित्त यो सुवर्ण अवसर थियो कि आफ्नै जन्मस्थानका ध्यानाचार्यबाट सत्तिपट्ठान विपस्सना ध्यानलाई निरन्तर अभ्यास गर्दै जान पाइयो ।

भिक्षु ऊ सोभन सैखुन गाउँको “महासी क्वाङ्ग” नामक विहारमा रहनुभएको थियो । बर्मीजहरूको अर्थअनुसार पनि महा को अर्थ ठूलो र सी को अर्थ नगाडा (बजाउने) थियो अर्थात् ठूलो नगाडा भएको विहार । सो विहारको नामबाटै भिक्षु ऊ सोभनको नामपछि “महासो सयादो” को रूपमा नै बढी प्रचार-प्रसार हुँदै आयो ।

त्यसै युद्धताका (सन् १९३९-४५) भित्रमा भदन्त महासो सयादो सत्तिपट्ठान विपस्सनाको निमित्त अतिउपयुक्त "The Method of Vipassana Meditation" नामक एक विशाल ग्रन्थ सिर्फ ७ महिनाको अवधिमा लेख्नुभएको थियो । पूरा ९५० पेज भएको सो ग्रन्थ दुई खण्ड गरी प्रकाशित गरिएको थियो ।

यसप्रकार भदन्त महासी सयादोको ध्यान पद्धति र उहाँको "The Method of Vipassana Meditation" कृतिबाट उहाँको ख्याति चारैतिर फैलियो । त्यसताका बर्माका एक सुप्रसिद्ध कुशल राजनीतिज्ञ सर ऊ. थ्वीन पनि उहाँदेखि निकै प्रभावित थिए, जो बुद्धधर्मका अनन्य भक्त पनि थिए, ले महासी सयादोलाई रंगूनमा आमन्त्रण गरी विपस्सना ध्यान एवं तत्सम्बन्धी उपदेश एवं निर्देशन दिन गाउने विचार गरे ।

यस धर्मकार्य सम्पन्न गर्नको निमित्त सर ऊ. थ्वीनले रंगूनमा “बुद्ध शासनागृह समिति” नामक संस्था १३ नवम्बर १९४७ का दिन स्थापना गरे । बु४धर्मको परियत्ति र प्रतिपत्ति शासन (क्षैत्र) जोडदार रूपमा प्रचार र पालन गराउन सर ऊ. थ्वीनले विशेष्तः प्रतिपत्तिलाई नै बढी जोड दिने हेतु एक ध्यानकेन्द्र स्थापनार्थ ६ सिम्बर १९४८ का दिन ५ विघा जमीन पनि सोको निमित्त प्रदान गरिएको थियो । सो ठाउँ - कोकिने, रंगूनमा “सासना याइता” (बुद्धशासनध्यानाश्रम) नामक ध्यानकेन्द्र पनि स्थापना



https://dhamma.digital

गरिहाले । जहाँ हालसम्मा २० विघा जमीन पनि ओगटी ध्यानकेन्द्रको निमित्त आवश्यक भवनहरू तयार भइसकेकाछन् ।

भदन्त महासी सयादोलाई रंगूनमा आमन्त्रण गरी विपश्यना आधार पद्धतिलाई निर्देशन गराउनमा सर ऊ. थ्वीनको मात्र लक्ष्य थिएन तत्कालीन बर्माको प्रधानमन्त्री ऊ. नु. को पनि पूर्ण सहमति थियो ।

भदन्त महासी सयादोले रंगूनको "शासना याइता" मा सर्वप्रथम ४ डिसम्बर १९४९ का दिन २५ जना साधकहरू सम्मिलित गराईसतिपट्ठान ध्यानशिविर संचालन शुभारम्भ गर्नुभएको थियो । उहाँ रंगून आउनुभई ध्यानशिविर शुरू गर्नुभएको केही वर्षपछि नै बर्माभरिमा सतिपट्ठान ध्यानकेन्द्रहरू स्थापना हुदै गए । यो क्रम बर्मामा मात्र होइन बर्मानजदिक रहेको थेरवादी राष्ट्र श्रीलङ्का र थाइलैण्डमा पनि स्थापना हुदै गए ।

सन् १९७२ मा सतिपट्ठान ध्यान भावनाका साधकहरू ७ लाखभन्दा बढी भइसकेको थियो । एशियाको अतिरिक्त यूरोपका अधिकांश मुलुकहरूमा पनि उहाँको ध्यान पद्धतिको प्रचार हुँदै गएको थियो ।

भदन्त ऊ सोभन "शासना याइता" मा आउनुभएको केही वर्षपछि नै सन् १९५२ (बर्मी सम्बत् - १३१३) मा बर्मासरकारले उहाँलाई "अग्गमहापण्डित" को उपाधि प्रदान गरेको थियो । उहाँले "अग्गमहापण्डित" उपाधि हासिल गर्नुभएको दुई वर्षपछि नै रंगूनको महापासान गुफामा ऐतिहासिक छट्ठ संगायना उहाँकै प्रधानतामा शुरू भएको थियो सो संगायना १७ मई १९५४ (बैशाख पूर्णिमा, २४९८ बु. सं.) का दिन उद्घाटन गरिएको थियो ।

बु. सं. २४९८ को बैशाख पूर्णिमाका दिनदेखि शुरू भई पूरा दुई वर्ष बिताई ४ वटा सन्निपात पूर्ण गरी (बु. सं. २५०० सम्ममा) समापन गरिएको त्यस संगायनामा प्रमुख भूमिका भदन्त महासी सयादो र त्रिपिटकाचार्य भदन्त विचित्तसाराभिवंशले निभाएका थिए । अर्थात् यस छट्ठ संगीतिका प्रश्नकर्ता महासी सयादो र उत्तरकर्ता विचित्तसाराभिवंश महास्थविर थिए । उहाँहरू दुबैमा पनि विशेषतः अग्गमहापण्डित भदन्त महासी सयादोको देन प्रमुख थियो । उहाँ छट्ठ संगीतिका पुच्छक मात्र थिएन संगीति पश्चातका तमाम त्रिपिटक ग्रन्थ एवं यसका अट्ठकथाहरूको प्रमुख विशुद्धकको रूपमा संरक्षण र सम्बर्द्धनमा पनि उहाँ प्रमुख रहनुभएको थियो ।



https://dhamma.digital

छट्ठ संगायना सम्पन्न गर्न वा तयारीको निमित्त उहाँले सिर्फ बर्माका विभिन्न क्षेत्रहरूमा मात्र चारिका गर्नुभएको थिएन बर्माको अतिरिक्त श्रीलङ्का, थाइलैण्ड, कम्बोडिया, भियतनामसम्म पनि जानुभई स्थानीय प्रमुख थेरवादी आचार्यहरूसित सरसल्लाहका साथ निम्तो पनि दिइ आउनुभएको थियो ।

सन् १९५६ मा छट्ठ संगायना सम्पन्न भएपश्चात् संगायनाताका (सन् १९५५ मा) जापानबाट बर्मा आउनुभएका १२ जापानी भिक्षुहरूको विशेष अनुरोधमा भदन्त महासी सयादोले जापानमा स्थविरवाद बुद्धधर्म प्रचाप्रसारार्थ सन् १९५७ मा बुद्धशासन काउन्सिल, बर्माको तर्फबाट ९-१० जना प्रमुख भिक्षुहरू सम्मिलित भई एक जमात धर्मदूत मण्डल जापान गएको थियो जसमा अग्गमहापण्डित महासी सयादो प्रमुख थिए । धर्मदूत मण्डलले जापानको प्रमुख नगरहरूमा पुगी जापानी जनताहरूलाई यस धर्ममा प्रभावित पारी फर्केको थियो ।

भदन्त महासी सयादोले जापान भ्रमणपश्चाते एक यस्तो ग्रन्थको सम्पादन एवं अनुवाद कार्यमा लाग्नुभयो जुन ग्रन्थ स्थविरवादी बौद्ध जगत् मा अति महत्वपूर्ण थियो त्यो हो- ४ औं शताब्दीका आचार्य बुद्धघोषको “विशुद्धिमार्ग” ग्रन्थ । दुई खण्डमा विभाजित यस ग्रन्थको रोमनलिपिमा सम्पादन कार्य हार्वड विश्वविद्यालय (Harward University) का एक प्रोफेसर हेनरी क्लार्क वारेन (Henry Clarke Warren) ले योजना गरेको थियो । उहाँको आशयअनुरूप त्यो कार्य उहाँको जीवनकाल (निधन-सन् १८९९) मा पूर्ण हुन सकेन । त्यो कार्य भारतकै एक पाली प्रोफेसर आचार्य धर्मानन्द कोशाम्बी (सन् १८६७-१९४७) ले चार पटकको अमेरिका गमनपश्चात् मात्र पूर्णभएको थियो । सन् १९२७ मा सम्पादन कार्य पूर्णभएको त्यस ग्रन्थ अनुवादसहित सन् १९५० मा मात्र प्रकाशनमा आएको थियो । यसैको बर्मी अनुवाद भदन्त महासी सयादोले गर्नुभएको थियो ।

यसप्रकार महासी सयादोले विश्वभरमा सतिपट्ठानभावनाको प्रचार-प्रसारको साथै यसको निमित्त निर्देशनको रूपमा रहेका ग्रन्थहरूको पनि रचना एवं प्रकाशन गर्दै जानुभएको थियो ।

सतिपट्ठानभावनाको प्रचार-प्रसारकै दौरानमा सन् १९५७ तिर सिंहली सरकारको निमन्त्रणामा भदन्त महासी सयादोले आफ्नै एक प्रमुख शिष्य



https://dhamma.digital

जो कम्मस्थानाचार्य थिए आचार्य भदन्त सुजातको नेतृत्वमा ३ जनाको एक ध्यानगुरूसमूह श्रीलङ्कामा पठाउनुभएको थियो । उहाँहरूको तर्फबाट कोलम्बोमा एक दायिका Mrs. Nissanka को तर्फबाट ध्यानकेन्द्र तयार भएपश्चात् सन् १९५९ मा भदन्त महासी सयादो उक्त ध्यानकेन्द्र "यमुना" अवलोकन गर्न पुग्नुभएको थियो । उहाँको आगमनपश्चात् श्रीलङ्कामा पुनः साधकहरूको वृद्धि भयो । उहाँ एवं उहाँको भ्रमणदल केही दिनको निमित्त मात्र श्रीलङ्का पुग्नुभएको थियो । उहाँहरूको प्रमुख लक्ष्य तथागतका संवेजनीय स्थलहरूको अवलोवनार्थ भारत जानु थियो । तसर्थ उहाँहरू केही दिनपश्चात् नै कलकत्ता पुग्नुभयो । कलकत्ताबाट बुद्धगया पुग्नुभएका उहाँहरूले सेनानी ग्रामको साथै नैरञ्जना नदीको पनि अवलोकन गरी राजर्गह प्रस्थान गरेको थियो । राजगृहबाट नालन्दा विश्वविद्यालयको प्राचीन अवशेषको दृश्यावलकोन गरी सारनाथ पुगे । सारनाथबाट कुशीनगर, लुम्बिनी, श्रावस्ती, लखनऊ, आग्रा हुँदै दिल्ली पुग्नुभयो । त्यसको भोलिपल्टै परराष्ट्र मन्त्रालयमा उहाँका भेटवार्ता भारतका प्रधानमन्त्री पं. जवाहरलाल नेहरूसित भएको थियो । यस्तै सोही दिन राष्ट्रपति राजेन्द्रप्रसादले पनि विनम्रतापूर्वक उहाँसित भेटवार्ता गर्न आउनुभएको थियो । त्यसदिनको बेलुका बर्मीदूतावासमा "विपस्सना ध्यान" सम्बन्धी व्याख्यानको कार्यक्रम राखेको थियो त त्यसको भोलिपल्ट उपराष्ट्रपति डा. सर्वपल्ली राधाकृष्णसित भेटवार्ता गर्नुभएको थियो । यसप्रकार नयाँ दिल्लीमा केही दिनको बसाइमा भदन्त महासी सयादोले पूर्ण समय तालिका बनाई बिताउनुभएको थियो ।

नयाँ दिल्लीबाट उहाँ साँची, अजन्ता गुफाको अवलोकनपश्चात् बम्बई पुग्नुभयो । बम्बईमा "महाबोधि सभा" को तर्फबाट विपस्सनासम्बन्धी एक व्याख्यान कार्यको आयोजना गरिएको थियो । बम्बईबाट मद्रास पुगी प्राचीन थेरवादी आचार्यहरूमा बुद्धघोष, धर्मपाल र अनिरूद्धहरूले निवास गरेर जानुभएको कान्चीपुरम् जुन मद्रासबाट ४५ माइलमा अवस्थित थियो, को पनि अवलोकनार्थ जानुभएको थियो । त्यसपछि मद्रासबाट उहाँहरू वायुयानबाट श्रीलङ्का जानुभयो- यो सन् १९५९ को कुरा हो ।

भदन्त महासी सयादोले सन् १९७९ र १९८० मा गरी दुइपटक धर्मप्रचारकै दौरानमा एशिया र यूरोपको भ्रमण गर्नुभएको थियो । त्यसपश्चात् उहाँले नेपाल र भारतको भ्रमण सन् १९८१ मा सम्पन्न गर्नुभएको थियो । नेपालमा उहाँ लुम्बिनी विकास समितिको विशेष निमन्त्रणामा अन्य २ जना



https://dhamma.digital

कर्मस्थानाचार्य एवं ५ जना उपासिकाहरू साथलिई नेपालको यात्रा गर्न आउनुभएको थियो । उहाँको सम्मानमा आनन्दकुटी विहारगुठी, आनन्दकुटी दायकसभा र स्वयम्भू ज्ञानमाला भजनमण्डलको संयुक्त आयोजनामा आनन्दकुटी विहारमा भव्यरूपमा स्वागत समारोह गरिएको थियो । त्यस्तै उक्त दिन (१३ फागुन २०३७) मै धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी र धर्मकीर्ति विहारको उपासकोपासिकाहरूको संयुक्त आयोजनमा र धर्मकीर्ति विहारमा पनि स्वागत समारोह गरिएको थियो सो क्रम बनेपाको ध्यानकुटी विहार, गणमहाविहार, पाटनको शाक्यसिंह विहार र सुमंगलविहारको साथै नागबहालमा पनि स्थानीय जनताहरूद्वारा भव्यरूपमा स्वागतसमारोह सम्पन्न गरिएको थियो ।

स्मरणीय छ, भदन्त महासी सयादोको आज्ञानुसार उहाँको भाषान्तर गर्न बेलायतमा बुद्धधर्म प्रचारार्थ गइरहनुभएका नेपाली भिक्षु ज्ञानपूर्णिक उहाँको साथै काठमाडौं आउनुभई उहाँको कार्यक्रम (धर्मयात्रा) सकिएपछि पुनः वहीँ फर्कनुभयो ।

हर्षको कुरा हो- अग्गमहापण्डित भदन्त महासी सयादोका केही प्रमुख ग्रन्थहरूको अनुवाद नेपालभाषामा भिक्षु ज्ञानपूर्णिक “धममाचरिय” ले गरी श्रद्धालु दाताहरूबाट प्रकाशित पनि भइसकेका छन् । ती पुस्तकहरूमा विश्व-धर्म प्रचार देशना (बु. सं. २५२४-२५), वम्मिक सुत्त (बु. सं. २५२८), संक्षिप्त भावनाविधि ((बु. सं. २५२९), महास्मृतिप्रस्थानसूत्र पाली शब्दार्थ, अभिप्रायः (बु. सं. २५३२), तथागतया अमूल्य उपदेश (बु. सं. २५३३), महान् सल्लेख सूत्रोपदेश (बु. सं. २५३४-३५) अहिलेसम्ममा प्रकाशित पुस्तकहरू हुन् ।

भदन्त महासी सयादोका ग्रन्थहरू नेपालभाषामा अनुवादको रूपमा रहनुभएका भिक्षु ज्ञानपूर्णिकको दक्षतालाई लिएर “वम्मिक सुत्त” को भूमिकाको दौरानमा भिक्षु सुदर्शन महास्थविर भन्नुहुन्छ-

“विपस्सना विधि थुइकाबीगु कथंया “वम्मिक सुत्त” देशनाया थुगु सफू भाषान्तर जूसां ब्वनेबलय् यइपुसे च्वं, थुलिसे सिचुसे च्वं । बर्मीभाषाया भाषारस दुने च्वंगु धर्मरस नेपालभाषाय् मतक हे वयाच्वंगु दु थें पत्याः तया छाय्धाःसा छखें बर्मीभाषा व नेपालभाषाया स्वापू दु- मेखें अनुवादक निगू भाषाय् नं दक्षता दुह्म । थुलिजक मखु, अनुवादक जुयाबिंज्याकह्म भन्ते



https://dhamma.digital

वसपोल परम्पूज्य महासी सयादोया सान्निध्यय् च्वनाबिज्याये धुंकूम्ह लिसें तःगूमछिं विपस्सनासम्बन्धी व्याख्यानया भाषानुवादक नं जुयाबिज्याये धुंकुम्ह जुयाः थ्व थम्भीर रसया सफू रस दयेक हे अनुवाद जुयाच्वंगु जुल ।"

(विपस्सना विधि बुझाइदिने अनुरूपको "वम्मिक सुत्त" देशनाको यो पुस्तक भाषान्तर भए तापनि पढदा रमाइलो छ, अति नै शितल छ । बर्मीभाषाको भाषारसभित्र रहेको धर्मरस नेपालभाषामा आइरहेकोझैं मैले विश्वास गरेको छु । किनकि एकातिर बर्मीभाषा र नेपालभाषाको सम्बन्ध छ अर्कोतिर अनुवादक दुबै भाषामा पनि दक्षता भएको हुनुहुन्छ । यति मात्र होइन, अनुवादक हुनुभएको भन्ते उहाँ परमपूज्य महासी सयादोको सानिध्ययमा बसिसक्नुभएको साथै धेरै जस्तो विपस्सना सम्बन्धी व्याख्यानको भावानुवादक पनि भइसक्नुभएको हुनाले यो गम्भीर रसको पुस्तक रसयुक्त नै अनुवाद भएको छ ।

यसप्रकार बर्माका सुप्रसिद्ध ध्यानगुरू भदन्त महासी सयादोका कृतिहरू बर्मामै अध्ययन गरी "धम्माचरिय" उपाधि हासिल गरेर आउनुभएका भिक्षु ज्ञानपूर्णिक महास्थविरको अनुकम्पाबाट विशेषतः हामी नेपालभाषा-भाषीहरूअति लाभान्वित भएका छौं ।

भदन्त महासी सयादोको कृति अध्ययन मनन गर्नमा र उहाँद्वारा प्रचार-प्रसार भएको सतिपट्ठान ध्यान भावनाका साधकहरू वृद्धि गर्नमा बु. सं. २५२४ मा उहाँले गर्नुभएको नेपाल यात्राबाट पनि बढी टेवा मिल्न गएको आभास भएको छ । उहाँको दर्शनले प्रत्येक श्रद्धालुहरू अति प्रसन्न थिए कारण बर्माका भिक्षुमहासंघले उहाँलाई क्लेशमुक्त (अर्हत) व्यक्तिको रूपमा स्वीकारेका छन् । यसबारे त्यसताका उहाँसित बौद्धतीर्थयात्रा सम्पन्न गर्नुभएका भिक्षु अश्वघोष महास्थविरले पनि उल्लेख गर्नुभएको छ -

"महासी सयादोनाप लुम्बिनी, कुशीनगर, श्रावस्ती, सारनाथ, बोधगया, राजगृह, नालन्दा दर्शन याये खंगु अहोभाग्य सम्झय् जुया । वसपोलयाके छुं प्रकारया क्लेश पिजो धैगु मखना । अल्छि धैगु छपति हे मखना । थःगु दिनचर्या ध्यानभावना व चंक्रमण ज्वीगु भावना आदि ज्या नियमितरूप जुयाच्वं । वसपोलया पाखें मेपिन्त ज्या मछिनीगु थमज्वीमा धइथें न्ह्याबलें साबधान व सजग जू । धात्थें ध्यान बल्लाह्म खः धइगु मतिइ वन । वसपोलनापया थुगु यात्रा जिगु लागी छगू ज्ञानयात्रा जूवन, थ्व



https://dhamma.digital

जिगुलागी सन्तोषया खँ खः ।"

(महासी सयादोसंग लुम्बिनी, कुशीनगर, श्रावस्ती, सारनाथ, बोधगया, राजगृह, नालन्दा दर्शन गर्नपाउनु अहोभाग्य सम्झिएँ । उहाँसंग कुनै प्रकारको क्लेश अभिव्यक्त भएको देखिन । अल्छि भनेको एकरति पनि देखिन । आफ्नो दिनचर्या ध्यानभावना र चंक्रमण गर्ने भरवला आदि काममा नियमित भइरहन्थ्यो । उहाँको तर्फबाट अरूलाई बाधा हुने नहोस् भन्नेझैं सदा सावधान र सजग हुनुहुन्थ्यो । साँच्चैकै ध्यानी हुनुहुन्छ भन्ने निर्णय गरें । उहाँसंगको यो यात्रा मेरो लागि एउटा ज्ञानयात्रा हुनगयो, यो मेरो लागि सन्तोषको कुरा हो ।)

अफशोच ! दोस्रो पटक उहाँको दर्शन गर्ने सौभाग्य हामीलाई प्राप्त भएन । उहाँ नेपाल र भारत यात्रा समाप्त गरी बर्मा फर्कनुभएको डेढवर्षपछि नै १४ अगस्ट १९८२ का दिन एक्कासी हृदयघाटबाट उहाँले सदाको निमित्त यस संसारलाई त्याग्नुभयो । उहाँको शवलाई हप्ता दिनसम्म श्रद्धालुहरूको दर्शनार्थ राखिसकेपछि २० अगस्ट १९८२ का दिन "सासना-याइता" सिथत उहाँको आवासस्थल (विहार) बाट उहाँको शवयात्रा प्रारम्भ गरियो, शायद उहाँको आसयअनुरूप उहाँको दाहसंस्कार सर्वसाधारण रूपमा क्यान्डा सेमेट्री (Kyandaw Cemetery) मा सम्पन्न गरियो ।

**– सन्दर्भ –**


१) Thoughts on the Dhamma- Ven Mahasi Sayadaw - Buddhist Publication Society, Kandy, Sri Lanka – 1983

२) Biography of Mahasi Sayadaw

३) महासी सयादोका नेपालभाषामा अनूदित विभिन्न ग्रन्थहरू

४) महासी सयादोनाप तीर्थयात्रा - भिक्षु अश्वघोष महास्थविर

५) "धर्मोदय" दँ - ७, ल्या ५१/५२, (वि. सं. २०४०, ई.सं. १९८३)

६) "आनन्द भूमि", वर्ष - २४, अंक १०-११, (माघ - फागुण, २०५३)




https://dhamma.digital

# भिक्षु ऊ. चन्द्रमणि महास्थविर



**जन्म : जून १८७६**
**दिवंगत : ८ मई १९७२**

नेपालको प्रायः जसो भिक्षु एवं अनागारिकाहरूका जन्मदाता ऊ. चन्द्रमणि महास्थविर, नेपालमा स्थविरवाद बुद्ध-धर्म प्रचार-प्रसार गर्न योगदान दिनुभएका विदेशी विद्वान्हरू मध्ये प्रमुख हुनुहुन्छ ।

वहाँको जन्म सन् १८७६ को जून (जेष्ठ) महिनामा बर्माको अराकान प्रदेशमा भएको थियो । वहाँका पिता ऊ. च्वङ मौ तथा माता दो. अवङयेका जेष्ठ सुपुत्र हुनुहुन्छ । अतः बर्माको रीति अनुसार वहाँहरूले आफ्नो पुत्रको नाममा ऊ. जोडी "सवाङ ऊ." नामकरण गर्नुभएको थियो ।

बालक सावाङ ऊ. को प्रारम्भिक शिक्षा ७ वर्षको उमेरदेखि शुरू भयो । वहाँलाई आफ्नो गाउँ 'पौ-पङ-ग्वाङ्' बाट ३ माइल टाढा रहेको 'रूपच्छौं' नामक गाउँको 'चौङ' नामक विहारमा शिक्षार्थ भर्ना गरिएको थियो । प्रायः जसो बौद्ध विहारहरू नै श्रीलंका, बर्मा, थाईलैण्ड आदि बौद्ध देशहरूमा बालकहरूको प्रारम्भिक शिक्षाकेन्द्र हुन्थ्यो ।

सावाङ ऊ. ले पनि त्यस 'चौङ' विहारका प्रमुख महास्थविर समक्ष रही वर्णमालालाई, परित्तसुत्त, कच्चायनव्याकरण आदिको अध्ययन पूर्ण गर्नुभएको थियो ।

त्यसपछि वहाँ १० वर्षको उमेरमा प्रव्रजित जीवन बिताइरहनु भएका आफ्ना काका ऊ. चन्द्रिमा कहाँ अध्ययनको निमित्त जानुभयो । ऊ. चन्द्रिमा १५ वर्षसम्म माण्डलेमा रही त्रिपिटक अध्ययन गरी सकेका भिक्षु थिए । सन् १८८६ मा त्यसबेलालाई बर्माको राजधानी रहेको माण्डलेमा



https://dhamma.digital

अंग्रेजहरूले अधिकार गरेको कारण त्यस शहरलाई छोडी वहाँ अक्याव (चित्वेमों) आउनुभएको थियो । अक्यावमा रहनुभई उहाँले आफ्ना भतिजा साबाङ ऊ. लाई विशेषरूपमा बौद्ध साहित्यको अध्ययन गराउनुभएको थियो ।

बौद्ध देशको नियमानुसार प्रत्येक परिवारमा रहेका सुपुत्रहरूले केही दिनको निमित्त भएपनि प्रव्रज्या जीवन बिताउने गर्दछन् । तसर्थ सावाङ ऊ. ले पनि प्रव्रजित हुने बिचार गर्नुभयो । वहाँ भिक्षु ऊ. चन्दिमा कहाँ रहनुभई विशेष रूपमा नै बुद्धोपदेश हासिल गरेको कारण केही दिनको लागि मात्र नरही आजीवन श्रमण-धर्म पालन गर्ने अभिप्रायले सन् १८८८ मा काका ऊ. चन्दिमा समक्ष प्रार्थना गर्नुभयो ।

“भन्ते ! यस काषायवस्त्र दिनुभई मलाई संसारको दुःखबाट मुक्त हुन, निर्वाणलाई साक्षात्कार गर्न चाँडै प्रव्रज्या दिनुहोस् ।”

वहाँको यस आकांक्षालालई ऊ. चन्दिमाले पूरा गरिदिनुभयो । प्रव्रज्या पश्चात् वहाँको नाम श्रामणेर रूपमा ‘चन्दा’ राखियो, जुन पछि गएर ऊ. चद्रमणिको नामले सुविख्यात हुनुभयो ।

तीक्ष्ण प्रतिभाशाली हुनुभएका श्रामणेर चन्दाले प्रव्रज्या पश्चात झन् अध्ययनमा तीब्रता ल्याउनु भयो। वहाँले कच्चायन व्याकरण अभिधानपदीपिका, अभिधम्मत्थसंगहो आदि पाली ग्रन्थ कण्ठस्थ गर्नुभयो । यसको साथै वहाँले अन्य विशेष बर्मी पाठ्य-पुस्तकहरू पनि अध्ययन गर्नुभएको थियो ।

सन् १८९१ मा “महाबोधि-सभा” को स्थापना पछि त्यसको प्रचार-प्रसार एवं संगठनको सिलसिलामा अनागारिक धर्मपाल (सन् १८६४-१९३३) र कर्णेल हेनरी स्टील अल्कोट (सन् १८३२-१९०७) बर्माको आराकानमा पनि पुग्नु भएको थियो । त्यसबेला वहाँहरूले ऊ. चन्दिमालाई भेट्नुभई भारतको निम्ति एक सुयोग्य धर्म प्रचारकको आवश्यकता भइरहेको कुरा बताउनु भएको थियो । ऊ. चन्दिमाले यसको निमित्त श्रामणर चन्दालाई उपयुक्त ठान्नुभयो र वहाँको साथै सूरिय नामक अन्य एकजना श्रामणेरलाई पनि भारत पठाउने बन्दोबस्त गर्नुभयो जस अनुसार सन् १८९१ मै श्रामणेर चन्दा र सूरिय (चन्द्र र सूर्य) भारतमा धर्म प्रचारार्थ आराकानबाट भारत प्रस्थान गर्नुभयो । यसको खबर बर्माको दैनिक पत्रले समेत दिएको थियो ।



https://dhamma.digital

वहाँहरूले आराकानबाट कलकत्ता पुग्नुभई अनागारिक धर्मपाललाई भेट्नु भयो । धर्मपालले वहाँहरूलाई बुद्धगयामा रहन प्रबन्ध गर्नुभयो । त्यसबेला बुद्धगयामा बर्माका अन्तिम राजा थीबोले बनाइ दिएको एउटा विहार (धर्मशाला) थियो जसमा श्रीलंकाका चन्द्रज्योति महास्थविर रहनु भएको थियो। श्रामणेर चन्दा र सूरियलाई पनि वहाँको साथै त्यही धर्मशालमा प्रबन्ध गरिदिइएको थियो। त्यसबेला बुद्धगया मन्दिरको दुर्दशा बडो दयनीय थियो । बौद्धहरूको अधीनमा हुनुपर्ने 'बुद्धगया मन्दिर' 'बुद्ध' शब्द नै सुन्न नचाहने हिन्दु महतहरूको हातमा परिरहेको थियो। बुद्धगयाको एक माइल आसपाससम्म टुट-फूट बुद्ध मूर्तिहरू छरिएका थिए । बुद्धगयाका सम्पूर्ण मूल्यबान चिजहरू महन्तको घरमा सजाइएका थिए । अशोक-स्तम्भका टुक्रा एवं रेलिङ्गहरू समेत महन्तको घर निर्माणमा प्रयोग गरि सकिएको थियो ।

यतिले मात्र सन्तोष भएको थिएन। ती महन्तहरूले यस्तो धारणा पनि प्रचार गरिराखेका थिए कि जो कोहीले मन्दिरमा बुद्ध मूर्ति देखियो भन्ने त्यसको प्रायश्चित गर्नुपर्नेछ। जसले आँखा बन्द गरी फर्केर बुद्ध मूर्तितर्फ कुनै न कुनै चीजले हान्ने गरेमा प्रायश्चित्बाट मुक्त हुने रामवाण (औषधी) पनि यिनीहरूले नै दिइराखेका थिए।

अतः विहान सबेरै बुद्ध-पूजा गर्न आउने बेलामा श्रामणेर चन्दा र सूरियले अघिल्लाई दिनको ईंटा-ढुंगा आदि चीजहरू एक एक टोकरी फ्याँक्न समय दिनु पर्दथ्यो।

यस्तो ठाउँलाई बौद्धहरूको अधिकारमा ल्याउन अनगारिक धर्मपालले मानसिक र शारीरिक रूपमा निकै यातना सहनु परेको थियो। तैपनि वहाँले आफ्नो जीवन कालमा त्यो समस्यालाई सुल्भाउन सकेनन्। बल्ल भारतको स्वतन्त्रता पछि सन् १९५३ मा विहार प्रदेशमा मुख्य मन्त्रीद्वारा मन्दिरलाई सार्वजनिक घोषित गरी एउटा समितिको अधिकारमा हस्तान्तरण गरियो ।

श्रामणेर चन्दा र सूरिय बुद्धगयामा यस्तै नित्य-कार्य गरिरहेको बेला एक दिन बर्माका केही श्रद्धालु ब्यक्तिहरू बुद्धगया दर्शन गर्न आए । तिनीहरू कुशीनगर (तथागतको परिनिर्माण स्थल) पनि जाने कार्यक्रम भएकोले वहाँहरूलाई पनि आउन आग्रह गरियो। उपासकहरूको आग्रहलाई



https://dhamma.digital

स्वीकार गरी श्रामणेर चन्दा र सूरिय पनि पहिलो पटक कुशीनगरको दर्शन गर्न जानु भयो ।

त्यसबेला कुशीनगर सिर्फ खण्डहरको रूपमा थियो । केही मात्र खुदाई (उत्खनन्) भइसकेको थियो जसबाट परिनिर्वाण मूर्ति सहित मन्दिर र ध्वंसित परिनिर्वाण स्तूप प्रकाशमा आइसकेको थियो । कुशीनगरमा पुग्नासाथै श्रामणेर चन्दाको हृदयमा अगाध श्रद्धा उत्पन्न भएको थियो । जब वहाँ परिनिर्वाण मन्दिर भित्र जानुभई तथागतको परिनिर्वाण मूर्ति देख्नुभयो, तब वहाँ अतीतको स्मरण गरी शोकाकुल हुनुभयो । मनमा अनेक कुरा (भाव) उठाई बुद्धगया फर्कनुभयो ।

जब बुद्धगया पुग्नुभयो, वहाँहरूले विहार (धर्मशाला) मा तालाबन्द देखियो याने त्यहाँ चन्द्रज्योति महास्थविर थिएनन् । धर्मशाला पुलिसहरूको रेखदेखमा छोडिएको थियो । पुलिस इन्स्पेक्टरको तर्फबाट वहाँहरूले थाहा पाए कि गत राती केही गुण्डाहरू आई धर्मशाला घेरी विहारमा रहनुभएका नव आगन्तुक भिक्षु सुमंगल र चन्द्रज्योति महास्थविरलाई निकै यातना र्दि जसुबाट भिक्षु सुमंगलको टाउको फुटेकोले गया अस्पतालमा लगिएको थियो ।

यस्तो खबर सुन्नासाथ विशेषतः चन्दा श्रामणेरको मन निकै चिन्तित र व्याकुल हुन गयो । तत्कालै वहाँहरू गया अस्पतालमा जानुभई चन्द्रज्योति महास्थविरलाई भेट्नुभयो । वहाँबाट स्पष्ट रूपमा जानकारी भयो कि बुद्धगयामा कुनै पनि बौद्ध भिक्षु रही बुद्धगया मन्दिरमा केही उद्धार कार्य गर्न खोज्नु महन्तलाई सह्राहनीय थिएन । अतः उसले केही गुण्डाहरू पठाई मारपीट गराएको थियो । चोरहरू आएको भन्नलाई केही चोरेर लगेको थिएन ।

सन् १८९२ को फरवरी महिनामा घटेको त्यस काण्डको खबर अनागारिक धर्मपालले थाहा पाउनासाथ वहाँ तुरून्तै गया आउनुभयो र वहाँहरूलाई गयामै एउटा घर भाडामा लिई सबै प्रबन्ध गरिदिनुभयो । तैपनि श्रामणेर चन्दाको मनमा शान्ति थिएन । सबै प्रबन्ध बाबजूद पनि वहाँ गयामा रहन चाहेन अतः वहाँ कलकत्ता आउनुभइ त्यहीं सबै प्रबन्ध मिलाईदिनुभयो ।



https://dhamma.digital

सन् १८९३ मा अनागारिक धर्मपाललाइ शिकागो (अमेरिका) मा हुन लागेको 'सर्व धर्म सम्मेलन' मा बुद्ध धर्मको प्रतिनिधित्व गर्न निमन्त्रणा आएको थियो। तसर्थ वहाँले "महाबोधि-सभा" का सम्पूर्ण कार्यभार श्रामणेर चन्दालाई सुम्पी अमेरिका प्रस्थान गर्नुभएको थियो । त्यस कार्यभारलाई वहन गर्नुका साथ-साथै श्रामणेर चन्दाले आफ्नो अध्ययनमा पनि प्रगति गर्दै लग्नुभएको थियो। तर वहाँलाई कलकत्तामा रहँदा पनि कहिलेकाहीं उदासिन भाव आउँथ्यो । त्यसैले वहाँले सन् १८९४ मा अनागारिक धर्मपाल 'सर्व धर्म' सम्मेलनबाट फर्कनु भएपछि आराकान जाने इच्छा ब्यक्त गर्नुभयो । धर्मपालको नामञ्जुरीबाट नै श्रामणेर चन्दा आराकान (बर्मा) फर्कनु भयो ।

आराकानमा रहेर पनि वहाँलाई शान्ति भएन । जुन अखबारले बुद्धधर्म प्रचार-प्रसार गर्न भारत प्रस्थान गरेको बेला प्रशंसा छापेको थियो त्यही अखबारले वहाँको निन्दा एवं आलोचना पनि छाप्यो, त्यसकारण वहाँलाई आफ्नो अधूरो कार्यले गर्दा लज्जा र संकोच हुन लाग्यो। अखवारमा निन्दा एवं आलोचनाको छपाइबाट वहाँलाई नयाँ प्रेरणा मिल्यो। वहाँले दृढ निश्चय गर्नु भयो कि पुनः भारतमा गई धर्मप्रचारका निमित्त जस्तो सुकै समस्या आएपनि सामना गर्दै जाने प्रतिज्ञा गर्नुभयो ।

वर्ष दिन पछि वहाँले आफ्नो मनसाय (अभिलाषा) गुरूलाई सुनाउनु भयो । त्यसबेला सम्म अराकानमा स्थापित भएको "महाबोधि-सभा" भंग भइसकेको थियो। जुन सभाद्वारा वहाँहरूको सन् १८९१ को भारत गमनमा मार्गव्यय गरेको थियो। अतः श्रामणेर चन्दाले अक्याव नगरका धनी परिवार हरूसित सहायता माग्न जानुभयो । वहाँले आशा गर्नुभयो कि कुनै एक परिवारले नै वहाँको मार्ग व्ययको समस्या समाधान हुने छ तर लज्जाको कुरा सिर्फ ५।- रूपैयाँ मात्र प्राप्त भयो। "मरता क्या न करता" भने जस्तै वहाँ अन्य घरहरूसित सहायता माग्न जानुभयो प्रत्येक घरहरूबाट सिर्फ ५/५ रूपियाँमात्र प्राप्त हुन गई जम्मा रू. २५।- जम्मा हुन आयो। यो कुरा विहारका दाताहरूले सुनी खुब हाँस्नु भयो र वहाँहरूले अन्य ६०।- रूपियाँ पनि जम्मा गरिदिए पनि कुल ८५।- रूपियाँ जम्मा भयो ।

वहाँ भारत जान अराकानबाट चटगाउँ आउनुभयो र चटगाउँबाट कलकत्ता । यसपटक वहाँ कलकत्ता महाबोधि सभामा रहनुको सट्टा एक



https://dhamma.digital

अन्य धर्मशालामा रहनुभयो । त्यहाँ भिक्षाटनको भरोसाबाट जीविका गर्दै रहनुभयो । यसै बेला (सन् १८९५) वहाँले कलकत्तामा गत शताब्दि (१९ औं शताब्दी) उत्तरका प्रथम भारतीय भिक्षु महावीर महास्थविरलाई एक बर्मी परिवारको घरमा भेट्नुभयो । श्रामणेर चन्दाको विषय भिक्षु महावीरलाई वहाँकै एक शिष्यबाट परिचय दिई राखिसकेको थियो अतः श्रामणेर चन्दालाई देख्नासाथै महावीर महास्थविरले 'आओ बच्चा ! आओ बच्चा !!" भन्दै प्रेम पूर्वक स्वागत गर्नु भएको थियो । भिक्षु महावीर महास्थविर ऊ. चन्दिमासित पनि परिचित व्यक्ति थिए र त्यसै कारणले वहाँहरूको सम्पर्क घनिष्ठ हुन गएको थियो । त्यसै बेलादेखि महावीर महास्थविरले श्रामणेर चन्दालाई आफ्नो उत्तराधिकारीको रूपमा कुशीनगरमा राखी भारतमा बुद्ध धर्मको प्रचार-प्रसार गराउने मनसायले वहाँको अध्ययनको पूरा बन्दोबस्त गर्नुभयो ।

श्रामणेर चन्दालाई संस्कृत, पालि, बंगाली, हिन्दी आदिको पूर्ण ज्ञान दिलाउन भिक्षु महावीरले कलकत्ता कलेज स्क्वायरमा रहनुभएका जीवानन्द विद्यासागर र संस्कृति कलेजका प्रमुख गोविन्द शास्त्री कहाँ पढाइको प्रबन्ध गरिदिनु भएको थियो ।

केही समयपछि भिक्षु महावीर गांजीपुर आउनु भयो । वहाँले श्रामणेर चन्दालाई पनि साथ लिए आउनु भएको थियो । गांजीपुरको 'गहमर' भन्ने गाउँमा एक प्राचीन पद्धतिको संस्कृत पाठशाला थियो । त्यहाँका आचार्य पं. जानकिराम कहाँ श्रामणेर चन्दालाई अध्ययनको प्रबन्ध गरिदिनु भयो । त्यसबेला वहाँको अन्नदाता खेजारी बाबु रहनु भएको थियो ।

त्यसको केही वर्षपछि पण्डित जानकिरामको निधन हुन गएको कारणले श्रामणेर चन्दा गहमर छोडी सन् १८९८ मा कुशीनगर आउनु भयो । त्यसबेला कुशीनगरमा भिक्षु महावीर महास्थविरले यात्रीहरू रहन एउटा विहारको निर्माण कार्य शुरू गरिरहनु भएको थियो । यसमा श्रामणेर चन्दाले पनि साथ दिनुभयो । विशेषतः यस विहार कलकत्तामा रहनु भएका दायक सेठ खेजारी बाबुको सहायताबाट सन् १९०२ मा तयार भयो, यो नै वर्तमान शताब्दिको पहिलो भारतीय बौद्ध विहार थियो ।

सन् १८९९ मा भिक्षु महावीरले पुनः श्रामणेर चन्दालाई अध्ययनको



https://dhamma.digital

निमित्त बर्मा पठाउनु भयो। बर्माको मोलमिन नगरमा केही दिन रहनुभई वहाँ मोलमिन नगरबाट अलि टाढा परेको “कदो कोन्हा” नामक स्थानको एउटा विहारमा रहनुभयो । त्यस विहारका आचार्य महास्थविर ऊ. सागरसमक्ष रहनुभई वहाँले त्रिपिटक साहित्य अध्ययन गर्नुभयो। अध्ययनकै सिलसिलामा वहाँ माण्डलेमा पनि केही महिना रहनु भएको थियो ।

सम्पूर्ण पालि साहित्य एवं बौद्ध दर्शनको अध्ययन पश्चात् वहाँ उप-सम्पन्न हुनेतर्फ लाग्नु भयो । यसको निमित्त वहाँ दायक खेजारी बाबुका साथ रंगूनबाट चटगाउँ आउनु भयो । चटगाउँबाट रोमू (पांवा) भन्ने स्थानमा पुग्नुभयो। जहाँ सन् १९०३ को माघ पूर्णिमाक दिन खेजारी बाबुको जेष्ठ पुत्रको प्रव्रज्या र श्रामणेर चन्दाको उप-सम्पदाकार्य सम्पन्न भयो । उप-सम्पदापछि वहाँको नाम ‘ऊ. चन्द्रमणि’ भयो । त्यस बखत उपाध्याय वहाँका स्वयं काका ऊ. चन्दिमा नै रहनुभएको थियो ।

उप-सम्पदापछि भिक्षु चन्द्रमणि कुशीनगर आउनुभयो। कुशीनगरमा २ वर्षजति बिताउनुभई पुनः एक पटक वहाँ भिक्षु महावीर महास्थविरको आज्ञा लिई बर्मा जानुभयो । मोलमिनको बैजयन्त महाविहारमा एक वर्ष वर्षावास बिताउनु भइ वहाँ कुशीनगर फर्कनुभयो, त्यसबेला देखि जीवनको अन्त्यसम्म वहाँ कुशीनगर कै भिक्षु भई रहनुभयो ।

त्यसबेला बुद्धको परिनिर्वाण मूर्ति एवं मन्दिर ब्राम्हणहरूको हातमा परिरहेको थियो। यसको विरोधमा ऊ. चन्द्रमणिले इङ्गलैण्डसम्म पत्र व्यवहार गर्नुभएको थियो। यसैको निमित्त एकचोटि इङ्गलैण्ड पनि जानुभएको थियो। जसको फलस्वरूप सन् १९०४ देखि परिनिर्वाण मूर्ति एवं मन्दिर (विहार) बौद्धहरूको अधिकारमा रहन आएको थियो ।

त्यसबेला भारतमा बौद्ध साहित्य नगण्य (शून्य) रूपमा थियो । पहिलो धम्मपदको हिन्दी अनुवाद ऊ. चन्द्रमणिले नै गर्नुभई सन् १९०९ मा प्रकाशित गर्नुभएको थियो । यसको अतिरिक्त वहाँले महासतिपट्ठानसुत्त, धम्मचक्कपवत्तनसुत्त, अनत्तलक्खणसुत्त, संगीतिसुत्त, सिंगालोवादसुत्त, वसलसुत्त र महापरिनिब्बानसुत्त आदि ग्रन्थहरू हिन्दी भाषामा अनुवाद गरी भारत वासीहरूलाई बुद्ध धर्मको अध्ययन सुपाठ्य गरिदिनु भएको थियो । वहाँले सरलरूपमा भगवान् बुद्धको जीवन चरित्र पनि हिन्दीमा लेख्नुभएको थियो ।



https://dhamma.digital

कुशीनगरमा वहाँले गरेर जानुभएको प्रमुख देनहरूमा "बुद्ध जयन्ती महोत्सव" पनि एउटा थियो जुन जयन्ती उत्सवमा मात्र सीमित नरही मेलाईको रूपमा नै सन् १९२४ को बैशाख-पूर्णिमा देखि शुरू गर्नुभएको थियो। बुद्ध जयन्तीका दिनदेखि महिना दिनसम्म हुने त्यस मेला जुन अहिले सम्म यथावत् रहँदै आएको छ को फलस्वरूप वहाँको जन-सम्पर्क निकै बढ्न गएको थियो।

त्यसबेला कुशीनगरमा कुनै एउटा प्राइमरी स्कूलसम्म पनि थिएन यसको कारण कुशीनगरवासीहरू अशिक्षित हुनाको कारण पूरा अन्धविश्वासमा डुबिरहेका थिए। यहाँ सम्म कि ऊ. चन्द्रमणि महास्थविरले एउटा कुँवा (इनार) निर्माण गर्नुभएको थियो, त्यसको विवाह वा अर्को एउटा कुवाको निर्माण गरिदिएन भनेर सारा ग्रामवासीहरू कुपित भएको थिए। ती ग्रामवासीहरूलाई बल्ल-तल्ल शान्तपूर्वक सम्झाउन सफल हुनु भएको थियो कि निर्जीव वस्तु (कुवा) को विवाह गराउनु ठूलो मूर्खता हो। यसको साथ साथै शुरू-शुरूमा श्रद्धालु केही कुशीनगर वासीहरूलाई प्रव्रजित गर्नुभएको बेलामा पनि वहाँले तिनीहरूको विरोध सहनु परेको थियो। अशिक्षित हुनाको कारण नै अन्धविश्वास (अज्ञानता) को बृद्धि भएको कुरा महशुस गर्नु भई त्यसताका कुशीनगरमा आइरहनु भएका सिंहलीका एक श्रद्धालु व्यक्ति "एम. ए. पीरीस", जो पछि भिक्षु श्रद्धानन्द हुनुभएको थियो को मद्दत लिई एउटा निःशुल्क पाठशाला सन् १९९२ मा स्थापना गर्नुभयो, जुन स्कूललाई श्रद्धालु एम.ए. पीरीसको आग्रहमा "चन्द्रमणि निःशुल्क पाठशाला" भनी नामाकरण गर्नुभएको थियो। यस पाठशालाको निमित्त भारतमा धर्मप्रचार गर्न आउनु भएका बर्मी भिक्षु ऊ. कित्तिमा (सन् १९०३-१९८७) र बाबा राघवदास (सन् १८९५-१९५६) को विशेष प्रयत्नमा सन् १९४२ मा सेठयुगुल किशोर विडलाको तर्फबाट पाठशाला भवन तयार गर्नु भएको थियो।

सन् १९३६ मा ऊ. चन्द्रमणि महास्थविरले २ तल्ले गरी एउटा सीमा भवन पनि तयार गराउनु भएको थियो जसबाट श्रामणेरहरूलाई उप-सम्पन्न हुन तथागतको परिनिर्वाण स्थल छोडी अन्यत्र जान नपर्ने भयो।

यसरी धर्मप्रचारका साथ-साथै कुशीनगर एवं आसपासका ग्रामीण जनताहरूलाई शिक्षाको प्रबन्ध पनि दिँदै जानुको फलस्वरूप वहाँलाई धम-



https://dhamma.digital

प्रचारार्थ आफ्नो गृहस्थ जीवन परित्याग गरी प्रव्रजित जीवन बिताउने केही महानुभावहरू प्रार्दुभाव भयो जसमा भिक्षु धर्मरक्षित र भिक्षु अच्युतानन्दको नाम प्रमुख हुन आउँछ । वहाँहरूको अतिरिक्त भिक्षु जिनानन्द, भिक्षु सत्यानन्द, भिक्षु विजयानन्द, विशुद्धानन्द र प्रज्ञावंश आदि पनि वहाँका भारतीय शिष्यहरू हुन् ।

वहाँका विदेशी शिष्यहरूमा भिक्षु संघरक्षित पनि एक प्रमुख हुनुहुन्छ। सन् १९२५ को अगस्त महिनामा लण्डनमा जन्मनु भएका वहाँ बुद्धका तीर्थस्थलहरूको सिर्फ वर्णन पढेर मात्र सन्तोष नभई प्रत्यक्ष अवलोकन गर्ने मनसाय लिई २३ अगस्त १९४४ (आफ्नो १९ औं जन्मदिनको ३ दिन अगाडि) को दिन भारतको लागि लण्डनबाट प्रस्थान हुनुभएको थियो । वहाँ भारतका विभिन्न ठाउँहरूमा अन्य धर्महरूको पनि गवेषणा गर्दै बनारस पुग्नुभएको थियो । बनारसको काशी हिन्दू विश्वविद्यालयमा भिक्षु जगदीश काश्यप (सन् १९०८-१९७६) लाई भेट्नुभई आफ्नो प्रव्रजित जीवन बिताउने मनसाय व्यक्त गर्नुभएको थियो । भिक्षु जगदीश काश्यपले वहाँलाई कुशीनगरमा गई ऊ. चन्द्रमणि महास्थविर समक्ष प्रव्रजित हुने सल्लाह दिनुभयो जस अनुसार वहाँ कुशीनगर पुग्नुभई १२ मई १९४९ का दिन, बिहान ९ बजे ऊ. चन्द्रमणि महास्थविरको आचार्यत्वमा 'श्रामणेर संघरक्षित' हुनुभएको थियो । पछि आएर वहाँ महायान, थेरवाद र वज्रयान तीनै यानका सु-प्रसिद्ध विद्वान् भिक्षु हुनुभयो ।

महापण्डित राहुल साँकृत्यायन (सन् १८९३-१९६३) र भद्दन्त आनन्द कौशल्यायन (सन् १९०५-१९८८) लाई बुद्ध धर्ममा आकर्षित गर्ने २/३ जना व्यक्तिहरूमा ऊ. चन्द्रमणि महास्थविर पनि एक प्रमुख हुनुहुन्छ ।

## नेपालको सन्दर्भमा

ऊ. चन्द्रमणि महास्थविरसित सर्वप्रथम सु-परिचित हुनुभएका नेपाली व्यक्तिहरूमा 'महाप्रज्ञा गुरू' प्रमुख व्यक्ति हुनुहुन्छ । ऊ. चन्द्रमणि महास्थविर सित सम्पर्क भएदेखि महाप्रज्ञा पूर्ण स्थविरवादी हुनुभएको थियो । त्यसभन्दा (सन् १९२८ मात्र) अघिसम्म वहाँ महायानी रूपका घेलुं (लामा) हुनुहुन्थ्यो ।

त्यसपछि क्रमशः भिक्षु प्रज्ञानन्द (सन् १९३०), भिक्षु धम्मालोक



https://dhamma.digital

(वि.सं. १९८९), भिक्षु शाक्यानन्द (वि.सं. १९८९), भिक्षु अमृतानन्द (सन् १९३६), भिक्षु सुबोधानन्द (वि.सं. १९९६), भिक्षु बुद्धघोष र भिक्षु महापन्थ (वि.सं. १९९७), भिक्षु कुमार काश्यप र चुन्द (वि.सं. १९९९), भिक्षु अश्वघोष (सन् १९४४), भिक्षु विवेकानन्द (वि.सं. २००३), भिक्षु सुदर्शन (सन् १९५०), भिक्षु ज्ञानसागर (वि.सं. २०१०), श्रामणेर सुगतानन्द (वि.सं. २०१८), भिक्षु महेन्द्र (वि.सं. २०२७) आदि ऊ. चन्द्रमणि महास्थविरको आचार्यत्वमा प्रव्रजित हुनुभएका नेपाली कुलपुत्रहरू थिए ।

भिक्षु महानाम र भिक्षु प्रज्ञारश्मि पनि वहाँकै उपाध्यायत्वमा सन् १९४३ अक्टोबर १७ कादि सारनाथमा उप-सम्पन्न हुनुभएको थियो ।

त्यस्तै अनागारिहरू रत्नपाली, धर्मपाली र संघपाली वि.सं. १९८७ को शुरूमा श्रामणेर प्रज्ञानन्द (दिवंगत संघनाय भिक्षु प्रज्ञानन्द महास्थविर) को प्रेरणाबाट सर्वप्रथम कुशीनगरमा ऊ. चन्द्रमणि महास्थविरको तर्फबाट प्रव्रजित हुनुभएका थिए । वहाँहरू पछि क्रमशः अनागारिका धर्मशीला, पोखरा (वि.सं. १९९६), अनागारिका संघमित्ता, खेमाचारी, विवेकाचारी, महानन्दी (वि.सं. १९९९), अनागारिका करूणा र मुदिता (वि.सं. २०००) आदि पनि ऊ. चन्द्रमणि महास्थविर कै तर्फबाट प्रव्रजित हुनुभएको थियो ।

यस्तै भोजपुरका अनागारिका सुशीलाई (वि.सं. २००१), रत्नमञ्जरी (वि.सं. २००२) र सुमना, सुमित्रा, मागन्धी, विशाखा, दानशीलाहरूका गुरू पनि ऊ. चन्द्रमणि महास्थविर नै हुनुहुन्छ ।

यसरी नेपालमा ऊ. चन्द्रमणि महास्थविरका कैयौं शिष्य-शिष्याहरू भएपछि पहिलोपटक वहाँले सन् १९४४ मा शिवरात्रीको समय लिइ नेपाल यात्रा गर्न आउनु भएको थियो । वहाँ भिषू अमृतानन्दका साथ आउनु भएको थियो । त्यसबेला वहाँले खुलेआम रूपमा धर्मप्रचार गर्न नपाएपनि अनेकौं विहारहरूमा जानु भै श्रोतागणहरूलाई सन्तोषजनक रूपमा धर्मोपदेश दिनुभएको थियो ।

त्यसबेला ऊ. चन्द्रमणि महास्थविर भिक्षु धम्मालोकका साथ आनन्दकुटी (भर्खर निर्माण प्रारम्भ) मा रहनु भएको थियो । भिक्षु धम्मालोकले गुरूवर समक्ष एउटा बुद्ध मूर्ति प्राप्त भए बुद्ध-पूजा गर्ने स्थलको रूपमा एउटा बुद्ध मन्दिर पनि निर्माण गर्ने आशय व्यक्त गर्नुभएको थियो । गुरूवर



https://dhamma.digital

ऊ. चन्द्रमणि महास्थविरले पनि राम्रो विहार निर्माण गर्ने भए आफैले एउटा बुद्ध-मूर्ति दिने निश्चय गर्नु भयो, जुन मूर्ति संगमरमर (Marble) को थियो ।

बुद्ध मूर्ति पाउने भइसके पछि भिक्षु धम्मालोकले विहार निर्माण कार्य शुरू गर्नुभयो । विहार निर्माण कार्य सिद्धिन लागेपछि वहाँ बुद्ध मूर्ति लिन कुशीनगर प्रस्थान गर्नुभयो । बुद्ध मूर्ति लिएर वहाँ भीमफेदीमा मात्र पुगेको थियो, काठमाडौंमा भिक्षु एवं अनागारिकाहरूलाई कडा कारवाही गर्न लागेको कुरा थाहा पाउनु भयो । तसर्थ वहाँले मूर्ति भीमफेदीमा राख्नुभई काठमाडौं आउनु भयो । जुन दिन वहाँ आनन्दकुटीमा पुग्नुभएको थियो, त्यही दिन सबै भिक्षु श्रामणेर एवं अनागारिकाहरूलाई सिंहदरवारमा हाजिर हुनुपर्ने पूर्जी दिइ राखेको रहेछ । अतः वहाँ पनि त्यहाँ जानुभयो ।

भिक्षु एवं श्रामणेरहरूले ती राणाहरूको कबूलियत नामा (विहारमा बुद्ध-पूजा नगर्ने, गृहस्थहरूलाई प्रव्रजित नगर्ने र धर्मदेशना नगर्ने) इन्कार गरे पछि देश निष्काशन गर्ने हुकुम भयो । यो हुकुम विना राजाको आज्ञा लिई चुक्ली बाजहरूको फन्दा परी श्री ३ जुद्ध शम्शेरले दिएका थिए ।

भिक्षु एवं श्रामणेरहरू पनि देश निष्काशन पछि रक्सौल पुग्नु भई आफूहरू कहाँ कहाँ जाने हो एक आपसमा सर-सल्लाह गर्नुभयो जस अनुसार भिक्षु प्रज्ञानन्द, श्रामणेर कुमार काश्यप र श्रामणेर प्रज्ञारस कालिम्पोङ्ग जानु भयो । भिक्षु धम्मालोक, भिक्षु सुबोधानन्द र भिक्षु प्रज्ञारश्मि कुशीनगर जानुभयो । अन्य २ जना श्रामणेर अग्गधम्म र श्रामणेर रत्नज्योति नौतनवा र कलकत्ता जानुभयो ।

यसरी बुद्धको जन्मस्थल नेपालबाट दोश्रो पटक (पहिला १९८२ सालमा ५ जना लामा भिक्षुहरूलाई) स्थविरवादी भिक्षु एवं श्रामणेरहरूलाई अन्याय पूर्वक देश निष्काशन गरेको कारण, नेपालमा बुद्ध-धर्म पुर्नस्थापनार्थ सारनाथमा ३१ नवम्बर १९४४ (कार्तिक पूर्णिमा, २००१) सालका दिन ऊ. चन्द्रमणि महास्थविरको अध्यक्षतामा "धर्मोदय सभा" को गठन भयो । यस सभाका सचिव भिक्षु अमृतानन्द श्रीलंका जानुभई पूज्य भिक्षु नारद महास्थविर (सन् १८९८-१९८३) को नेतृत्वमा एक शिष्टमण्डल नेपाल ल्याउन सफल हुनुभएको थियो जुन शिष्टमण्डलमा वहाँ (भिक्षु अमृतानन्द)



https://dhamma.digital

को साथै अन्य ३ जनामा भिक्षु प्रियदर्शी, प्रो. रत्न सुरिय र प्रो. अरियपाल थिए । वहाँहरू सन् १९४६ को अप्रिल महिनामा आउनुभएको थियो ।

वहाँहरूले श्री ३ पद्म शम्शेरलाई भेट्नु भई "निष्काशित भिक्षुहरूलाई फर्काइ पाउँ" भनी बिन्ति गऱ्यो । जस अनुसार सहृदयतापूर्ण, उदारवादी श्री ३ पद्म शमशेरले सबभन्दा पहिले निष्काशित भिक्षु एवं श्रामणेरहरूमा बृद्ध भिक्षु धम्मालोक (सन् १८९०-१९६७) लाई नेपालमा फर्कन प्रमांगी दिनुभयो ।

यो खबर पाउना साथ कालिम्पोङ्गमा रहनु भएका भिक्षु धम्मालोक सन् १९४६ को जून (वि.सं. २००३, जेष्ठ) महिनामा आनन्दकुटी विहार (काठमाडौं) पुग्नुभयो । त्यसबेला वहाँले भिक्षु अमृतानन्द समक्ष उद्‌गार व्यक्त गर्नु भएको थियो ।

"अमृतानन्द ! तपाईले निभिसकेको बत्तीलाई फेरि बालि दिनुभयो ।"

यसरी ऊ. चन्द्रमणि महास्थविरको अध्यक्ष्तामा गठित "धर्मोदय-सभा" को तर्फबाट आफ्नै शिष्य भिक्षु अमृतानन्द (चिव) ले नेपालमा बुद्धधर्मको पुनरूत्थानमा विशेष टेवा दिनुभएको थियो ।

ऊ. चन्द्रमणि महास्थविर नेपालको मात्र नभई भारतको पनि चिरऋणी व्यक्ति हुनुहुन्छ। अतः नेपाल र भारतमा भएका दुईवटा ऐतिहासिक महान् पर्वमा वहाँलाई धर्मानुशासकको रूपमा उपस्थित गराउनु भएको थियो । ती ऐतिहासिक पर्वहरू हुन् -

१) नेपालको चतुर्थ विश्व बौद्ध सम्मेलन र

२) नागपुर (भारत) को बौद्ध दीक्षान्त समारोह ।

नेपालमा चतुर्थ विश्व बौद्ध सम्मेलन १५ देखि २१ नवम्बर १९५६ सम्म ४२ राष्ट्रका प्रतिनिधिहरू सम्मिलित गराई सम्पन्न भएको थियो भने भारतमा त्यसको एक महिना अगाडि १४ अक्टोबर १९५६ (विजया दशमी) का दिन भारतका संविधान निर्माता बाबा साहेब डा. भीमराव रामजी अम्बेडकर आफ्ना लाखौं अनुयायीहरूका साथ ऊ. चन्द्रमणि महास्थविरसमक्ष त्रिशरण सहित पञ्चशील ग्रहण गरी 'बौद्ध' घोषित हुनुभएको थियो ।

सन् १९५६ पछि ऊ. चन्द्रमणि महास्थविरको अन्तिम नेपाल यात्रा



https://dhamma.digital

सन् १९६७ मा सम्पन्न भयो, त्यसबेला श्रामणेर मेधंकर आनन्दकुटीमा वहाँको उपाध्यायत्वमा उप-सम्पन्न भई "भिक्षु मेधंकर" (वि.सं. १९७९-२०४४) हुनुभएको थियो ।

यसरी नेपालमा स्थविरवाद बुद्ध धर्म पुनरूत्थान गर्नमा अग्रणी भूमिका निभाउनु भएका ऊ. चन्द्रमणि महास्थविर ८ मई १९७२ का दिन कुशीनगरको सीमा-मन्दिर (विहार) मा आफ्नो ९६ वर्षको अनुत्तर दीर्घजीवी जीवन परित्याग गर्नुभएको थियो ।

वहाँको स्मृतिमा बनिएको वहाँको प्रतिभा कुशीनगर मा २९ जनवरी १९८१ का दिन सम्माननीय दलाई लामाको तर्फबाट प्रतिमा संस्थापन कार्य सु-सम्पन्न भएको थियो । जुन समारोहमा नेपालका ३० जना भिक्षु श्रामणेरहरू, ३१ जना अनागारिकाहरू र ६०० जति उपासक पासिकाहरूले भाग लिएका थिए ।

## – सन्दर्भ –


१) चन्द्रमणि महास्थविर - भिक्षु धर्मरक्षित - लेखक स्वयं ।

२) बौद्ध विभूतिया - भिक्षु धर्मरक्षित

३) स्व. भिक्षु चन्द्रमणि महास्थविर - भिक्षु ज्ञानेश्वर, लेखक स्वयं, मन्त्री-कुशीनगर भिक्षुसंघ ।


४) The Thousand - Petalled Lotus - Sangharakshita - Heinemann London - 1976

५) "आनन्द भूमि" वर्ष ८, अंक ११




https://dhamma.digital

# भिक्षु सोमदेच् फ्रा. ञाणसंवर महास्थविर



जन्म : ३ अक्टोबर १९१३
दिवंगत : २४ अक्टोबर २०१३

नेपालमा स्थविरवाद बुद्धधर्मको आधुनिक इतिहासमा नेपाली भिक्षु समुदायलाई बुद्धधर्मको अध्ययन गराउन छात्रवृत्ति प्रदान गरेका केही बौद्ध राष्ट्रहरूमा श्रीलङ्का र बर्मापश्चात् थाइलैण्ड प्रमुख हुन आउंछ।

थाइलैण्डदेशमा नेपाली भिक्षुहरूलाई आगमन गराईअध्ययन गराउने सुअवसर प्रदान गर्नुभएका प्रमुख व्यक्ति हुनुहुन्छ- भिक्षु सोमदेच फ्रा ञाणसंवर महास्थविर ।

उहाँको जन्म ३ अक्टोबर १९१३ का दिन थाइलैण्डको सीमान्तप्रदेश कन्चनपुरी (बैंङ्कबाट १३० कि. मी. उत्तरपश्चिममा अवस्थित) मा भएको थियो । माता-पिताको तर्फबाट उहाँले आफ्नो नाम "चारोन गजवत" (Charoen Gajawat) पाउनुभएको थियो ।

उहाँले आफ्नो प्रारम्भिक शिक्षा ८ वर्षको उमेरदेखि मात्र शुरू गर्नुभएको थियो । आफ्नो बाल्यकालमा उहाँको विशेष खेल नै भिक्षुको चीवर लाएर भिक्षुजस्तै भएर पात्र धारण गरी पालीगाथा गुन्गुनाउँदै भिक्षाटन गर्नु थियो साथै धर्मदिशना गरी खेल्न पनि मन पराउनुहुन्थ्यो ।

यस्तो प्रवृत्ति भएका उहाँले आफ्नै घरनजदिक रहेको "वाट देवसघाराम" को स्कूलमा ५ कक्षासम्म उत्तीर्ण गरिसकेपछि सोही विहारको विहाराधिपति फ्रा खु अदुलसमणकिट्को आचार्यत्वमा १४ वर्षको उमेरमा श्रामणेर हुनुभयो । वर्षदिनको श्रामणेर जीवन "वाट देवसघाराम" मा बिताई उहाँले पालीभाषाको उच्च शिक्षाको निमित्त कन्चनपुरीबाट ७८ किलोमिटर पूर्वमा अवस्थित "नाखोन पाथोम" मा जानुभयो । नाखोन पाथोमको "वाट स्नेह" मा पूरा दुई वर्ष अध्ययन गरिसकेपछि पुनः उहाँ पालीभाषा र बुद्धधर्मको गहनतम अध्ययन



https://dhamma.digital

गर्नको निमित्त श्रामणेरकालमै बैङ्कस्थित "वाट वोवरनिवेश" मा पुग्नुभयो ।

वाट वोवरनिवेशमा अध्ययन शुरू गरेको केही वर्षपछि एकपटक उहाँ आफ्नो जन्मस्थानमा अवस्थित "वाट देवसघाराम"मा जानुभयो । त्यसबेला उहाँ पूरा २० वर्षको हुनुभएको थियो । अतः उहाँ देवसघारामकै विहाराधिपतिको उपाध्यायत्वमा उपसम्पन्न(भिक्षु) हुनुभयो । यो सन् १९३३ ( बु सं. २४७६) को कुरा हो ।

उहाँले आफ्नो पहिलो वर्षावास "वाट देवसघाराम" मै बिताउनुभएको थियो । वर्षावास समाप्तिपश्चात् उहाँ वाट वोवरनिवेश मै जानुभयो जहाँ पुनः एकपटक त्यहाँको "धम्मयुक्ति निकाय" अन्तर्गत त्यहाँको विहाराधिपति तेह्रौं राजगुरू एवं वाट वोवरनिवेश विहारका चौथो विहाराधिपति सोमदेच फ्रा संघराज छ्याओ-क्रोम-लङ्ग वजिरञाणवंशको उपाध्यायत्वमा उपसम्पन्न हुनुभएको थियो । उहाँको पहिलो उपसम्पदा (वाट देवसघाराम) महानिकाय अन्तर्गत थियो ।

उहाँ आफ्नो विशिष्ट क्षमताको कारण चाडै नै राजगण पदमा पुग्नुभयो । सुन् १९४७ मा (३४ वर्षको उमेरमा) उहाँ "सोभङ्गना फार्न" हुनुभयो । उहाँको पदोन्नति क्रमशः बढ्दै गयो र सन् १९५६ (बु. सं. २४९९) मा ४३ वर्षको उमेरमा चौथो पटकको पदोन्नतिको रूपमा "फ्रा धम्मवराबोर्न" हुनुभयो । यस मङ्गलमय कार्य (फ्रा धम्मवराबोर्न पद प्रदान) वर्तमान थाई नरेश भूमिबल अदुल्यादेजको प्रव्रज्या एवं उपसम्पदा (२२ अक्टोबर-५ नवम्बर १९५६) को समयमा प्रदान गरिएको थियो । उहाँ (फ्रा धम्मवराबोर्न) लाई थाईनरेशको राजकीय उपसम्पदाको समयमा राजभिक्षुको संरक्षक एवं अनुशासक गुरूको रूपमा पनि नियुक्त गरिएको थियो- यो उहाँको जीवनको एक प्रमुख घटना हो ।

उहाँ "फ्रा धम्मवराबोर्न" हुनुभएको ५ वर्षपछि सन् १९६१ (४८ वर्षको उमेर) मा पुनः "फ्रा शासनाफोन" पदमा पुग्नुभयो जुन पद सोमदेच् पदका ७ जना उच्च सदस्यहरूमा एक थिए । यस पदमा उहाँ पूरा एक दशकसम्म रहनुभएको थियो ।

यसै समयावधि (सन् १९६१-७१) भित्रमा उहाँले पहिलोपटक नेपालको यात्रा ११-१४ डिसम्बर १९७० मा सम्पन्न गर्नुभएको थियो । विशेषतः उहाँको यस नेपाल यात्रा- नेपालको बौद्धपरिस्थिति अध्ययन गर्न सरकारी स्तरबाट नै भएको थियो । सिर्फ ४ दिनको मात्र यात्रा भएपनि उहाँको यस पहिलो



https://dhamma.digital

नेपालयात्राबाट नेपाल र थाइलैण्डका बीच बुद्धशासनिक कार्यमा नेपाललाई थाइलैण्डबाट शासनिक सेवाको शुभारम्भ गर्ने सुअवसर प्राप्त हुन आएको थियो । कुरा स्पष्ट पारौं-

४ दिनको नेपालयात्रामा आउनुभएका उहाँलाई नेपालका आचार्य भिक्षु अमृतानन्द महास्थविर (वि. सं. १९७५-२०४७) ले यात्रा सकुशल एवं सफल पारिदिनुभएको थियो । यात्राको अन्तमा वा थाइलैण्ड फर्कनअगाडि फ्रा शासनसोभनले भिक्षु अमृतानन्द महास्थविरलाई सोध्नुभयो- “नेपालमा बुद्धधर्म प्रचार-प्रसारको निमित्त आयुष्मान्‌लाई थाइलैण्डको तर्फबाट कस्तो किसिमको सहयोगको अपेक्षा गरेको छ ।”

प्रत्युत्तरको रूपमा भिक्षु अमृतानन्द महास्थविरले भन्नुभएको थियो- “नेपाली भिक्षुहरू बर्मा र श्रीलङ्काबाट अध्ययन गरिआएका छन्, कोही अध्ययनरत छन् तर थाइलैण्डबाट अहिलेसम्म कोही पढेर आएका र पढिरहेका छैनन् । त्यसैले नेपाली भिक्षु श्रामणेरहरूलाई थाइलैण्डमा पालीभाषा एवं अन्य बौद्धसाहित्यको अध्ययन गराउन हजुरको सहयोग माग्दछु ।”

सन् १९६१ देखि वाट वोवरनिवेशका छैठौं विहाराधिपति एवं बैंककस्थित “धम्मयुत्तिक निकाय” का मुख्य प्रशासक हुनुभएका उहाँले भिक्षु अमृतानन्द महास्थविरको सहयोगको मागलाई सहर्ष स्वीकार गर्नुभयो । यसैको फलस्वरूप सर्वप्रथम उहाँले भिक्षु अमृतानन्द मार्फत् थाइलैण्डमा बुद्धधर्म अध्ययन गराउन बैङ्कको “महामुकुट राजविद्यालय” को तर्फबाट दुईवटा छात्रवृत्ति प्राप्त पत्र पठाउनुभयो ।

यसप्रकार थाइलैण्डमा बुद्धधर्म अध्ययन गर्न जाने अवसर नेपाली भिक्षु श्रामणेरहरूलाई प्राप्त भयो । यसको पहिलो अवसर श्रामणेर सुशोभन (प्रव्रजित- २० मई १९७०) ले पाउनुभयो । उहाँ त्यसताका श्रामणेर भेषमै पब्लिक कमर्स कलेज, घण्टाघरमा बी. कम. पढ्दै हुनुहुन्थ्यो । अतः योग्यताको कदर गरी अखिल नेपाल भिक्षुमहासंघको निर्णयबाट नै उहाँ थाइलैण्डबाट प्राप्त छात्रवृत्तिमा उम्मेदवार नियुक्त हुनुभयो । उहाँ बुद्धधर्म अध्ययनार्थ पहिलो व्यक्तिको रूपमा थाइलैण्ड पुग्नुभयो- यो सन् १९७१ को कुरा हो ।

श्रामणेर सुशोभन थाइलैण्ड पुग्नुभएको वर्षदिन पछि नै फ्रा शासनसोभनको उपाध्यायत्वमा वाट वोवरनिवेशमा उपसम्पन्न भई “भिक्षु सुशोभन” हुनुभएको थियो । उहाँका साथ अन्य एक नेपाली श्रामणेर अग्गनन्द (प्रव्रजित- सन् १९६९) पनि उक्त दिन (५ जुलाई १९७२) मै उपसम्पन्न



https://dhamma.digital

भई “भिक्षु सुनन्द” हुनुभएको थियो । दुबैको उपाध्याय फ्रा शासनसोभन नै हुनुभएको थियो ।

उहाँहरू दुबैजना उपसम्पन्न भएको केही महिनापछि सन् १९७२ (बु. सं. २५१५) मै फ्रा शासनसोभनलाई “सोमदेव फ्रा ञाणसवर” शुभनामाकरण गरिएको थियो । यस उपाधि थाइलैण्डमा गत १५० वर्षअगाडि राजा रामद्वितीयको पालामा मात्र कुनै एक विशिष्ट भिक्षुलाई प्रदान गरिएको थियो । यो उहाँको जीवनको सर्वोत्तम गौरवको कुरा हो ।

उहाँ सोमदेव प्रफा ञाणसंवर हुनुभएको ८ वर्षपछि सन् १९८० को दिसम्बर महीनामा दोस्रोपटक नेपालको यात्रा गर्न आउनुभयो । उहाँ यसबेला भारतमा सम्पन्न भएको “भगवद्गीता” सम्बन्धी अन्तराष्ट्रिय सम्मेलनमा भाग लिँदै फर्कनुभएको थियो । यसबेला पनि उहाँको यात्रा सिर्फ ३ दिन (१९-२१ दिसम्बर १९८०) को थियो ।

उहाँको पहिलो र दोस्रो नेपालयात्राको अवधि (सन् १९७०-८०) भित्रमा केयौं नेपाली श्रामणेरहरू थाइलैण्डका विभिन्न विहारहरूमा रही विशेषतः बैङ्ककको महामुकुट महाविद्यालय र महाचुलालंकार महाविद्यालयमा पालीभाषा, अन्य बौद्धसाहित्य एवं अनेकादि दर्शनको अध्ययनरत भइसकेका थिए । ती श्रामणेरहरूमा श्रामणेर सुशोभन र श्रामणेर अग्गनन्दपश्चात् श्रामणेर उपगुप्त (धम्मपाल- प्रव्रजित सन् १९७१), श्रामणेर सुमेध (प्रव्रजित - सन् १९७१), श्रामणेर धम्मशोभन (प्रव्रजित सन् १९७५), श्रामणेर विपस्सी (प्रव्रजित सन् १९७५) आदि थिए । पछि यो क्रम बढ्दै गएको फलस्वरूप वाट वोवरनिवेश, वाट स्राकेट, वाट पाकनाम, वाट सीताराम, वाट महाधातु आदि विहारहरूमा नेपाली श्रामणेरहरू थपिंदै गए । उपयुक्त श्रामणेर सुशोभन र श्रामणेर अग्गनन्दजस्तै स्थानीय विहारहरूमा स्थानीय विहारहरूकै विहाराधिपति महास्थविरहरूको उपाध्यायत्वमा उपसम्पन्न पनि हुँदै गयो ।

सोमदेव प्रफा ञाणसंवर महास्थविरले तेस्रोपटक नेपालको यात्रा २३-३० नवम्बर १९८५ मा सम्पन्न गर्नुभएको थियो । विशेषतः यस यात्रामा दुबै देशको कृतज्ञतास्वरूप भएको थियो । नेपालले थाइलैण्डका फ्रा ञाणसवर महास्थविरबाट नेपाली भिक्षु श्रामणेरहरूलाई बुद्धधर्म अध्ययन गर्ने सुअवसर दिनुभएकोमा कृतज्ञतास्वरूप अखिल नेपाल भिक्षुमहासंघकै तर्फबाट उहाँलाई निम्तो दिइएको थियो त थाइलैण्डले पनि नेपालपुत्र शाक्यमुनि बुद्धको धर्मले थाइदेश र थाइ जनतालाई गरेको उपकारको स्मरणस्वरूप फ्रा ञाणसंवर



https://dhamma.digital

महास्थविरले आफ्नो ७३ औं जन्मदिनको उपलक्ष्यमा ७३ जना नेपाली शाक्यपुत्रहरूलाई प्रव्रज्या दिने लक्ष्य राखी २३ नवम्बर १९८५ अर्थात् ८ मंसिर २०४२ का दिन काठमाडौं आइपुग्नुभएको थियो ।

उहाँको लक्ष्यअनुरूप २४ नवम्बर १९८५ का दिन कीर्तिपुर स्थित नगरमण्डप श्रीकीर्तिविहारमा नेपाल अधिराज्यका ७३ जना नेपाली शाक्य कुलपुत्रहरूलाई प्रव्रज्या दिनुभयो । ती नव प्रव्रजितहरूलाई ओवाद-उपदेश दिनुको साथै तिनीहरूलाई साथ लिई उहाँले भिक्षाटन पनि गर्नुभएको थियो ।

११ मंसिर २०४२ का दिन फ्रा ञाणसंवर महास्थविरको सम्मानमा काठमाडौंको बुद्धविहार, भृकुटीमण्डप विभिन्न बौद्धसंघसंस्थाहरूको संयुक्त आयोजनामा एक भव्य स्वागतसमारोहको आयोजना गरिएको थियो । त्यस स्वागत समारोहको आयोजक संस्थाहरूमा नेपाल बौद्ध समाज, धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी, अखिल नेपाल हिमाली बौद्धसंघ, अखिल नेपाल महायान बौद्धसंघ, नेपाल बौद्ध महिला संघ, युवा बौद्ध समूह र धर्मोदय सभा पनि सम्मिलित थिए ।

सोमदेच फ्रा ञाणसंवर महास्थविर २७ नवम्बर १९८५ (१२ मंसिर २०४२) का दिन तथागतको जन्मस्थान लुम्बिनीमा जानुभइ प्रातिमोक्ष देशना गर्नुभएको थियो । यसको भोलिपल्ट लुम्बिनी गुरूयोजना अन्तर्गत निर्माण हुने सांस्कृतिक क्षेत्र (Culture Centre) को निर्माण क्रमको प्रथम शिलान्यास गरी वृक्षारोपण गर्नुभयो । लुम्बिनीबाट कपिलवस्तु र निग्लिहवा पनि जानुभएको थियो ।

१२ मंसिर २०४२ का दिन आनन्दकुटी विहारगुठीद्वारा स्थानीय आनन्दकुटी विहारमा अभिनन्दनपत्र समर्पण र विदाई समारोहको आयोजना गरिएको थियो । नेपालका राजगुरू जुनानाथ पण्डितको सभापतित्वमा सम्पन्न त्यस समारोहमा परमपूज्य ञाणसंवर महास्थविरमा बडागुरूज्यू जुनानाथ पण्डितद्वारा अभिनन्दनपत्र एवं अखिल नेपाल भिक्षु महासंघ, आनन्दकुटी दायकसभा र हिन्दूधर्म सेवा समन्वय समितिको तर्फबाट पनि उपहार प्रदान गरिएको थियो ।

सोमदेच् प्रफा ञाणसंवर महास्थविरले तेस्रोपटक नेपालयात्रा गर्नुभएको ४ वर्षपछि २१ अप्रिल १९८९ का दिन थाइराजा र रानीको विशिष्ट राजगुरूको पदबाट विभूषितभई "सोमदेच् फ्रा संघराज सकलमहासंघपरिणायक" हुनुभयो ।

परमपूज्य राजगुरू सोमदेच् प्रफा ञाणसंवर महास्थविर



https://dhamma.digital

“सकलमहासंघपरिणायक” हुनुभएको ६ वर्षपछि १८ नवम्बर १९९५ का दिन चौथोपटक नेपाल आगमन गर्नुभयो । विशेषतः उहाँको यस आगमन कीर्तिपुरमा निर्मित “थाइकीर्ति आगन्तुक भवन”को समुद्घाटन र लुम्बिनीमा लुम्बिनी गुरूयोजना अन्तर्गत अन्तराष्ट्रिय विहारक्षेत्र (Monastic Zone) मा निर्माण हुन लागेको "Wat Thai Lumbini" को शिलान्यासको निमित्त थियो । यस पुण्यकार्य उहाँले “थाइकीर्ति आगन्तुक भवन”को समुद्घाटन आगमनकै दिन र “वाट थाई लुम्बिनी” को शिलान्यास १९ नवम्बर १९९५ का दिन सम्पन्न गर्नुभएको थियो ।

उर्पयुक्त दुइटै पुण्यकार्य सम्पन्न गरी परमपूज्य राजगुरू १९ औं संघराज सोमदेच् प्रफा ञाणसंवर सकलमहासंघपरिणायक महास्थविर २० नवम्बर १९९५ का दिन सकुशल थाइलैण्ड फर्कनुभएको थियो ।

यसको ३ वर्षपछि पुनः उहाँ पाँचौ पटकको नेपाल आगमनको रूपमा भारतस्थित बुद्धको संवेजनीय स्थलहरूमा बुद्धगया र सारनाथको अवलोकन एवं पूजा पश्चात् उत्तर-प्रदेशमै अवस्थित बुद्धको अन्य संवेजनीयस्थल कुशीनगरमा निर्मित “थाई बुद्ध विहार” को समुद्घाटन गरी २२ फरवरी १९९९ का दिन लुम्बिनी - नेपालमा आइपुग्नुभएको थियो ।

उक्त दिन बुद्धको जन्मस्थल लुम्बिनीमा पनि निर्माण भईरहेको “थाई बुद्ध विहार” (Wat Thai Lumbini) को निरीक्षण गरी उहाँ काठमाडौं आइपुग्नुभयो र कीर्तिपुरको श्रीकीर्ति विहारस्थित “थाइकीर्ति भवन”मा रहनुभयो ।

२२ फरवरी १९९९ अर्थात् ११ फागुण २०५५ का दिन उहाँको सम्मानमा नेपालका ३९ वटा बौद्ध संस्थाहरू सम्मिलित एक संयुक्त अभिनन्दन कमिटिको तर्फबाट उहाँले बुद्ध शासन स्थिरताको निमित्त गर्नुभएको योगदानको कदरस्वरूप उहाँको दीर्घायु एवं सुस्वास्थ्यको कामना गर्दै तत्कालीन युवा खेलकुद तथा संस्कृति मन्त्री पूर्ण बहादुर खड्काको प्रमुख उपस्थितिमा नेपालका संघनायक भिक्षु अनिरूद्ध महास्थविरले सो अभिनन्दन पत्र चढाउनुभएको थियो । सोमदेच् प्रफा ञाणसंवर सकल महासंघ परिणायक महास्थविर उक्त दिन मै थाइलैण्ड फर्कनुभएको थियो ।

हाल ८८ वर्षमा रहनुभएका सोमदेच् प्रफा ञाणसंवर सकल महासंघ परिणायक महास्थविरले हालसम्ममा गर्नुभएका केही उल्लेखनीय कार्य एवं कृतिहरू :-

१) सन् १९६१ मा वाट वोवरनिवेसका पाँचौं विहाराधिपति फ्रा ब्रौमुनि



https://dhamma.digital

(सुवचथेर) को निधनपछि उहाँ (फ्रा ञाणसंवर) "वाट बोवरनिवेस" का छैठौं विहाराधिपति हुनुभएको थियो जुनबेला उहाँ "फ्रा धम्मवराबोनं" पदमा हुनुहुन्थ्यो । उहाँ विहाराधिपति हुनासाथै विहारको पुनः निर्माण कार्यमा लाग्नुभयो । उहाले १०० वर्ष पुरानो उपोसथगारलाई नयाँ ढङ्गबाट सँगमरमर (Marble) ले भित्ता र बाहिरको फलेक छापेर सजाउनुभएको थियो । साथै अन्य भवनहरूको पनि मर्मत-सम्भार गराउनुभएको थियो । वाट बोवरनिवेस विहारलाई अनेक किसिमका हरियाली बोट बिरूवाहरू लगाई बढी स्वच्छ, सफा, हराभरा गरी विहारलाई आकर्षक एवं शान्त वातावरणको रूप ल्याइदिएका थिए ।

२) थाई जनताहरूको आवश्यकता र चाहनाअनुरूप उहाँकै संरक्षकत्वमा कैयौं स्थानहरूमा विद्यालय, महाविद्यालय र अस्पतालहरूको पनि निर्माण गरिदिनुभएको थियो । बैङ्ककस्थित २४ तल्लाको चुलालङ्कर्न अस्पतालको निर्माण, भिक्षुहरू एवं सर्वसाधारण जनताहरूको निमित्त उहाँको प्रमुख उदारताको नमूना हो ।

३) बुद्धधर्मको व्यापक प्रचार-प्रसारको निमित्त उहाँ विदेश गएर धर्मप्रचार गर्ने धर्मदूत भिक्षुहरूको प्रशिक्षण संस्थाको अध्यक्ष भई एशिया, यूरोप, अमेरिका, अष्ट्रेलिया आदि महादेशहरूमा पुग्नुभई बुद्धधर्मको महानता बारे व्याख्यान दिँदै आउनुभएको थियो । विदेशमा धर्मदूत भिक्षुहरू पठाउने क्रममा नेपाली भिक्षु सुशोभनलाई उहाँले अष्ट्रेलिया पठाउनुभएको यहाँ स्मरणीय हुन आउछ ।

४) सोमदेव फ्रा. ञाणसंवर महास्थविर- युवावस्था (युवक भिक्षु) को उमेरदेखि समथ र विपश्यना ध्यान गर्नमा तल्लीन हुनुहुन्थ्यो । उहाँ बराबर शहर बाहिर रहेका विविध ध्यानकेन्द्रहरूमा गई २/३ महिनासम्म पनि रही ध्यानको अभ्यास गरेर बस्नुहुन्थ्यो । पछि उहाँको धर्मको कार्यभार बढ्दै आएको कारण उहाँ जङ्गलस्थित ध्यानकेन्द्रहरूमा जान सक्नुभएन । त्यसको पूर्तिस्वरूप उहाँले शहरमै आफ्नो निवासस्थान नजदिक जंगलकै जस्तो वातावरण तयार गर्न लगाई ध्यानकेन्द्रको निर्माण गर्नुभएको थियो ।

५) पाली, संस्कृतको अतिरिक्त चीनिया, फ्रेञ्च, जर्मन, अंग्रेजी आदि कैयौं भाषाका ज्ञाता हुनुभएका सोमदेव प्रफा ञाणसंवर महास्थविरले बुद्धको शिक्षा र ध्यानाभ्याससम्बन्धी कैयौं ग्रन्थहरू लेख्नुभएको थियो ।



https://dhamma.digital

## फ्रा. ञाणसंवर महास्थविरका केही कृत्तिहरू

१) बुद्धधर्मको मूल सिद्धान्त ((Pricipal of Buddhism)

२) बुद्धको ४५ वर्ष (45 years of the Buddha)

३) सोह्र प्रश्नहरू (16 questions)

४) जागरूक हुनको निमित्त मार्गदर्शन (A guide to Awareness)

५) बौद्ध विश्वास (Faith in Buddhism)

## – सन्दर्भ –


१) H. H. Somdet Phra Nyanasamvara (Suvaddhana Mahathera)
-Wat Bovoranives Vihara, Bangkok 10200, Thailand

२) सन्ध्या टाइम्स - तंसा पौ, १० कछ्लागा ११११६ (१ मंसिर २०५२)

३) बुलेटिन - अखिल नेपाल भिक्षु महासंघ, वर्ष-२, अंक-७, (कार्तिक पूर्णिमा, २०५२)

४) पूज्य ञाणसंवर महास्थविरया दर्शन - भिक्षु सुदर्शन

५) आनन्द भूमि वर्ष -२४, अंक - ६ (आश्विन, २०५३)


६) "धर्मकीर्ति", वर्ष-३, अंक-६, (कार्तिक पूर्णिमा, २०४२)


Dhamma.Digital



https://dhamma.digital

# भिक्षु निचिदात्सु फूजी



जन्म : ६ अगस्त १८८५

दिवंगत : ९ जनवरी १९८५

२० औं शताब्दीमा विश्वमा बुद्धको शान्ति-सन्देश पुनः एकपट जोडदार रूपमा प्रचार-प्रसार गर्नमा अग्रणी भूमिका निमाउने व्यक्तिहरूमा जापानका सु-प्रसिद्ध भिक्षु निचिदात्सु फूजी गुरूजी पनि एक थिए । उहाँको जन्म जापानको क्युशु (Kyushu) टापु अन्तर्गत कुमामोटो नगरको असो-गुन (Aso-gun) स्थित साकानासी नामक गाउँमा ६ अगस्त १८८५ का दिन भएको थियो । उहाँको बाल्यकालको नाम योशिओ (Yoshio) थियो । उहाँको प्रारम्भिक शिक्षा साकानासी (Sakanasi) मै भएको थियो । त्यसपछि माध्यमिक शिक्षा हासिल गर्नको निमित्त उहाँ सन् १९०३ मा उसुकी (Usuki) नगरमा जानुभयो । जहाँको कृषि विद्यालयमा उहाँले माध्यमिक शिक्षा उत्तीर्ण गर्नुभयो ।

संयोगको कुरा हो, माध्यमिक शिक्षा उत्तीर्ण भएको महिनामै उहाँको सम्पर्क निचिरेन बुद्ध-धर्म सम्प्रदायका एक प्रमुख भिक्षु निचिएइ आदाची (Ven. Nichiei Adhachi) सित भयो । उहाँसित सम्पर्क एवं सत्सङ्ग बढ्दै गएको कारण भावी निचीदात्सु फूची गुरूजीमा पनि धर्मको रसास्वादन बढ्दै गएको थियो । यसैको फलस्वरूप १९ वर्षको कलिलो उमेरमै उहाँ निचिरेन सम्प्रदायका भिक्षु हुनुभयो, उहाँ निचिरेन सम्प्रदायकै 'हो-ओन्जी' (Ho-Onji) नामक विहार (उसुकी स्थित) मा भिक्षु निचीएइ आदाचीको निर्देशनमै प्रव्रजित हुनुभयो ।

प्रव्रज्या पश्चात् उहाँ सन् १९०४ को सेप्टेम्बर महिनामा टोक्योको निचिरेन-शू-विश्वविद्यालय (हाल-रिश्शो विश्वविद्यालय) मा प्रवेश हुनुभयो । जहाँ निचिरेन-सम्प्रदायसित सम्बन्धित शिक्षाको अध्ययन-अध्यापन गराइन्थ्यो । यही विश्वविद्यालयबाट उहाँ स्नातक हुनुभयो ।

त्यसपछि पुनः उहाँले तेन्दाइ (Tendai), यूशिकी (Ushiki), होशो-युशिकी



https://dhamma.digital

(Hoso-Yushiki), सिंगोन् (Shingon) आदि निकायका विश्व विद्यालयहरूमा पनि अध्ययन गर्नुभयो । यसरी फूजी गुरूजीको बुद्ध-धर्मका शाखा-प्रशाखाहरूको विधिवत् अध्ययन मात्र गर्नुभएको थिएन त्यस सम्बन्धि चिन्तन-मनन गरी त्यसको माध्यमबाट मानव जीवनको निमित्त आध्यात्मिक शान्तिको पनि अभ्यास गर्दै जानुभयो ।

सन् १९१४ देखि शुरू भएको प्रथम विश्व-युद्धको कारण उहाँले एवं संसारवासीहरूले युद्धको विभिषिका देख्नु एवं सहनु परेको थियो । भिक्षु निचिदात्सु फूजीले अहिंसाको प्रभाव शान्तिकालमा भन्दा युद्धकालमा निकै उपादेयता भएको कुरा महशूस गर्नुभयो । वास्तवमा यसैबला राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा प्रेम र अहिंसाको प्रचारको आवश्यकता देखिन आउँ । तर स्थिति प्रतिकूल हुँदै गएको हुन्छ । अतः महामना भिक्षु निचिदात्सु फूजीले देश एवं विदेशमा शान्ति स्थापनार्थ, बुद्ध-धर्मलाई शक्तिशाली एवं चिरस्थायी बनाउन र विभिन्न सम्प्रदायलाई एकरूपता ल्याउन सन् १९३७ मा सर्वप्रथम "Nipponzan Myohoji" (अखिल जापान बौद्ध संघ) नामक संस्था स्थापना गर्नुभयो । यसको कार्यान्वयन स्वरूप उहाँले सन् १९१७ कै अगस्त महिनामा एक हप्तासम्म जापानको राजदरवार अगाडि शान्तिको बाजा (धर्म-दुन्दुभि) बजाई युद्धको विरोधमा दुःख संवेगको नारा बुलन्द गर्नुभएको थियो । त्यस धर्म-दुन्दुभिको आवाज थियो- "नामू-म्यो-हो-रें-गे-क्यो" अर्थात् "नमः सद्धर्म पुण्डरीकाय" । यसको प्रवर्तक १३ औं शताब्दीका महान् जापानी बौद्धसन्त आचार्य निचिरेन (सन् १२२२-१२८२) थिए ।

स्मरणीय छ, "सद्धर्मपुण्डरीक सूत्र" - सन् १९१२ मा मूल संस्कृति रूपमा सम्पादन रूसको सेन्टपीटर्सवर्ग (हाल लेनिनग्राद) बाट भएको थियो । यसको अंग्रेजी अनुवाद हल्याण्ड (Holland) का सुप्रसिद्ध बौद्ध विद्वान् प्रो. एच. कर्न (Prof H. Kern) ले गर्नुभएको थियो, जसको प्रकाशन पूर्वीय पवित्र-ग्रन्थमालाई (The Sacred Books of the East) को २१ औं भागको रूपमा भएको थियो । सौभाग्यको कुरा हो- "सद्धर्मपुण्डरीक सूत्र" को देवनागरी संस्करण पहिलोपल्ट कलकत्ता विश्वविद्यालयका पालि विभागाध्यक्ष डा. नलिनाक्ष दत्त (सन् १८९३-१९७३) लो ले सम्पादन गर्नुभई सन् १९५३ मा "एशियाटिक सोसाइटी, कलकत्ता" बाट प्रकाशित गरेको थियो ।

सन् १९१७ को अन्तिम महिनामा पनि भिक्षु निचिदात्सु फूजी युद्धको प्रतिरोध हेतु हकुबा, कोरिया र मन्चूरिया आदि स्थानहरूमा शान्ति-यात्रा गरिरहनु



https://dhamma.digital

भएको थियो । यसै अवधि भित्र उहाँले मन्चूरियामा १ डिसेम्बर १९१७ का दिन एक शान्ति मन्दिर (विहार) को पनि शुभारम्भ गर्नुभयो । यस शान्ति मन्दिरको स्थापनाको निमित्त उहाँले एक हप्ता निर्जल उपवासमा (Sevenday fasting) पनि रहनुभएको थियो । भिक्षु निचिदात्सु फूजीले मन्चूरियामा शान्ति-मन्दिरको मात्र स्थापना गरेका थिएनन् । ल्यान-यान (Lyan-yan) नामक ठाउँमा "Nichihonzan Myohoji" नामक संस्था २८ अक्टोबर १९१८ का दिन स्थापना गरी “निचिरेन निकाय” लाई उत्तर-पूर्वी चीनमा व्यापक रूपमा प्रचार-प्रसार गरे । यसरी युद्धताका (भयङ्कर स्थिति) मा पनि उहाँले शान्ति स्थापनार्थ विभिन्न देशहरूमा अगाध रूपमा शान्ति यात्रा गर्दै रहनुभयो ।

सन् १९२३ को सेप्टेम्बर महिनामा जापानमा ठूलो भूइँचालो गएको थियो । त्यसबेला भिक्षु निचिदात्सु फूजी उत्तर-पूर्वी चीन हार्पिन (Harpin) मा शान्ति-यात्रा गर्दै थिए । उहाँ तत्कालै (अक्टोबर महिनामा) जापान फर्कनुभयो र भूकम्प पीडित क्षेत्रहरूमा गई रात-दिन, खान-पिन, निवास स्थलको पर्वाह नगरिकनै भूकम्प पीडितहरूको धन, अन्न, वस्त्र, औषधी र वासस्थान आदि अनेकौं कुरामा सहयोग गरी ”बहुजन हिताय र बहुजन सुखाय” को साधनालाई चरितार्थ गर्नुभएको थियो । त्यसबेला उहाँले गर्नुभएको सेवालाई “भूकम्पपीडित सेवाको इतिहास” मा स्वर्णाक्षरले लेखिराखेको पाइन्छ । उहाँले भूकम्पपीडित जनहरूलाई धन, अन्न, वस्त्र, औषधी, वासस्थान आदिको मात्र प्रबन्ध गर्नुभएको थिएन तिनीहरूको मानसिक शान्तिको निमित्त पनि बुद्धको उपदेशद्वारा तिनीहरूको मन जित्न सफल हुनुभयो । उहाँले भूकम्प-पश्चात् ६-७ वर्ष जापान मै रहनु भई स्वदेश वासीहरूको निमित्त शान्तिको सन्देश दिलाउन त्यस अवधि भित्रमा ३ सयभन्दा बढी शान्ति-विहारहरूको निर्माण गर्नुभयो ।

अफशोच् ! २५ फरवरी १९३० का दिन भिक्षु निचीदात्सु फूजीकी आमा महाभिक्षुणी “ग्या-आ-इन-निस्सो” (Maha-Bhikhhuni Gyoa-In-Nisso) को निधन भयो । अतः फूजी गुरूजी आमाको अस्थि लिई ६ महिना पश्चात् २५ अगस्तकै दिन बुद्धको चरण-भूमि भारत जाने निश्चय गर्नुभयो । उहाँ भारत आगमन गर्न चाहनुका अन्य एक प्रमुख कारण पनि थियो त्यो हो - उहाँको धर्मगुरू आचार्य निचिरेनले ७०० वर्ष पहिले गरिराखेको भविष्य वाणीलाई पूरा गर्नु - जुन वाणीमा सूर्योदयको देश (जापान) ले इन्दुको देश (भारत) लाई तथागतको ऋणबाट हुने कुरा उल्लेखित थियो । त्यस वाणीलाई पूरा गर्न ७०० वर्षपछि भिक्षु



https://dhamma.digital

निचिदात्सु फूजीले नै एउटा धर्म-दुन्दुभि (Tambourine) लिई सेप्टेम्बर महिनामा भारतको निमित्त आगमन शुरू गरे । उहाँ जापानबाट शंघाई, हङ्कङ्ग र सिंगापुर आदि देशहरूमा गरी केही महिना बिताई अन्तमा १६ जनवरी १९३१ का दिन भारतको एक महानगर कलकत्तामा पदार्पण गर्नुभयो । कलकत्ताबाट उहाँ विभिन्न बौद्ध तीर्थस्थलहरूको भ्रमण अर्न्तगत राजगृहको रत्नगिरी पर्वतस्थित गृद्धकुट पर्वत (Vulture peak) मा पुगी पुण्य-प्रतिष्ठा कार्य शुरू गर्नुभएको थियो । त्यो वर्ष (सन् १९३१) उहाँको सम्प्रदाय गूरू निचिरेनको निधनको ६५० औ वार्षिकोत्सव पनि थियो ।

विहार-प्रदेशका विभिन्न ठाउँहरूको अवलोकन पछि भिक्षु निचिदात्सु फूजी बम्बई जानुभयो । बम्बईमा उहाँ श्मसानघाटनिर एउटी कुटी बनाई रहनुभयो । यस पहिलो निवासकाल (सन् १९३२) मै उहाँले आफ्नो सम्प्रदाय (Nichihonzan Myohoji) को एउटा मन्दिर बम्बईमा स्थापना गरेको थियो । यही बेला उहाँको भेट महात्मा गान्धीकी श्रीमती कस्तुरबा गान्धी (सन् १८९६-१९४४) सित भयो । कस्तुरबा गान्धी, महामना फूजी गुरूजीको अहिंसा नै महात्मा गान्धी (सन् १८९६-१९४८) द्वारा फूजी गुरूजीलाई निमन्त्रणा दिलाइयो जसअनुसार महामना फूजी गूरूजी श्रीलङ्काको यात्रा (अगस्त, १९३३) पश्चात् सन् १९३३ को अक्टोबर महिनामै गान्धी आश्रम वर्धा (सेवाग्राम) पुग्नुभयो ।

पहिलो भेटघाटमै यी दुई ऐतिहासिक महापुरूषहरूका बीच मैत्री सम्बन्ध एवं विचार मिलन प्रगाढ भएको थियो । यसैबेला फूजी गुरूजीले महात्मा गान्धीलाई उपहार-स्वरूप "३ वटा बाँदर" का मूर्ति प्रदान गरेका थिए । ती ३ वटा बाँदरका मूर्तिहरूमा एक मुख छोपिरहेको, दोस्रो कान छोपिरहेको र तेस्रो आँखा छोपिरहेका थिए, जुन निम्न अनुसारका प्रतीक हुन् - खराब नबोल्नु, खराब नसुन्नु र खराब नहेर्नु ।

केही दिन सेवाग्राम, वर्धामा रहनुभएपछि भिक्षु निचिदात्सु फूजी जापान फर्कनुभयो ।

स्मरणीय छ, भिक्षु निचिदात्सु फूजीलाई श्रीलङ्काको यात्राका बेला २५ अगस्त १९३३ का दिन आदम पर्वतको पादमूलमा अवस्थित गिनीगथेना विहारका विहाराधिपति भिक्षु एन् पियरत्नले बुद्धका केही अस्थि प्रदान गरेको थियो ।

तर, उहाँ जापान पुग्नुभएको केही महिनापछि पुनः महात्मा गान्धीको



https://dhamma.digital

प्रथमपूर्ण निमन्त्रणा पाएको कारण भिक्षु निचिदात्सु फूजी दोस्रो पटक भारत भ्रमणको निमित्त सन् १९३४ मा वर्धा (महाराष्ट्र प्रदेश) मा आइपुग्नु भयो। गान्धी आश्रममा उहाँ "नामू-म्यो-हो-रें-गे-क्यो" को उच्चारणमा शान्तिको बाजा (धर्म-दुन्दुभि) बजाई प्रवेश गर्नुभएको थियो । उहाँको यस पटकको वर्धा निवासकाल ६८ दिनको थियो । महात्मा गान्धी जस्ता स्वतन्त्रताका सेनानीसित सबभन्दा बढी (धेरै समय) भेटघाट गरी विचार आदान-प्रदान (वार्तालाप) गर्ने मौका सिर्फ निचिदात्सु फूजी गुरूजीलाई मात्र पाएको थियो ।

महामना फूजी गुरूजीले भारत स्वतन्त्रताको निमित्त महात्मा गान्धीले चलाएको अहिंसात्मक आन्दोलनमा विशेष जोड दिई, त्यसैमा दृढ भई रहने सहमति जनाई जापान फर्केका थिए ।

सन् १९३५ मा फूजी गुरूजी बुद्ध-धर्म प्रचारार्थ बर्मा जानुभएको थियो । बर्माबाट पुनः उहाँ तेस्रो पटक भारत-भ्रमणको निमित्त आइपुग्नु भयो । उहाँले सर्वप्रथम यसैवर्ष (सन् १९३५) कलकत्तामा निचिरेन-निकायको बौद्ध विहार निर्माण गरेको थियो । आधुनिक युगमा भारतमा बनिएको यही पहिलो शान्ति विहार थियो । यस पटकको भारत आगमनमा उहाँको विशेष लक्ष्य आफ्नो सम्प्रदायका गुरू निचिरेनको स्वप्न अनुरूप सूर्योदय देश (जापान) बाट चन्द्रोदय देश (भारत) मा बुद्ध धर्मको व्यापक प्रचार-प्रसार गर्नु थियो । अतः भिक्षु निचिदात्सु फूजीले सन् १९३६-३७ मा राजगृह र बम्बई आदि स्थानमा पनि सद्धर्म-शान्ति-विहारको निर्माण गर्दै लगेका थिए ।

यस्तै सद्धर्म-सेवा कार्य गर्दै जाने उहाँको लक्ष्यमा पुनः आघात पर्‍यो । त्यो हो - दोस्रो विश्वयुद्धको शुभारम्भ । पहिलो विश्वयुद्धको कटु अनुभव प्राप्त गरिसकेका उहाँले दोस्रो विश्वयुद्ध (सन् १९३९-१९४५) मा झन् भीषण तथा विकराल रूप देख्नुपरेको थियो । यद्यपि उहाँले युद्धको विरोधमा हिंसा उन्मत्त जापानी साम्राज्यवादी सरकारलाई युद्धको निरर्थकता र विनाशीलता बारे काफी सुनाएको थियो तर युद्ध उन्मादमा लागेको शक्तिले उहाँको स्वरलाई कहाँ वास्ता गर्थ्यो र ? वास्तवमा उहाँले जापान सरकारलाई मात्र युद्धको निरर्थकताबारे सुनाएको थिएन, आफै गई शत्रु देश चीन सरकारलाई पनि सुनाउन जानुभएको थियो । तर युद्ध नगरी सन्तोष नभएका राष्ट्रहरूले दोस्रो विश्वयुद्धमा समागम भइ नै हाल्यो, तर पनि महामना फूजी गुरूजी युद्धताका समेत युद्ध भूमिमा गई "नामू-म्यो-म्यो-हो-रें-गे-क्यो" बाजा बजाई निरन्तर सैनिक शिविरहरूमा



https://dhamma.digital

घुम्दैफिर्दै रहे । उहाँको धर्म-दुन्दुभिको आवाज सुन्देबित्तिकै सैनिकहरू आ-आफ्नो हतियार छोडी श्रद्धा र आदरका साथ उहाँको सामुन्ने नतमस्तक हुन्थे एवं शत्रु सैनिकहरू पनि उहाँलाई अभिवादन गरी उहाँको मुक्तकण्ठले स्तुतिगान गर्दथे ।

जापानीहरूले उहाँको शान्ति-सन्देशको आवश्यकता तव महशुस गरे जब हिरोशिमामा बम बिस्फेटन भई परमाणु युद्धको विभीषिका भोगे । घटना यसप्रकार छ -

६ अगस्त १९४५ को बिहान ८.१५ बजे ३ वटा यू.एस.बी. २९ विमानहरू एकाएक उत्तर-पूर्वबाट हानिंदै आई बेतोडसाथ हिरोशिमा शहर भित्र चोर पसेझैँ पसे । तीमध्ये एउटाले एटमबम खसाल्यो, अनि दायाँतिर स्वाट्ट मोडेर ती तीनैवटा सैनिक विमानहरू पूर्ण क्षमताका साथ बेपत्तासँग उडेर नदेखिने भए । करीब-करीब ८,५०० मिटर (२७,८०० फीट) को उचाईबाट खसालिएको त्यो एटमबम जमीनमा पुग्न नपाउँदै ठूलो लामो आगोको मुस्लो बेतोडले तलतिर झरेको देखियो र जमीनमा ठक्कर खाएपछि फेरि ५८० मिटर (१९०० फीट) सम्म माथि उठेको थियो । यस भयंकर विस्फोटनले विशेषतः हिरोशिमा शहरको प्रायः सम्पूर्ण जीउधन स्वाहा भएको थियो । त्यस बेलाको स्मृति स्वरूप प्रत्येक वर्ष ६ अगस्तका दिन हिरोशिमामा र ९ अगस्तका दिन नागाशाकीमा त्यसबेला भुक्तभोगी पीडित व्यक्तिहरूको शान्ति कामनार्थ शान्ति-प्रार्थन कार्य गरिन्थ्यो ।

त्यसबेलाको हृदय बिदारक घटना "शान्तिस्मृति संग्राहालय" मा टेपरिकर्डबाट सुनिन आएको विवरण यात्रावर घनश्याम राजकर्णिकारले यसरी उल्लेख गर्नुभएको छ -

१) एकजना अधवैंसे जस्तोको स्वर टेपरिकर्डरमा घन्किन्छ । उसले भनेको हुन्छ - "मेरो नाम सिको नागरा हो । यहाँ एटमबम खसेको बेला म २२-२३ वर्षको थिएँ त्यसबेला देखेको मानिसको हृदय विदारक दुर्दशापूर्ण अवस्थाहरू सम्झँदा अहिले पनि रून मन लाग्छ । त्यसबेला अरू झैँ म पनि कराउँदै यताउता भागिरहेको थिएँ । एक ठाउँमा रूखमुनि दुईजना दाजुभाइ मरणासन्न अवस्थामा देखेर म टक्क अडिएँ, एकछिन ट्वाल्ल परेर हेरिरहें । भाइ चाहिँले अन्तिम सास फेर्न लागेको थियो । दाजुचाहिँ जो आफै पनि कष्टपूर्ण अवस्थामा थियो र जसको सारा जीऊ डढेर कालो भएको थियो, रूँदै भनिरहेको थियो - "चिचिरो, चिचिरो, केही बेर पर्ख, आमा आउँदैछिन् ।" यो देख्दा म स्तबध भएँ, मैले कराउन छोडें र वाल्लपरी हेर्न थालें तर भाइचाहिंले आमालाई पर्खन सकेन,



https://dhamma.digital

उसले अन्तिम सास फेऱ्यो । म झसङ्ग भएँ, आफै डढुँलाई भन्ने आशङ्काले मन खलबलियो र कुदिहालें कराउँदै निरूद्देश्य दिशातिर ।

२) अन्य एकजना भुक्तभोगी आइमाईको स्वर प्रस्फुटित हुन्छ । चोको इमोरी नाम बताउँदै ऊ भन्न शुरू गर्छ -

"म आफ्ना तीनवटा केटाकेटीहरू खोज्दै, कराउँदै दौड्दै थिएँ । मलाई मेरो नाउँ लिएर बोलाइँदै एकजना तरूणी केटी मतिर दौड्दै आइरहेकी थिइन् । तीनको रूप यस्तो वीभत्स थियो बयान गरेर साध्यै छैन । मुख कालो रातो हुँदै भुक्क फुलेको थियो, हातका छालाहरू ऱ्याल चुहे जस्तै पग्लँदै थिए, गुप्ताङ्ग सबै उदाङ्ग थियो । उनको त्यो दुर्दशा देख्दा म भयभीत भएँ र त्यहाँबाट भाग्ने सुर कसे, तैपनि सोधि हालें - तिमी को हौ ? उनले आफ्नो नाम बताइन् - उफ ! त्यो नाम त मेरो कलेजका एकजना सहपाठीको नाम थियो तर उनको त्यो अवस्थाले मैले चिन्न सकेको थिइन...........।"

यस किसिमको भीषण ध्वंसकारी विस्फोटन पश्चात जापानीहरूले फूजी गुरूजीको शान्ति-सन्देशलाई विस्तारै अपनाउँदै ल्याए । फूजी गुरूजीले पनि युद्धको विभीषिकाबाट अत्यन्त दुःखित भई निश्चय गर्नुभयो कि संसारमा शान्ति, अहिंसा र मैत्री पुनस्थापना गर्न विश्वभरमा शान्ति-स्तूपहरू निर्माण गर्दै जाने नै श्रेष्ठोत्तम हुनेछ । अतः उहाँले यस निश्चयलाई कार्यान्वयन गर्न आफूलाई सन् १९३३ मा श्रीलङ्काको यात्रामा भिक्षु एन. पियरत्नबाट प्राप्त बुद्धको अस्थिधातु जापानका राजकुमार र प्रधानमन्त्रीको हातमा समर्पित गर्नुभयो र त्यो अस्थि राखी "विश्व-शान्ति-स्तूप" निर्माण गर्ने सुझाव दिनुभयो जस अनुसार सन् १९४६ को अन्तमा आफ्ना केही शिष्यहरूको सहायताबाट भिक्षु निचिदात्सु फूजीको प्रथम शान्ति-स्तुपको निर्माण क्युशु टापुको कुमामोटो स्थित हन-ओका-यामा (Hanaoka-Yama) मा शुभारम्भ गर्नुभयो । त्यस स्तूप सन् १९५४ मा पूर्णरूपमा तयार भयो, जसको उचाई ३३ मीटरको थियो ।

८ अप्रिल १९५४ का दिन त्यस शान्ति-स्तूप समुद्घाटन भएको अवसर मै पूज्य गुरूजीले "अखिल विश्व-शान्ति सम्मेलन" (The World Peace Conference) को पनि आयोजना गरेको थियो, जुन सम्मेलनमा विश्वका प्रायः सम्पूर्ण राष्ट्रहरूले भाग लिएका थिए । विश्वको आधुनिक युगको इतिहासमा शान्ति स्थापनार्थ भएको यस सम्मेलनको विशेष महत्व रहेको कुरा सम्मेलनको प्रस्तावनामा नै उल्लेख गरिएको थियो । विश्वमा सर्वप्रथम शान्ति सम्मेलन



https://dhamma.digital

गरेको कारण पनि यस सम्मेलनको विशेष महत्व रहेको थियो ।

सन् १९५४ को नवेम्बर महिनामा भिक्षु निचिदात्सु फूजी गुरूजी पुनः श्रीलङ्काको भ्रमणमा जानुभएको थियो । श्रीलङ्काका विभिन्न ऐतिहासिक स्थलहरूको परिभ्रमणपछि उहाँले सन् १९५५ को शुरूमा चौथो पटक भारत आगमन गर्नुभयो । यस पटक उहाँ राजगृह र गृद्धकुट पर्वत आदि पवित्र बौद्धस्थलहरूको अवलोकन पश्चात भारतका विभिन्न प्रदेश एवं शहरहरूमा पनि भ्रमण गर्नुभएको थियो, जसमा बङ्गाल, विहार, आसाम, मद्रास, बम्बई र दिल्ली आदि ठाउँहरू प्रमुख थियो ।

यसै पटकको यात्रामा उहाँले सर्वप्रथम तत्कालीन राष्ट्रपति डा.राजेन्द्रप्रसाद (सन् १८८४-१९६३) र प्रधानमन्त्री पं. जवाहरलाल नेहरू (सन् १८८९-१९६४) लाई भेटघाट गरी कुशलवार्ता गर्नुभएको थियो । यसै अवसरमा पं. जवाहरलाल नेहरूले उहाँलाई बुद्धका दशवटा अवशेष (अस्थि-धातु) प्रदान गर्नुभयो कि ती बुद्ध-अवशेषको हेतुद्वारा १०० वटा विश्व-शान्ति-स्तूपहरू जापान लगायत विश्वका विभिन्न ठाउँहरूमा निर्माण गर्नेछु ।

यसै यात्रा कालमा उहाँले आचार्य निवा भावेसित पनि पुरी (उडिसा प्रदेश) मा भेटघाट गरे । सन्त विनोवा भावेको विशेष प्रयत्नमा पुरीमा "सर्वोदय-सम्मेलन" सुसम्पन्न भएको थियो । यहाँको भूदान क्रान्ति (आन्दोलन) सत्यबेला जोडदार भएको ति रूपमा प्रचार-प्रसार भइरहेको थियो जसमा फूर्जा गुरूजी पनि यति प्रभावित हुनु भयो कि उहाँ जापान फर्कना साथ "सर्वोदय-आश्रम" स्थापना गरी नै हाले । जापानमा पहिलो सर्वोदय-आश्रम शीगओ प्रदेश अन्तर्गत "योशी वारा" नगरमा स्थापित गरेको थियो ।

सन् १९५६ को अन्त (नेपालमा चतुर्थ विश्व बौद्ध सम्मेलनको समाप्ति पछि) मा भारतमा २५०० औं वैशाख पूर्णिमाको उपलक्ष्यमा एक विशाल समारोहको आयोजना पनि दिल्लीमा मनाउने आयोजना भारत सरकारले गरेको थियो । यस समारोहमा भाग लिन भारत सरकालको विशेष निमन्त्रणामा महामना फूजी गुरूजी सन् १९५६ को नवेम्बर महिनामा पाँचौं पटक भारत आगमन गर्नुभयो । यसैबेला भारत-सरकारले "राजगृह" विश्व संस्कृतिको एक केन्द्र हुनाको कारण त्यसको विकासको निमित्त एक परियोजना निर्माण गरेको थियो, जसको निर्माता थिए - पं. जवाहरलाल नेहरू । उहाँले भिक्षु निचिदात्सु फूजी गुरूजीलाई पनि "राजगृह विहार परियोजना" को एक सदस्य नियुक्त गर्नुभएको थियो ।



https://dhamma.digital

यसको वर्षदिनपछि सन् १९५७ को जून महिनामा पूज्य गुरूजी श्रीलङ्कामा सम्पन्न हुन लागेको "चतुर्थ विश्व शान्ति सम्मेलन" मा सम्मिलित हुन आइपुग्नु भयो । यस सम्मेलनमा उहाँले विश्व-शान्ति-स्तूपको स्थापना गर्दै जाने प्रस्ताव अनुरूप कोलम्बोमा पनि शान्ति-स्तूप निर्माणको योजना तयार गराउनु भएको थियो ।

कोलम्बोको यात्रापश्चात भिक्षु निचिदात्सु फूजी चीनका विभिन्न भूभागहरूमा अवस्थित बौद्ध स्मारकहरूको अवलोकनार्थ जानु भयो ।

जम्मू र काश्मिर प्रदेशको लद्दाखस्थित विश्व-शान्ति स्तूप (समुद्घाटनः २५ अगस्त १९९१ ई.)

सन् १९५८ मा फूजी गुरूजीका एक प्रमुख शिष्य भिक्षु मारूयामा सान (आनन्द-भाइ) राजगृहको रत्नगिरी पर्वतमा एक विश्व-शान्ति-स्तूप निर्माण गर्ने योजना लिई भारत पुगनुभएको थियो जसलाई दोस्रो विश्वयुद्धको समय गान्धी आश्रम-सेवाग्राम (वर्धा) बाट नै अंग्रेज सरकारले गिरफ्तार गरी बन्दी जीवन बिताउन लगाएको थियो । मगधको पवित्र-भूमि राजगृहमा "विश्व-शान्ति-स्तूप" बनाउने आरूयामा सानको प्रस्तावलाई भारतका तत्कालीन राष्ट्रपति डा. राजेन्द्रप्रसाद र प्रधानमन्त्री पं. जवाहरलाल नेहरू दुवैले निकै प्रशंसा गरे - साथै उहाँहरूले वचन पनि दिनुभएको थियो कि त्यस पुण्यकार्यमा जति सहयोगको अपेक्षा छ त्यति सहयोग अवश्य दिने छौं ।

अफशोच ! राजगृहको रत्नगिरि शिखरमा शान्ति-स्तूप बनाउन लागेको बेला सम्ममा उहाँहरू दुवैजना यस संसारबाट प्रस्थान गरिसकेका थिए । अतः उहाँहरूको स्थानमा भारतका तत्कालीन राष्ट्रपति (सन् १९६२-६७) डा.सर्वपल्ली राधाकृष्णले ६ मार्ग १९६५ का दिन त्यस स्तूपको शिलान्यास गर्नुभएको थियो । राजगृहको त्यस विश्व-शान्ति-स्तूपको शिलान्यास सम्पन्न भएको ४ वर्षपछि जापान-बौद्ध-संघको प्रचुर आर्थिक सहायताबाट शान्ति-स्तूप तयार भएपछि २५ अक्टोबर १९६९ का दिन भारतका तत्कालीन राष्ट्रपति (सन् १९६९-७४) श्री वारहगिरि वैङ्कटगिरिको करकमलबाट शान्ति-स्तूपको समुद्घाटन सम्पन्न भएको थियो ।

सन् १९६२ को जून महिनामा भिक्षु निचिदात्सु फूजी गुरूजी प्रधानमन्त्री पं जवाहरलाल नेहरूको विशेष निमन्त्रणामा दिल्लीमा आयोजित "अखिल विश्व



https://dhamma.digital

परमाणु अस्त्र विरोधी सम्मेलन" मा भाग लिन पुनः भारत पुग्नुभयो । त्यस सम्मेलनमा फूजी गुरूजीले तत्कालीन राष्ट्रपति डा.राजेन्द्र प्रसादले राख्नुभएको पूर्ण निःशस्त्रीकरण तथा विसैन्यीकरणको प्रस्तावलाई हृदयदेखि समर्थन गरी आफ्नो विचारको पनि पुनरावृत्ति गर्दै भन्नुभएको थियो - "विश्वलाई सर्वनाशबाट बचाउने र युद्धको परम्परा जडबाट नै उन्मूलन गर्ने एक मात्र उपाय हो - निरस्त्रीकरण ।"

दुर्भाग्य ! सन् १९६२ को अक्टोबर महिनामा चीनले भारतको उत्तर-पूर्वी सीमान्त प्रदेश तथा लद्दाखमा आक्रमण गऱ्यो जसले गर्दा नेहरू सरकारले पनि प्रतिरक्षाको निमित्त ललकार्नु गरेको थियो । यस खबर जापानको समाचार पत्रिकाहरूमा पढ्ना साथै फूजी गुरूजीको मन व्याकुल भयो । भारत-चीन सीमा संघर्ष जति-जति बढ्दै गयो त्यति-त्यति नै पूज्य गुरूजीको चिन्ता पनि बढ्दै आएको कारण उहाँ अविलम्ब भारत आउने विचार (निश्चय) गर्नुभयो ।

२१ नवेम्बर १९६२ का दिन जब उहाँले भारत-भूमिमा पाइला राख्नुभयो, संयोगवश त्यही दिन चीन सरकारले युद्ध-विरामको घोषणा गरेको थियो र पछि आफ्नो सेना समेत फिर्ता लगेको थियो ।

२३ नवेम्बर १९६२ का दिन "अखिल-भारत-सर्वोदय सम्मेलन" मा भाग लिइ सकेपछि भिक्षु निचिदात्सु फूजी दिल्ली जानुभई सीमा संघर्षको विषयमा प्रमुख भारतीय नेताहरूसित महत्त्वपूर्ण वार्तालाप गर्नुभएको थियो । त्यतिले मात्र सन्तोष नभई वहाँ चीन जानुभई त्यहाँका धार्मिक एवं अन्य नेताहरूसित पनि समस्या समाधानको बारेमा छलफल गर्नुभएको थियो । चीनबाट वहाँ सन् १९६३ को मई महिनामा सोभियत रूस जानुभयो ।

सन् १९६२ को ९ डिसेम्बरका दिन उहाँ पञ्जाब एवं हिमाञ्चल प्रदेशका विभिन्न ठाउँहरूको अवलोकनार्थ प्रस्थान गर्नुभयो जस्मा चण्डीगढ, पिंजोर, सरहिन्द, कुरालाई, रोपड, दुराहा, फगवाडा, पठानकोट-धर्मशाला, पालमपुर आदि प्रमुख थिए । यी ठाउँहरूमा उहाँले स्थानीय विद्यार्थी, एवं विशेषतः सर्वोदय सेवकहरूको समक्ष मार्गदर्शनको रूपमा व्याख्यान दिनुभएको थियो । यस यात्रापछि फूजी गुरूजीले २३ डिसेम्बरका दिन दिल्ली पं. जवाहरलाल नेहरूसित पुनः एकपटक भेटघाट गरी २४ डिसेम्बरका दिन राजगृह पुग्नुभयो । राजगृहमा ३ दिनसम्म उहाँ भूतपूर्व राष्ट्रपति डा.राजेन्द्र प्रसादको विशेष अतिथिको रूपमा रहनुभयो ।



https://dhamma.digital

म्हामना फूजी गुरूजीले दक्षिनण भिष्तनाममा त्यहाँका नगो-दिम-दिन सरकारले बौद्ध जनताहरूलाई गरेको अमानविय दमनलाई लिएर विभिन्न ठाउँहरूमा गई त्यसको विरूद्ध आवाज उठाउनुको साथै शान्ति-जुलूस प्रदर्शन गरेका थिए । त्यसैको सन्दर्भमा सन् १९६७ को जून महिनामा टोक्योस्थित चूओ विश्वविद्यालय (Chuo University) मा भियतनाममा भियतनामी जनताहरूको विजय निश्चित छ भन्ने आवाजको रूपमा व्याख्यान दिएको थियो । सन् १९६८ मा फूजी गुरूजी न्यूयोर्क (अमेरिका) सम्म पनि जानुभई भियतनामका समस्यालाई अन्त गर्न आवाज उठाउनु भएको थियो ।

भिक्षु निचिदात्सु फूजीले सन् १९६८ मा होनोलुलू (हवाई द्वीप) मा निर्मित विश्व-शान्ति-स्तूप पूर्ण तयारी पश्चात् उद्घाटन कार्य सम्पन्न गर्नुभयो । त्यस्तै १९६९ मा जापानको कियोसुमि-सानमा र राजगृहमा बनिएको विश्व-शान्ति-स्तूप पनि पूर्ण तयारी पश्चात् समुद्घाटन सम्पन्न भएको थियो ।

२५ अक्टोबर १९६९ का दिन राजगृहको रत्नगिरि पर्वत स्थित विश्व-शान्ति-स्तूपको समुद्घाटन पछि पुनः अन्य एक विश्व शान्ति-स्तूप भारतको उडिसा प्रदेश स्थित भुवनेश्वरको धौलागिरी पर्वतमा सन् १९७० मा निर्माण कार्य शुरू भयो जुन स्थान (इलाईका) मा सुप्रसिद्ध मौर्य सम्राट अशोक (ईशापूर्व तेस्रो शताब्दी) ले कलिङ्ग-युद्धपश्चात हृदय-परिवर्तन गरी शस्त्र त्याग गरेको थियो ।

दुई-वर्षको अल्पकालमै विशेषतः जापानी भिक्षु एवं भिक्षुणीहरूको अथक प्रयासबाट यस स्तूप पूर्ण रूपमा तयार भई ८ नवेम्बर १९७२ का दिन उद्घाटन समेत सम्पन्न भएको थियो । त्यस स्तूपलाई “सुदशन शान्ति-स्तूप” एवं “कलिङ्ग शान्ति-स्तूप” पनि भनिन्छ ।

सन् १९७२ मै पूज्य फूजी गुरूजी, बङ्गलादेशमा पाकिस्तानद्वारा गरिएको भीषण अत्याचार एवं नर-संहार, जुन मानवताको नाममा एक कलङ्क साबित हुन गएको थियो, को बारेमा शान्ति स्थापनार्थ आवश्यक सर-सल्लाह गर्न तत्कालीन बङ्गलादेशका राष्ट्रपति ए.एस.चौधरी (A.S. Chaudhary) सँग भेटवार्ता गर्न जानुभएको थियो साथै प्रधानमन्त्री एवं अन्य नेताहरू सित आवश्यक सर-सल्लाह गरी आफ्नो केही शिष्यहरूलाई उत्तरदायित्व दिई भारत फर्केका थिए । उहाँले बङ्गलादेशका पीडित जन-समुदायहरूलाई प्रशस्त रूपमा अन्न, वस्त्र, निवास आदिको पनि प्रबन्ध गरेर आउनुभएको थियो ।



https://dhamma.digital

**नेपालको सन्दर्भमा–**

१४ डिसेम्बर १९७२ का दिन "नेपाल बौद्ध समाज" को निमन्त्रणामा भिक्षु निचिदात्सु फूजी गुरूजी काठमाडौं आइपुग्नु भयो । १८ डिसेम्बरका दिन श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवसँग नारायणहिटी राजदरबारमा दर्शन एवं विशेष भेटवार्ता गर्नुभयो । अतः यसको फलस्वरूप पूज्य गुरूजीको सदिच्छा अनुरूप तथागतको जन्मस्थान नेपालमा पनि एउटा "विश्व-शान्ति-स्तूप" निर्माण गर्नका लागि श्री ५ को सरकारको तर्फबाट हेलिकोप्टर समेत उपलब्ध गराइएको थियो ।

स्मरणीय छ, २० डिसेम्बर १९७२ का दिन पूज्य फूजी गुरूजी एवं उहाँको समूहबाट स्वयम्भू चैत्य स्थानमा भव्यरूपमा पूजोत्सव भएको थियो, जुन बुद्ध-पूजामा तत्कालीन प्रधानमन्त्री कीर्तिनिधि विष्ट, प्रधानन्यायधीश रत्नबहादुर विष्ट एवं विभिन्न देशका राजदूतहरूको पनि उपस्थिति थियो ।

नेपालमा सबभन्दा पहिले "विश्व-शान्ति-स्तूप" बनाउने स्थानको चयन काठमाडौंको स्यूचाटारमा गरिएको थियो, जहाँ शिलान्यासका साथ नमूनाको रूपमा एउटा सानो शान्ति-स्तूप पनि तयार गरिको थियो तर पछि निचिदात्सु फूजी गुरूजीलाई लुम्बिनीमा बनाए वेश होला भन्ने आग्रहका साथ सुझाव दिइयो, सो आग्रहलाई गुरूजीले स्वीकार गर्नुभयो । शान्ति-स्तूप बनाउन लुम्बिनी क्षेत्रमा जग्गा र ६०-७० हजार इट्टा पनि किनियो ।

शान्ति स्तूप बनाउन सन् १९७३ को फरवरी महिनामा पूज्य फूजी गुरूजी लुम्बिनी पुग्नुभई, एउटा सानो शान्ति-स्तूपको नमूना बनाई चाँडै निर्माण कार्य पूर्ण होस् भनी कामना गरी प्रार्थना-पूजा गरिएको थियो तर पछि त्यहाँ पनि राजदरबारबाट एउटा पत्र पाउनुभयो जुन पत्रमा प्राचीन स्तूप, विहारहरू जीर्णोद्धार गर्न सकिने र नयाँ स्तूपहरू बनाउन नहुने कुरा उल्लेख गरिएको थियो । अतः लुम्बिनीमा शान्ति-स्तूप बनाउन प्रयत्नशील जापानी भिक्षुहरूले लुम्बिनीको जग्गा जग्गाधनीलाई नै दान दिई, ईंटा आदि सम्पूर्ण शान्ति-स्तूप निर्माण गर्ने सामग्रीहरू पनि दान दिएर काठमाडौं फर्के ।

महामना फूजी गुरूजी काठमाडौं उपत्यका एवं बनेपा, तानसेन-पाल्पा आदि ठाउँका विभिन्न विहारहरूमा केही महिना रहनुभई विश्व-शान्तिको लागि पूजा पाठ गर्नु भएको थियो । यसै क्रममा उहाँ पोखरा पनि पुग्नुभएको



https://dhamma.digital

थियो । पोखरामा उहाँको भेट “नेपाल बौद्ध समाज” का अध्यक्ष एवं संरक्षक प्रेमबहादुर शाक्य मार्फत अनागारिका धर्मशीला र श्री मीनबहादुर गुरूङ (भू.पू. उपमन्त्री) सित भएको थियो । त्यस्ताका आफ्ना आमाको निधनबाट विराग भइरहेका श्री मीनबहादुर गुरूङलाई पनि केही धर्मकार्य गर्ने इच्छा थियो । त्यसैमा फूजी गुरूजी, अनागारिका धर्मशीला र मीनबहादुर गुरूङका बीच आपसी सरसल्लाहबाट “विश्व-शान्ति-स्तूप” पोखरामा निर्माण गर्ने कुरा उठ्यो जुन कुरामा श्री मीनबहादुर गुरूङले फेवाताल पारि आफ्नो पनि केही भाग रहेको अन्दु थुम्को डाँडामा बनाए बेश होला भन्ने सुझाव दिनुभयो । त्यस सुझाव अनुरूप विश्व शान्ति स्तूप निर्माण गर्ने सम्बन्धी काम २७ भाद्र २०३०, बुधवारका दिन शिलान्यास गरी शुरू गरिएको थियो । त्यहाँ सबभन्दा पहिले एउटा ठूलो प्रार्थना हल तयार गरियो, त्यस पश्चात् पाहुना घर र गुरूजीको लागि अर्को एउटा विहार गरेर ३ वटा भवनहरू तयार भए ।

प्रार्थना हलको निमित्त पाटनमा निर्मित्त उभिएका विशाल एवं कलात्मक भव्य बुद्ध-मूर्ति १३ मंसिर २०३० का दिन सार्वजनिक रूपले बाजा गाजासाथ पोखरा बजार परिक्रमा गरेर समारोहपूर्वक नवनिर्मित प्रार्थना हलमा विधिवत स्थापना गरिएको थियो ।

“विश्व-शान्ति-स्तूप” पनि पोखरा सहित काठमाडौं उपत्यका र पाल्पा आदि ठाउँका श्रद्धालुहरूको दान, श्रमदानबाट अग्लो हुँदै आएको थियो ।

भिक्षु निचिदात्सु फूजी गुरूजी निर्धक्क भई, शान्ति-स्तूप बनाउन लगाई काठमाडौं फर्केका थिए । ६ अगस्त १९७३ का दिन उहाँको ८९ औं जन्मोत्सव बडो भव्य रूपमा मनाइएको थियो । त्यस जन्मोत्सव समारोहमा निमन्त्रित भई आएका पूज्य गुरूजीका एक प्रमुख शिष्य उपेन्द्र महारथी नेपालमा मनाइएको त्यस जन्मोत्सवको बारेमा भन्नु हुन्छ ।

“इस बार जब मैं भाई श्री दुर्गाप्रसाद शर्माजी के साथ ६ अगस्त, १९७३ को काठमाडौं मे आयोजित पूज्य गुरूजी की ८९ वीं वर्ष गाँठ के समारोह मे निमन्त्रित होकर गया था, तब वहाँ के विभिन्न धर्मावलम्बी नागरिकोंका समारोह मे उत्साह देखकर आश्चर्य चकित हो उठा । ऐसा उत्साहपूर्ण वातावरण केवल जापानको छोडकर मैने अन्यत्र कहीं भी नहीं देखा था ।”

यसपछि फूजी गुरूजी सन् १९७३ को सेप्टेम्बर अक्टोबर महिनातिर



https://dhamma.digital

जापान फर्कनुभयो ।

अफशोच ! उहाँको आशय विपरीत पोखरामा ३५ फीटसम्म अग्लो गरी बनाइसकेको शान्ति-स्तूप माथि बज्रपात भयो । शान्ति-स्तूपका प्रमुख निर्माता श्री मीनबहादुर गुरूङलाई स्थानीय प्रशासनले ४ श्रावण २०३१ का दिनदेखि सुरक्षा कानून अन्तर्गत पोखरा जेलमा १८ महिना राख्यो । उहाँपछि उहाँको सुपुत्र श्री कृष्ण बहादुर गुरूङलाई पनि अप्रत्याशित रूपमा २६ कार्तिक २०३१ का दिनदेखि ६ महिनासम्म लमजुङ जेलमा र अन्य ठाउँहरूमा गरी जम्मा १ वर्ष कैद गरियो ।

प्रशासनले शाही सेनाका जवानहरू पठाई बूट लगाई शान्ति-स्तूप माथि चढेर शान्ति-स्तूप भत्कायो । यसको साथै पहिले निर्माण गरेर प्रयोगमा समेत ल्याइसकेको बुद्ध-विहार (मूर्ति स्थापना भइसकेको), प्रार्थना हल र पाहुना घरहरू पनि सबै भत्काइए, निर्माण सामग्रीहरू हिनामिना पारियो । विधिवत स्थापना गरिकेको बुद्ध मूर्तिलाई पनि टुक्रा पारियो । स्थिति निकै विकट हुँदै गयो । शान्ति-स्तूप भत्काउन त्यो आरोप उचित जाँचिदैन रूख त्यसरी काटिएकै थिएन ।

पुनः प्रशासनले नगर योजना कार्यान्वयन समितिको स्वीकृति नलिई बनाएको आरोप लगाइयो जबकि वास्तविक कुरा - नगर योजना लागू (१७ मंसिर २०३०) हुनुभन्दा अगाडि नै बुद्ध-मुर्ति स्थापना गरी विश्व-शान्ति स्तूप निर्माणको कार्य प्रारम्भ भइसकेको थियो ।

यस्तो थियो- नेपालमा ब्राह्मणवादको चरमसीमा !

यदि प्रशासनको “विश्व-शान्ति-स्तूप” बनाउन नदिनु नै विचार थियो भने त्यहाँ प्रार्थना-हल शुरू गरेको बेलामा नै रोक्नुपर्ने थियो । ३-३ वटा भवनहरू समेत तयार भइसकेको त्यस ठाउँमा एकाएक निर्ममतापूर्वक बर्वर आक्रमण गर्नु कम असहायको कुरा थिएन । यो बौद्धहरूले मात्र सोच्नु पर्नेकुरा थिएन-बुद्धिजीवी हिन्दूहरूले पनि अवश्य नै सोच्नु पर्ने कुरा थियो भने त्यहाँ प्रार्थना-हल शुरू गरेको बेलामा नै रोक्नुपर्ने थियो । ३-३ वटा भवनहरू समेत तयार भइसकेको त्यस ठाउँमा एकाएक निर्ममतापूर्वक बर्वक आक्रमण गर्नु कम असहायको कुरा थिएन । यो बौद्धहरूले मात्र सोच्नु पर्नेकुरा थिएन-बुद्धिजीवी हिन्दूहरूले पनि अवश्य नै सोच्नु पर्ने कुरा थियो ।

प्रजातन्त्रको उदय (पञ्चायती व्यवस्थाको अन्त) पछि पोखराको त्यस



https://dhamma.digital

अन्दु डाँडामा १८ वर्ष पहिले भत्काइएको विश्व-शान्ति-स्तूप अब पुनःनिर्माण हुन लागेको कुरा सुन्न पाउँदा हामी समस्त बौद्धहरूलाई एवं मानवतावादी सम्पूर्ण नागरिक (विशेषतः बुद्धिजीवी हिन्दूहरूलाई पनि) हरूलाई खुशी लाग्नु स्वाभाविकै कुरा हो किनकि त्यस स्तूपको भत्काइको सिद्धार्थ गौतम बुद्ध जन्मेको देश नेपालमा बुद्धको नाम निर्मित शान्ति-स्तूप भत्काइदिँदा बौद्धहरूको मात्र होइन, सबै विवेकशील नेपालीहरूको हृदयमा गहिरो चोट परको थियो, अनेक शङ्का र भय व्याप्त भएको थियो तथा त्यो दुःखद घटना राष्ट्रिय चिन्ता र अन्तर्राष्ट्रिय चर्चाको विषय बन्न गएको थियो ।

अर्को तर्फ यसले बुद्ध धर्मलाई मात्र हानी पुऱ्याएको छ भनेर सोच्नु मूर्खता हो, त्यसले धार्मिक दृष्टिले पोखराको बढ्दो महत्त्वलाई घटाएको छ, एउटा सिंगो क्षेत्रको विकासमा अवरूद्ध भएको छ, कैयौं मानिसको रोजगारी गुमेको छ। अन्तर्राष्ट्रिय क्षेत्रमा नराम्रो असर पर्न गएको छ भने राष्ट्रिय सम्पत्तिको दुरूपयोग भएको छ ।

हाल आएर सबै धर्मबन्धुहरूको सहयोग र सत् प्रयासबाट जनआन्दोलन पश्चात् श्री ५ को सरकारले ८ अश्विन २०४८ का दिन त्यस विश्व-शान्ति-स्तूप बनाउने बारे मन्त्रीस्तरीय निर्णय गरिसकेको थियो । यसैको फलस्वरूप ७ जेष्ठ २०४९ का दिन प्रधानमन्त्री गिरिजा प्रसाद कोइरालाको तर्फबाट शिलान्यास कार्य सम्पन्न भई पुनर्निमाण कार्य शुरू भएको छ । अतः हामी सम्पूर्ण बौद्ध एवं नेपालीहरूको प्रतिष्ठाको विषय भएको त्यस विश्व-शान्ति-स्तूपको पूर्णताको निमित्त स्वदेशी, विदेशी सबै धर्मबन्धुहरू, दाताहरू एवं विकासप्रेमी सबैबाट हार्दिक उद्धार सहयोगको लागि “विश्व-शान्ति-स्तूप पुनः निर्माण समिति, पोखरा” को हार्दिक अपील रहेको छ। यस पुण्य कार्यलाई हामी प्रत्येकले तन-मन-धनद्वारा साथ दिनु पाउनु सौभाग्यको कुरा हुन आउँछ । पोखराको शान्ति स्तूप निर्माण सम्पन्न र पूजा पाठ लुम्बिनी विश्व शान्ति स्तूपको निर्माण ।

महान् भिक्षु निचिदात्सु फूजी सन् १९७४ मा भारतीय गणतन्त्र दिवस (२६ जनवरी) मा सम्मिलित हुन पुनः भारत आगमन गर्नुभयो । फरवरी महिनामा उहाँलाई भारतमा बुद्ध-धर्म पुनरूद्धार गर्न टेवा दिनु भएवापत नालन्दा विश्वविद्यालय (संस्थापक-भिक्षु जगदीश काश्यप) बाट “विद्यावारिधि” को उपाधि प्रदान गरिएको थियो ।

सन् १९७४ को जून महिनामा भिक्षु निचिदात्सु फूजी अमेरिका जानुभई



https://dhamma.digital

अमेरिकी राजदरवार (White House) अगाडि अमेरिकी जनताहरूका साथ विश्व-शान्ति एवं इण्डो चीनमा युद्ध अन्त गर्ने विषय लिई शान्ति-प्रार्थना गरेको थियो । भिक्षु निचिदात्सु पुनः भारत फर्कनुभई नवेम्बर १९७४ मा भएको तेस्रो एशियाई सम्मेलनमा भाग लिनुभयो जुन सम्मेलन नयाँ दिल्लीमा सम्पन्न भएको थियो । यसको चौथो सम्मेलन सन् १९७६ को जुलाई महिनामा जापानको राजधानी टोक्यो (Tokyo) मा भएको थियो त पाँचौं सम्मेलन सन् १९७९ को जुन महिनामा मङ्गोलियाको राजधानी उलान बाटोर (Ulan Bator) मा सम्पन्न भएको थियो ।

सन् १९७९ को जनवरी १९ का दिन भिक्षु निचिदात्सु फूजीलाई अन्तर र्राष्ट्रिय जगतमा सद्भावान्को विकासमा प्रमुख देन रहेबापत भारत सरकारले नयाँ दिल्लीमा “नेहरू मानपदक” (Nehru Award) प्रदान गरेको थियो ।

सन् १९७९ कै अप्रिल महिनामा फूजी गुरूजी, माता महाभिक्खुणी ग्यो-आ-इन-निस्सो (Maha-Bhikkhuni Gyoa-In-Nisso) को ५० औँमरण-दिवसको स्मरण स्वरूप समाधि-स्थलमा गई बौद्ध रीति अनुसार पूजा-पाठ गर्न जानु भयो त्यस्तै सन् १९८१ म जापानको राजधानी टोक्योमा मनाएको थियो साथै विश्वका सबै प्रमुख धर्मावलम्बीहरू सम्मिलित गराई एक शान्ति सम्मेलनको पनि आयोजना गरिएको थियो, जुन उत्सव एवं सम्मेलनमा भाग लिन पोखराबाट श्री मीनबहादुर गुरूङ र उहाँकी धर्मपत्नी वसन्त कुमारी गुरूङका साथ अनागारिका धर्मशीला (वि.सं. १९७४-२०४३) पनि जानुभएको थियो ।

सन् १९८२ मा भिक्षु निचिदात्सु फूजी पहिलो पटक श्रीलङ्कामा धर्मदूत भएर जानु भएको ५० वर्ष पुगेको अवसर एवं बन्दरवेला (Bandarawela) मा निर्माण भइरहेको विश्व-शान्ति-स्तूप पनि पूर्ण भएको अवसर लिई समुद्‌घाटन गर्न श्रीलङ्का जानुभयो । बन्दरवेलाई विश्व शान्ति-स्तूपको समुद्‌घाटनपछि उहाँ अमेरिका जानुभयो । अमेरिकाको न्यूयोर्क (New York) मा उहाँले लाखौंको जनसमूह सम्मिलित गराई शान्ति-जुलूस प्रदर्शन गर्नुभएको थियो, १२ जुन १९८२ का दिन सम्पन्न भएको त्यस शान्ति जुलूसको समापन स्थलमा उहाँले बुद्धको शान्ति सन्देश सुनाई उपस्थित विशाल जनसमूहलाई बधाइ दिनुभएको थियो । अमेरिकाबाट सेप्टेम्बर महिना (सन् १९८२) मा उहाँ जर्मन जानुभयो र विशेषतः जर्मनको बर्लिनमा उहाँले विश्व-शान्तिको निमित्त प्रार्थना-पूजा गर्नुभएको थियो ।

सन् १९८३ मा पनि भिक्षु निचिदात्सु फूजी श्रीलङ्का, भारत एवं लण्डनसम्म



https://dhamma.digital

पनि जानुभई विश्व-शान्ति-स्तूपको निर्माणको निमित्त आवश्यक सरसल्लाह गर्न ती देशहरूमा पुग्नुभएको थियो । उहाँ, यस वर्षको फरवरी महिनामा श्रीलङ्काका केही पवित्र बौद्ध स्थलहरूका परिभ्रमण गर्न पुग्नुभयो तर जुलाई महिनामा लण्डन पुग्नुभयो । लण्डनको व्याटर्सी पार्क (Battersea Park) मा लण्डन-शान्ति-स्तूप (London Peace Pagoda) को निर्माणको निमित्त २ अक्टोबर १९८३ का दिन स्तूपको शिलान्यास कार्य सम्पन्न गरेको थियो । शायद उहाँको जीवनमा अन्तिम विश्व-शान्ति-स्तूपको शिलान्यास लण्डनको शान्ति-स्तूप नै थियो । लण्डनमा केही महिना रही भिक्षु निचिदात्सु फूजी भारतको विशेषतः वर्धा (सेवाग्राम) मा केही दिन रही जापान फर्कनु भयो ।

महान् भिक्षु निचिदात्सु फूजी गुरूजी १९ जनवरी १९८४ का दिनदेखि अत्यधिक रूपमा बिरामी हुनुभयो । तैपनि उहाँ केही स्वस्थ मात्र हुनुभएको थियो, विश्व-शान्तिको निमित्त बुद्धको सन्देश जापानका विभिन्न ठाउँ एवं विश्वविद्यालयहरूमा जानुभई धर्म व्याख्यान दिँदै रहेका थिए । यसै अर्न्तगत ११ अक्टोबर १९८४ का दिन रिस्सो विश्वविद्यालय (Rissho University) मा व्याख्यान दिनुभएको थियो ।

यसै समयावधि भित्रमा सन् १९८४ को जुलाई महिनामा भिक्षु निचिदात्सु फूजी गुरूजीको १०० औं जन्मोत्सव बडो भव्यताका साथ जापानको राजधानी टोक्योमा सम्पन्न भयो । त्यस भव्य समारोहमा विश्वका प्रायः सम्पूर्ण राष्ट्रका प्रतिनिधिहरू सम्मिलित भएका थिए साथै विभिन्न देशका राष्ट्रप्रमुख एवं विश्वका विभिन्न संघ संस्थाहरूले उहाँलाई बधाइ सन्देश पठाएका थिए जसमा श्रीलङ्काका तत्कालनि राष्ट्रपति जे.आर.जयवर्द्धने, प्रधानमन्त्री रणसिंघे प्रेमदासा, भारतका प्रधानमन्त्री इन्दिरा गान्धी, जर्मन शान्ति परिषद्का उपाध्याय एवं प्रधान सचिव वर्नर रिमपेल, इटाली (भ्याटिकन) का धर्माध्यक्ष फ्रान्सिस अरिन्जे आदि प्रमुख थिए ।

नेपालबाट प्रतिनिधित्वको रूपमा पोखरा धर्मशीला विहारको तर्फबाट पुष्करमान बज्राचार्य, प्रकाशमान गुभाजू, कृष्णबहादुर गुरूङ र काठमाडौंबाट पुण्यरत्न तुलाधर सम्मिलित रहेका थिए ।

अफशोच ! पूज्य गुरूजीको १०० औं वर्षको जन्मोत्सव मनाएको ६ महिनापछि नै ९ जनवरी १९८५ का दिन जापानको होन्सू टापूस्थित अटामी शिक्षणालय (Atami Semenary) मा भिक्षु निचिदात्सु फूजी गुरूजीले आफ्नो



https://dhamma.digital

शताब्दी जीवनकाल सदाको निमित्त अन्त गर्नुभयो ।

यस पंक्तिका लेखकले पनि भिक्षु निचिदात्सु फूजी गुरूजी एवं समुद्रपारका शान्ति-स्तूपहरू दर्शन-अवलोकन गर्न नपाएतापनि उहाँद्वारा निर्मित राजगृहको विश्व-शान्ति-स्तूप, उडिसाको भुवनेश्वर स्थित "सुदर्शन-शान्ति-स्तूप" एवं वैशालीमा निर्मित सानो शान्ति-स्तूपको दर्शनबाट नै फूजी गुरूको महीमा उवं उहाँद्वारा निर्मित विश्व-शान्ति-स्तूपले प्रत्येक दर्शक वा यात्रुलाई अविस्मरणीय छाप एवं बुद्धको शान्ति-सन्देशलाई हृदयङ्गम गराउन बेजोड शक्ति गरेको कुरा महशूस गरिसकेको छु ।

अन्तमा, फूजी गुरूजीको आकाँक्षा अनुरूप उहाँद्वारा निर्मित देश-विदेशमा बनिएका कैयौं विश्व-शान्ति-स्तूपहरूमा यहाँले पनि आफ्नो देशको नजिक (भारतका विभिन्न ठाउँहरूमा अवस्थित) रहेको विश्व-शान्ति-स्तूपहरूको छत्रछायाँमा मात्र भएपनि केही क्षण रहन पाएबाट नै उहाँको स्मरण एवं शान्ति-स्तूपको साँच्चिकै आवश्यकता अनुभव गर्नुहुने छ भन्ने आशा राख्दछु ।

सन् १९३१ मा जापानस्थित निप्पोन जान म्योहोजिका श्रद्धेय निचिदात्सु फूजी गुरूजीले भगवान् बुद्धको जन्मस्थल लुम्बिनी भ्रमण गर्न आउनु हुँदा कुनै समयमा एउटा विश्वशान्ति स्तूप बनाउन गरेको संकल्प आज साकार भइसकेको छ । यस लुम्बिनी शान्ति स्तूपको निर्माण गर्न सन् १९९३ मा सर्वप्रथम निचिदात्सु फूजी गुरूजीका शिष्य दिवंगत भिक्षु युनाताको नावातामे लुम्बिनी आउनुभएको थियो । ४ वर्षसम्म स्तूप निर्मा कार्य पूरा गर्न कठोर परिश्रम र मेहनतसाथ लक्ष्यमा जुध्दै गर्दा सन् १९९७ जुलाई ३ मा यसै स्थानमा भिक्षु युनाताका नावातामेको निर्ममतापूर्वक हत्या गरियो । क्षान्ति पारमिता, सहनशीलता एवं त्याग, तपस्या र अधिष्ठानको प्रतीक स्वरूप शान्ति स्तूप निर्माण कार्य पूरा भै गत ३ नोभेम्बर २००१ म विश्वका हजारौं स्वदेशी तथा विदेशी बौद्ध श्रद्धालुहरूकाबीच अद्‌भूत ढंगबाट समुद्‌घाटन भैसकेको छ । त्यस्तै कास्की पोखरास्थित अनदु डाँडामा जापानकै निप्पोनजान म्योहोजीको सक्रियतामा निर्मित विश्वशान्ति स्तूपको निर्माण कार्य पनि पुरा भै बौद्धहरूको लागि गर्व एवं धर्मप्रीतिको अनुभूति दिलाएको छ ।

**समाप्त**



https://dhamma.digital

## सन्दर्भ

१) फूजी गुरूजी - भिक्षु सुदर्शन, -अङ्क ५, चैत्र - वैशाख, २०४०-४१

२) शान्तिदूत महामना फूजी गुरूजी, उपेन्द्र महारथी, श्री दुर्गाप्रसाद शर्मा, श्री वैद्यनाथ आयुर्वेद, आयुर्वेद-भवन रोड, पटना-१९७३

३) अनागारिका धर्मशीलाई र उहाँका योगदानहरू, तिलकमान गुभाजू, पोखरा, बु.सं. २५३३

४) बुद्ध-धर्मप्रति शासकहरूको असहिष्णुता, भिक्षु सुदर्शन, दानदेवी शाक्य, रत्नकुमारी शाक्य तथा सपरिवार, चोखाछैं, बु.सं. २५३४

५) विश्व-शान्ति-स्तूप पुनः निर्माण समितिको अपील, पोखरा

६) आनन्दभूमि - वर्ष - २९, अंक ६ (वि.सं. २०५८)

Dhamma.Digital



https://dhamma.digital

https://dhamma.digital

# दश संयोजन (दशवटा बन्धन)

(प्राप्ताङ्क ३०)

Dhamma.Digital

**लेखक – भिक्षु अश्वघोष महास्थविर**

नेपालीमा अनुवादक : भिक्षु संघरक्षित

https://dhamma.digital

# दश संयोजन (दशवटा बन्धन)

एक दिन एकजना विद्वान् धर्मप्रमी व्यक्ति गौतम बुद्धकहाँ आएर सोध्छन् -

**अन्तो जटा बहिजटा जटाय जटिता पजा**
**तं तं गोतम पुच्छामि को इमं विजटये जटं ?**

**अर्थ :**

सारा जनता संघर्षै संघर्षमा डुबिरहेका छन् । जताततै मानिसहरू संसारको जालमा फँसिरहेका छन् । उनीहरूको दुःखमय बन्धन सुल्झाएर सुल्झाउन नसक्ने (ऋषिहरूको जटाझैं) भई अल्झिरहेको छ । यसरी जेलिएको गाँठोलाई कसरी फुकाउने, कसले फुकाउन सक्ने ? तपाई गौतमसँग म सोध्दैछु ।

गौतम बुद्धले भन्नुभयो - " जुन मानिसले सदाचार सम्पन्न र प्रज्ञाले युक्त भई चित्तलाई बशमा राखेर प्रज्ञा-उन्नति गर्दछ, उत्साही र कुशाग्रबुद्धियुक्त बन्दछ, उसैले सांसारिक बन्धनलाई चुँडालेर पठाउने छ ।"

पुनः गौतम बुद्धले व्याख्या गर्दै भन्नुभयो - मानिसहरू दश प्रकारका बन्धनमा अल्मलिएर छट्पटिरहेका छन् । ती के - के हुन् ?, यस प्रकार छन् :

१) सक्कायदिट्ठि ( = म मेरो भनी आसक्त हुने स्वभाव),

२) विचिकिच्छा ( = अनावश्यक शंका),

३) सीलब्बत परामास ( = अन्धविश्वास),

४) कामराग ( = सुख-भोगको आशा),

५) पटिघ ( = बदला लिने र ईख राख्ने कुभावना),

६) रूपराग ( = भौतिक वस्तुप्रतिको लालच),

७) अरूपराग ( = अदृश्य चीजमा आसक्ति),

८) मान ( = अहंकार र अभिमान),

९) उद्धच्च ( = चंचलता),

१०) अविज्जा ( = अज्ञान, नजान्नु- नबुझ्नु) ।



https://dhamma.digital

यी दश प्रकारका बन्धनलाई राम्ररी जानेर मानव समाजको शत्रु मानी त्यस बन्धनलाई चुँडाल्न सकेमा संघर्षमय जीवनबाट मुक्त हुन सकिन्छ, अन्यथा जीवन संसारिक बन्धनमा नै अल्मलिएर संघर्षमय बनिराख्ने हुन्छ । सबैले दुःखी भई बस्नुपर्ने हुन्छन् ।

संयोजन वा बन्धन भनेको के हो ? संसारिक संघर्षमा (जालमा) फँसाइराख्ने जाल वा बन्धनलाई संयोजन भनिन्छ । "वट्टस्मिं सत्ते संयाजेन्ति, बन्धनन्तीति संयोजनानि" अर्थात् संसार चक्रमा मानिसहरूलाई माछा समाउने जालमा झैं अल्झाइराख्ने, धागो एकदम बेरिएर नराम्ररी गाँठो भएझैँ संघर्ष गराइराख्ने भएर संयोजन भनिएको हो । जसरी डोरीको काम राम्ररी बाँधेर राख्नु हो, त्यसरी नै यहाँ उल्लिखित दश प्रकारको क्लेश (शत्रु, नराम्रो बिचारहरूको काम पनि मानिसहरूलाई संसारमा बाँधिराख्नु हो । त्यसैले, यी दश प्रकारका क्लेशलाई दश संयोजन (बन्धन) भनिन्छ । अब ती एक-एकको अलग-अलग अर्थ रहेको छ भन्ने बुझौं ।

### १. सक्कायदिट्ठि (= आत्मावादी म मेरो भन्ने दृढ दृष्टि)

आफ्नो शरीरका बारेमा विपरीतरूपले बुझेर आत्मा मान्दै मनपरी हिड्नु, दुरूपयोग गर्नुलाई सक्कायदिट्ठि भनिन्छ । मानिसहरूले आफ्ना शरीरका अंग-प्रत्यगरूपका सम्वन्धमा वेदना (अनुभव), संज्ञा (रातोसेतो आदि सम्झेर राख्नु), संस्कार (बानी बस्नु) तथा विज्ञान (जानेर बस्नु) यी चार उपादान स्कन्ध आसक्ति समूहप्रति आत्म मानेर बस्नुलाई सक्कायदिट्ठि भनिन्छ । अलि उता जाने हो भने मेरो घर, मेरो खेत, मेरो सम्पत्ति, मेरो आफन्त, मेरो मित्र इत्यादि रूपले अतिमात्रामा नातावाद, कृपावाद हुनेलाई सक्कायदिट्ठि भनिन्छ । बौद्ध साहित्यअनुसारमात्र होइन, साधारण जनभावनाअनुसार पनि धेरै मात्रामा आफ्नो सम्झेर काम गर्नु उचित देखिदैन । त्यस्तो गर्ने व्यक्ति अपवादबाट मुक्त हुँदैन । बुद्धधर्मअनुसार मध्यममार्गी हुनुपर्छ । त्यसो भनेको ठिक्कको हुनुपर्छ, सीमा नाघेर जातीवाद र कृपावादमा लाग्नु हुँदैन ।

यो हाम्रो शरीर सामान्य कपाल, रौँ, मासु, हाड, मल-मूत्र आदि बत्तीस घृणित पदार्थले भरिएको र जीर्ण भई कुहिएर जाने, मरेर जानुपर्ने देह हो । त्यसैले यो शरीर परिवर्तनशील हो । शरीर क्षणभंङ्गुर भएकाले



https://dhamma.digital

हामीलाई दुःख हुन्छ । आफूले चाहेजस्तो शरीर सधैं वयस्क भइरहँदैन । यसैले अनात्म अर्थात् आत्मा नित्य होइन भनी बुझ्ने (अनित्य, दुःख, अनात्म त्रिलक्षण समाधि भनिन्छ । शरीर सारपूर्ण वस्तु होइन भनी नबुझेकाले कोही अहंभावमा परी स्वार्थी भई अरूलाई दुःख दिएर, आफ्नै दाजु-भाइलाई समेत शोषण गरेर जीवन बिताइरहेका हुन्छन् । भाइहरू वा दाजुहरूले धर्म-कर्म गर्दा, दान-पुण्य गर्दा उनीहरू प्रसन्न चित्तले खुशी हुनुपर्नेमा झन् बाधा हुने कामहरू गरिराख्छन्। झगडा गरिराख्छन् । यो सबै हुनु सक्कायदिट्ठि भन्ने क्लेश बन्धन हो । यसले गर्दा जीवनमा अनगिन्ती झन्झट र अशान्ति बनाई बन्धन फुकाएर फुकाउन नसक्ने किसिमले गाँठो बनाई बस्नुपर्ने हुन्छ । यो सबै सक्कायदृष्टि भन्ने बन्धनले गर्दा हुने गर्दछ ।

धार्मिक समाजमा पनि यो सक्कायदृष्टिले गर्दा, विचार गरिन्छ- हामी महायान (ठूलाहरू), हामी थेरवाद (हीनयान), शुद्धहरू । यसरी बलियो धारणा अंगालिराख्नु पनि सक्कायदृष्टिकै परिणाम हो । त्यस्ता व्यक्तिमा सम्यक्दष्टि जति हुनुपर्ने हो, त्यति देखिदैन । अनित्य, दुःख, अनात्म भन्ने त्रिलक्षणको यथार्थ ज्ञान व्यवहारमा नभएर र अभ्यास गर्न नसकेर तिनीहरू आ-आफ्नो धर्म नै ठूलो भनिरहन्छन्, आफ्नो धर्ममा संख्या बढाउँदै जान्छन् र अरू-अरू धर्मलाई दबाउनेतिर ध्यान केन्द्रित गरिरहन्छन् । तिनीहरू धार्मिक क्षेत्रमा जजमानहरू बढाउनेतिर दृढचित्त भइरहन्छन् । हाम्रै विहारमा मात्र आए पनि हुन्छ, अरू ठाउँमा नगए पनि हुन्छ भन्ने भावना, हाम्रो ध्यान-भावना केन्द्रमा मात्र मानिसहरू आए हुन्थ्यो, अरू ठाउँमा नगए पनि हुन्थ्यो भन्ने भावना हुनु सक्कायदृष्टिले गर्दा नै हो । यसले गर्दा हृदय परिवर्तन गर्नेतिर तिनको प्रयत्न नै जान सक्दैन ।

(व्यापारीहरूमा पनि ग्राहकहरू आफूकहाँ मात्र आऊन् भनी नाना प्रकारका प्रयत्नहरू गरिरहन्छन, तिनीहरू अरूलाई पतन गराउने प्रयासहरू गर्दछन् ।) प्रतिस्पर्धा भनेको चाहिन्छ, तर अरूलाई बाधा दिने किसिमले होइन । आ-आफ्नो काम राम्रो गरी इमान्दारीका साथ प्रतिस्पर्धा गर्नुपर्छ । आफू कसरी उन्नति हुन्छ भन्ने नसोचेर मानिसहरू आफू माथि कोही नजाओस् भनी कुप्रयास गर्नेहरू छन् । तिनीहरू व्यापार भनेको नै आफ्नो जीवन निर्वाह गरी समाजसेवा गर्ने हो भन्ने नसम्झी धन कुवेर हुने साधन



https://dhamma.digital

सम्झिदिन्छन् । त्यसैले, तिनीहरू राम्रो चामलमा नराम्रो मिसाउने । चिनी, घ्यू, मट्टितेल लुकाएर पेट्रोलमा मट्टितेल राखी अन्यायपूर्ण तवरले कालोबजारी गरी फाइदा लिइरहेका हुन्छन् । यी सबै सक्कायदृष्टि क्लेशले गर्दा भइरहेको हो । हुन त, व्यापार र सम्पत्तिमा व्यक्तिगत अधिकार भएकोले यस्तो कालोबजारी गर्नका लागि प्रयास हुने गरेको हो । यसैलै गर्दा समाज शोषक र शोषित भइराखेको छ । अनि जताततै संघर्ष मात्र देखिने गरेको हो ।

राजनीतिक क्षेत्रमा पनि एउटै पार्टी टुक्रा टुक्रा भएर विभिन्न पार्टीहरू भइराखेको सक्कायदृष्टिले गर्दा नै हो ।

यो शरीरमा बास्तविक तवरले देखिने रूप, वेदना, संज्ञा, संस्कार र विज्ञान आदिलाई पञ्चउपादानस्कन्ध भनिन्छ । यी पञ्चउपादानस्कन्धलाई अनर्थ किसिमले बुझ्नु नै आत्मा मान्नुको कारणले हो । रूपमा आत्मा छ । वेदनामा आत्मा छ । संज्ञामा आत्मा छ । संस्कारमा आत्मा छ । विज्ञानमा आत्मा छ । यी देखिराखेका सबै रूप हुन् । रूप देखेर राम्रो-नराम्रो, मन पर्ने-मन नपर्ने आदि केही अनुभव हुन्छ । त्यसलाई वेदना भनिन्छ । वेदनाका पछि रातो, निलो, महिला, पुरूष आदि संज्ञा हुन्छन् । तत्पश्चात् राम्रो-नराम्रो, महिला-पुरूष आदि बारे मनमा कल्पना भइरहनुलाई संस्कार भनिन्छ । अर्को किसिमले भन्नुपर्दा, मनमा बलियो सम्झना रहनु र बानी बस्नुलाई नै संस्कार भनिन्छ । त्यसपछि हुन्छ-हुँदैन, रामो-नराम्रो, असल-खराब आदि बुझ्ने शक्ति वा चेतनालाई विज्ञान भनिन्छ । यी पाँच तत्व मिलेर यो हाम्रो शरीर बनिराखेको छ यसलाई पञ्चस्कन्ध भनिन्छ ।

आफ्नो शरीरका बारेमा उल्टो किसिमले बुझिराख्ने खेमा अति राम्री भएर आफ्नो रूपमा धेरै घमण्ड र आसक्त भइराखेकी थिइन् । भगवान् बुद्धले यो शरीर सदैव स्थिर हुँदैन, राम्रो रहिरहँदैन भन्नुभएकोले खेमा महारानीले बुद्धप्रति द्वेषभाव राखिरहिन् । पछि समयको अन्तरालमा बूढी भएर आएपछि आफ्नो रूप-अभिमान हटाई बुद्धको शरणमा गएर अरहन्त भई दुःखबाट मुक्त भइन् । म र मेरो भन्ने आसक्तभाव रहेसम्म शान्ति हुँदैन र हाम्रो जीवन दुःखमुक्त हुन सक्तैन । हामी सबै सधैं मध्यममार्गी हुनुपर्छ ।



https://dhamma.digital

## २. विचिकिच्छा (= अनावश्यक शंका)

अनावश्यक शंका उपशंका गर्नुलाई विचिकिच्छा भनिन्छ । बुद्धधर्मअनुसार शंका नै सबैभन्दा डरलाग्दो पाप हो । यसो भनेर शंका गर्नुपर्ने ठाउँमा पनि आँखा चिम्लेर बस भनेको चाहिँ होइन । कुनै एउटा काम गर्नुपर्‍यो भने यसो होला कि, कसैले केही भन्ला कि, धर्ममा अनुकूल नहोला कि भनी चिन्तन गरेर निर्णय नगरी डराएर बस्नु, अनावश्यक शंका गरिबस्नुलाई विचिकिच्छा भनिन्छ । यसरी शंका गर्ने व्यक्ति कसैले पनि पूर्णरूपले काम गरेर खान सक्तैन । आफ्नो स्वतन्त्र दिमागले काम गर्न नसक्नु नै शंका हो ।

समाजका मानिसहरूलाई प्रगति र उन्नतिमा दश संयोजन (बन्धन) ले बाधा पुर्‍याइरहेको हुन्छ । यी दशमध्ये एउटा विचिकिच्छा (संदेह, शंका हो । यो चित्तको अस्थिर अवस्था हो । यसले गर्दा उन्नतिको बाटोमा विघ्न भइदिन्छ, बाधा भइदिन्छ ।

पालिभाषाको पुस्तकमा उल्लेख भएअनुसार शंका आठ ठाउँमा हुनजान्छ । ती हुन् :-

(१) बुद्धको बारेमा शंका हुन्छ,
(२) धर्मको बारेमा शंका हुन्छ,
(३) संघको बारेमा के हो भनी बुझ्न नसकेर शंका हुन्छ,
(४) शिक्षाको बारेमा शंका हुन्छ । शिक्षा किन चाहियो, केलाई शिक्षा भनिन्छ भन्ने ज्ञान नभएर निर्णय गर्न नसकेर शंका हुन्छ ।
(५) पहिला-पहिलाको कुरा बारेमा भ्रम हुने शंका हुन्छ,
(६) पूर्वजन्म छ, छैन भन्ने बारेमा ज्ञान नभएर भ्रममा परिराख्ने शंका हुन्छ,
(७) मृत्युपश्चात् पुनर्जन्मको बारेमा कल्पना हुने शंका हुन्छ र
(८) प्रतीत्य समुत्पाद (हेतु प्रत्यय, कारण र फल) को बारेमा शंका हुन्छ ।

यसरी शंका मात्र भएर केहि पनि काममा लाग्न नसक्नु अनि



https://dhamma.digital

अन्तर्द्वन्द्वमात्र भएर भ्रममा पर्नुले क्रमशः बन्धन खुकुलो हुँदै जानुपर्नेमा झन् कस्सिएर गाँठो भई जटिल भएर फुकाएर फुकाउन नसकिने हुन्छ ।

साधारणतया अशिक्षित जनतामा शंका हुने त स्वभाविक नै भयो । तर नचाहिने ठाउँमा शिक्षित वर्गले पनि शंका-उपशंका गरिराख्नु उन्नतिको बाधक हो । शंकाले गर्दा नै हो, साथीले साथीसँग, एउटा देशले अर्को देशसँग संघर्ष गरिरहन्छ । हुन त, माथि भनिएको सत्कायदृष्टिले गर्दा परस्पर शंका हुने हो । त्यसैले अनावश्यक ठाउँमा शंका गरिराख्नु उचित छैन । जसरी कुनै एकजना मानिस बाटोको छेउमा उभिएर एकजना साथीसँग कुरा गरिरहेको हुन्छ तर त्यो मान्छे भने नराम्रो छ । त्यस्तो मान्छेसँग कुरा गरिराखेको देखेर तुरून्तै अरूले शंका गर्नसक्छन् कि फलानो व्यक्ति अब बिग्रिसक्यो । त्यसरी देख्नेबित्तिकै शंका गर्नु ठीक होइन । वास्तविक परिस्थित के हो, कसो हो पत्ता लगाउनु आवश्यक हुन्छ । यसरी अनावश्यक रूपले शंका गर्नुलाई विचिकिच्छा भनिन्छ । यो पनि एउटा संसारिक बन्धन हो, उन्नतिको बाधक हो । यहाँ मैले व्यवहारिक जीवनमा हुने कुरामात्र उल्लेख गरेको छु ।

अब एकपल्ट फेरि पालि ग्रन्थमा व्याख्या गरिराखेको अनुसार विचिकिच्छाको अध्ययन गर्नतिर लागौं ।

**१. भगवान् बुद्धको बारेमा शंका :**

यसमा पनि दुई प्रकारले शंका हुने गर्छ भनी उल्लेख गरिएको छ ।

(क) बुद्धको शरीरको बारेमा शंका तथा

(ख) बुद्धको गुणका बारेमा हुने शंका

उहाँ तथागतका बारेमा शंका हुनुको अर्थ हो - महापुरूष लक्षणको बारेमा भ्रम हुनु, किनभने चक्रवर्त्ती राजाहरूको शरीरमा पनि यस्ता महापुरूष लक्षण देखिंदैनन् । यसैले कतिपय व्यक्तिहरू बुद्धको बारेमा शंका गर्ने गर्छन् ।

बुद्धको समयमा एकजना ब्राह्मणले भगवान् बुद्धमा रहेको ३२ लक्षणको बारेमा शंका लागेर बर्षौं वर्षसम्म पछि लागेर परीक्षा गऱ्यो । अरू सबै शंका निवारण भयो, तर बुद्धको लिङ्गको बारेमा शंका निवारण भएन । त्यो शंका बाँकी रहिरह्यो । एक दिन कोही नभएको समयमा त्यो ब्राह्मण



https://dhamma.digital

बुद्धकहाँ पुगेर आफ्नो शंकाको कुरा भन्यो । अनि बुद्धले त्यो ब्राह्मणलाई उक्त लक्षण देखाउनु भएको कुरा सूत्र-पिटकमा उल्लेख गरिएको छ । पूज्य अमृतानन्द महास्थविरले रचना गर्नुभएको बुद्धकालीन ब्राह्मण ग्रन्थमा पनि यी कुरा समावेश भएका छन् ।

**२. बुद्धको सर्वज्ञताबारे शंका :**

भगवान् बुद्धसँग पहिलाको, वर्तमानको र भविष्यको बारेमा बुझ्न नसक्ने ज्ञान छ कि छैन ? भन्ने बारेमा पनि शंका हुन्छ ।

**३. बुद्धधर्मको नौ वटा लोकुत्तर गुणका बारेमा शंका :**

स्रोतापत्ति, सकृदागामी, अनागामी, अरहन्त आदि चार मार्गका बारेमा शंका, स्रोतापत्ति, सकृदागामी, अनागामी, अरहन्त आदि चार फलका बारेमा शंका र निर्वाणका बारेमा पनि शंका रहन्छ ।

**४. संघको बारेमा शंका :**

स्रोतापत्ति मार्ग र स्रोतापत्ति फल आदि मार्गफल प्राप्त आर्यश्रावक संघको अस्तित्वका बारेमा र त्यही आर्यश्रावक संघलाई दिने दानको फलको बारेमा पनि शंका हुन्छ ।

**५. शील, समाधि र प्रज्ञाको भावना गरेमा प्राप्त हुने फलको बारेमा शंका हुन्छ ।**

**६. पञ्चस्कन्ध, पन्धवटा धातु र पञ्चइन्द्रिय पहिला भएको होला र भन्ने बारेमा पनि शंका हुन्छ । त्यस्तै नै पछि हुने होला र भन्ने बारेमा शंका हुन्छ ।**

**७. पहिलाको र पछिको अस्तित्वका बारेमा पनि शंका हुन्छ ।**

**८. प्रतीत्य समुत्पादको सिद्धान्तका बारेमा शंका :**

मनको विकारले गर्दा अवश्य पनि शंका भइरहन्छ । लोभ, द्वेष र मोहको कारणले पनि यस्तो हुने हो । एकजना मूर्खले बुद्धको गुण र उहाँको योग्यताका बारेमा के नै बुझ्न सक्ला र ? यसैले भनिएको पनि छ, यदि कसैले पनि बुद्धको गुण सम्झेर प्रीति तथा आनन्दको अनुभव गर्दछ भने ऊ प्रज्ञावान् व्यक्ति हुन्छ । जसरी एउटा खरायोले पौडेर समुद्र पार गर्न सक्तैन,



https://dhamma.digital

त्यसरी नै एकजना मूर्ख व्यक्तिले बुद्धका गुणरूपी समुद्र कति गहिरो छ भन्ने कुरा जान्न र बुझ्न सक्तैन ।

जुन व्यक्ति सांसारिक सुखभोगमै मात्र भुलेर बस्छ, आसक्त भएर बस्छ, उसका लागि सत्गुणको कुनै वास्ता र महत्व हुँदैन । जो प्रज्ञावान व्यक्तिले सत्यज्ञानको साक्षात्कार गर्नसक्छ, उसले संसारको दुःखबाट मुक्त हुने इच्छा गर्दछ, त्यसले मात्र सत्गुणको मूल्य बुझ्नसक्छ ।

**३. सीलब्बतपरामास संयोजन** (= **कर्मकाण्ड-अन्धविश्वास**)

अबौद्ध धर्ममा नाना प्रकारका कर्मकाण्ड र अन्धविश्वासले ठाउँ लिइरहेको देखिन्छ । शीलब्रतपरामर्श अर्थात् भोको बस्ने शील, जाडो बेलामा पनि खोलाको पानीमा डुबेर बस्ने, गर्मी बेलामा आगो तापेर बस्ने, टाउको तल खुट्टा माथि पारी बस्ने शील, कुकुरझैं खरानीमा गुट्मुटेर सुत्ने आदि ब्रत बस्ने दुष्कर्म गर्नाले नै मुक्ति प्राप्त हुन्छ भन्ने विश्वास देखिन्छ। यस्ता कुराहरू भनेको क्लेशलाई त्यसै राखेर केवल शरीरलाई मात्र पीडा दिने धारणा हो । त्यस्तो मिथ्या आचरणलाई राम्रो ठानेर त्यसबाट आफूलाई राम्रो हुने ठानी बौद्धहरूले नै अनुशरण र विश्वास गर्न थाल्यो भने त्यसलाई शीलब्रतपरामर्श (=अन्धविश्वास) भनिन्छ। ठीक समझदारी भएका बौद्धहरूले अन्धविश्वासपूर्ण कामलाई टाढा नै राख्नुपर्छ ।

अन्धविश्वासले युक्त कुकूर-पूजा, गाई-पूजा, ढलको भ्वाङ-पूजा, प्राणीहिंसा गरी बलि-पूजा, यज्ञ-होम आदि अनेक प्रकारका पूजा-आजा गरी चित्त शुद्धि तथा आफ्नो मनोकामना पूर्ण हुन्छ भन्ने विश्वास सबै शीलब्रतपरामर्श (अन्धविश्वास) अन्तर्गत पर्न आउँछन् । नाङ्गै बसिरहनु, एउटा खुट्टाले मात्र टेकेर बस्नु, निराहार वा केही चीज नखाई बस्नु यी कुराले गर्दा धर्म हुन्छ र पाप हटेर जान्छ भनी सम्झेर बस्नु सबै शीलब्रत परामर्शका अंगहरू हुन् । यो पनि संसारिक बन्धन हो । हामीले यस्ता बन्धनमा जकडिएर बस्नु हुँदैन। यस्ता यज्ञ-होम गरिबस्ने बन्धनमा परेकाले नै साधारण जनताहरूको जीवन दुःखमय भइराखेको छ। यसैले, भवचक्रमा भुलाउने यो पनि एउटा बलियो बन्धन हो ।

सामान्य अशिक्षित जनताहरूमा मात्र होइन, परम्परागत संस्कारमा



https://dhamma.digital

हुर्किएका शिक्षितहरूमा पनि यस्ता अन्धविश्वासका कर्मकाण्डहरू अलिअलि बाँकी रहेका हुनसक्छन् । बुद्धधर्मका ग्रन्थहरूमा उल्लेख भएअनुसार माथि भनिएका तीन संयोजन वा बन्धन स्रोतापत्ति मार्गमा पुगेपछि स्वतः हटेर जान्छ। त्यसो भन्नुको मतलब ती बन्धनहरूबाट व्यक्ति मुक्त हुन्छ। दशवटै संयोजन (बन्धन र गाँठो) सुल्झाउन चौथौ तहमा पुग्नुपर्छ । स्रोतापन्न, सकृदागामी, अनागामी र अरहन्त यी चार तहमा पुगेको हुनुपर्छ। यी चार वटामा पुग्यो भनेमात्र भित्र र बाहिरको पनि बाँधिएको बन्धन हटेर जान्छ किनभने यस अवस्थामा वर्गभेद, शोषण, दमननीति भनेको हुँदैन । वर्गभेद भएसम्म संघर्ष भइनै रहन्छ ।

### अन्धविश्वासमा परेको ब्राह्मण

सीलब्बतपरामास के हो भन्ने बुझाउनको लागि बुद्धकालीन एउटा घटना अघि सार्नु सान्दर्भिक होला । घटना श्रावस्ती नगरको हो । एकजना ब्राह्मण पुस-माघ महिनाको चिसोमा खोलामा गई पानीमा डुबेर थरथर काँप्दै नुहाउने गर्थे । एक दिन अनाथपिण्डिक महाजनकी दासी पूर्णिका पानी लिन गइरहँदा ब्राह्मण थरथर काँप्दै नुहाइरहेको देखेर सोधिन् - "हे ब्राह्मण बाजे ! म त हाम्रो मालिकले गाली गर्लान् भन्ने भयले चिसो सहेर पनि पानी लिन आएँ । बाजेलाई कस्को डर लागेर चिसो हुने गरी पानीमा डुबेर नुहाइराख्नुभएको हो ?"

ब्राह्मणको जवाफ थियो- "कसैबाट पनि डराएर होइन, बरू आफूले गरिराखेको पाप पखाल्न पो चिसोमा नुहाइरहेको छु ।"

पूर्णिकाले भनिन् - "बाजे ! नुहाएर पाप पखालेर जान्छ भने धर्म पनि त पखालेर जान्छ । फेरि, नुहाएर धर्मात्मा हुने भए त पानीमा सधैं बस्ने माछा, सर्प, भ्यागुता, गोही, कछुवा आदि जीवहरू बाजेभन्दा पनि धर्मात्मा हुने थिए नि ! बाजे, मन शुद्ध हुनुपर्छ, अरूलाई दुःख हुने काम गर्नु हुँदैन, कुरा पनि गर्नु हुँदैन । अरूको निम्ति अड्चन भएर बाँच्न हुँदैन । मिथ्यादृष्टि हुनु हुँदैन । अनि, चिसोमा ननुहाए पनि धर्मात्मा होइन्छ। नुहाएर शरीरको मैलो अलिकति त पखालिन्छ, तर स्वार्थ र नराम्रा चालचलन, मनोविकृतिहरू पखालिंदैनन् । तसर्थ, प्रथमतः आफ्नो चित्त नै शुद्ध हुनुपर्छ ।"



https://dhamma.digital

ब्राह्मणले विचार गरे - "नुहाएर पाप पखालिन्छ भने धर्म पनि पखालिन्छ भनेको ठीक हो ।"

उनले सोधे - "हे बहिनी ! तिमीले कसरी यी कुरा जान्यौ ? कहाँ सुनेकी थियौं ?"

पूर्णिकाले जवाफ दिइन् - "हे बाजे ! मैले यी कुरा भगवान् बुद्धबाट सुनेकी हुँ ।"

त्यसबेलादेखि ब्राह्मण चिसोमा कष्टपूर्वक नुहाउन गएनन् । भगवान् बुद्धको शरणमा गएर उनले सम्यक्‌दृष्टि पाए ।

हामीले स्रोतापन्नका बारेमा पनि राम्ररी कुरा बुझ्नुपरेको छ । सक्कायदृष्टि (=अहंवादी), विचिकित्सा (=शंका), शीलब्रतपरामर्श (=अन्धविश्वास) तीन संयोजन (=बन्धन) बाट मुक्त भएपछि स्रोतापन्न हुन्छ। अर्को तरिकाले भन्नुपर्दा, निर्वाणतिर जाने धारमा परेको र अवश्यम्भावी निर्वाण प्राप्त गर्ने स्रोतापन्न अवस्था हो । स्रोतापन्नमा पुग्यो भने व्यक्ति सम्यक्‌दृष्टि (ठीक समझदारी) भएको हुन्छ। उसमा मिथ्यादृष्टि हुँदैन। ऊ सुनेको भरमा कुरालाई विश्वास गर्दैन । हो-होइन राम्ररी बुझ्छ । उसमा अनावश्यक अन्धविश्वास हुँदैन। उसमा बुद्ध, धर्म र संघप्रति अचल श्रद्धा भइराख्छ । उसले ५ वटा शील (=पञ्चशील) लाई नटुटाइकन पालन गरिराख्छ। त्यसो भनेको मतलब उसले :-

(१) पाणतिपाता (=हिंसा गर्दैन),

(२) अदिन्नादाना (=चोरी गर्दैन),

(३) कामेसुमिच्छाचार (=व्यभिचार गर्दैन),

(४) मुसावाद (=झुठो कुरा बोल्दैन) र

(५) सुरामेरयमज्जपमादट्ठाना (=मादक पदार्थ सेवन गर्दैन)।

अर्को, कामराग (=मोजमज्जा गर्ने) र पटिघ (क्रोध) यी दुई संयोजन (=बन्धन) बाट साधारण रूपले मुक्त हुन सकेमा ऊ सकृदागामी मार्गलाभी हुन्छ। यसको अर्थ यो संसारमा एकपल्ट मात्र जन्म लिने हुन्छ। त्यसपछि ऊ जन्म-मरणको बन्धनबाट मुक्त हुन्छ । पहिलाको पाँचवटा संयोजन



https://dhamma.digital

(=बन्धन) बाट पूर्णरूपले मुक्त भएमा ऊ अनागामी हुन्छ । यी पहिलाको पाँचवटा संयोजनका कारणले नै यो संसारमा जन्म लिन आउने हो । अनागामीको अर्थ हो फेरि यो संसारमा नआउने । दशवटै बन्धनबाट मुक्त भएमा अर्हत् भएको भनिन्छ ।

स्रोतापन्नको अर्थ फेरि एकपल्ट बुझौं । यसको अर्थ हो, निर्वाणरूपी जलको धारमा परेको । त्यो पनि खोलाको छेउछाउबाट बगिरहेको पानीको धार होइन, बीचमा बगिरहेको जल-धार हो, जुनकि कुनै अड्चन बिना अविरल बगिनै रहन्छ । अगाडि रोकिराख्दा पनि फेरि घुमेर स्रोतमा नै पर्न आउँछ । त्यो स्रोत भनेको निर्वाणतिर लाग्नु हो । निर्वाण भनेको मरणपश्चात् प्राप्त हुने स्थायी सुख होइन, यही नै जन्ममा हुने स्थायी आनन्दपूर्ण शान्तिसुख हो । त्यो क्षणिक सुख होइन । आजभोलिको भाषामा भन्नुपर्दा शोषणबाट मुक्ति, चिन्तनबाट मुक्ति, लोभ लालच र छलकपटबाट मुक्ति पाएर स्वतन्त्र जीवन बिताउनुलाई निर्वाण भनिन्छ । किनभने निर्वाणको अवस्थामा पुगेपछि छलकपट, ठगी र ठूलो-सानो आदि वर्गभेद हुँदैन । लोभ, द्वेष, मोह आदि हुँदैन । यो भनेको स्थायी सुखको संकेत हो । पूर्णतः पुराना कुसंस्कारबाट मुक्त रहेको अवथा हो त्यो । सम्पूर्ण रूपले हृदय परिवर्तन भइसकेको अवस्था हो ।

### ४. **कामराग संयोजन** (= **मोजमज्जाको इच्छा**)

पञ्चकाम (संसारिक सुखभोग) सम्बन्धी इच्छा र आशालाई कामराग भनिन्छ । यो अतिमात्रामा आसक्त भइरहने आशा हो । आँखाले राम्रो-राम्रो रूप देख्छ, कानले सुरिलो स्वर सुनिन्छ, नाकले सुगन्ध लिन्छ, मुखले मिठो-मिठो खान्छ, शरीरले नरम स्पर्श गर्छ । यसरी पाँचवटा पञ्चइन्द्रियबाट रूप, शब्द आदिमा भुलेर आसक्त भएर बस्नुलाई पञ्चकाम भनिन्छ ।

कामराग वा इच्छालाई दुई भागमा विभाजन गर्न सकिन्छ :

(१) बाह्य रूपमा देखिने भौतिक बस्तुप्रति लोभ र इच्छा,

(२) मनले आशा गर्ने मानसिक इच्छा

बाह्यरूपमा देखिने बस्तुको इच्छा हुने भनेको अर्थ हो - रूप, शब्द, गन्ध, रस र स्पर्शको इच्छा । मानसिक सुखको अर्थ हो - इन्द्रियलाई



https://dhamma.digital

आवश्यक सबै मनले कल्पना गरेर पूर्ति हुने इन्द्रिय सुखसम्बन्धी आशा र कल्पना। संक्षिप्तमा भन्नुपर्दा भोगविलासमा आसक्त हुनु नै कामराग हो।

कामभोग (=भोग विलासिता) को इच्छा भनेको कहिल्यै नअघाउने वा तृप्त नहुने तृष्णा हो। सक्कायदिट्ठि, विचिकिच्छा, सीलब्बत परामास, पाँच उपादान स्कन्ध, संसारिक रसास्वादन गर्नेमा चैतसिक (=मानसिक) आनन्द लिनेमा लाग्न थाल्यो भने मात्र त्यसलाई संयोजन (बन्धन) भनिन्छ। त्यसले मानिसहरूलाई भवचक्रमा (संसारको जालमा) अल्झाइराख्छ। त्यसैले नै यसलाई बन्धन भनेको हो। यस मूल अर्थ हो, मानिसहरूलाई शुभ र अशुभ कर्ममा बाँधेर राख्ने, संसारिक जालमा अल्झाएर राख्नु नै बन्धन हो। मानिस जबसम्म भोग-बिलासितामा आसक्त भइराख्छ, तबसम्म दुःखबाट मुक्त हुने आशा गर्नु व्यर्थ छ।

आँखा, कान, नाक, जिब्रो र छाला वा शरीरलाई भुलाउने रूप, शब्द, गन्ध, रस तथा स्पर्श पाँच विषयहरू छन्। मानिसले यी प्रियंकरको आरम्मणमा 'म' र 'मेरो' भनी बलियो किसिमले समाउने गर्दछ। यी तृष्णा मानसिक दुःखको कारण हो। इन्द्रियलाई भुलाएर राख्ने रूप आदि विषय साधारण अज्ञानीहरूका लागि रमाइला लाग्दछन्। तर बुद्धिवान् प्रज्ञावानहरूका लागि ती केही हुँदैनन्, प्रिय लाग्दैनन्, रमाइलो बन्दैनन्। ध्यानीहरूले यस शरीरलाई अनित्य, परिवर्तनशील, मरणपश्चात् यो ३ प्रकारका तत्वहरू मासु, रगत, हाड आदिका शरीर कुहिएर जाने हो भन्ने ठान्दछन्। यथार्थका योगीहरूले मात्र अशुभ किसिमको देख्दछन्।

यहाँ, भोग-विलासितारूपी, बन्धनबाट मुक्त हुने उपायतिर पनि एकपल्ट विचार गरौं। भौतिक बिलासिताका बारेमा सहभावले सोच्यो भने झन्-झन् नै बन्धनमा जकडिन्छ। प्रज्ञाले अनित्य, दुःख र अनात्मा भनी कल्पना गरेमात्र कामराग हराएर जान्छ। ६ प्रकारबाट अभ्यास गर्ने हो भने भोगविलासको बन्धनबाट छुटेर जान सकिन्छ :-

(१) यस शरीरका सम्बन्धमा अशुभरूपले भावनाको अभ्यास गर्ने,
(२) यस शरीरमा मलमूत्र आदि अशुद्धिले भरिएको छ भनी ज्ञानले देख्ने,
(३) आफ्नो इन्द्रिय संयम गर्ने,
(४) भोजन ठिक्क मात्राको ग्रहण गर्ने, पाइयो भन्दैमा धेरै नखाने,



https://dhamma.digital

(५) सत्पुरूषहरूको सत्संगत गर्ने र

(६) राम्रो र असल मात्र कुरा गर्ने ।

यस अनुसार भित्रैदेखि ज्ञानले देखेर अभ्यास गर्दै गयो भने अरहन्त हुनलाई गाऱ्हो हुँदैन, दशवटा बन्धनबाट मुक्त हुन सकिन्छ ।

## ५. पटिघ संयोजन (= क्रोध, द्वेष)

घृणा तथा मन नपरेको भाव आयो भने रिस उठ्दछ। रिस र क्रोध अर्थात् द्वेष भावनालाई पटिघ संयोजन (बन्धन) भनिन्छ । क्रोधले पनि संसारको जालमा अल्भ्काइराख्दछ। रिसको जोशमा होश नै हराएर जान्छ। अप्रियहरू देख्दामात्र रिस उठ्ने होइन, मन नपरेको नमिठो खाना देखेर पनि रिस उठ्छ । अनि केही काम गर्न मन लाग्दैन । आफूलाई मनपर्ने व्यक्तिहरूलाई मान-सम्मान नगर्दा पनि रिस उठ्न सक्छ। त्यस्तै, आफूलाई मन नपर्नेहरूलाई मान-सम्मान गर्दा पनि रिस उठ्न सक्छ । महिला-पुरूषहरूमा आफूलाई मन पर्नेलाई अर्कोले भगाइलगे पनि रिस उठ्न सक्छ । कहिले भ्भिंगा देखेर रिस उठ्छ भने कहिले ढोकाको कुनै ठाउँमा टाउको ठोकिए पनि रिस उठ्छ। साँचो नमिलेर ताल्चा खोल्न नसक्दा पनि रिस उठ्न सक्छ। चुलोमा आगो बाल्न नसक्दा पनि रिस उठ्न सक्छ। शत्रु देख्ने बेलामा भ्भन् नै रिस उठेर असह्य नै हुन्छ। त्यसैले, शत्रुहरू नभएको नै कल्याण हो ।

द्वेष (रिस) उठ्ने ९ वटा कुरामा घृणा भावले भूमिका खेलेको हुन्छ। जस्तो :

(१) यस मान्छेले मेरो विरोध गऱ्यो ।

(२) यस मान्छेले मेरो विरोध गरिराखेको छ ।

(३) यस मान्छेले मेरो विरोध गर्नेछ ।

(४) यस मान्छेले मेरो मनपर्नेलाई बिगाऱ्यो ।

(५) यस मान्छेले मेरो मनपर्नेलाई बिगारिराखेको छ ।

(६) यस मान्छेले मेरो मनपर्नेलाई बिगार्नेछ ।

(७) यस मान्छेले मेरो शत्रुलाई उपकार गऱ्यो ।

(८) यस मान्छेले मेरो शत्रुलाई उपकार गरिराखेको छ ।



https://dhamma.digital

(९) यस मान्छेले मेरो शत्रुलाई उपकार गर्नेछ ।

यसरी कल्पना गरिराख्यो भने द्वेषभाव मनबाट कहिल्यै हराएर जाँदैन । सूत्रपिटक ग्रन्थका अनुसार घृणा र क्रोध आउने तरिका अरूहरू पनि छन् । ती हुन् :

(१) फलानो व्यक्तिले मलाई सहयोग गरेन ।

(२) फलानो व्यक्तिले मलाई उपकार गरिराखेको छैन ।

(३) फलानो व्यक्तिले मलाई उपकार गर्नेछैन ।

(४) फलानो व्यक्तिले मेरो मनपर्नेलाई उपकार गरेन ।

(५) फलानो व्यक्तिले मेरो मनपर्नेलाई उपकार गरिराखेको छैन ।

(६) फलानो व्यक्तिले मेरो मनपर्नेलाई उपकार गर्नेछैन ।

जुन व्यक्तिमा घृणा र द्वेषभाव प्रचूरमात्रामा हुन्छ, उसले यो निर्णय गर्न सक्तैन कि आफूले गरिराखेको काम ठीक हो कि बेठीक हो, राम्रो हो कि नराम्रो हो । त्यसैले, भगवान् बुद्धले भन्नुभएको छ- "क्रोधी र रिसालु व्यक्ति अन्धो समान हुन्छ ।"

लाटोकोसेरोले दिनमा देख्दैन । त्यस्तै कागले राती देख्दैन । तर जुन व्यक्तिमा अरूप्रति घृणामात्र हुन्छ, उसले त दिनमा पनि रातमा पनि केही देख्दैन । अन्धो व्यक्तिले बाटो पनि देख्दैन, राम्ररी हिंड्न पनि सक्तैन । यसरी घृणामात्र गर्ने र क्रोधी व्यक्ति सदैव दुर्गतिगामी बनिरहन्छ ।

भगवान् बुद्धले भन्नुभएको छ - "आनन्दपूर्वक जीवन बिताउने इच्छा भएमा क्रोधलाई आफ्नो परमशत्रु सम्भनुपर्छ किनभने क्रोधले मानिसलाई सधैं दुःख र चोट मात्र पुऱ्याइरहेको हुन्छ । क्रोधलाई जित्न सक्ने व्यक्ति महान् भाग्यवान् हुन्छ ।

रिसालु एकजना ब्राह्मणले सोधेको प्रश्नको जवाफ दिनुहुँदै भगवान् बुद्धले भन्नुहुन्छ - "क्रोध र घृणालाई जसले जलाउन सक्छ उसलाई सुख हुन्छ, उसलाई शोक कहिल्यै हुँदैन ।"

क्रोध र घृणाबाट मुक्त हुने इच्छा गर्ने व्यक्तिले राम्रो मात्र विचार गर्नुपर्छ, संगत राम्रो बनाउनुपर्छ, राम्रो-राम्रो उपदेश सुन्नुपर्छ, धैर्यशील बन्नुपर्छ, त्यस्तै अरूलाई पनि त्यसै गराउने अभ्यास गर्नुपर्छ । वातावरण



https://dhamma.digital

राम्रो भएमात्र रिसलाई दमन गरी बस्न सकिन्छ। खराब प्रवृत्तिका मानिसहरू कम भएमा वातावरण शान्त भइरहन्छ।

कसैलाई यस संयोजन (बन्धन) बाट मुक्त हुने इच्छा भएमा, यस रोगको औषधि गर्ने इच्छा भए औषधिलाई चिन्नुपर्‍यो, औषधिको प्रयोग गर्न जान्नुपर्‍यो। क्रोधरूपी रोगको औषधि भनेको नै मैत्रीभावनाको अभ्यास हो। स्नेह र शुभकामना गर्नेलाई मैत्री गर्ने भनिन्छ। यसले धेरै त सुख नै प्रदान गर्दछ। मनलाई कमलो बनाएर मैत्रीभावनाको अभ्यास गर्ने काम सबै धर्मभन्दा उच्च हुन्छ। धर्ममध्येमा सबैभन्दा ज्येष्ठ धर्म मैत्री नै मानिन्छ।

एक दिन भिक्षुहरूलाई बोलाउनुभई भगवान् बुद्धले भन्नुभयो - "यदि कोहि भिक्षुले क्षणभर मात्र पनि मैत्रीभावनाको अभ्यास गर्छ भने ऊ मेरो अनुशासनमा बसेको र उसले मलाई चिनेको हुन्छ। मानिसहरूले दिएको दान लिएझैं सार हुन्छ, खाएको पच्दछ। एकछिनमात्र भए पनि मैत्रीभावनाको अभ्यास गरिराख्ने भिक्षुलाई कसैले दान दियो भने त्यो दानद्वारा उसलाई अनन्त पुण्य मिल्दछ। एकछिनमात्र मैत्रीभावनाको अभ्यास गर्नेलाई दान दिएको फलत यतिधेरै हुन्छ भने सधैं सधैं अभ्यास गर्ने भिक्षुलाई दान दिंदा कति मात्र फल प्राप्त हुँदो हो।

सुभूति नामक महास्थविर भिक्षु भिक्षा जानुहुँदा भिक्षाचरणमा पर्खनुपर्ने समयमा उहाँले मैत्रीभावना गरिबस्नुहुन्थ्यो। मैत्रीभावना गरिसकेपछि मात्र उहाँले भिक्षा स्वीकार गर्नुहुन्थ्यो। यसो गर्नुको तात्पर्य, दाताको पुण्य अभिवृद्धि होस्, हित-कल्याण होस् भनेर हो।

मैत्रीभावना गर्दा प्राप्त हुने विभिन्न प्रकारका लाभहरू ग्रन्थमा उल्लेख भएका छन्। ती हुन् :

(१) सुखपूर्वक सुत्न सकिन्छ,

(२) सुखपूर्वक निदाउन सकिन्छ,

(३) नराम्रो सपना देखिंदैन,

(४) मानिसहरूको प्रिय हुन्छ,

(५) अमनुष्यहरूको पनि प्रिय हुन्छ,

(६) देवताहरूले रक्षा गर्छन्,



https://dhamma.digital

(७) शस्त्र-अस्त्रको भयबाट टाढै रहन पाउँछ,

(८) चित्त एकाग्र हुन्छ,

(९) अनुहारको रूप-वर्ण राम्रो हुन्छ,

(१०) मरणासन्न अवस्थामा बेहोश हुँदैन,

(११) सधैँ सुखपूर्वक जीवन बिताउन सकिन्छ ।

मैत्रीभावनाको शक्ति अनन्त छ । राजकुमार सिंहबाहुले आफ्नो बाबुलाई दुई पल्टसम्म मार्ने प्रयास गरे । तर दुईपल्टै असफल भए । किनभने उनको बाबुले आफ्नो छोराप्रति स्नेह राखी मैत्रीभावना गरिराखेका थिए । उनको बाबुले विचार गरिरहे कि आफ्नो छोरा आफूसँग खेलिरहेको छ । जब उनले छोरा सिंहबाहुले आफूलाई मार्ने प्रयत्न गरिराखेको छ भन्ने कुरा चाल पाए, राजालाई रिस उठ्यो र त्यहीबेला नै उनलाई वाण लाग्यो, अनि उनको तुरून्त मृत्यु भयो । मैत्री हुँदा र नहुँदा धेरै फरक हुने कुरा यस घटनाबाट प्रष्ट भएको छ ।

कामराग र पटिघ भनेको सकृदागामी स्तरमा पुग्दासम्म पनि अलिअलि बाँकी रहन्छ, सबै नाश हुँदैन । तर वातावरण पहिलाभन्दा धेरै राम्रो भइसकेको हुन्छ । यो भनेको पहिलेको परिस्थिति नभइसकेको भयो । अनागामी भन्ने तेस्रो मार्गफलमा पुग्दा सक्कायदिट्ठि, विचिकिच्छा, सीलब्बत परामास, कामराग र पटिघ यी पाँच संयोजनबाट मुक्त हुन्छ, साथसाथै इस्सा (=ईर्ष्या), मच्छरिय (=मात्सर्य-कञ्चुसी), कुक्कुच्च (=पश्चात्ताप) हुने स्वभाव पनि हराएर जान्छ ।

ईर्ष्या भनेको अरूलाई राम्रो हुने र अरूको धनसम्पत्ति देखेर डाह हुने अनि वक्रदृष्टिले हेरी अशुद्ध मनले काम गरी बिगारिदिने भावना हो । यहाँ धनसम्पत्तिको मतलब अरूलाई शोषण र दुःख दिएर कमाइराखेको धनको बारेमा होइन । त्यस्तो धनलाई बुद्ध पनि प्रशंसा गर्नुहुन्न ।

मच्छरिय भनेको लोभी स्वभाव हो, कञ्चुसी स्वभावलाई पनि भनिन्छ । कञ्जुस व्यक्तिले आफूसँग भएको आधादाना पनि परोपकारका लागि त के आफूलाई खान-लगाउनमा पनि प्रयोग गर्दैन । यसरी आफूसँग भएको धनको दुरूपयोग गरिराख्ने हुन्छ । आफ्ना बालबच्चाहरूलाई समेत



https://dhamma.digital

ख्वाउने, पिलाउने, लगाउन दिने नगरी धन त्यसै थुपारी राख्दछ। यो मच्छरिय स्वभाव हो ।

कुक्कुच्च भनेको असत्य कुरा भनेको र काम गरेकोमा पछुताउ हुने अवस्था हो अर्थात् पापकर्म गरिसकेपछि पश्चात्ताप भइरहने हुन्छ। त्यतिमात्र होइन, राम्रो काम गर्न नसक्ने भएर बस्दा पनि पश्चात्ताप भइरहनुलाई कुक्कुच्च भनिन्छ । व्यर्थमा गरेछु भनी चित्त दुःखाएर बस्नुपर्ने हुन्छ । अनागामी मार्गमा पुग्यो भने यो क्लेश फेरि कहिल्यै पनि फर्केर आउने छैन, हुँदा पनि हुँदैन। अनागामी शब्दको अर्थ नै फेरि कहिल्यै नफर्कने भन्ने हो। सकृदागामी भनेको फेरि एकपल्ट फर्कने मनुष्य भएर आउने छ भन्ने हुन्छ।

**६. रूपराग संयोजन (=रूपमा आसक्त हुने)**

संसारमा आँखाले देखिरहने सबै चीज-बस्तुहरू परिवर्तनशील छन्, अनित्य छन्। ती सबै रूपरागको अर्थ हो-सूक्ष्म-भौतिक अस्तित्वप्रति तृष्णा, आशा र लोभ लागिरहनु । यो रूपलोक ब्रह्मलोकभन्दा माथि अकनिष्ठ देवलोकभन्दा तल रहेको छ भनी ग्रन्थमा उल्लेख गरिएको छ । पुस्तकमा उल्लेख भएअनुसार यस ब्रह्मलोकमा उत्पन्न हुने प्राणी अनेक कल्पसम्म बाँच्छन् रे ! तर, उनीहरू पनि सधैं टिकेर बस्दैनन्। उनीहरू ब्रह्मलोकबाट जब च्युत हुन्छन् (=पतन हुन्छन्), तब उनीहरूलाई यो थाहा हुन्न कि कहाँ कहिले कस्तो ठाउँमा जन्म हुन्छ ।

रूपलोक ब्रह्मलोकमा जन्म लिने आशालाई रूपराग संयोजन भनिन्छ। पारिसद्यादि सोन्ह ब्रह्मलोक छन् भनी विश्वास गर्ने धर्मलाई नै रूपराग भनिएको हो । यो पनि संसारचक्रमा अल्झाइराख्ने क्लेश भएकोले यसलाई पनि बन्धन (संयोजन) भनिएको हो । यसरी आशा गर्नु व्यर्थ मात्र होइन, एउटा अड्चन र बन्धन पनि हो। त्यसैले यो बन्धनबाट मुक्त हुनुपर्छ भनी तथागत गौतम बुद्धले सारनाथको ऋषिपतन मृगदावनमा भवचक्रबाट मुक्त हुने उपायका रूपमा आर्यअष्टांगिक मार्गको देशना गर्नुभएको हो ।

ग्रन्थमा उल्लेख गरेअनुसार रूपलोकमा जन्म लिनजाने मानव ध्यानलाभी हुनुपर्छ। प्रथम ध्यानका पाँचवटा अंगहरू छन्। ती हुन् :- (१) वितर्क, (२) विचार, (३) प्रीति, (४) सुख र (५) एकाग्रता ।



https://dhamma.digital

यी लौकिक प्रथम ध्यानका अंगहरू हुन् । अब यिनीहरूको संक्षिप्त चर्चा गरिन्छ ।

**१. वितर्क :**

ध्यान गर्नका लागि चाहिने आरम्मण (=निमित्त) पृथ्वी-कसिण, आपो (=पानी) निमित्त, तेजो (=आगो) निमित्त, अट्ठि (=हाड) निमित्त र आनापानस्मृति आदि ध्यानसम्बन्धी तर्क गरेर ध्यान एकत्रित गर्नुलाई वितर्क भनिन्छ । खूब मेहनत गरेर निमित्त दृढ पार्नु आवश्यक छ र यसलाई नै वितर्क भनिन्छ ।

**२. विचार :**

निमित्त सम्झेर आँखा चिम्ली बसेर उक्त निमित्तमा विचाराधीन हुने 'पानी' निमित्त लिए, 'आगो' निमित्त लिएर त्यसमा विचार गरी अनित्य ठान्नुलाई विचार भनिन्छ ।

**३. प्रीति :**

आरम्मणमा मेहनत गरी एकत्रित पनि गर्नुपर्दैन, विचार पनि गर्नुपर्दैन, दुबै पूर्ण भइसकेपछि मनमा आनन्दको अनुभव भइराख्ने अवस्थालाई प्रीति भनिन्छ । यसलाई मानसिक प्रीति भनिन्छ ।

**४. सुख :**

तीनवटै ध्यानबाट पूर्ण भएपछि भने शारीरिक सुख पनि भएको अनुभव हुन्छ । प्रीति र सुख उस्तै नै भए पनि मानसिक सुख र शारीरिक सुख यति नै मात्र फरक देखिन्छ ।

**५. एकाग्रता :**

एकाग्रता ध्यानको पञ्चम अंग हो । यसमा वितर्क, विचार, प्रीति, सुख भन्ने हुँदैन, चित्त एकाग्रता र उपेक्षाभावमात्र हुन्छ । सुख पनि दुःख पनि हुँदैन तर यो लौकिक ध्यानमात्र हो । ध्यान बलियो भएन भने पतन पनि हुनसक्छ ।

प्रथम ध्यानमा : वितर्क, विचार, प्रीति, सुख र एकाग्रता रहन्छ,

द्वितीय ध्यानमा : विचार, प्रीति, सुख र एकाग्रता रहन्छ,



https://dhamma.digital

तृतीय ध्यानमा : प्रीति, सुख र एकाग्रता रहन्छ,

चतुर्थ ध्यानमा : सुख र एकाग्रता मात्र रहन्छ तथा

पञ्चम ध्यानमा : एकाग्रता र उपेक्षा (स्थिरता) रहन्छ ।

माथि देखाइएझैं प्रथमदेखि क्रमशः पञ्चम ध्यानसम्म उल्लिखित वितर्क आदि बाँकी रहन्छन् । जसमा यस किसिमको ध्यान प्राप्त गर्ने इच्छा हुन्छ, उसको शरीर, वचन शान्त र संयमित भई शील परिशुद्ध हुनुपर्छ । त्यसपछि उसले कोही योग्य गुरू वा आचार्यकहाँ आफूलाई अनुकूल ध्यानविधि सिकेर लिनुपर्छ । त्यसपछि कहीं योग्य ठाउँमा गएर ध्यानमा बस्न जानुपर्छ ।

ध्यान गर्नमा अयोग्य ठाउँहरू पनि हुन्छ । ती हुन् :- ठुल्ठुला भवनहरू, पुरानो घर, चलनचल्तीको फराकिलो बाटो छेउको घर, पोखरी नजिकैको ठाउँ । त्यस्तै, फूलमाला र फलफूलका रूखहरू धेरै भएको ठाउँ, धेरै मानिसहरूको हूल भएको ठाउँ, नजिकै खेत भएको, चोर-डाँकुहरूले दुःख दिने ठाउँ, जहाज रोकिराख्ने बन्दरगाह भएको ठाउँ, दुई देशको सीमाना नजिक परेको ठाउँ, भूतप्रेतले दुःख दिने ठाउँ, कल्याणमित्र नभएको ठाउँ आदि पनि ध्यान गर्नमा अयोग्य ठाउँहरू हुन् तर जे भए पनि मन र चरित्र अशुद्ध भयो भने उसले ध्यान गर्न सक्तैन, ध्यानमा ऊ सफल हुँदैन । केही बाधा नहुने ठाउँमा भए अवश्यमेव एकाग्रता र शान्ति प्राप्त गर्न सकिन्छ भनेर पनि ग्रन्थमा उल्लेख भएको छ ।

ध्यानमा बस्ने भनेको एक किसिमले मानसिक नियन्त्रणको तालिम लिनु हो । तालिम लिइसकेपछि त्यो व्यक्ति जहाँ बसे पनि उसको चित्त चंचल हुनुहुँदैन, चित्त दृढ हुनुपर्छ, मन बलियो रहनुपर्छ । त्यसैले समय-समयमा ध्यानको अभ्यास गरिरहनुपर्दछ, होश बलियो पारेर बस्नुपर्छ, सतर्क भई सचेत बनी बस्नुपर्छ भनिन्छ ।

**७. अरूपराग संयोजन (= नदेखिने अभौतिक अस्तित्वको लोभ)**

अरूपरागभित्र चार आयतन (=अंग) हरू समावेश भएका छन् । ती यसप्रकार छन् :-

(१) आकाशानञ्चायतन,



https://dhamma.digital

(२) विञ्ञाणञ्चायतन,

(३) आकिञ्चञ्ञायतन,

(४) नेवसञ्ञा-नासञ्ञायतन ।

यदि कुनै व्यक्तिले यी चारमध्ये एउटा जन्म लिने इच्छा गरिराखेको छ भने अथवा यसबारे उसको मनमा आसक्तिभाव भयो भने अरूपरागमा डुबिरहेको हुनजान्छ ।

रूपको केही पनि अस्तित्व नदेखिने भएकाले यी चारवटै आयतनमा केही स्पर्श (=हातले छुने आदि) हुँदैन, न केही पदार्थ नै देखिन्छ, न सुन्ने केही शब्द हुन्छ । पूर्णतः अरूप वा रूप शून्य लोकलाई अरूपलोक भनिन्छ ।

ध्यानद्वारा नै मात्र अरूपलोकमा उत्पन्न हुन सकिन्छ । संक्षेपमा भन्नुपर्दा, यसरी योग अभ्यास गऱ्यो भने त्यहाँ पुग्न सकिन्छ - जसले पाँचवटा स्कन्ध (रूप, शब्द, गन्ध, रस र स्पर्श) लाई अनित्य सम्झिन्छ, दुःख सम्झिन्छ, अनात्मा सम्झिन्छ र उसले विचार गर्छ कि अरूपलोकमा यी दुःख केही पनि छैनन्, रूपलोकबाट पनि मुक्त भएर चार ध्यान प्राप्त गरिरहन पाइन्छ । यो पनि एउटा बन्धन नै हो ।

नदेखिने ब्रह्मलोक र देवलोक (=स्वर्ग) मा जन्म लिनजाने आशालाई अरूपराग संयोजन (बन्धन) भनिन्छ । आकाशानञ्ञायतन आदि चार ब्रह्मलोकमा जन्म लिनजाने इच्छा र चर्या पनि संयोजन हो । त्यसैले, बौद्धहरू यसबाट पनि मुक्त हुन सक्नुपर्छ ।

### ८. मान संयोजन (=घमण्ड)

मानिसहरू उच्चस्तरबाट पतन हुने एउटा ठूलो कारण हो- मान अर्थात् अहंकार, घमण्ड । मानिसले आफूबाहेक अरू मानिसलाई तुच्छ देखेर घृणा गर्नु, नीच देख्नु जस्ता कुबानीलाई मान भनिन्छ । ठूलोपना देखाउनु भनेको पनि यसैलाई भनिएको हो । धनीले गरीबमात्रलाई हेप्ने, नीच, तुच्छ देख्ने, हेला गर्ने यी सबै मानकै प्रतिफल हुन् । हुन त, अहंकार भनेको धनीहरूसँग मात्र हुने होइन अपितु विद्वान्हरूसँग, जातमा ठूलोहरूसँग, ध्यानगुरू भइराखेकाहरूसँग, एक-दुई पटक ध्यान-शिविरमा बसिसकेकाहरूसँग पनि हुने गरेको पाइन्छ । धनसम्पत्तिहीन गरीब र



https://dhamma.digital

सामाजिक मान्यता अनुरूप जातमा सानो पर्ने निम्न वर्गहरूमा पनि अहंकार, घमण्ड विद्यमान हुन्छ । साना जातिहरूमा पनि आफूमात्र माथि जाने इच्छा रहेको हुन्छ । आफूभन्दा तलकाहरूलाई उकास्ने माथि पुऱ्याउने परिशुद्ध मन हुँदैन । जसरी कि परिगणित वर्गहरूमा (मूलहरूमा) आफूभन्दा ठूलो जातिहरूसँग बस्न मन पराउँछ तर आफूभन्दा निम्न जातसँग बस्न मन पराउँदैनन् । यो पनि घमण्ड नै हो । कोही-कोही पढिराखेकाहरूले अनपढ आफ्ना आमाबुबाहरूलाई समेत गन्दैनन् । पढिराखेका युवा-युवतीहरू तरकारी किन्न गए हातमा टोकरी (=बास्केट) समातेर हिंड्न लजाउँछन् । यो पनि मनभित्रको सुषुप्त मान नै हो । कोही कोही अरूको कामको समर्थन नगर्ने मात्र होइनन्, विरोधसम्म पनि गर्दछन् । राम्रो काम गरे पनि त्यस्ता व्यक्तिहरू आफूसँग नसोधी काम गऱ्यो भनी रिसाएर बस्छन् । यो पनि मान हो, अहंकार हो ।

हुन त शिष्टाचार अनुरूप केही काम गर्नुपर्दा ठूलाहरूसँग सल्लाह लिनु, सोध्नु राम्रो हो । तर कहीं-कहीं सोधिराख्यो भने राम्रो काम भए पनि रोकिनसक्छ । राम्रो काम गर्दा 'भयो त, रामै काम गऱ्यो, असल भयो' भनी प्रसन्न भएर अनुमोदन गरेको भए धेरै पुण्य मिल्छ, धर्म हुन्छ । एउटा वर्गले अर्को वर्गलाई (धनीहरूले) घमण्ड गर्नु पनि डरलाग्दो अहंकार हो ।

मानव समाजमा वर्ग-संघर्ष भइराखेको एउटा प्रमुख कारण नै यही अहंकार हो । यो अहंकार भनेको कसरी आउँछ र कति प्रकारका छन्, यतातिर पनि एकपल्ट विचार गर्नतिर लागौं । जुनबेला मानिसले विचार गर्दछ, त्यो भन्दा म के कम छु र ? अथवा म पनि त्यो जस्तै नै त हुँ, बराबर हुँ अथवा त्यो भन्दा म तल नै पर्दछु इत्यादि किसिमले विचार गरी दिमागमा घमण्ड भरिराखेको हुन्छ । त्यसैले, मान (अहंकार) को अवस्था तीनवटा छन् - मान, अभिमान र अधिमान ।

संसारमा विद्यमान अभिमानी मानिसहरूलाई तीन भागमा विभाजित गर्न सकिन्छ । ती यस प्रकारका छन् :-

१) आफूलाई अरू भन्दा पनि ठूलो, माथि परेको, दर्जा धेरै भएको सम्झने ।



https://dhamma.digital

२) आफूलाई अरूसँग बराबर दाँज्ने, ऊसँग जति धन छ, मसँग पनि त्यति नै छ, उसको जात र मेरो जात पनि उही हो, त्यो पनि त्यति नै पढिराखेको म पनि त्यतिनै जान्ने भनेर सम्झने ।

३) आफू अरूभन्दा तल परेको, नजानेको र धन पनि नभएको सम्झने ।

यसमा प्रथम श्रेणी अन्तर्गत राजाहरू पर्न सक्छन् । मंत्रीगण दोश्रो श्रेणीमा पर्न सक्दछन् । कर्मचारी वर्ग तेश्रो श्रेणीमा पर्न सक्छन् । यी तीन समूहभन्दा माथि तीन प्रकारका अभिमान, अहंकार देखिन आउँछन् ।

जुनबेला एकजना राजाले अर्को राजाको भन्दा आफूलाई ठूलो सम्झन्छ, त्यसबेला उसको मनमा कल्पना हुन्छ कि उसको भन्दा मसँग धनसम्पत्तिमा, देशको विशाल भूमिमा र भव्य महल-दरबारमा कत्तिपनि कम छैन । यो प्रथम श्रेणी अन्तर्गतको प्रबल अहंकार हो ।

त्यस्तै नै, एकजना साधु वा भिक्षुले पनि सम्झिन्छ कि मजति जान्ने, बुझ्ने र पढिरहने व्यक्ति अरू कोही पनि छैन । त्यसैले म नै महान् छु, म नै ज्येष्ठ, म नै शीलवान् छु, अरू कोही पनि त्यति जान्दैनन् । यसअनुरूप अहंकारले गर्दा नै महान् व्यक्तिहरूको पनि नराम्ररी पतन हुन्छ । त्यस्ता अहंकारीहरू अरूलाई पनि दुःख दिइराख्छन् । यसले गर्दा वर्ग-संघर्ष हुने गर्दछ ।

यस्तै नै, एकजना राजाले अर्को राजालाई आफू समान सम्झेर, ऊ र म के फरक छ र ? धन, जन र बल पनि समान छ भनी अभिमान गरिराख्छन् । साधु तथा भिक्षुहरूले पनि त्यस्तै नै आफूसमान सम्झेर अहंकार गरिराख्छन् । त्योभन्दा म के कम छु र ? त्यो र म के फरक छ र ? त्यो भन्दा म नजान्ने छु र ? आदि ठानेर पनि घमण्डका कुराहरू गरिरहन्छन् ।

यदि कोहि मन्त्री, आफू समानको अर्को मन्त्रीको बारेमा विचार गर्नुपर्‍यो भने उसले सोच्छ कि अर्को मन्त्री आफूभन्दा तल्लो दर्जाको हो, आफू ऊभन्दा उच्च छु भनी अभिमान गर्दछ । उसले अरूलाई दमन-शोषण गर्न खोज्दछ ।



https://dhamma.digital

यसरी आफू समानको मन्त्री भए हामी दुई बराबर भनी अहंकारी भइरहन्छ र आफू अलिकति तल्लो दर्जाको भएमा 'म ऊभन्दा तल्लो दर्जाको हुँ र' भनेर पनि विचार गरी अहंभाव निकालिरहन्छ ।

हामी देखिरहेका छौं, यो अभिमान र घमण्ड कसरी आउँदछ । यी यस्ता कारणहरूबाट थाहा हुन्छ, यो घमण्डी स्वभाव पनि एउटा संयोजन वा बन्धन हो । अचम्मको कुरा त भिक्षु भएर पनि घमण्ड र अभिमान आउने गर्दछ । गौतम बुद्धका समयमा एकजना भिक्षुले अनुकूल नभएको, नमिलेको किसिमले अभिमान गरेको हुँदा उसले एकजना गृहस्थीसँग क्षमा माग्नुपर्‍यो । यो घटना यहाँ संक्षेपमा उल्लेख गर्नु राम्रो होला ।

भगवान् बुद्धको समयमा मच्छिकासण्ड भन्ने नगरमा एकजना प्रसिद्ध विद्वान् एवं चरित्रवान् चित्रगृहपति उपासक थिए । उनी स्रोतापन्न भइसकेका थिए । ती उपासकले भिक्षुहरू आउनुहुँदा बस्नका लागि भनेर एउटा विहार निर्माण गरिराखे । त्यसै विहारमा सुधम्म भन्ने एकजना भिक्षु पनि थिए । उनी पनि उपासकका आश्रममा जीवमान थियो ।

एकपल्ट सारिपुत्र महास्थविर र मोग्गल्लायन महास्थविरहरू दुबैजना चारिका गर्दागर्दै त्यहीं आइपुग्नुभयो । चित्रगृहपति उपासकले उहाँहरूलाई स्वागत गरेर उहाँहरूको उपदेश पनि श्रवण गरी अभ्यासद्वारा अनागामी मार्गफललाभी भयो । तत्पश्चात्, चित्रगृहपतिले उहाँहरू दुबैजनालाई भोलिपल्टका निम्ति भोजनको निमन्त्रणा गरे । त्यसपछि त्यही विहारमा बस्ने सुधम्म भिक्षुलाई पनि निमन्त्रणा गर्‍यो - "भोलि सारिपुत्र भन्तेहरू हाम्रो घरमा भोजन आउनुहुन्छ । तपाई पनि आउनुहोस् । "

सुधम्म भिक्षु कन्जूस र अहंभावयुक्त थिए। उसको मनमा कुरा खेल्यो- म यहीँ बस्नेलाई पहिला नै केही नभनी बाहिरबाट आएकाहरूलाई सर्वप्रथम निमन्त्रणा गरिसकेपछि मात्र मलाई निमन्त्रणा भयो । मसँग एकवचन पनि सोधिएन । यसरी विचार गरी ती कलुषित मनका भिक्षुले निमन्त्रणा स्वीकार गरेनन् । निमन्त्रणा नजानेमात्र भनेका होइन, त्यो चित्रगृहपति उपासकलाई मनपरी गाली पनि गरे । तत्पश्चात् भगवान् बुद्धकहाँ गएर पनि उपासकले गृहत्यागी बुद्धअनुयायी भिक्षुको अपमान गर्‍यो भनी चुकली गर्न पुगे ।



https://dhamma.digital

भगवान् बुद्धले यथार्थ सत्य-तथ्य बुझ्नु भएर त्यही भिक्षुको दोष ठहराउनु भई चित्रगृहपति उपासककहाँ क्षमा माग्न जाऊ भनी आज्ञा गर्नुभयो । ती भिक्षुले उपासकसँग क्षमा माग्न मान्दै मानेनन् । अन्तमा उनले क्षमा माग्नु नै पऱ्यो । उनको अभिमान दमन गर्नका लागि नै बुद्धले ती भिक्षुलाई क्षमा माग्न लगाउनुभएको थियो । पछि चित्रगृहपति उपासकले पनि ती भिक्षुसँग क्षमा मागे । यो अभिमान र अहंकार भनेको आफूलाई पनि परलाई पनि हानि गराउने प्रमुख कारकतत्व हो । यसर्थ यो पनि एउटा बलियो संयोजन (=बन्धन) नै हो ।

९. **उद्धच्च संयोजन (=चंचलता)**

आफ्नो कुनै इच्छा पूरा हुँदा, मनले चाहेजस्तो काम सम्पन्न हुँदा अत्याधिकमात्रामा प्रसन्न भई मात्तिने प्रवृत्तिलाई उद्धच्च भनिन्छ । यति र उति नभई निरन्तर चंचल हुने, खरानीको थुप्रोमा ढुंगाले हान्दा खरानी छरिएर उडि जाने जस्तो चित्त उडेर जाने अवस्थालाई उद्धच्च भनिन्छ । अर्को किसिमले भन्नुपर्दा, चित्त स्थिर नहुने, एकाग्रता नहुने, अशान्त हुने स्वभाव उद्धच्च हो । उद्धच्च ५२ प्रकारका चेतसिकमध्ये एउटा हो । यी सबै अकुशल चित्तमा भइराख्ने गर्दछन् ।

हामीले यो चित्तका बारेमा बुझिराख्नुपर्छ कि यो कसरी चंचल भएर उत्पन्न हुन्छ ? यसको काम के हो ? हुन त समुद्रको पानी चलिराखेसरि यो चित्त पनि अस्थिर भइराख्छ । समुद्र अशान्त भइराखेझैं यो चित्त पनि शान्त छैन, अशान्त छ ।

जुनबेला यस चित्तलाई उद्धच्चको भूतले डुबाउँछ, त्यसबेला बाँसको टुप्पामा बाँधिराखेको झण्डा हावाले जति फरफर चल्ने हुन्छ, त्यसरी नै यो चित्तको पनि अवस्था हुन्छ । त्यसो भनेको कुनै वस्तुमा चित्त आसक्त बन्यो भने उद्धच्चरूपी हावाले यताउता उडाएर लानसक्छ । कुनै एउटा निमित्त वा बस्तु देख्यो भने यसको कारणले बेढंगसित चित्त चंचल हुन्छ । जसरी पुरूषले महिलाको रूप देख्दा वा महिलाले पुरूषको रूप देख्दा बेढंगले सोच्न थाल्यो भने उसको मनको ढुकढुकी बढ्छ । प्रेममा फँसेका स्त्री-पुरूषको मन त्यस्तै नै चंचल हुन्छ भनी भुक्तभोगीहरू भन्ने गर्दछन् ।



https://dhamma.digital

धार्मिक भाषाले भन्नुपर्दा, यदि कसैले पनि अनित्य वस्तुलाई नित्य, दुःखलाई सुख अनि अनात्मालाई आत्मा भनी सम्झियो भने, यस प्रकारको विचारलाई बेढंगको विचार गरेको भनिन्छ । त्यसैले बुद्धको वचनअनुसार त्यो निमित्तमा रसास्वाद गरी विचार गरेन भने उत्पन्न हुने बेढंगको कल्पना उत्पन्न हुन पाउँदैन अर्थात् चित्त नराम्ररी ढुकढुकाउनु पर्ने हुँदैन । उत्पन्न भइसकेको चंचल चित्त पनि शान्त भएर जान्छ ।

यो चंचल चित्त शान्त गर्न मानिसले समथ-विपश्यना भावनाको अभ्यास गर्नुपर्छ । समथ भन्ने भावनाले पाँचवटा अड्चन वा पञ्चनीवरण बाधा हराएर जान्छ । पञ्चनीवरण भन्नाले यी हुन् :-

(१) कामच्छन्द (=मोजमज्जाको इच्छा),

(२) व्यापाद (=बदला लिने भावना),

(३) थीनमिद्ध (=अल्छी र सुताहापन),

(४) उद्धच्च-कुक्कुच्च (=चंचलपन र पश्चात्ताप) तथा

(५) विचिकिच्छा (=शंका) ।

कुनै योगीलाई ध्यान प्राप्त गर्ने इच्छा भएमा उसले आफूलाई अनुकूल हुने एउटा कर्मस्थान (=ध्यानविधि, विपस्सना) ध्यान एउटा छानेर लिनुपर्छ । अनि एकान्त स्थानमा योग-अभ्यास गर्नुपर्छ । यदि यसरी क्रमबद्ध राम्रो अभ्यास गरेर लग्यो भने अन्तर्मुखी भई आफ्नो दोष औंल्याउँदै जान सकेमा उसलाई शान्ति प्राप्त हुनेछ ।

विपश्यना भावना भनेको अर्थ सारा संसारमा भएको नाम-रूप (भौतिक पदार्थ र मन) अनित्य, दुःख र अनात्म भनी बुझेर आफूले आफूलाई पहिचान गर्नु, अन्तर्मुखी रहनु, आफ्नो सुधार हुनु, अरूको निन्दा चर्चा नलाग्नु हो ।

यो उद्धच्च संयोजनलाई निर्मूल गर्ने अर्को पनि उपाय उल्लेख भएको छ । जस्तो :-

(१) विद्याद्वारा यो संयोजनलाई निर्मूल गर्न सकिन्छ,

(२) धर्मको बारेमा छलफल गर्नाले पनि यो संयोजनलाई निर्मूल गर्न सकिन्छ,



https://dhamma.digital

(३) अध्ययनद्वारा पनि यो संयोजनलाई निर्मूल गर्न सकिन्छ,

(४) आफूभन्दा जान्नेहरूको संगतद्वारा पनि यो संयोजनलाई निर्मूल गर्न सकिन्छ,

(५) धार्मिक छलफल (=धर्मसाकच्छा) बाट पनि यो संयोजनलाई निर्मूल गर्न सकिन्छ । आदि ।

उद्धच्च (=चंचलपन) भन्ने यो संयोजन सम्पूर्ण क्लेशरहित भइसकेको अर्हत् मार्ग फलमा पुगेपछिमात्र पूर्णरूपले हटेर जान्छ ।

**१०. अविज्जा संयोजन (=अविद्या-अज्ञानता)**

अविद्याको सामान्य अर्थ हो - केही नजानेको, नबुझेको । मुख्यरूपमा नबुझेको अविद्या भन्नु त चारआर्यसत्यको कुरामा अनभिज्ञ हुनु हो । दुःखआर्यसत्य, दुःखसमुदय (=दुःखको कारण) आर्यसत्य, दुःखनिरोध (=दुःखलाई हटाउने), आर्यसत्य, दुःखनिरोधगामिनी पतिपदा (=दुःखलाई नाश गर्ने उपाय) आर्यसत्यका बारे अज्ञानता रहनुलाई अविद्या भनिन्छ । सामान्यतः मूर्खतालाई अविद्या भनिन्छ । मूर्खले राम्रो र नराम्रो बीचमा केही पनि फरक चाल पाउन सक्तैन । उसमा कुनै पनि कामकुराको ठीक समझदारीले बुझ्ने शक्ति तथा बुद्धि हुँदैन र जुनसुकै कुरा पनि ऊ उल्टोरूपले मात्र सम्झने गर्दछ ।

अविद्याले नै मानिसहरूलाई नराम्रो काम गराइराख्छ, अनि राम्रो काम गर्न रोकिराख्छ । परिणामतः यसले सत्कार्यमा लाग्न ठ्याम्मै छेकिदिन्छ । अविद्याको भूतले लखेटिएको बेलामा पञ्चस्कन्धको उदय-व्यय (उत्पत्ति र विनाश) का बारेमा केही पनि जान्न र बुझ्न सकिन्न । यसले गर्दा मान्छे अन्धो समान हुन्छ, बाटो अल्मलिएको बटुवा व्यक्तिझैं हुन्छ । अविद्यामा परेको व्यक्तिले कहिले काहीँ राम्रो काम पनि गर्नसक्छ, धेरै त नराम्रो काम नै गर्दछ तर उसमा राम्रो काम गर्दा के फाइदा हुन्छ, नराम्रो काम गर्दा के बेफाइदा हुन्छ भन्ने ज्ञान पटक्कै हुँदैन । यो अविद्याको विशेषता हो ।

जब कसैले चार आर्यसत्यलाई यथार्थरूपमा बुझ्दछ, तब त्यो मानिस अविद्यारूपी बन्धनबाट मुक्त हुन सक्दछ, अनि उसले अर्हत्व प्राप्त



https://dhamma.digital

गर्दछ। सूत्रपिटक ग्रन्थको ठाउँ-ठाउँमा तथागत गौतम बुद्धले चारआर्यसत्यको व्याख्या यसरी गरिराखेको देखिन्छ :-

हे भिक्षुहरू ! दुःखआर्यसत्य भनेको के हो ?

जन्म हुनु दुःख हो, बृद्ध हुनु दुःख हो, रोगी हुनु दुःख हो, मर्नुपर्ने हुनु दुःख हो, शोक हुनु दुःख हो, रून्, विलाप गर्नु, चिन्ता र पीर हुनु दुःख हो, दिक्क हुनु दुःख हो, इच्छा पूरा नहुनु दुःख हो। संक्षिप्तमा भन्नुपर्दा यो पाँच उपादानस्कन्धरूपी शरीर नै दुःखको मूल हो।

हे भिक्षुहरू ! दुःखसमुदय आर्यसत्य भनेको के हो ?

भिक्षुहरू ! यो जुन फेरि फेरि जन्मनुको कारण हो, यो जुन लोभ र रागयुक्त स्थिति हो, जहाँ पनि मज्जा लिने जुन तृष्णा हो, जस्तो कि कामतृष्णा (=मोजमज्जाको इच्छा), भव तृष्णा (=फेरि जन्म लिने प्रबल इच्छा) अनि विभव तृष्णा (=फेरि जन्म हुनुपर्दैन भनी मनपरी चलेर बस्ने स्वभाव), यी तीन प्रकारका तृष्णा नै दुःखका कारण हुन्।

हे भिक्षुहरू ! दुःख नाश गर्ने आर्यसत्य के हो ?

माथि उल्लेख भएको तीनवटै तृष्णालाई नाश गर्नेतिर अघि बढ्ने मार्ग भनेको नै आर्यमार्ग सत्य हो। दुःखलाई हटाउने आठ मार्गहरू छन् :-

| | | |
|---|---|---|
| १) | सम्यक्‌दृष्टि (=मिथ्यादृष्टि रहित सही दृष्टि) | प्रज्ञा |
| २) | सम्यक्‌संकल्प (=निस्वार्थयुक्त उचित सोचाइ) | |
| ३) | सम्यक्‌वचन (=सत्यवचन नबिगारी बोल्नु) | शील |
| ४) | सम्यक्‌कर्मान्त (=निर्दोषपूर्ण काम) | |
| ५) | सम्यक् आजीविका (=दोषरहित जीवनवृत्ति) | |
| ६) | सम्यक्‌व्यायाम (=राम्रो उत्साह) | समाधि |
| ७) | सम्यक्‌स्मृति (=सदैव सचेत हुनु) | |
| ८) | सम्यक्‌समाधि (=एकाग्र चित्त) | |

हे भिक्षुहरू ! सम्यक्‌दृष्टि के हो ?

भिक्षुहरू ! जुन दुःख हो, त्यसलाई देख्नु, बुझ्नु र दुःख नहुने उपायलाई यथार्थरूपमा राम्ररी बुझ्नु, यसलाई सम्यक्‌दृष्टि भनिन्छ।

हे भिक्षुहरू सम्यक्‌संकल्प भनेको के हो ?



https://dhamma.digital

भिक्षुहरू नैष्क्रम्य (=बैराग्य) संकल्प, अत्याचार नगर्ने (=बदला नलिने) संकल्प, अविहिंसा (=हिंसा नगर्ने) संकल्प, यी तीनवटा सम्यक्संकल्प हुन् ।

हे भिक्षुहरू ! सम्यक्वचन भनेको के हो ?

झुठो कुरा नबोल्नु, चुगली नगर्नु, कडा अपशब्द नबोल्नु, ब्यर्थको कुरा नगर्नु, यी चार गुणले युक्त बन्नु नै सम्यक्वचन हो ।

हे भिक्षुहरू ! सम्यक्कर्मान्त भनेको के हो ?

प्राणीहिंसा नगर्नु, चोरी नगर्नु, कामभोगसम्बन्धी व्यभिचार (=बलात्कार) नगर्नु सम्यक्कर्मान्त हो ।

हे भिक्षुहरू ! सम्यक्आजीविका भनेको के हो ?

शस्त्र-अस्त्र बेच्ने, मादकपदार्थ बेच्ने, विष बेच्ने र मानिस बेच्ने आदि काम नगरी राम्रो कामद्वारा जीवन बिताउनु सम्यक्आजीविका हो ।

हे भिक्षुहरू ! सम्यक्प्रयत्न के हो ?

जो मानिसले नराम्रो कल्पना उत्पन्न नगर्न, नराम्रो काम नगर्न, नराम्रो कल्पनालाई निर्मूल गर्न, राम्रो कल्पना उत्पन्न गराउन प्रयत्न गर्दछ, मेहनत गर्दछ, उत्पन्न भएको राम्रो कल्पनाको अझ बढी उन्नति गर्न प्रयास गरिन्छ, यसलाई सम्यक्प्रयत्न भनिन्छ ।

हे भिक्षुहरू सम्यक्स्मृति के हो ?

जुन मानिस (=भिक्षु) यस शरीरका बारेमा सतर्क भएर बस्छ, सचेत भइबस्छ, के-के वेदना अनुभव भयो, मनमा के-कस्ता कल्पना आइरह्यो, थाहापाइबस्छ । संक्षेपमा भन्नुपर्दा लोभ, द्वेष र मोहलाई दबाएर होश राखिराख्नुलाई सम्यक्स्मृति भनिन्छ ।

हे भिक्षुहरू ! सम्यक्समाधि के हो ?

हाम्रो चित्त चंचल भइराखेको हामी भित्रकै क्लेशले गर्दा हाम्रो चित्त चंचल भइरहन्छ । त्यो क्लेशले प्रज्ञालाई दुर्बल गराउँछ । त्यसैले काम वितर्कबाट अलग भई, नराम्रो विचारबाट मुक्त भई चित्त एकाग्र गरिबस्नु नै संक्षेपमा सम्यक्समाधि हो । अर्को किसिमले भन्नुपर्दा, नराम्रोमा मन नपठाई राम्रोमा मन स्थिर राखिराख्नु सम्यक्समाधि हो ।



https://dhamma.digital

आर्यअष्टांगिक मार्ग बुझ्न सक्ने शक्तिलाई विद्या भनिन्छ । यसको विपरीत केही नजानेको नबुझेकोलाई अविद्या भनिन्छ । नजानेको भनेको के हो ? दुःख छ, दुःखको कारण छ, दुःखलाई नाश गर्न सकिन्छ, दुःख नाश गर्ने बाटो आदिका बारेमा नबुझ्नुलाई अविद्या भनिन्छ । मूर्खले ठीक तरिकाले, उचित किसिमले बुझ्न सक्तैन । उसमा समझदारी हुँदैन । जुनसुकै कुरा पनि ऊ विपरीतरूपले बुझ्ने हुन्छ । त्यस्तो अनर्थकर बुद्धिलाई अविद्या भनिन्छ । यो पनि एउटा संयोजन वा बन्धन नै हो ।

मान्छे रूपराग, अरूपराग, मान, उद्धच्च र अविद्या पाँच संयोजन वा बन्धनबाट अर्हत्मार्गमा पुगेपछि मुक्त हुन्छ । अर्हत्वमा पुगेको बेला माथि उल्लिखित दशवटा बन्धनमा अल्मलिँइदैन । सबै प्रकारको गाँठा, सबै प्रकारका बन्धन फुकाइसकेको हुन्छ । त्यसबेला ऊ शुद्ध तथा निर्दुष्ट बन्दछ ।

अर्हत्वको अवस्थामा पुग्दा वर्गभेद आदि केही पनि बाँकी रहँदैन । सुताहा र अल्छीपन भनेको हुँदैन । शोषण र भेदभाव भनेको त्यहाँ हुँदैन ।

अभिधर्मअनुसार भने दश संयोजनका बारेमा केही फरक दृष्टिकोण देखिन्छ । त्यहाँ रूपराग र अरूपराग दुई बन्धन एउटौ राखेर भवराग संयोजन (=फेरि जन्म लिनजाने इच्छा) प्रतिपादन गरिएको छ ।

यी दश संयोजन वा बन्धन समाजका शत्रु हुन् । त्यसैले, यी दशवटा बन्धनबाट मुक्त हुनसकेमात्र समाजको विकास र उन्नति हुनसक्छ, कल्याण हुनसक्छ ।

अस्तु ।



https://dhamma.digital

# अजातशत्रु

(प्राप्ताङ्क ३०)

Dhamma.Digital

**सम्पादक - भिक्षु अमृतानन्द महास्थविर**

https://dhamma.digital

## नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स

# अजातशत्रु

### नामकरण

कोशल राज्यका महाकोशल राजाकी छोरी, प्रसेनजित् कोशलकी बहिनी कोशलदेवीसँग अङ्ग-मगध देशका राजा बिम्बिसारको विवाह भएको थियो । आफ्नी छोरी कोशलदेवीको लागि महाकोशल राजाले दुई राज्यको बीचमा पर्ने एकलाख आम्दानी हुने 'काशी' भन्ने गाउँ दाइजोको रूपमा दिएका थिए । यिनीहरूकै छोराको नाउँ अजातशत्रु हो ।

किन यिनलाई अजातशत्रु भनिएको हो भने -

कोशलदेवी गर्भिणी भएको बेला उनको मनमा आफ्ना पति बिम्बिसार राजाको दाहिने हातको रगत पिउने सारै इच्छा भएको थियो । यो कुरा कसैलाई बताउन सकिन्न भन्ने विचारले यो इच्छा मनमै राखी बसिरहँदा उनी क्रमशः दुब्लाउँदैन गइन् । एकदिन परिचारिकाहरूले दुब्लाउँदै गएको बारेमा सोध्दा देवीले आफूमा पैदा भइरहेको इच्छा सुनाइन् । राजाले पनि "भद्रे ! तिम्रो रूपवर्ण अघि जस्तो देखिन्न, के कारण हो ?" भनी सोध्दा देवीले "महाराज ! यो कुरा म भन्न सक्दिन" भनी भनिन् ।

"भद्रे ! यदि आफ्नो मनको कुरा मलाई भन्न सक्दिनौ भने कसलाई भन्छ्यौ त ?" भनी कर गरी बताउन लगाए । यो सुनी राजाले "मूर्ख ! यसमा तिम्रो के बिग्रिन्छ र ! भनी राजाले जोतिषीहरूलाई बोलाउन पठाई "देवीको यस्तो इच्छा भएको छ । यसको के अर्थ हो ?" भनी सोध्दा ज्योतिषीहरूले "देवीको गर्भमा बसेको बालक राजाको शत्रु हुनेछ र तपाईंको हत्या गरी राज्य लिनेछ" भनी भने । अनि राजाले "यदि मेरो छोराले मलाई मारेर राज्य लियो भने यसमा के दोष छ त !" भनी एकजना वैद्यलाई बोलाई सुनको छुराद्वारा आफ्नो बाहु चिराई सुनको भाँडामा रगत राखी त्यसमा पानी मिसाई देवीको इच्छा पूरा हुने गरी पिलाए । जोतिषीहरूको भविष्यबाणी



https://dhamma.digital

सुनी देवीले यस्तो सोचिन् - "यदि मेरो गर्भबाट जन्मिने बालकले आफ्नो बाबुलाई मार्नेछ भने यस्तो बालक जन्माएर के गर्नु र !"

यति सोचेर देवीले गर्भपात गर्ने विचार गरी दिनदिनै पेट मिच्न लगाउन थालिन् । तर गर्भपतन गराउन सकिनन् । यो कुरा बुझी राजाले "देवी ! तिम्रो गर्भमा छोरा वा छोरी छ भन्ने कुरा तिमीलाई थाहा छैन । आफूले जन्माउने बालकलाई यसरी पतन गर्‍यौ भने सारा जम्बुद्वीपमा हल्ला भई कुकीर्ति फैलिने छ । अतः तिमीले यस्तो नगर । मेरो पुत्रले मलाई मारेर राज्य लिन्छ भने लिन देऊ । म अजरामरण होइन । मलाई मेरो पुत्रको मुख हेर्न देऊ । अब उप्रान्त यस्तो काम नगर" भनी पालो राख्न लगाए । तर देवीको मनमा सारै चिन्ता लागेको थियो । कत्ति पनि मनमा सन्तोष थिएन । त्यसैले पुनः दिनदिनै गर्भपतन गर्नको लागि उद्यानमा गई देवीले पेट थिच्न लगाउँथिन् ।

दिनदिनै देवी उद्यान गइरहेको देखेर यसको खोजतलास गराउँदा उद्यानमा गई गर्भपतन गर्ने प्रयत्न गरिरहेको कुरा थाहा पाई त्यसपछि राजाले देवीलाई उद्यानमा जान रोक लगाइदिए । यसपछि देवीले "बालक जन्माउने बित्तिकै मार्नेछु" भन्ने विचार लिइन् । यस्तो सोच्दा सोच्दै उनले बालक जन्माइन् । त्यसबखत पालो बस्नेहरूले बालकलाई एकातिर लगिदिए । नामकरणको दिनमा "जन्मनुभन्दा अगाडिदेखि नै बाबुको शत्रु भएको र जन्मिसकेपछि पनि बाबुको शत्रु हुनेछ" भन्ने जोतिषीहरूको कुराको आधारमा 'अजातशत्रु' भन्ने नामाकरण गरे । क्रमशः कुमार ठूलो हुँदै गयो र छोराको मुख देखेपछि स्नेह उत्पन्न भएको कारणले देवीले छोरालाई मार्न सकिनन् ।

जुन उद्यानमा यी कोशलदेवीले आफ्नो गर्भपतन गराउन प्रयास गरेकी थिइन त्यसै उद्यानको नाम नै 'मद्दकुच्छि' भन्ने रहन गयो भनी संयुत्तनिकायको सकलिक सूत्रवर्णनामा उल्लेख भएको पाइन्छ ।

## बाल्य अवस्था

छोराको मुख हेर्न पाएर बिम्बिसार राजा यति खुसी भएका थिए कि



https://dhamma.digital

बुद्धको उपदेश सुन्न समेत मन जाँदैन थियो ।

एकदिन पाँचसय भिक्षुहरूका साथ भगवान् राजदरवारमा जानुभई बिछ्याइराखेको आसनमा बस्नुभयो । भगवान्सहित भिक्षुसंघलाई राजाले आफ्नै हातले प्रणीत खाद्य-भोज्य अर्पित गरे । अनि भोजन गराउने काम सिद्धिएपछि राजा एक छेउमा बसे । त्यसबखत प्रतिमण्डित बालक राजकुमार ल्याई राजालाई दिए । अनि पुत्र-स्नेहमा मुग्ध भएका राजाले बालकलाई काखमा राखी खेलाउन थाले । धर्मोपदेश सुन्नमा उतिसारो चासो दिएनन् । यो देखेर भगवान्ले "अघि अघिका राजाहरूले आफ्नो पुत्रमाथि आशङ्का गरी गोप्य ठाउँमा राखी हामी मरेपछि यिनलाई राज्यमा प्रतिष्ठित गर भनी भनेका थिए" भन्नुहुँदै थुसजातकका कुरा सुनाउनु भयो ।

अर्को एकदिन यस्तै अवस्थामा राजाले कहिले बालकलाई खेलाउने र कहिले धर्मोपदेश सुन्ने गरे । "यस बालकबाट राजालाई भय उत्पन्न हुनेछ" भन्ने कुरा बुझ्नु भई भगवान्ले "महाराज ! अघिका राजाले आशङ्का गर्नुपर्ने ठाउँमा आशङ्का गरी हामी मरेपछि राज्यमा राख्नू भनी बालकलाई अन्यत्र राख्न लगाएका थिए" भन्नुहुँदै मूसिकजातकका कुरा सुनाउनु भएको थियो ।

छोराप्रति राजा बिम्बिसारको कति गहिरो प्रेम थियो भने - एकदिन बालक अजातशत्रुको औंलामा खटिरा आयो । खटिरा दुखेकोले उनी सारै रोएका थिए । कसैले पनि फकाउन नसकेपछि रोइरहेको बालकलाई विनिश्चय (न्यायालय सभा) आसनमा बसिरहेका राजाकहाँ लगिदिए । राजाले उनलाई फकाउन थाले । यत्तिकैमा बालकले आफ्नो औंला राजाको मुखभित्र राखे । खटिरा राजाको मुखभित्रै फुट्यो । औंला झिक्दा बालक फेरि रोलान् भनी फुटेको खटिराको पीपसहितको रगत राजाले निलिदिए । यस्तो थियो राजाको पुत्र-स्नेह ।

राजगृह नगरमा अति धनाढ्य जोतीय भन्ने एक सेठ थिए । उनको श्रीसम्पत्तिको बयान सुनी बिम्बिसार राजा एकदिन उनीकहाँ हेर्न गएका थिए । त्यसबखत अजातशत्रु राजकुमार पनि बाबुको औंला समाती साथमा गएका थिए । ती जोतीय सेठको जुवाहारात युक्त सातताले प्रासाद देखेर बालक राजकुमारको मनमा यस्तो लागेको थियो - "अहो ! मेरा पिता



https://dhamma.digital

काठका घरमा बस्छन् । जहाँ कि यो जोतीय सेठ यस्तो सप्तरत्न युक्त प्रासादमा बस्छन् । म राजा भएपछि यिनलाई यो प्रासादमा बस्न दिने छैन ।

यी राजकुमार सानो उमेरमा आफ्ना बाबुसँग बुद्धकहाँ जान्थे भन्ने कुरा सुमङ्गलविलासिनीले उल्लेख गरेको छ । पछि उमेर बढ्दै गएपछि बिम्बिसार राजाले आफ्नो छोरालाई समयमै उपराजाको पदले पनि विभूषित गरेका थिए ।"

## देवदत्तसँगको भेटघाट

भगवान् बुद्ध कौशम्बीमा बसिरहनुभएको बेलामा श्रावकसहित बुद्धको निक्कै लाभसत्कार भएको थियो । त्यस समय हातमा माला आदि अनेक वस्तुहरू लिई मानिसहरू विहारमा गई "सारिपुत्र स्थविर कहाँ छन्, महामौद्गल्यायन स्थविर कहाँ छन्, महाकश्यप स्थविर कहाँ छन्, भद्दीय स्थविर कहाँ छन्, अनुरूद्ध स्थविर कहाँ छन्, आनन्द स्थविर कहाँ छन्, भगु स्थविर कहाँ छन् र किम्बिल स्थविर कहाँ छन् ?" भन्दै असीति महाश्रावकहरू बसेका ठाउँहरू खोज्दै मानिसहरू हिंड्दथे । तर देवदत्त स्थविर कहाँ छन् ? भन्ने कुरा चाहिँ कसैले पनि सोध्दैनथ्यो । यही कारणले गर्दा देवदत्तको मनमा यस्तो लाग्यो - "म पनि यिनीहरूसँगै प्रव्रजित भएको हुँ । यिनीहरूजस्तै म पनि क्षत्री कुलबाट आएको हुँ । हातमा उपहार लिई मानिसहरू यिनीहरूको मात्र खोजि गर्छन् । मेरो नाम मात्र पनि कसैले लिंदैनन् । लाभसत्कार प्राप्तिको लागि अब मैले के गर्नुपर्ला र कसलाई खुसी पार्नुपर्ला ?" अनि उनले यस्तो सोचे - "यी बिम्बिसार राजाले भगवान्सँगको पहिलो भेटैमा एघार लाख मानिसहरूसँग स्रोतापत्तिफल प्राप्त गरेका हुन् । यिनीसँग मेलमिलाप हुन सक्नेछैन । कोशल राजासँग पनि मेलमिलाप हुन सक्नेछैन । यी राजाका छोरा अजातशत्रु अहिले तरूण छन् । यिनलाई कसैको गुणागुणको कुरा थाहा छैन । यिनीसँग एकसाथ हुनुपर्‍यो ।" यति सोचेर उनी कौशम्बीबाट राजगृह गई ऋद्धिबलद्वारा आफ्नो शरीरमा अनेक सर्पहरूको आभूषण लगाई अजातशत्रु बसेको ठाउँमा गए । यो देखेर अजातशत्रु राजकुमार डराएपछि उनले आफ्नो भिक्षुभाव देखाई



https://dhamma.digital

आफू देवदत्त हुँ भनी चिनाए । यसबाट अजातशत्रु अत्यन्त प्रभावित भएका थिए । यसैको फलस्वरूप अजातशत्रु राजकुमार त्यहाँदेखि दिनको दुईपटक पाँचसय रथहरू लिई देवदत्तको उपस्थानको लागि जान थाले । यति मात्र होइन ५०० थाली पक्वान भोजनहरू पनि दिनदिनै पठाउन थाले ।

यति मात्र होइन देवदत्तको सत्कारको लागि अनेक धन खर्च गरी अजातशत्रुले गया गाउँको नजिकको गयाशीर्ष पर्वतमा विहार पनि बनाइदिएका थिए । यो गया गाउँको आसपासमा एक पोखरी र एक नदी पनि थियो । यो गयाशीर्ष पर्वतमा हात्तीको टाउकोजस्तै ढुङ्गाको एक चट्टान पनि थियो भनी संयुत्तनिकाय अर्थकथाले उल्लेख गरेको छ ।

## पितृ हत्या

जब देवदत्तको मनमा उनले भनेका कुरा अजातशत्रुले मान्ने छन् भन्ने पूर्ण विश्वास भयो तब एकदिन उनले अजातशत्रुलाई यस्तो कुरा सुनाए -

"हे कुमार ! आजकल मानिसहरूको आयु कम छ । कसलाई थाहा छ कि तपाईं राजकुमार छँदै मर्नुहुनेछ । अतः तपाईले आफ्ना पितालाई हत्या गरी राजा हुनुहोस् । म बुद्धलाई हत्या गरी बुद्ध हुनेछु ।"

यो सुनेर अजातशत्रुको मनमा यस्तो लाग्यो - "देवदत्त बडो प्रभावशाली तथा ऋद्धिसम्पन्न व्यक्ति हुनुहुन्छ । उहाँले नजानेको कुरा केही छैन । अवश्य पनि उहाँले मेरो बारेमा केही कुरा जान्नुभएको होला ।

यति सोचेर देवदत्तको कुमन्त्रणाबाट आफू प्रभावित भई अजातशत्रुले आफ्ना पिता बिम्बिसार राजालाई हत्या गर्ने निश्चय गरे । अनि दिउँसै तिघ्रामा शस्त्र लुकाई राजाको खोपीमा गए । जब राजकुमार हडबडाई दिनको समयमा राजाको खोपीभित्र गए तब उनलाई अङ्गरक्षकहरूले समाते । यस घटनापछि राजाले अजातशत्रुलाई नै राज्य सुम्पिदिए । अनि उनले "मेरो मनोरथ पूरा भयो" भनी देवदत्तलाई सुनाए । यो सुनेर देवदत्तले "तपाई मुसालाई लुगाभित्र राखी खूब गरें भनी भन्नुहुन्छ । केहीदिन पछि तपाईका पिताले आफूलाई गरेको अपमानलाई सम्झेर फेरि स्वयं राजा हुन सक्ने



https://dhamma.digital

छन्" भनी भने ।

"भन्ते ! त्यसो भए कसो गर्नु पर्ला त ?"

"जरो उखेलेजस्तै गरी हत्या गर ।"

"भन्ते ! मेरा पितालाई शस्त्रले हत्या गर्न सकिन्न ।"

"त्यसो भए भोकैराखी मार ।"

यति सुनी अजातशत्रु राजाले बिम्बिसार राजालाई आगो बाल्ने घरभित्र राखे । "मेरो आमा एकजनालाई बाहेक अरू कसैलाई पनि भित्र आउन नदेऊ" भनी पाले राखे । देवी सुनको बट्टामा भातराखी पटुकामा बाँधी राजाकहाँ जान्थिन् । राजाले सो भात खाई जीविका गर्दथे । "मेरा पिता कसरी जीविका गर्दछन् ?" भनी सोध्दा आमाको खबर सुनेपछि "मेरी आमालाई पेटमा केही राखी आउन नदेऊ" भनी आज्ञा दिए । त्यसपछि देवीले मुकुटभित्र लुकाई भात लैजान थालिन् । यो सुनेर "मुकुट लगाएर पनि जान नदिनू" भनी भने । त्यसपछि जुत्ताभित्र खाना लुकाई जान थालिन् । राजा यसबाट जीविका गर्दथे । फेरि "कसरी मेरा पिता जीविका गर्दछन् ?" भनी सोध्दा यो कुरा पनि थाहा पाई "जुत्ता लगाएर पनि जान नदिनू" भनी आज्ञा दिए । त्यसपछि सुगन्धित पानीमा नुहाई आफ्नो शरीरमा चतुमधु लेपन गरी पछ्यौरा ओढी देवी गइन् । राजाले उनको शरीर चाटी जीविका गर्न थाले । यो कुरा सुनेपछि "अब उप्रान्त मेरी आमालाई पनि जान नदेऊ" भनी भने । अनि देवी दैलोमा उभिई "स्वामी बिम्बिसार ! बालक कालमै यसलाई मार्न दिनु भएन । आफ्नो शत्रुलाई आफैले पाल्नुभयो । अब यो मेरो अन्तिम दर्शन हुनेछ । अबदेखि मैले तपाईंलाई देख्न पाउने छैन । हे देव ! यदि मेरो कुनै दोष छ भने मलाई क्षमा गर्नुहोस् ।" भनी रूँदै फर्किन् ।

त्यस दिनदेखि राजा भोकै भए । मार्गफलको सुखानुभव गरी चंक्रमण गरी जीवन यापन गर्न थाले । राजाको रूपशरीर अत्यन्त चम्किन थाल्यो । अनि अजातशत्रु राजाले "भणे ! मेरा पिता कसरी जीविका गर्दैछन् ?" भनी सोध्दा "चंक्रमण गरी जीविका गर्दैछन् । उहाँको रूपशरीर अघिभन्दा चम्किलो छ" भनी भने । यो सुनेर "अब चंक्रमण गर्न रोक्नुभयो" भन्ने



https://dhamma.digital

सोचे । यति सोची उनले "मेरा पिताका पैतालामा छुराले चिरी नून तेल लगाई छाला डढ्ने गरी गोलको आगोमा पोलिदेऊ" भनी नाउहरूलाई पठाए । नाउहरू आएको देखी राजाले सोच्न थाले - "मेरो छोरालाई कसैले सम्झायो होला । यो नाउहरू मेरो दाह्री जुङ्गा खौरन आएका होलान् । उनीहरू आएर राजालाई ढोगीं उभिइरहे ।"

"किन आएका हौं ?" भनी सोधेपछि उनीहरूले राजाले पठाएको कुरा सुनाए। अनि "तिम्रा राजाको इच्छानुसार गर" भनी भनेपछि "देव ! त्यसोभए बस्नुहोस्" भनी राजालाई ढोगी "देव ! हामी राजाको आज्ञा बमोजिम काम गर्नेछौं । हामीमाथि नरिसाउनु होला । तपाईं जस्ता धार्मिक राजाको लागि यो काम उचित छैन ।" यति बिन्ती गरी देब्रे हातले गोलीगाँठामा समाती दाहिने हातले छुरा समाती पैतालामा चिरी नून तेल लगाई गोलको आगोमा पोलिदिए। राजालाई असह्य वेदना भयो। अनि "अहो बुद्ध ! अहो धर्म ! अहो सङ्घ !" भन्दै बुद्धानुस्मरण गर्दै चैत्यमा राखेको फूलमालाजस्तै ओइलाई चातुर्महाराजिक देवलोकको वैश्रवण राजाको परिचारकको रूपमा जनवसभ भन्ने यक्ष (देवता) भई उत्पन्न भए।

त्यसैदिन अजातशत्रुको पुत्र जन्म्यो । पुत्र जन्मेको र पिता मरेको खबर दुबै एकै पटक आइपुग्यो । अनि अमात्यहरूले पहिले पुत्र जन्मेको समाचार सुनाउनेछौं भनी पुत्र जन्मेको पत्र राजाको हातमा राखिदिए । राजालाई गहिरो पुत्र-स्नेह उत्पन्न भयो। त्यसबखत राजाले पितृस्नेहलाई महसूस गरे। म जन्मिदा पनि मेरा पिताको मनमा यस्तै स्नेह उत्पन्न भयो होला। यति सोची राजाले "हे भणे ! मेरा पितालाई छाडिदेओ !" भनी भन्दा "महाराज ! के छाड्नु हुन्छ र ! तपाईका पिता मरिसके" भन्दै अर्को पत्र हातमा राखिदिए।

यो समाचार सुनी रूँदै रूँदै आफ्नी आमाकहाँ गई "आमा ! म जन्मिदा मेरा बाबुको मनमा पनि ममाथि यस्तो स्नेह उत्पन्न भएको थियो कि ?" भनी सोध्दा "मूर्ख पुत्र ! के भन्छस् ! तँ सानो छँदा तेरो औंलामा खटिरा आएको थियो । तँलाई कसैले पनि फकाउन नसक्दा विनिश्चय आसनमा बसिरहेका तेरा पिताकहाँ लगें । तेरा पिताले तँलाई फकाउन



https://dhamma.digital

काखमा लिए । त्यसबखत तैंले आफ्नो औंला बाबुको मुखभित्र हालिस् । त्यतिञ्जेल तेरो औंलाको खटिरा बाबुको मुखभित्र फुट्यो । औंला झिक्दा तँ रोलास् भन्ने डरले तेरा बाबुले रगत र पीप त्यसै निलेका थिए । त्यस्तो थियो तेरा पिताको तँमाथिको स्नेह !" भनी देवीले भनिन् । यो सुनेर अजातशत्रु खुबसँग रोए र रूँदै रूँदै पिताको अन्तेष्टिक्रिया गरे ।

## कोशल राजासँग युद्ध

माथि उल्लेख गरेझैं कोशल राज्यका महाकोशल राजाले आफ्नी छोरी कोशलदेवीलाई अङ्ग-मगधका राजा बिम्बिसारलाई विवाह गरिदिंदा छोरीको लागि काशी भन्ने गाउँ दाइजोको रूपमा दिएका थिए । जब अजातशत्रु राजाले आफ्ना पिता बिम्बिसारलाई निर्मम हत्या गरे तब यसै शोकले गर्दा कोशलदेवीको पनि मृत्यु भएको थियो भनी जातकट्ठकथाले उल्लेख गरेको छ। त्यसपछि प्रसेनजित कोशल राजाले "अजातशत्रुले आफ्नो पिता बिम्बिसारलाई मारे। त्यसैको शोकले गर्दा मेरी बहिनी कोशलदेवी पनि मरिन्। यस्तो पितृघातक चोरलाई यो काशी गाउँ दिने छैन" भनी सोचेर अजातशत्रुलाई सो गाउँ दिएनन्। यसैको कारणले गर्दा दुई राज्यको बीचमा समय समयमा युद्ध भएको थियो । अजातशत्रु चाहिँ तन्नेरी मात्र होइनन् समर्थवान् पनि थिए । त्यसैले वृद्ध प्रसेनजित् कोशल राजा अजातशत्रुद्वारा बारबार पराजित हुनुपरेको थियो । यसै सन्दर्भमा धम्मपदट्ठकथा यस्तो उल्लेख गर्छ -

"काशी गाउँको काणमा भाञ्जा अजातशत्रुसँगको युद्धमा तीन तीन पटकसम्म पराजित भएपछि प्रसेनजित् कोशल राजाले 'दूध खाने जस्तो केटोसँग पनि पराजित हुनुपर्‍यो' भन्ने शोक गरी खाना पनि खाएनन् ।" यो कुरा सुनेर भगवान्ले -

"जयं वेरं पसवति, दुक्खं सेति पराजितो ।
उपसन्तो सुखं सेति, हित्वा जय पराजयं ।"

अर्थात्

'विजयले वैरभाव उत्पन्न गराउँदछ, पराजित पुरूष दुःखपूर्वक सुत्छ,



https://dhamma.digital

शान्त पुरूष जय र पराजयलाई त्यागेर सुखपूर्वक सुत्छ' भन्ने धम्मपद गाथा भिक्षुहरूलाई सुनाउनु भएको थियो ।

एकदिन प्रसेनजित् राजाले अजातशत्रुलाई पराजित गर्नको लागि के गर्नुपर्ला भनी अमात्यहरूसँग सोध्दा उनीहरूले "देव ! आर्यहरू भनेका मन्त्रकुशल हुन्छन् । अतएव जेतवन विहारमा गई भिक्षुहरूको कुरा सुन्नुपर्छ" भनी भनेको कुरा सुनी राजाले जेतवनमा चरपुरूषहरू पठाए ।

एकदिन त्यहाँ उत्तर भन्ने र धनुग्गह भन्ने स्थविरहरूको बीचमा भइरहेको कुरा सुने । उनीहरूले युद्धमा पद्मब्यूह, चक्रब्यूह र संकटब्यूह भन्ने हुन्छन् । अजातशत्रुलाई समात्न चाहनेले अमुक पहाडहरूको बीचमा सेना राखी यसो यसो गरी संकटब्यूह बनाई समात्न सकिन्छ भन्ने युद्धसम्बन्धी कुरा गरिरहेको सुने । त्यसपछि उनीहरूले राजालाई यो कुरा सुनाए । राजाले सोही बमोजिम तयार गरी फेरि अजातशत्रुसँग युद्ध गरे । यसपटक राजाले अजातशत्रुलाई जिउँदै घेरामा पारी सेनासहित समाते । अनिपछि प्रसेनजित राजाले अजातशत्रुलाई सम्झाई बुझाई आफ्नी छोरी वजिर कुमारीलाई दिए । यसको साथसाथै काशी गाउँ पनि फर्काई आफ्नो छोरीको लागि दाइजोको रूपमा दिएका थिए भनी जातकट्ठकथाले उल्लेख गरेको छ ।

कोशल राजासँग समय समयमा युद्ध भएका कुराहरू बुद्धकालीन राजपरिवारमा उल्लिखित मूल सूत्रहरूबाटै प्रष्ट भएको छ ।

यहाँदेखि अजातशत्रु र प्रसेनजित् राजाहरूको बीचमा सुमधुर सम्बन्ध रहेको कुरा मज्झिमनिकायको बाहित सूत्रमा उल्लिखित सोऱ्हहात लामो र आठ हात चौडाई भएको गलैंचा अजातशत्रुले प्रसेनजित् राजालाई पठाएको उपहारबाट हामी बुझ्न सक्छौं ।

जब दीर्घकारायणले धोका दिई विडूडभ राजकुमारलाई सिंहासनमा राखे तब प्रसेनजित् कोशल राजाको मनमा सारै दुःख लागेको थियो । अनि अजातशत्रुलाई साथमा लिएर फेरि आफ्नो राज्य आफ्नै हातमा लिनेछु भन्ने विचार गरी उनी राजगृहतिर लागे । अभाग्यवश उनी राजगृह पुग्दानपुग्दै नगरद्वार बन्द भएको हुँदा नगर बाहिरै एक धर्मशालामा बास बसे । उनको



https://dhamma.digital

मृत्यु उहीँ भयो । जब अजातशत्रु राजाले प्रसेनजित् कोशल राजाको मृत्यु भएको खबर सुने तब महान सत्कारपूर्वक उनको अन्त्येष्ठिक्रिया गरे । पछि विडूडभमाथि हमला गर्ने विचारले सेना एकत्रित गराए । त्यसबखत राजालाई अमात्यहरूले "महाराज ! यदि प्रसेनजित् कोशल राजा बाँचेका भए तपाई जान योग्य थियो । अब उनी छैनन् । विडूडभ पनि तपाईको कृपाले छत्र धारण गर्न योग्य छन्" भनी सम्झाएपछि राजा शान्त भए । यो पनि अजातशत्रुको मित्रताको चिन्ह हो ।

अजातशत्रु राजाका छोरा उदयभद्र कुमार प्रसेनजित् राजाकी छोरी वजिर कुमारीको तरफबाट भएका हुन् भनी डा. मललसेकरले उल्लेख गरेका छन् ।

उदयभद्र राजकुमार अजातशत्रुका छोरा हुन् भन्ने कुरा चाहिँ दीघनिकायको सामञ्ञफल-सुत्तबाट पनि प्रष्ट हुन्छ ।

## पितृहत्यापछिको क्रियाकलाप

**"बिम्बिसार सुतो 'जातसत्तु तं घातयामति ।**
**रज्जं द्वत्तिंसवस्सानि महामित्तद्दु कारयि ॥**
**अजातसत्तुनो वस्से अट्ठमे मुनि निब्बुतो ।**
**पच्छा सो कारयीरज्जं वस्सानि चतुवीसति ॥"**

महावंश टीका द्वितीय परिच्छेदको गाथा संख्या ३१, ३२ अनुसार बिम्बिसारका छोरा अजातशत्रुले आफ्ना पिताको हत्या गरी ३२ वर्षसम्म राज्य गरे । बुद्ध हुन्जेलसम्म ८ वर्ष, त्यसपछि २४ वर्ष गरी ३२ वर्ष भनिएको हो । अजातशत्रुले राज्य चलाएको आठौं वर्षमा बुद्धको परिनिर्वाण भएको थियो । बुद्ध परिनिर्वाणपछि उनले २४ वर्षसम्म राज्य गरे ।

देवदत्तको कुमन्त्रणद्वारा आफ्ना पिताको हत्या गरिसकेपछि तथा बुद्ध परिनिर्वाणभन्दा आठ वर्ष अघि राजा भएपछि सर्वप्रथम अजातशत्रुले राजगृहका जोतीय सेठको प्रासाद लिनुपर्‍यो भनी सेनासहित उनी त्यहाँ गए । तर जोतीय सेठको प्रासादको मणिमय भित्तामा आफ्ना सेनाको छाया देखी "गृहपति मसँग लड्नको लागि सेनासहित निस्कँदैछन्" भनी ठानी



https://dhamma.digital

अगाडि बढ्न सकेनन् । त्यसपछि बिहान सबेरै जोतीय सेठ उपोसथिक भई बिहानको खाना खाई विहारमा गई भगवान्को धर्मोपदेश सुन्दै थिए । सेठको पहिलो ढोकामा पालो बसिरहेका यमकमोली यक्षले देखेर राजासहित सेनालाई लखेट्न थाले । कहाँ जाऊँ कहाँ जाऊँ भई राजा विहारमा गए । अनि त्यहाँ राजालाई देखेर आसनबाट उठी सेठले उनलाई सम्बोधन गरे । अनि राजाले उनलाई यसो भने -

"गृहपति ! आफ्नो मानिसहरूलाई मसँग लड भनी तिमीचाहिँ यहाँ आई उपदेश सुनेको जस्तो गरी बसेका छौं ।

"देव ! तपाई मेरो घर लिन जानुभएको थियो ?"

"हो, गएको थिएँ ।"

"देव ! मेरो इच्छा विना हजारौं राजाहरू आए पनि मेरो घर लिन सक्ने छैनन् ।"

यो सुनेर रिसाउँदै राजाले "के त तिमी राजा हुनेछौं त ?" भनी भने ।

"देव ! म राजा होइन । मकहाँ भएका वस्तुहरूमध्ये मेरो इच्छाबिना एक टुक्रो पनि कसैले केही लिन सक्दैन ।"

"अँ, त्यसो भए तिम्रो इच्छानुसार मैले लिन पऱ्यो त !"

"देव ! त्यसो भए म मेरा यी दस औंलामा भएका बीसवटा औंठीहरू तपाईलाई दिन चाहन्न । यदि सक्नुहुन्छ भने लिनुहोस् ।"

अनि राजा टुक्रुक्क भुईंमा बसी सेठको हातबाट औंठी झिक्न निकै कोसिस गरे । पसिना आउञ्जेलसम्म कोसिस गर्दा पनि औंठी झिक्न सकेनन् । अनि सेठले "देव ! त्यसो भए कपडा ओछ्याउनु होस्" भनी कपडा ओछ्याउन लगाई औंला सीधापारी राखिदिए । औंठीहरू औंलाबाट खुत्रुक्क खसे । अनि सेठले "देव ! यसरी मकहाँ भएको कुनै पनि वस्तु मेरो इच्छाविना कसैले लिन सक्तैन" भनी भने । राजाको यस क्रियाकलापबाट सेठ विरक्तिई "हे देव ! मलाई प्रव्रजित हुने आज्ञा दिनुहोस्" भनी निवेदन गरे । "यी सेठ प्रव्रजित भएमा यिनको प्रासाद मैले सजिलैसँग लिन सक्नेछु"



https://dhamma.digital

भन्ने मनमा राखी राजाले एकै वचनमा “हुन्छ प्रव्रजित होऊ” भनी आज्ञा दिए। उनी शास्ताकहाँ गई प्रव्रजित भए। प्रव्रजिए भएको केही समयमै उनी अरहन्त पनि भए। अनि उनको नाम जोतीय स्थविर भन्ने रहन गयो। उनी अरहन्त हुने बित्तिकै उनका सारा सम्पत्तिहरू लोप भए।

थेरगाथा अट्ठकथा अनुसार बिम्बिसार राजाका शीलव भन्ने एक अर्का छोरा थिए। यिनी ठूला भएपछि यिनलाई मार्ने इच्छा गरी अजातशत्रु राजाले अनेक उपाय गर्दा पनि मार्न सकेनन्। पछि उनी महामौदगल्यायन स्थविरको सहायताद्वारा भगवान्कहाँ भिक्षु भई अरहन्त भए। त्यसपछि उनी श्रावस्तीमा बस्न थाले। अजातशत्रु राजाले उनलाई श्रावस्तीसम्म पनि मानिसहरू पठाई मार्न पठाएका थिए। किन्तु मार्न गएका मानिसहरू सबै उनकै धर्मोपदेश सुनी भिक्षु भएका थिए।

## देवदत्तलाई सहयोग

अजातशत्रु पितृहत्या गरिसकेपछि एकदिन देवदत्त अजातशत्रुकहाँ गई “महाराज ! तपाईको मनोरथ पूरा भईसक्यो, अब मेरो मनोरथ पूरा हुन बाँकी छ” भनी भन्दा अजातशत्रुले “भन्ते ! त्यसो भए भन्नुहोस् मैले के गर्नु पर्‍यो” भनी भन्दा देवदत्तले “महाराज ! अब बुद्धलाई हत्या गरी म पनि बुद्ध हुनेछु। अतएव तपाईले त्यसको लागि मानिसहरूलाई मैले अह्राए बमोजिम गर भन्ने आज्ञा दिनुहोस्” भनी भने।

अनि अजातशत्रुले “देवदत्तले जसो भन्नुहुन्छ त्यसो गर” भनी मानिसहरूलाई खटाइदिए। यसरी अजातशत्रुले बुद्धको हत्या गर्नको लागि पनि सहायता गरे।

अजातशत्रुले पठाएका मानिसहरू लगाई बुद्धको हत्या गर्न नसकेपछि अजातशत्रुकै सहायता लिई गृद्धकूट पर्वतबाट ढुङ्गा खसाली देवदत्तले बुद्धको हत्या गर्ने प्रयत्न गरेका थिए। यसबाट बुद्धलाई चोट लागेको थियो। यस कार्यबाट पनि बुद्धलाई मार्न नसकेपछि देवदत्तले अजातशत्रुको नालागिरि वा धनपाल भन्ने प्रचण्ड हात्ती पठाई मार्ने कुनियत गरे।

अजातशत्रुले पनि “देवदत्तले भन्नुभए बमोजिम नालागिरि हात्तीलाई



https://dhamma.digital

पठाउनू” भन्ने आज्ञा दिए ।

जब देवदत्तले नालागिरि हात्ती मागे तब अजातशत्रु राजाले माहुतेलाई बोलाई यसो भने -

“सौम्य ! भोलि बिहान सबेरै नालागिरि हात्तीलाई रक्सी पिलाई मत्तपारी मत्याई श्रमण गौतम भिक्षाटनको लागि आउने बाटोमा छोडिदेऊ ।”

यतिञ्जेलसम्म अजातशत्रुले देवदत्तलाई मद्दत दिइरहेको कुरा कसैलाई थाहा थिएन गोप्य नै थियो । जब बुद्ध भगवान् भिक्षाटन गइरहेको राजगृहको बाटोमा नालागिरि हात्तीलाई छाडिदिए तब अजातशत्रुले देवदत्तलाई मद्दत गरिरहेको कुरा प्रकट भयो ।

अनि मानिसहरू अजातशत्रु राजाको निन्दा गर्दै कराउन थाले - “देवदत्तको कुरा सुनी आफ्नो पिताको पनि हत्या गरे । बुद्धलाई मार्नको लागि मानिस पनि पठाए । गृद्धकूटबाट ढुङ्गा खसाल्न पनि मद्दत गरे । अहिलेचाहिँ यो प्रचण्ड नालागिरि हात्तीलाई पनि छाडिदिए । यस्तो शासनको काँढा समान चोर देवदत्तको मद्दत गर्दैछन् ।

“राजा जस्ता भएर पनि देवदत्त जस्ता चोर शासनको काँडालाई अँगाली हिंड्दैछन्” भन्ने होहल्ला सारा नगरमा बेसरी फैलिएको सुनेपछि त्यहाँदेखि अजातशत्रु राजाले देवदत्तलाई पठाईरहेका पाँचसय थाली पकवान भात पनि पठाउन छाडी दिए । उनको उपस्थानमा पनि गएनन् । देवदत्तको सत्सङ्गत गर्न पनि छाडीदिए ।

देवदत्तसँग सत्सङ्गत गर्नुभन्दा अगाडि अजातशत्रु आफ्ना पिता बिम्बिसार राजासँग बुद्धकहाँ जाने कुरा माथि पनि चर्चा गरिसकेको छु । तर देवदत्तको सङ्गतपछि आफ्ना पिताको हत्या गरे । अनि उनी बुद्धकहाँ जान सकेनन् ।

## पितृहत्याको मानसिक अशान्ति

स्रोतापन्न भएका परम बुद्ध-उपस्थापक धार्मिक धर्मराजा भएका आफ्ना पिताको हत्या गरिसकेपछि अजातशत्रुको मनमा कत्ति पनि शान्ति



https://dhamma.digital

भएन । कुनै प्रकारको चैन थिएन । उनले राज्यसुखानुभव पनि गर्न सकेका थिएनन् । दिन वा रातमा सुत्छु भनी आँखा चिम्लिने बित्तिकै आँखामा तीरले घोचेजस्तो हुने अथवा आँखामा खुर्सानी होलेको जस्तो अनुभव हुँदा तुरन्तै बिछ्यानबाट उठ्दथे । किन के भयो भनी सोध्दा केही भएको छैन भनी भन्दथे । त्यसैले उनको नीद अप्रिय तथा अमनाप थियो ।

बनारसमा एक कंजूस तथा अश्रद्धालु सेठ थिए । उनकी छोरीको राजगृह नजिकको अन्धकविन्द भन्ने गाउँमा विवाह भएको थियो । यी गृहपति मरेपछि एक प्रेत भए । उता अन्धकविन्दमा बस्ने उनकी छोरीले बाबुको नाममा ब्राह्मणहरूलाई दान दिने तयारी गरिरहेकी थिई । अनि सो प्रेत यो कुरा थाहा पाई छोरीको घरमा जान्छु भनी गइरहेको बेलामा ऊ राजगृहमा पुगेको थियो ।

त्यसैबेला निदाउन नसकी डरलाग्दो स्वप्न देखी उठेका अजातशत्रु राजा प्रासादको माथिल्लो तल्लामा गई डुलिरहेका थिए । त्यसैबेला यो प्रेतलाई देखेर कुनै श्रमण होलान् भन्ने विचारले राजाले यसो भने-

“नग्गो किसो पब्बज्जितोसि भन्ते,
रत्तिं कुहिं गच्छसि किस्सहेतु ।
आचिक्ख मे तं अपि सक्कुनेमु,
सब्बेन वित्तं पटिपादये तुव’न्ति ॥

**अर्थ –**

“भन्ते तिमी नाङ्गा र दुब्ला प्रव्रजित छौं । यस्तो रातको समयमा तिमी के कामले कहाँ जाँदैछौं ? तिमी के चाहन्छौ भन । म तिम्रो इच्छा पूरा गरिदिने छु ।”

### राजा अजातशत्रुका सामुन्ने आएका एक प्रेतसित दान पुण्यको सम्बन्धमा वार्तालाप ।

यो सुनेर सो प्रेतले आफू प्रेत भएको र आफ्नी छोरीले दिन लागेको दानको फल पाउने आशाले जान लागेको कुरा सुनायो । यो पनि राजालाई भन्यो कि अघि दानको फललाई विश्वास गर्दैनथे । अब विश्वास हुन



https://dhamma.digital

थाल्यो । यति सुनेर अजातशत्रु राजाले "यसोभए दानको फल पाए नपाएको कुरा मलाई सुनाउन आऊ । म तिम्रो कुरा सुन्नेछु" भनी भने ।

सो प्रेत गएर अदक्षिणेयहरूलाई दान दिइरहेको देखेर फर्केर पुनः राजाकहाँ आयो । अनि राजाले "यदि मैले गर्नुपर्ने केही छ भने भन म गर्नेछु" भनी भन्दा उसले "त्यसोभए बुद्ध र सङ्घलाई अन्नपान वस्त्रादि दान दिएमा म सुखी हुनेछु" भनी भनेको कुरा सुनी उसैदिन बिहान अनुपम भएका सङ्घलाई राजाले आफ्नै हातले दान दिई पुण्यानुमोदन गराए । सो प्रेत पनि सुखी तथा मुदित भई राजालाई आफ्नो प्रभावशाली रूप देखाएर गयो ।

उता देवदत्त लाभसत्कारबाट परिहानी भई अभव्य भएर बिरामी भएपछि श्रावस्तीमा गई बुद्धको दर्शन गर्नेछु भनी जाँदा जेतवनको बाहिरै पृथ्वी फुटेर जमिन भँडखारो परेको कुरा सुनी "उनको कारणले गर्दा मैले पनि मेरा धार्मिक धर्मराजा पिताको हत्या गरें । म पनि पृथ्वीमै भासिएर जानेहुँ कि क्या हो" भन्ने मानसिक भयत्रास लागि कुनै राजसुखको आस्वाद लिन सकेका थिएनन् । निदाउँछु भनी सुत्दा केही छिन पनि नौ नौ योजन बाक्लो फलामे पृथ्वी खसाली फलामे भालाले झोसेको जस्तै कुकुरले टोकेर लुछातानी गरेको जस्तै देखेर भयभीत भई चिच्याउँदै तुरून्त उठ्थे ।

उज्जैनका चण्डप्रद्योत राजा, बिम्बिसार राजाका अत्यन्त विश्वासी साथी थिए । देवदत्तको कुमन्त्रणा सुनी अजातशत्रुले बिम्बिसार राजाको हत्या गरे भन्ने कुरा सुनी प्रद्योत राजाले एकदिन आफ्नो परिषद्लाई "यी अजातशत्रुले मेरो प्रिय मित्र बिम्बिसार राजालाई हत्या गरी राज्य चलाउने छु भन्ने ठान्दछन् । किन्तु उनलाई मेरा साथीको साथी म भएको कुरा जनाउनेछु" भनी सुनाएका थिए ।

प्रद्योत राजाको यस कुरामा आशंका गरी अजातशत्रु राजाले राजगृह नगरको प्रतिसंस्करण पनि गराएको कुरा मज्झिमनिकायको गोपकमोग्गल्लान सूत्रबाट प्रष्ट हुन्छ ।



https://dhamma.digital

## बुद्धकहाँ जाने इच्छा

आज कार्तिक पूर्णिमाको जुनेली रात थियो । राजगृह नगरमा ठूलो उत्सव थियो । नगरमा जताततै ध्वजा पताकाहरूले सजाएका थिए । पञ्चवर्ण फूलहरू छरिएका थिए । सडकहरू सफा सुग्घर गरिएको थियो । आ-आफ्नो घर अगाडि ढोकाहरू बनाइराखेका थिए । नगरभरी दीपावली मनाइएको थियो । रमाइलो रात थियो । आकाश स्वच्छ तथा निर्मल थियो । शीतल सुन्दर रमाइलो चन्द्रमा आकाशमा चम्किरहेको थियो । अजातशत्रु राजा पनि त्यस जुनेली रातमा प्रासादको माथिल्लो भागमा सजिसजाउ भएको काञ्चन आसनमा अनेक राज अमात्यहरूका साथ बसिरहेका थिए । भगवान् बुद्धकहाँ परम भक्त राजदरवारका सुप्रसिद्ध जीवक वैद्य पनि परिषद् को एक छेउमा बसेका थिए ।

यद्यपि राजा सबैसँग त्यहाँ बसेका थिए । तापनि राजाको मनमा चाहिँ पितृहत्याको कारणले गर्दा मनमा कुरा खेलिरहेको थियो । यसबाट यस जीवनमा राजाले कुनै प्रकारको आश्वासन पाउन सकेका थिएनन् । आश्वासन पाउनको लागि एउटै मात्र उपाय बुद्धकहाँ जाने भन्ने मनमा लागेको थियो । पितृहत्या मात्र होइन बुद्धप्रति पनि महान अपराध गरेको हुँदा एक्लै बुद्धकहाँ जाने हिम्मत गर्न सकेका थिएनन् । यो कुरा सम्झदा उनलाई डाह हुन्थ्यो र पसिना निस्कन्थ्यो । त्यसैले के गरी कसो गरी बुद्धकहाँ जाने होला भन्ने मनमा लागेको थियो । जीवकको सहायता लिई जानुपर्‍यो पनि मनमा लागिरहेको थियो । तर यो कुरा जीवकलाई सोझै भन्न सक्दैनथे । त्यसैले कुनै उपाय निकाली जीवकसँग बुद्धकहाँ जानुपर्‍यो भन्ने मनमा निश्चय गरी त्यस सभासद्मा कुरा निकाल्दै राजाले “अहो ! आज कस्तो रमाइलो जुनेली रात छ। यस्तो रातमा कुनै श्रमण - ब्राह्मणको उपासना गर्न पाए कति राम्रो हुने थियो” भन्ने जस्तो कुरा निकाले । त्यसैले दीघनिकायको सामञ्ञफल-सुत्तमा उल्लिखित ‘श्रामाण्यफल’ शीर्षकको मूल सूत्रमा “आज कुन श्रमण वा ब्राह्मणको सत्सङ्गत गरूँ जसको सत्सङ्गत गर्दा प्रफुल्लित चित्त हुनसकोस्” भनी भनिएको हो ।



https://dhamma.digital

यी सबै कुरा राजाले जीवकलाई नै सङ्केत गरी सुनाउँदै थिए भनी सुमङ्गलविलासिनीले उल्लेख गरेको छ ।

त्यस परिषद्मा बुद्ध बाहेक अन्य छ शास्ताहरू (गुरू) लाई मान्ने मन्त्रीहरू पनि थिए । जब राजाले उक्त कुरा प्रकट गरे तब त्यहाँ भएका ती शास्ताका अनुयायी मन्त्रीहरूले "आज राजाले कुनै श्रमण वा ब्राह्मणकहाँ जाने इच्छा प्रकट गर्दैछन् । जसकहाँ गई जसको धर्म सुनी राजा खुसी हुने छन् उसको ठूलो लाभ हुनेछ । यसबाट उनका अनुयायी हुनेको पनि महालाभ हुनेछ" भन्ने विचार गरी "मैले राजालाई मेरा शास्ताकहाँ लिएर जानेछु" भन्दै त्यहाँ बसिरहेका छ जना मन्त्रीहरूले आ-आफ्ना शास्ताको गुणबखान गर्नथाले । राजाले यी छ शास्ताका कुराहरू सुनिसकेका थिए । त्यसैले यिनीहरूका कुरा सुनी राजा चुप लागेर बसे । जुन कुरा दीघनिकायको सामञ्ञफल-सुत्तले पनि उल्लेख गरेको छ ।

त्यसबखत जीवक चाहिं एक छेउमा चुप लागेर बसिरहेका थिए । अनि राजाले सोच्नथाले - "जसका कुरा म सुन्न चाहन्न उनीहरू नै कुरा गर्दैछन् । जसको कुरा सुन्न चाहन्छु ऊ भने नागभवनमा बसेको गरूड जस्तै चुप लागेर बसेको छ । जस्तो भगवान् बुद्ध शान्तिप्रेमी हुनुहुन्छ त्यस्तै यी जीवक पनि शान्तिप्रेमी छन् । मैले नसोधेसम्म यिनले कुनै कुरा गर्ने छैनन् ।

अरूहरू आ-आफ्ना गुरूका बयान सुनाउनमा व्यस्त थिए । जीवक चाहिं उनीहरूको कुरा सुनी चुपचाप बसिरहेका थिए । अनि उनलाई कुरा गराउन राजाले उनलाई हेरी "जीवक ! तिमी चाहिं किन चुपचाप बसेका हौं ? के तिम्रा शास्ता छैनन् ? भनी भनेपछि जीवकले अरू मन्त्रीहरूले आ-आफ्ना शास्ताको नमस्कार गरी आसनमै बसी राजालाई कुरा सुनाएझैं कुरा नसुनाई आसनबाट उठी जुन दिशातिर भगवान् बुद्ध बसिरहनु भएको छ सो दिशातिर हेरेर पञ्चाङ्ग वन्दना गरी दुईहात जोडी शिरमा राखी यसो भने -

"महाराज ! यो नसोध्नुहोस् कि यी जीवक जो पायो त्यो श्रमण वा ब्राह्मणकहाँ जान्छन् । जुन श्रमणकहाँ म जान्छु, जुन श्रमणको म अनुयायी छु सो श्रमण आमाको कोखमा जाँदा, धर्मचक्र प्रवर्तन गर्दा दशसहस्र



https://dhamma.digital

लोकधातु कम्पित भएको थियो । यस्तैगरी उहाँले यमकप्रातिहार्य पनि देखाउनु भएको थियो र त्रयस्त्रिंशको देवलोकबाट ओर्लिनु भएको थियो । त्यस्ता श्रमण गौतमको बारेमा म केही भन्दछु ध्यानदिएर सुन्नुहोस् ।"

यो कुराबाट राजाको ध्यान आकर्षित गरी जीवक अगाडि भन्दछन् -

"महाराज ! उहाँ भगवान्को यस्ता कल्याण कीर्ति शब्द लोकमा फैलिएको छ । उहाँ भगवान् अरहत् सम्यक्सम्बुद्ध हुनुहुन्छ । उहाँ भगवान् असल मार्गमा जानु भएको छ । उहाँ भगवान् देवमनुष्यहरूका शास्ता हुनुहुन्छ....।"

यसरी नौ प्रकारले बुद्धको गुण वर्णन गरे । यसरी एक एक पदको वर्णन गरिसकेपछि "महाराज ! मेरा शास्ता अरहन्त हुनुहुन्छ सम्यक्सम्बुद्ध हुनुहुन्छ...." भन्दै "हे देव ! त्यस्ता भगवान् बुद्धको उपासना गरी सत्सङ्गत गर्नुहोस् । अवश्य पनि त्यस्ता भगवान्को सत्सङ्गद्वारा र उपासनाद्वारा तपाईंलाई शान्ति मिल्नेछ । तपाईंको चित्त पनि प्रसन्न हुनेछ । उहाँकहाँ गई जे चाहनुहुन्छ त्यो सोध्नुहोस् । तपाईं जस्ता सय हजार राजाहरूले प्रश्न सोधे पनि उहाँ सन्तोषजनक तथा चित्त बुझ्नेगरी उत्तर दिन समर्थ हुनुहुन्छ । महाराज ! विश्वस्त भई तपाईं त्यहाँ गई भगवान्सँग प्रश्न सोध्नुहोस्" भनी भने ।

जीवकको सुमधुर आवाजद्वारा बुद्धको गुण सुन्दासुन्दै राजाको शरीर पञ्चवर्ण प्रीतिले भरियो । अनि तत्क्षणमै बुद्धकहाँ जाने इच्छा गरी "यस्तो बेलामा दशबल बुद्धकहाँ जानको लागि जीवकले बाहेक अरू कसैले यानवाहनादिको व्यवस्था तुरन्त गर्न सक्नेछैन" भन्ने सोचेर "त्यसोभए जीवक ! हस्तीयानहरू तयार गर, बुद्धकहाँ जानेछु" भनी आज्ञा दिए ।

## बुद्धकहाँ गए

त्यसबखत राजगृहका प्राकार र गृद्धकूट पर्वतको बीचमा पर्ने जीवककै आम्रवनमा भगवान् बुद्ध साढे बाह्रसय भिक्षुहरूका साथ शान्तपूर्वक बसिरहनु भएको थियो ।

यानवाहनहरू धेरै प्रकारका छन् । जस्तै - रथहरू, घोडाहरू, पाल्कीहरू



https://dhamma.digital

तथा हात्तीहरू । घोडा र रथबाट जाँदा आवाज धेरै आउँछ । टाढैबाट पनि आवाज सुनिन्छ । रात्रीको अवस्थामा शान्तपूर्वक बसिरहनुभएका बुद्धकहाँ जाँदा होहल्ला गरी जानु उचित हुने छैन । हात्तीमा जाँदा चाहिं आवाज आउँदैन । अतः हात्ती नै उत्तम छ । उत्तम पुरूषकहाँ जान उत्तम यानबाट नै जानुपर्छ । हात्तीको पछि पछि लागेर गएता पनि आवाज सुनिंदैन । शान्त हुनु भएका बुद्धकहाँ जान शान्तपूर्वक नै जानुपर्छ भन्ने विचार गरेर राजाले "हात्ती यान तयार पार" भनी भन्नुभएको हो भनी सुमङ्गलविलासिनीले उल्लेख गरेको छ । त्यसैले दीघनिकायको सामञ्ञफल-सुत्तको 'श्रामण्यफल' भन्ने मूल सूत्रमा "सौम्य जीवक ! त्यसोभए हस्तीयानहरू तयार पार्न लगाऊ" भनी उल्लेख भएको हो ।

अनि जीवकले आफ्नो बुद्धि खेलाई राजाले नभने तापनि यात्राको लागि भव्यरूपले तयारी गरे ।

"राजा चाहिं यस्तो रातमा भगवान्कहाँ जाने इच्छा गर्दैछन् । राजाहरूका धेरै विरोधी शत्रुहरू हुन्छन् । यदि बीच बाटामा राजालाई केही भएको खण्डमा 'राजाले आफूले भनेको कुरा सुन्दछन् भन्दै जीवक यस्तो असमयमा पनि राजालाई लिएर नगरबाट बाहिर निस्कन्छन्' भन्ने निन्दा मलाई गर्नेछन् । भगवान्लाई पनि 'असमयमा आएका राजालाई श्रमण गौतम उपदेश गर्छन्' भन्ने निन्दा गर्नसक्छन् । अतः जसो गर्दा मेरो पनि बुद्धको पनि निन्दा नहुने हो त्यसोगरी आरक्षा सम्पन्न गरी प्रबन्ध गर्नुपर्छ" भनी जीवकले सोचे ।

अनि "स्त्रीहरूको कारणबाट पुरूषहरूलाई भय उत्पन्न हुने छैन" भने ठानी "पाँचसय ढोइहरूमा राजदरवारका पाँचसय स्त्रीहरूलाई पुरूषभेष लिन लगाई ढाल तरवार आदि लिन लगाई राजालाई लैजानु पर्‍यो" भनी पाँचसय स्त्रीहरूलाई तयार पार्न लगाई एक एक हात्तीमा एक एक जना पुरूष भेषका स्त्रीलाई बसाले । जीवकले यस्तो पनि सोचे "यी राजालाई यस जीवनमा कुनै मार्गफल लाभहुने उपनिश्चय छैन । बुद्धहरूले भने कसैको उपनिश्चय हेरेर उपदेश गर्नुहुन्छ । अतः किन मैले महाजनहरूलाई पनि भेला नगराऊँ । यस्तो भएमा शास्ताले कसैको उपनिश्चय देख्नुभई



https://dhamma.digital

धर्मोपदेश गर्नु हुनेछ । महाजनहरूका लागि यो लाभदायी हुनेछ ।"

यति सोचेर उनले भेला हुनका लागि ठाउँ ठाउँमा तुरन्त खबर पठाए । "आज राती राजा भगवान्कहाँ जाँदै छन् । सबैले आ-आफ्नो प्रभावअनुसार राजाको रक्षा गरून्" भन्ने भोला पनि लगाइदिए ।

यो सुनेर महाजनहरूले विचार गरे - "राजा चाहिं भगवान्कहाँ जाँदैछन् । त्यहाँ आज कस्तो धर्मोपदेश हुनेछ होला ! यो उत्सवले हामीलाई के गर्छ र ! उही जानुपर्‍यो" भन्दै हातमा फूलमाला र सुगन्धित धूपहरू लिई राजाको प्रतीक्षामा मानिसहरू बाटामा उभिइरहे । अनि जीवकले राजालाई यानहरू तयार भए भनी निवेदन गरे । अङ्ग, मगध गरी ३०० योजनमा आज्ञा चल्ने राजा कम्मरमा खड्ग भिरी पाँचसय पुरूष भेषधारी स्त्रीहरूका साथ आफ्नो राजकीय प्रभाव देखाउँदै हातमा मणिमय दण्ड लिई निस्के । त्यसैले दीघनिकायमा अनूदित "श्रामण्यफल" भन्ने मूल सूत्रमा "अनि प्रत्येक पाँचसय हात्तीहरूमा एक एक स्त्री राखी......प्रस्थान गरे" भनी उल्लेख भएको हो ।

त्यो राजकीय यात्रा यसप्रकारको थियो -

सोह्रहजार राजकीय नर्तकी स्त्रीहरूले घेरा लगाए । यसको अन्तातिर लङ्गडा बाहुन्नेहरू थिए । त्यसको आखिरीतिर अन्तःपुर पालक विश्वासीहरू थिए । त्यसको आखिरीमा रङ्गीविरङ्गी गरी सजाएका साठीहजार महामात्यहरू थिए । त्यसको अन्तमा विविधाकारले अलङ्कृत तथा नानाप्रकारका आयुधहरू हातमा लिएका नब्बेहजार जति विद्याधर तरूण नागरिकहरू थिए । त्यसको लगत्तै पछि सय मूल्य जाने लुगा लगाई पाँचसय मूल्य जाने पछ्यौरा एकांश पारी मुखमा लेप लगाएका सुनका अनेक किसिमका आभरणहरू लगाएका दसहजार जति ब्राह्मणहरू दाहिने हात उठाई जय जयकार गर्दै थिए । त्यसपछि पञ्चाङ्गिक तूर्यहरू र त्यसको अन्तमा धनुषधारीहरूले घेरा लगाएका थिए । त्यसपछि गर्धनले गर्धन जोडेर हिंडेका घोडाहरूको पंक्ति थियो । घोडाको पंक्तिपछि उसले उसलाई छुनेगरी रथपंक्ति थियो । रथपंक्तिको आखिरीमा थपडी बजाइरहेका योद्धाहरू थिए । त्यसपछि आफ्ना आफ्ना आभरणहरूले सुसज्जित अठार पल्टनहरू थिए । जसको छेउमा



https://dhamma.digital

बसेर कसैले हानेको बाण राजाकहाँ पुग्न सक्तैनथ्यो ।

यसरी संविधान गरी “यदि केही विघ्न भएमा राजाको लागि आफूले ज्यान दिनेछु” भन्ने विचार लिई जीवक कौमारभृत्य राजाको नजिकबाटै हिंडिरहेका थिए । त्यस भीडमा यति सय वा यति हजार चिराकहरू थिए भनी गिन्ति गर्न सकिन्नथ्यो । यस्तो राजकीय लीला गरी राजा जीवकको आम्रवनतिर गए ।

राजगृह नगरमा चौसठ्ठी (६४) वटा स-साना द्वारहरू र बत्तीस (३२) वटा ठूल्ठूला ढोकाहरू थिए । जीवकको आम्रवन चाहिं नगर प्राकारको र गृद्धकूट पर्वतको बीचमा पर्दथ्यो । अनि पूर्वी ढोकाबाट निस्की पर्वतको छायाँ भएको ठाउँतिर पुग्न गयो । त्यसबखत पर्वतको टुप्पोले चन्द्रमा छेकिएको थियो । पर्वतको छाया र रूखहरूको छायाले अँध्यारो जस्तो लागेको थियो । त्यसैले मूल सूत्रमा “आम्रवनको नजिकमा पुग्दा राजालाई भय र त्रास लागेको थियो” भनी उल्लेख भएको हो ।

यस सम्बन्धमा अर्थकथाले यस्तो लेखेको छ - राजालाई भय र त्रास लागेको अँध्यारो भएकोले हो । यो पनि उल्लेख गरेको छ कि अँध्यारो भएर होइन । किन भने त्यहाँ अँध्यारो भनेको छँदै थिएन । त्यहाँ हजारौं चिराकहरू थिए । खास कुरा के थियो भने निःशब्दता देखेर जीवकमाथि राजाको मनमा आशङ्का लागेको थियो । जीवकले चाहिं प्रासादमाथि भनेका थिए कि भगवान् कहाँ जाँदा निःशब्दताले जानुपर्छ । भगवान् निःशब्दप्रेमी हुनुहुन्छ । त्यसैले राजाले बाजागाजाहरू सबै बन्द गराएका थिए । कुरा गर्दा पनि विस्तारै कुरा गर्दै गएका थिए । आम्रवनमा बसिरहेका साँढे बा्हसय भिक्षुहरूको पनि कुनै प्रकारको आवाज सुनिन्नथ्यो । राजाहरू चाहिं होहल्ला जस्ता आवाजहरूरूचाउने हुन्छन् । अतः उनको मनमा यस्तो आशङ्का लाग्यो -

“यी जीवक मलाई भन्दथे कि आम्रवनमा साँढे बा्हसय भिक्षुहरू बस्दछन् । यतिका भिक्षुहरू बसेको ठाउँबाट कुनै पनि आवाज आएको सुनिंदैन । मलाई छकाई जीवकले नगर बाहिर ल्याई अगाडितिरबाट सेनाबलहरू ल्याई मलाई समाती आफैले छत्र धारण गर्ने त होइनन् । यिनमा पाँच हात्तीको बल छ । मेरो नजिकैबाट पनि हिंडदैछन् । मेरो



https://dhamma.digital

नजिकमा शस्त्र लिएका अरू मानिसहरू पनि कोही छैनन् । अहो ! मेरो अनर्थ हुन लाग्यो ।"

यस्तो मानसिक भय र त्रास भएपछि भय र त्रास लागेको जस्तो नगरी बस्न नसकेपछि आफूमा भय र त्रास भएको कुरा प्रकाश पार्दै राजाले दीघनिकायको सामञ्ञफल-सुत्तमा यसो भनेका हुन् -

"सौम्य जीवक ! के तिमीले मलाई छकाएका त होइनौं ? सौम्य जीवक ! के तिमीले धोका दिएका त होइनौं ! सौम्य जीवक ! के तिमीले शत्रुको हातमा पार्न लगाएका त होइनौ ! त्यत्रो ठूलो साँढे बाऱ्हसय महान भिक्षुसङ्घको न खकारेको आवाज सुनिन्छ न त खोकेको आवाज नै सुनिन्छ न त अरू कुनै आवाज नै सुनिन्छ ।"

राजाको यो कुरा सुनी जीवकले "यी राजाले मलाई चिनेका छैनन् । जीवकले कुनै प्राणीको हत्या गर्दैन भन्ने पनि यिनलाई थाहा छैन । अतः यदि मैले यिनलाई आश्वासन दिइन भने अनर्थ हुनसक्छ" भन्ने सोचे । अनि दृढतापूर्वक आश्वासन दिंदै "महाराज ! नडराउनुहोस् महाराज ! नडराउनुहोस्" भनी जोड दिएर भने । अनि अगाडि बढाउँदै लगी "महाराज ! ऊ त्यो मण्डलमालमा बत्ती बल्दैछ । चोर वा शत्रुहरू भए बत्ती बाली बस्दैनन् । यही बत्तीलाई हेरेर अगाडि बढ्नुहोस् ।" भनी जीवकले भने ।

अनि जतिसम्म हात्तीबाट जाने बाटो थियो त्यति सम्म हात्तीमा गई विहारको बहिद्वारमा पुगी हात्तीबाट ओर्ले । हात्तीबाट ओर्लिने बित्तिकै राजाको शरीरमा भगवान्को तेजले प्रभावित पाऱ्यो । अनि त्यतिखेरै राजाको शरीरबाट पसिना निस्कन थाल्यो । कपडाहरू निचोर्नुपर्ने जस्तो भयो । आफूले गरेको अपराधको संस्मरण हुँदा महा भय पनि हुनथाल्यो । अनि राजा सीधा भगवान्कहाँ जान नसकी जीवकको हात समाती हात समाती आराम चारिका गर्ने जस्तो गरी "सौम्य जीवक ! तिमीले बडो राम्रो गरेका रहेछौं ! यो तिमीले राम्रो बनायौ !" भन्दै विहारको वर्णन गरी क्रमशः जहाँ मण्डलमालको दैलो हो त्यहाँ गए । त्यहाँ पुगेपछि नजाने नदेखे जस्तो गरी राजाले "भगवान् कहाँ हुनुहुन्छ नि ?" भनी जीवकसँग सोधे ।



https://dhamma.digital

यो सुनेर जीवकलाई यस्तो लाग्यो - "यी राजा पृथ्वीमा बसेर पृथ्वी कहाँ छ भन्ने जस्तो गरी आकाशमा हेरेर चन्द्रमा कहाँ छ भन्ने जस्तो गरी र सुमेरू मुनि बसेर सुमेरू कहाँ छ भन्ने जस्तो गरी दशबलको अगाडि बसेर भगवान् कहाँ हुनुहुन्छ भनी सोध्दैछन् ।"

अनि जीवकले भगवान्लाई नमस्कार गर्दै देखाइ दिए । त्यसैले मूल सूत्रमा "महाराज ! भगवान् यहाँ हुनुहुन्छ । महाराज ! भगवान् यहाँ माझको स्तम्भमा अडेस लिई भिक्षुसंघलाई अगाडितिर पारी पूर्वाभिमुख गरी बसिरहनु भएको छ" भनी भनिएको हो ।

जीवकले भगवान्लाई देखाइदिएपछि कसैलाई बाधा नहुने ठाउँको एक छेउमा राजा उभिरहे । अनि त्यहाँ भेला भएका त्यतिका राजपरिषद् र त्यतिका स्त्रीहरूप्रति शान्त स्वभाव भएका कुनै पनि भिक्षुको आँखा नगएको देखेर तथा कुनै पनि भिक्षुको हात खुट्टा चलमल भएको नदेखेर राजा सारै प्रभावित भए । अनि बार बार स्वच्छ तथा निर्मल भई शान्तेन्द्रिय भएका भिक्षुसंघमाथि हेरी "अहो मेरो छोरा उदयभद्र पनि यसरी नै शान्त भइदिए कति राम्रो हुन्थ्यो" भन्ने उद्गार प्रकट गरे ।

उद्गारको रहस्य चाहिं राजाको मनमा अर्कै थियो । जब उनले शान्त भएका भिक्षुसंघ देखे तब झ्वास्स उनको मन छोरामाथि पर्न गयो । छोरा पनि यस्तै शान्त भए हुन्थ्यो भनी भनेको मतलब यस्तो थियो । -

"मेरो छोरा अहिले बालक नै छ । मलाई तन्नेरी देखेर उसले बाजे खोइ त भनी सोध्न सक्छ । अनि बाजेलाई छोराले मारे भन्ने सुनेर उसको मनमा पनि त्यसोभए मैले पनि मेरा बुबालाई मारेर राज्य लिनुपर्‍यो भनी ठान्न सक्छ । अहो ! उसको मनमा यस्तो नभइदिए हुन्थ्यो भन्ने कुरामा ध्यान दिई उनले 'अहो ! मेरो छोरा पनि यस्तै शान्त भए हुन्थ्यो' भनी भनेका हुन् ।

नभन्दै पछि उदयभद्रले आफ्ना बाबु अजातशत्रुलाई मारिहाले । यति मात्र होइन पाँच पुस्तासम्म यिनीहरूका खान्दानमा छोराले बाबुलाई मारेका थिए ।



https://dhamma.digital

अजातशत्रुले आफ्ना पिता बिम्बिसारलाई मारे । उदयभद्रले आफ्ना पिता अजातशत्रुलाई मारे । महामुण्डिकले आफ्ना पिता उदयभद्रलाई मारे । अनुरूद्धले आफ्ना पिता महामुण्डिकलाई मारे । नागदासले आफ्ना पिता अनुरूद्धलाई मारे । नागदासलाई चाहिं यो वंशघातक हो भनी नागरिकहरूले मारे ।

भिक्षुसंघलाई हेरी अजातशत्रु राजा उभिरहेको बेलामा भगवान्ले "मैले कुरा ननिकालेसम्म राजाले मसँग कुरा गर्न सक्ने छैनन्" भन्ने कुरा बुझ्नुलाई उनले उद्‌गार प्रकट गरेपछि "राजा ! तपाईले प्रेम अनुरूप आचरण गर्नुभयो" भनी भगवान्ले कुरा निकाल्नु भयो । अनि राजाको मनमा यस्तो लाग्यो ।

"अहो आश्चर्य बुद्धगुण ! मजस्तो अपराधी कोही छैन । मैले भगवान्का अग्रउपस्थापक राजालाई हत्या गरें । देवदत्तको कुरा सुनी बुद्धलाई मार्नका लागि मानिसहरू पठाएँ । मेरो सहायता पाई देवदत्तले ढुङ्गा खसाले । नालागिरिजस्तो प्रचण्ड हात्तीलाई मैले छाडिदिएँ । यस्ता अपराधीसँग प्रसन्न मुद्रामा भगवान् कुरा गर्दै हुनुहुन्छ । अहो ! भगवान् कति अकम्प्य हुनुहुन्छ ! यस्ता शास्तालाई छाडी बाहिरका अरू कुनै पनि शास्ताको उपासना गर्नेछैन" भन्ने मनमा राखी अत्यन्त प्रसन्न भई भगवान्लाई अभिवादन गरी भिक्षुसङ्घलाई नमस्कार गरी राजा एक छेउमा बसे ।

त्यसपछि केही कुरा सोध्न चाहन्छु भनी राजाले आज्ञा मागे । भगवान्ले पनि उनलाई प्रश्न सोध्न उत्साहित पार्नुहुँदै "सोध्नुहोस् राजन् ! जे चाहनुहुन्छ त्यो सोध्नुहोस्" भनी भन्नुभयो । त्यसपछि राजाले आफूलाई लागेका कुराहरू सोधे । भगवान्ले उत्तर दिनुभयो ।

## उपासकत्व ग्रहण

भगवान्को उपदेश सुनिसकेपछि राजा अत्यन्त प्रसन्न भई "धन्य ! धन्य !!" भन्दै लोकोत्तर र लौकिक शरणहरूमध्ये लौकिक शरण लिंदै बुद्ध, धर्म र संघको शरणमा गई राजाले आजीवन उपासकत्व ग्रहण गरे ।



https://dhamma.digital

यसपछि राजाले भगवान्सँग क्षमा पनि मागे । भविष्यमा संयम गर्ने प्रतिज्ञा पनि गरे । जुन कुरा आर्यविनय अनुसार अभिवृद्धिको चिन्ह हो । भगवान्ले पनि क्षमा गर्नुभयो । अनि "धेरै काम छ" भन्दै भगवान्लाई अभिवादन तथा प्रदक्षिणा गरी राजा फर्के ।

राजा गइसकेपछि भिक्षुहरूलाई सम्बोधन गर्दै भगवान्ले "भिक्षु हो ! यदि राजाले पितृघात नगरेको भए । यसै आसनमा उनलाई मार्गफल प्राप्ति हुने थियो । किन्तु उनले आफ्नो खाडल आफैले खनेजस्तै पितृघात गरेका हुनाले मार्गफल प्राप्त गर्न सकेनन् भनी भन्नुभयो ।। मज्झिमनिकायको बहुघातक सूत्रले "(१) दृष्टि सम्पन्न पुरूषले मातृहत्या गर्नसक्छ भन्ने कारण हुन सक्दैन । बरू पृथकजनले मातृहत्या गर्नसक्छ भन्ने कारण हुनसक्छ । (२) दृष्टिसम्पन्न पुरूषले पितृहत्या गर्नसक्छ भन्ने कारण हुन सक्दैन । बरू पृथक्जनले पितृहत्या गर्नसक्छ भन्ने कारण हुनसक्छ । ( ३ ) दृष्टिसम्पन्न पुरूषले अरहन्तको हत्या गर्नसक्छ भन्ने कारण हुन सक्दैन । बरू पृथक्जनले अरहन्तको हत्या गर्नसक्छभन्ने कारण हुनसक्छ । (४) दृष्टिसम्पन्न पुरूषले द्वेषचित्त लिई तथागतको तर्फबाट रक्तपात गराउन सक्छ भन्ने कारण हुन सक्दैन । पृथक्जनले तथागतको शरीरबाट रक्तपात गराउन सक्छ भन्ने कारण हुनसक्छ । ( ५ ) दृष्टिसम्पन्न पुरूषल संघभेद गर्नसक्छ भन्ने कारण हुन सक्दैन । बरू पृथक्जनले भेद गर्नसक्छभन्ने कारण हुनसक्छ र (६) दृष्टिसम्पन्न पुरूषले अरू शास्ता ( धर्म गुरू ) लाई मान्न सक्छभन्ने कारण हुन सक्दैन । बरू पृथक्जनले अरू शास्तालाई मान्न सक्छ भन्ने कारण हुनसक्छ" भनी जुन कुरा उल्लेख गरेको छ त्यसबाट हामी भन्न सक्छौ कि अजातशत्रु राजा पृथक्जन भएकाले नै उनले पितृघातको अपराध गरेका हुन् । यो कर्म चाहिं पञ्चआनन्तरिय कर्ममध्ये एक हुन गएको छ । जुन कर्म हुँदा यस जीवनमा उनै मार्गफल प्राप्त गर्न सक्दैन । किनभने मातृघात, पितृघात, अरहन्तघात, बुद्धको शरीरबाट रक्तपात, संघभेद या दुष्प्राज्ञताले कुनै हातलमा पनि यस जीवनमा मार्गफल प्राप्त गर्न सक्दैन भनी अंगुत्तरनिकाय छक्कनिपातको वोरोपित र ततिय अभयदानसुत्तले उल्लेख गरेका छन् । पञ्च आनन्तरिय कर्मको सम्बन्धमा



https://dhamma.digital

विश्लेषण भएको कुरा पपञ्चसूदनीको बहुधातुकसुत्तवर्णनामा उल्लेख भएको पाइन्छ ।

यद्यपि यो धर्मोपदेश सुनी राजाले कुनै मार्गफल प्राप्त गर्न सकेनन् । तर यसबाट राजाले धेरै मानसिक शान्ति पाएका थिए । जहिलेदेखि यी राजाले पिताको हत्या गरे । त्यसबेलादेखि दिन वा रातमा सुत्दा यिनी राम्ररी निदाउन सकेका थिएन । शास्ता छेउ आएर मधुर धर्मोपदेश सुनेपछि राम्ररी निदाउन पनि सके । यति मात्र होइन त्यस समयदेखि यिनले बुद्धशासनको लागि ठूलो सत्कार पनि गरे । पृथक्जन श्रद्धा राख्नेहरूमध्येमा यिनी जस्ता ठूला अरू कोही थिएनन् भनी सुमङ्गलविलासिनीले उल्लेख गरेको छ भने शक देवेन्द्रले पनि त्यस्तै भनेको कुरा महापरिनिव्बानसुत्तवण्णनाले उल्लेख गरेको पाइन्छ । भविष्यमा उनी 'विजितावी' भन्ने प्रत्येकबुद्ध भई परिनिर्वाण हुनेछन् भनी सामञ्ञफल सूत्र वर्णनाले उल्लेख गरेको छ । यी सबै धर्मश्रवणको प्रत्यक्ष फल हो भनी भन्न सकिन्छ ।

## विविध पक्ष

एकदिन देवदत्तका उपस्थापक उपक मण्डिकापुत्र गृद्धकूटमा बसिरहनुभएका भगवान्कहाँ गई देवदत्तको बारेमा बुद्धले के भन्दा रहेछन् भन्ने कुरा जान्नको लागि त्यहाँ गए । त्यसबखत उनले भगवान्लाई होच्याएर कुरा गरेका थिए । पछि त्यहाँबाट फर्केर आई उनी अजातशत्रु राजाकहाँ गई भगवान्सँग यस्तो यस्तो ढङ्गले कुरा गरी आएँ भनी सुनाउँदा रिसाएका राजाले उनलाई निकालि दिए ।

एकदिन भेला भएका तीर्थयहरूले यस्तो कुरा गर्न थाले –

"आवुसो ! तिमीलाई थाहा छ के भगवान् बुद्धलाई के कारणले लाभसत्कार भएको हो ?"

"अहँ , थाहा छैन ।" तिमीलाई थाहा छ त ?"

"मलाई थाहा छ । भगवान् बुद्धका महामौद्गल्यायन भन्ने एकजना शिष्य छन् । तिनी देवलोक र नरकलोकमा गई आउँछन् । अनि मानिसहरूलाई 'यस्तो यस्तो गरेमा देवलोकमा उत्पन्न हुइन्छ' र यस्तो गरेमा नरकलोकमा



https://dhamma.digital

उत्पन्न हुइन्छ ' भनी उनी सुनाउँछन् । यो सुनेर मानिसहरू धेरै सत्कार गर्छन् । यदि हामीले उनलाई मार्न सक्यौं भने सो लाभसत्कार हामीले नै पाउन सक्दछौं ।"

त्यसपछि उनीहरू सबैको ऐक्यमत भएपछि एक उपायद्वारा उनलाई मार्नुपर्छ भन्ने कुरामा सहमत भए । त्यसपछि आफ्ना एकजना अनुयायीलाई भनी पैसा लिई मानिस मारी हिंड्ने चोरहरूलाई बोलाउन लगाई 'महामौद्ल्यायन कालशिलामा बस्दैछन् तिमीहरू त्यहाँ गई उनलाई मार' भनी पैसा दिए । वहाँ गई उनीहरूले महामौद्गल्यायनलाई मारे । अनि यो कुरा सारा जम्बुद्वीपमा फैलियो । अजातशत्रु राजाले ती मानिसहरूलाई समात्नको लागि चरपुरूषहरू ठाउँठाउँमा पठाए ।

एकदिन ती चोरहरू रक्सी पिई आपसमा झगडा गर्दै "के तिमीले मौद्गल्यायनलाई पहिले हानेको हो र ! मैले हानेको होइन र !" भन्दै कुटाकुट गरिरहेको देखेर तिनीहरू सबैलाई समाती चरपुरूषहरू राजाकहाँ गए । अनि राजाले "तिमीहरूले महामौद्गल्यायनलाई मारेका हौ ?" भनी सोध्दा "हो" भनी भनेपछि "कसले भनेर तिमीहरूले मारेका हौ त ?" भनी सोध्दा "नांगा साधुहरूले भनेर भनेपछि राजाले पाँचसय जति नांगा साधुहरूलाई समात्न लगाई पाँचसय चोरहरूका साथ राजाङ्गणमा कम्मर सम्म जाने खाल्डोमा राखी परालले छोपी त्यसमा आगो लगाए ।"

अङ्गुत्तरनिकाय सत्तकनिपातको वस्सल सूत्रअनुसार एक दिन भगवान् राजगृहको गृद्धकूटमा बसिरहनु भएको थियो । त्यसबखत राजा अजातशत्रु वज्जीहरूमाथि हमला गर्न चाहन्थे । वज्जीहरू चाहि त्यसबखत बड़ा बलिया तथा सुसङ्गठित थिए । तैपनि राजा उनीहरूमाथि हमला गर्न चाहन्थे । अनि वस्सकार (वर्षकार) महामात्यलाई बोलाई "वज्जीहरूमाथि हमला गर्न सकिन्छ कि सकिन्न" भन्ने कुरा बुझ्न भगवान्कहाँ पठाए । त्यसबेला भगवान्ले पछिल्तिर उभिई पङ्खा हम्काइरहेका आनन्दलाई सम्बोधन गर्नुहुदै "आनन्द ! जबसम्म वज्जीहरू एक मेल भई बस्छन् तबसम्म उनीहरूलाई केही गर्न सकिंदैन" भनी सप्त अपरिहानिको कुरा भन्नुभयो ।

यो कुरा वस्सकारले अजातशत्रु राजालाई सुनाए । अनि केही



https://dhamma.digital

चालबाजी खेली वस्सकारद्वारा तीन वर्षको समयमा वज्जीहरूलाई फूट गराउन सफल भए । अनि राजालाई खबर पठाई वज्जीहरूमाथि कब्जा गराउन लगाए । त्यसबखत गङ्गाको किनारमा भएको पत्तन भन्ने गाउँको कारणमा वज्जी र मगधको बीच समय समयमा झगडा हुन्थ्यो । यो पत्तन गाउँको आधा भागमा वज्जीपुत्रीहरूको र अर्को आधा भागमा अजातशत्रुको आज्ञा चल्थ्यो ।

अजातशत्रुले आफ्ना पितालाई हत्या गरेको आठौं वर्ष पुग्दा उता भगवान् बुद्ध कुशीनगरमा महापरिनिर्वाण हुनुभयो । त्यसैले महावंसमा "अजातसत्तुनो वस्सो अट्ठमे मुनि निब्बुतो" भनी उल्लेख भएको हो ।

भगवान् महापरिनिर्वाण भएको समाचार अजातशत्रु राजाको राजदरबारमा पुग्यो । यो समाचार सुनेर अमात्यहरूले सोच्न थाले– "शास्ता परिनिर्वाण हुनुभयो । अब उहाँलाई फर्काउन सकिने छैन । पृथक्जन श्रद्धा हुनेहरू मध्येमा हाम्रा राजा जस्ता श्रद्धा हुने अरू कोही छैनन् । यदि यो समाचार उहाँले यत्तिकैमा सुन्नुभयो भने उहाँको मुटु पनि फुट्न सक्नेछ । अतः हामीले राजाको रक्षा गर्नुपर्छ ।"

यति सोचेर उनीहरूले तीनवटा सुनको द्रोणी ल्याई त्यसमा चतुमधुयुक्त पानी राखी राजाकहाँ गई "देव ! हामीले स्वप्न देख्यौं । त्यसको कुफल हटाउनको लागि तपाई गर्धनसम्मको पानीमा डुबी स्नान गर्नुहोस्" भनी भने । अर्थचारी अमात्यहरूको कुरा सुनी राजाले "हुन्छ" भनी भने ।

अनि एक अमात्यले अलङ्कारहरू फुकाली केश फिजाई जुन दिशातिर शास्ता परिनिर्वाण हुनुभएको हो सो दिशातिर हेरी दुई हात जोरी राजालाई बिन्ती गरे- "देव ! मरणबाट बच्न सक्ने कुनै छैनन् । हामीहरूको अभिवृद्धि हुने पूज्य स्थानमा उहाँ भगवान् शास्ता कुशीनगरमा परिनिर्वाण हुनुभयो ।"

यति सुन्नेबित्तिकै राजा बेहोस भई चतुमधुयुक्त पानी भएको द्रोणीमा लडे । अनि राजालाई उचाली अर्को द्रोणीमा बसाई होस आएपछि उनले "तात हौ ?" भनी सोधे ।

तथागत बुद्ध महापरिनिर्वाण शय्यामा ।



https://dhamma.digital

महाराज ! शास्ता परिनिर्वाण हुनुभयो ।”

फेरि पनि राजा बेहोश भई चतुमधुयुक्त पानी भएको द्रोणीमा लडे ।

‘अनि उनलाई त्यहाँबाट उचाली तेस्रो द्रोणीमा बसाए । होश आएपछि फेरि राजाले

“तात ! के भनेका हौ ?” भनी सोधे ।

महाराज ! शास्ता परिनिर्वाण हुनुभयो ।”

राजा फेरि बेहोश भए । अनि उनलाई उचाली नुहाई टाउकोमा घडाको पानी खन्याइदिए ।

होश आएपछि राजा आसनबाट उठी सुगन्धित पारिएको केश फिजाई हातले छातीमा पिट्दै रोए । यत्तिकैमा बहुला जस्तो भई राजा बाटो लागे । अनि अलंकृता नर्तकी स्त्रीहरूद्वारा परिवृत्त भई नगरबाट निस्की जीवकको आम्रवनमा गई जहाँ बसी भगवान्‌ले अघि धर्मदेशना गर्नुभएको थियो त्यहाँ गई “सर्वज्ञ भगवान् ! यस ठाउँमा बस्नुभई तपाईंले अघि धर्मोपदेश गर्नुभएको होइन ? मेरो शोकशल्यलाई दूर गरिदिनु भएको होइन ? तपाईंले मेरो शोकशल्यलाई झिकी दिनुभयो । अनि म तपाईंको शरणमा परें । अहिले चाहिं भगवान् कुनै उत्तर दिनुहुन्न !” यसरी बार बार रोई “अरू दिनमा भए यस्तो अवस्थामा भिक्षुसङ्घसहित भगवान् जम्बुद्वीपमा चारिकार्थ जानुभयो” भन्ने सुन्दथे । अहिले चाहिं कुनै अनुरूप खबर सुनिंदैन । यस्तो भन्दै साठीवटा जति गाथाद्वारा भगवान्‌को अनुस्मरण गरी “अब रूवाईबाट केही सिद्ध हुने छैन । बरू दशबलको अस्थिधातुहरू ल्याउन लगाउन पऱ्यो” भन्ने सोचे ।

यसरी भगवान् परिनिर्वाण भएको समाचार सुनी बेहोशमा परी पछि राजाले भगवान्‌का अस्थिधातुहरू ल्याउनको लागि कुशीनगरमा पत्रसहित दूतहरू पठाए । यति पठाइसकेपछि राजाले फेरि यस्तो सोचे “यदि धातु दिए ठीकै छ । होइन भने ल्याउन उपाय गर्नेछु ।” यति सोची चतुरङ्गिणी सेनाका साथ आफू पनि निस्के । त्यसैले दीघनिकायको महापरिनिब्बान सुत्तमा “अस्सोसि खो राजा मागधो अजातसत्तु वेदेहिपुत्तो –

**‘भगवा किर कुसीनारायं परिनिब्बुतो’ ति । अथ खो राजा मागधो**



https://dhamma.digital

**अजातसत्तु वेदेहिपुत्तो कोसिनारकानं मल्लानं दूतं पाहेसि (भगवा पि खत्तियो अहं पि खत्तियो। अहं पि अरहामि भगवतो सरीरानं भागं। अहं पि भगवतो सरीरान थूपं च महं च करिस्सामी' ति।**

**अर्थ :**

"मगधका राजा वैदेहीपुत्र अजातशत्रुले भगवान् कुशीनगरमा परिनिर्वाण हुनुभयो' भन्ने खबर सुने । अनि मगधका राजा वैदेहीपुत्र अजातशत्रुले कुशीनगरमा मल्लहरूकहाँ दूत पठाए । 'भगवान् पनि क्षत्री हुनुहुन्छ, म पनि क्षत्री हुँ। मैले पनि भगवान्को शरीर पाउनुपर्छ। म पनि भगवान्को शरीरको स्तूप बनाई महोत्सव गर्नेछु।'

यस्तै गरी वैशालीका लिच्छवीहरूले, कपिलवस्तुका शाक्यहरूले, अल्पकप्पका बुलयहरूले, रामग्रामका कोलियहरूले, वेठद्वीपका ब्राह्मणहरूले र पावाका मल्लहरूले पनि भगवान्को शरीरधातु माग्न पठाएका थिए ।

जब यी सबैका सबैले "या त भगवान्को शरीर धातु देऊ या त युद्ध" भनी भन्नथाले तब त्यहाँ केहीछिन ठूलो खलबल हुनथाल्यो । अनि जम्बुद्वीपका सबै जसो राजाहरूका गुरू हुने द्रोण ब्राह्मण त्यसबखत कुशीनगरमा थिए। अनि उनले सम्झाएपछि शान्त भए र द्रोण ब्राह्मणकै सुझाउ अनुसार अस्थिधातुहरू आठ भागमा विभाजन गरिदिए।

राष्ट्र राष्ट्रका बीच हुनलागेको युद्धलाई टार्दै द्रोण ब्राह्मणद्वारा बुद्धको अस्थिधातु आठ भागमा विभाजन गर्दै।

## धातु पूजा र स्तूप निर्माण

कुशीनगरबाट राजगृहसम्म २५ योजन छ। यस बीचमा आठ उसभसम्मको बाटो सम्याई, जस्तो मल्ल राजाहरूको मकुटबन्धन र संस्थागारको बीचमा पूजा गरे त्यसैगरी २५ योजन बाटोमा पूजा गरी लोकवासीहरूलाई शान्त्वना दिंदै सबै बजारहरूमा सुवर्णमय द्रोणीमा राखिएको धातुहरूलाई तीरको परिक्षेपद्वारा आरक्षा गरी आफ्नो राज्यको ५०० योजन मण्डलभित्र मानिसहरू भेला गराए।



https://dhamma.digital

धातुहरूलाई कुशीनगरदेखि साधुक्रीडा गर्दै निस्की जहाँ जहाँ सुवर्ण वर्ण फूलहरू देख्छन् त्यहाँ त्यहाँ तीरको परिक्षेप भित्र राखेका धातुहरूको पूजा गरे। त्यहाँ चढाएका फूलहरू ओइलाएपछि उनीहरू त्यहाँबाट प्रस्थान गर्छन् । देशको मुख्य भागमा र अन्तिम भागमा पुग्दा एकसातासम्म साधुक्रीडा गर्छन्। यस प्रकारले धातुहरू लिई आउनलाई ७ वर्ष ७ महिना र ७ दिन लाग्यो।

मिथ्यादृष्टिकहरू "श्रमण गौतमको परिनिर्वाण भएदेखि बल जवर जस्ती गरी साधुक्रीडा गराउन लगाएबाट हाम्रा कामधाम सबै विनाश भयो' भन्दै कराउन थाले। यसरी कुरा गरी चित्त प्रसन्न गर्नुपर्ने ठाउँमा चित्त बिगारी अपायमा गएका मानिसहरू ८४ हजार थिए भने चित्त प्रसन्न गरी स्वर्ग जाने मानिसहरू पनि असंख्य अप्रमेय थिए भनी पेतवत्थु अर्थकथाले उल्लेख गरेको छ। क्षीणास्रवी भिक्षुहरूले आवर्जन गर्दा "मन बिगारी अप्रसन्न भई मानिसहरू अपाय (नरक) मा गएका देखेर "शक्र देवेन्द्रलाई भनेर चाँडै धातुहरू ल्याइपुर्‍याउने उपाय गराउनु पर्‍यो" भनी शक्र देवेन्द्रकहाँ गई शक्रलाई "महाराज ! चाँडै धातुहरू ल्याइपुर्‍याउने उपाय गर्नुपयो" भनी भने। यो सुनेर शक्रले भन्दछन् ("भन्ते ! पृथक्जन मानिसहरू मध्येमा अजातशत्रुजस्ता श्रद्धा हुने अरू कोही छैनन्। उनले मेरो कुरा सुन्ने छैनन्। बरू हामीले भयावह गरी आवाजहरू सुनाउनेछौं। महाशब्द सुनाउनेछौं। यक्ष आदिको दृश्य देखाउनेछौं। अनि तपाईंहरूले 'महाराज ! अमनुष्य यक्षहरू रिसाउँदैछन् धातुहरू चाँडै ल्याउनुहोस् भनी भन्नुहोस्। यसरी उनले चाँडै ल्याउनेछन्।" शक्र देवेन्द्रले आफूले भने जस्तै गरे।

राजाकहाँ गई स्थविरहरूले "महाराज ! अमनुष्य यक्षहरू रिसाउँदैछन् धातुहरू चाँडै ल्याउन लगाउनुहोस् भनी भने।

"भन्ते ! जबसम्म मेरो चित्त सन्तोष हुने छैन तबसम्म ल्याउने छैन" भनी भने। फेरि राजाले उनीहरूको कुरामा सोचविचार गरी "हुन्छ धातुहरू चाँडै ल्याउँनू" भन्ने आज्ञा दिए। सातदिनपछि धातुहरू ल्याइपुरयाए।।

यसरी ल्याइ पुरयाएका धातुहरू राखी राजगृहमा स्तूप बनाइ महोत्सव पनि गरे। अरूहरूले पनि आ आफ्नो ठाउँमा स्तूप बनाई महोत्सव



https://dhamma.digital

गरे भनी अट्ठकथाले उल्लेख गरेको छ ।

अजातशत्रु राजाद्वारा राजगृहमा बनाइएको यो स्तूपको कारणबाट दुईजना आईमाईहरू दिव्यलोकमा पुगेको कुरा विमानवत्थु अट्ठकथामा उल्लेख भएको पाइन्छ । अब जम्बद्वीपमा शरीरधातुहरू भएका स्तूपहरू आठवटा र शरीरधातुहरू नापेको 'तुम्ब' राखी बनाएको एउटा र चिताका अङ्गारहरू राखेर बनाएको एउटा गरी जम्मा । दसवटा ( १० ) स्तूपहरू भए ।

एकदिन महाकश्यप महास्थविरले भविष्यमा यी धातुहरूको बिघ्न हुने कुरा जानी राजा अजातशत्रुकहाँ गई महाराज ! धातुनिधान गर्नुपर्छ" भनी भन्नुभयो ।

"हुन्छ भन्ते ! धातुनिधान गर्ने काम मेरो जिम्मा भयो । तर भन्ते ! बाँकी धातुहरू कसरी ल्याउने त ?"

"महाराज ! धातुहरू ल्याउने कामको जिम्मा तपाईंको होइन । त्यो त हामीहरूको हो ।"

"हुन्छ त भन्ते ! त्यसोभए तपाईंहरूले धातुहरू ल्याउनुहोस् म निधान कार्य गर्नेछु ।" अनि महास्थविर त्यस त्यस राजकुलमा गई पूजाआजा गर्नको लागि चाहिने मात्र राख्न लगाई बाँकी धातुहरू ल्याउनुभयो । रामग्राममा चाहिं नागहरूले धातुहरू लिई राखेको हुँदा त्यहाँ बिघ्न हुने छैन । त्यहाँका धातुहरू भविष्यमा लङ्कास्थित महाविहारको महाचैत्यमा रहनेछन् भनी त्यहाँका धातुहरू चाहिं नलिई बाँकी सात नगरहरूबाट धातुहरू ल्याई राजगृहको पूर्वदक्षिण दिशातिर उभिई "यो ठाउँमा जुन ढुङ्गाहरू छन् ती सबै लोप होउन् । धुलो सफा होस् । पानी ननिस्कियोस्" भनी महास्थविरले अधिष्ठान गर्नुभयो ।

राजाले त्यस ठाउँमा खन्न लगाई त्यसबाट आएको माटोको ईंट बनाउन लगाई असीतिमहाश्रावकहरूको लागि चैत्यहरू बनाए । "यहाँ राजा के गर्दैछन् ?" भनी सोध्दा "महाश्रावकहरूको लागि चैत्यहरू बनाउँदै छन्" भनी भन्दछन् । धातुनिधान गर्ने भनी कसैलाई भन्दैनन् । असी हात (८०)



https://dhamma.digital

जति गहिरो खनिसकेपछि त्यहाँ फलाम ओछ्याई त्यसमाथि थूपारामको (लङ्काको) घरजत्रै घर बनाउन लगाई आठ आठवटा हरिचन्दनका सन्दूक र स्तूपहरू बनाउन लगाए । अनि भगवान्का धातुहरू ती हरिचन्दनका सन्दूकमा राखी ती सन्दूकहरू अर्का हरिचन्दनका सन्दूकहरूमा राखी यस्तै प्रकारले आठवटा हरिचन्दनका सन्दुकमा राखे। अनि ती आठवटा सन्दूकहरू आठवटा स्तूपमा राखे । यी आठवटा हरिचन्दनका स्तूपहरू अर्का आठवटा लोहितचन्दनका सन्दुकमा राखे । यी आठवटा लोहितचन्दनका स्तूपहरू अर्का आठवटा दन्तमय सन्दूकमा राखे । यी आठवटा दन्तमय सन्दूकहरू आठवटा दन्तमय स्तूपहरूमा राखे । यी आठवटा दन्तमय स्तूपहरू अर्का आठवटा रत्नमय स्तूपहरू अर्का आठवटा स्तूपहरू अर्को आठवटा सुवर्णमय स्तूपमा राखे । यी आठवटा सुवर्णमय स्तूपहरू अर्का आठवटा चाँदीका सन्दूकमा राखे । यी आठवटा चाँदीका आठवटा स्तूपहरू अर्का आठवटा मणिमय सन्दुकमा राखे । यी आठवटा मणिमय स्तूपहरू अर्का आठवटा राता मणिका सन्दूकमा राखे । यी आठवटा राता मणिका सन्दूकहरू आठवटा राता मणिका स्तूपमा राखे । यी आठवटा राता मणिका स्तूपहरू अर्का आठवटा मसारगल्लका सन्दूकमा राखे । यी आठवटा मसारगल्लका सन्दूकहरू आठवटा मसारगल्ल स्तूपमा राखे । यी आठवटा मसारगल्लका स्तूपहरू अर्का आठवटा मणिमय सन्दुकमा राखे । यी आठवटा मणिमय सन्दूकहरू आठवटा मणिमय स्तूपमा राखे ।

सबभन्दा माथिल्लो मणिमय स्तूप थूपाराम (लङ्काको) चैत्य जत्रै थियो । त्यसको माथि रत्नमय घर बनाए । त्यसको माथि सुनको, त्यसको माथि चाँदीको, त्यसको माथि तामाको र त्यसमाथि फलामको घर बनाए । अनि रत्नमय बालुवा छरी जलज स्थलज हजारौं फूलहरू छरी ५५० जातकहरू, असीति महाश्रावकहरू, शुद्धोदन महाराजा, महामायादेवी र सिद्धार्थ कुमारसँग जन्मेका र उत्पन्न भएका सात वस्तुहरू सबै सुवर्णमय बनाई पाँच पाँच सय सुन र चाँदीका पूर्णघडाहरू राख्न लगाए । पाँचसय सुवर्णमय ध्वजाहरू फैलाए । पाँचसय सुनका पाला र पाँचसय चाँदीका पालाहरू बनाउन लगाई त्यसमा सुगन्धित तेल राखी कपडाको बत्ती



https://dhamma.digital

बाले। त्यसपछि महाकश्यप महास्थविरले "फूलमाला नओइलाउन् र सुगन्ध नहराउन् तथा बत्ती ननिभियोस्" भनी अधिष्ठान गरी भविष्यमा प्रियदास भन्ने कुमार छत्र धारण गरी अशोक धर्मराजा हुने छन। उनले यी धातुहरू फैलाउने छन्" भनी सुनको पातामा अक्षर लेखाउनु भयो।

सर्वप्रकारका आभूषणहरूद्वारा पूजा गरी अजातशत्रु राजा शुरूदेखि दैलो थुन्दै बाहिर निस्के। तामा र फलामका दैलाहरू थुनेर चुकुलको डोरीमा ताल्चा झुन्डाई त्यहींनि एक ठूलो मणिको डल्लो राखी भविष्यमा हुने दरिद्र राजा यो मणिको डल्लो लिई धातुहरूको पूजा सत्कार गरून् भनी अक्षर लेखाउन लगाए।

शक्र देवराजाले विश्वकर्मालाई बोलाई "तात। अजातशत्रुले धातुनिधान गरे। त्यहाँ आरक्षा गर" भनी पठाए। त्यहाँ आई उनले बाजा बज्ने यन्त्र राखे। धातुगर्भमा स्फटिकको तरबार लिएका काठका रूपहरू वायुवेगले घुम्ने यन्त्र राखी एउटै चक्कामा बाँधिदिए। अनि चारैतिरबाट ढुङ्गाको पर्खाल लगाई एउटा ढुङ्गाले माथि छोपी माटो छरी जमिन जस्तै सम्म गरी त्यसमाथि ढुङ्गाको चैत्य राखिदिए।

यसरी धातुनिधानका काम सिद्धिएपछि आयु छउन्जेल बसी महाकश्यप महास्थविर परिनिर्वाण हुनुभयो। अजातशत्रु पनि कर्मानुसार गए। मानिसहरू पनि मरे।

Dhamma.Digital

## धर्मसङ्गायनमा मद्दत

अजातशत्रुले राज्य गरेको आठौं वर्षमा भगवान् बुद्ध कुशीनगरमा परिनिर्वाण भएको कुरा माथि उल्लेख भइसकेको छ।

अजातशत्रु अनि भगवान् परिनिर्वाण भएर एक हप्ता साधुक्रीडा र एक हप्ता धातुपूजा गरी दुई हप्ता बितिसकेपछि गृष्म ऋतुको डेढ महीना बाँकी छंदा वर्षावास बस्ने समय पनि निकट आएपछि सातलाख ( ७००,००० ) भिक्षुसङ्घका नायक हुनु भएका महाकश्यप महास्थविरले केही दिन अघि राजगृहमा वर्षावास गरी उहीं धर्मसङ्गायना गर्ने भन्ने निर्णय गर्नु भए अनुसार भिक्षुहरूलाई सम्बोधन गर्नु भई "आवसो ! राजगृहमा जाऔं"

भनी भन्नु भई आधा परिषद लिई आफू राजगृह जानको लागि एउटा बाटो लाग्नुभयो । अनुरूद्ध महास्थविर पनि आधा परिषद् लिई राजगृह जानको लागि एउटा बाटो लिनुभयो । आनन्द महास्थविर चाहिं श्रावस्ती भएर राजगृह जानेछु भन्ने विचार गरी भगवान्का पात्र चीवर लिई भिक्षुसङ्घसहित श्रावस्तीमा जानुभयो ।

महाकाश्यप र अनुरूद्ध महास्थविरहरू राजगृह पुगिसकेपछि "भगवान्ले पनि विहार प्रतिसंस्करण गर्नेमा प्रशंसा गर्नुभएको छ भन्दै उहाँहरूले सबभन्दा पहिले विहारहरू सुग्घर सफा तथा जीर्णोद्धार गर्ने निश्चय गर्नुभयो । त्यसबखत राजगृहमा अट्ठार ( १८ ) वटा महाविहारहरू थिए ।

अनि दोस्रो दिनमा स्थविर राजद्वारमा उभिन जानुभयो । राजा अजातशत्रु आई अभिवादन गरी "भन्ते ।। के कामले आउनु भएको हो र मैले के गर्नुपर्‍यो ? भनी सोधेपछि स्थविरहरूले अठार महाविहारहरू प्रतिसंस्करण र सफा सुग्घर गर्नको लागि हस्तकर्म चाहियो भनी सूचित गरे ।"

"हुन्छ, हवस्" भनी राजाले हस्तकर्मको लागि मानिसहरू पठाईदिए । पहिलो महीनाभरी सबै विहारहरू प्रतिसंस्करण गरिसकेपछि राजालाई भने

"महाराज । प्रतिसंस्करणको काम सिद्धिसकियो । अब धर्म र विनयको संग्रह गर्नेछौं ।"

"हुन्छ भन्ते । विश्वस्त भई गर्नुहोस् । मेरा आज्ञाचक्र होस्, तपाईहरूको धर्मचक्र होस् । भन्ते ! आज्ञा दिनुहोस् मैले के गर्नुपर्‍यो ।"

"महाराज ! धर्मसंग्रह गर्नेहरूको लागि बस्ने कोठा चाहियो ।"

"भन्ते ! कहाँ बनाउँ त ?"

"महाराज ! वेभार पर्वतको सप्तपर्णी गुफाद्वारमा बनाउन योग्य हुनेछ ।"

हवस् भन्ते" भनी अजातशत्रु राजाले विश्वकर्माले बनाएजस्तै गरी अति सुन्दर सुरम्य तथा सुविभक्त भित्ता. भर्‍याङ र स्तम्भहरू भएको पाँचसय



https://dhamma.digital

भिक्षुहरू अटाउने ब्रह्मविमान जस्तै महामण्डप बनाई भव्यरूपले फुलमाला आदिहरूले सिंगारपटार गरी चँदुवा टाँगी भिक्षुहरू बस्न योग्य ( कप्पिय ) आसनहरू ओछ्याई मण्डपको बीचमा दक्षिणतिर अडेस लिई उत्तराभिमुख हुने गरी थेरासन राखे। मण्डपको बीचमा पूर्वाभिमुख हुने गरी बुद्ध भगवान् लाई योग्य हुने गरी आसन राखी दन्तमा जडिएको पङ्खा पनि राखे। अनि राजाले "भन्ते ! मेरो काम सम्पन्न भयो" भनी भिक्षुसङ्घलाई निवेदन गराए। त्यसैले इतिवृत्तक अट्ठकथाको निदानवण्णनामा अजातशत्रुले बनाउन लगाएको सद्धर्म मण्डपमा बसी महाकाश्यप प्रमुख उपालि, आनन्दसहित भिक्षुहरूले धर्मसङ्गायना गरे " भनी उल्लेख भएको हो।

जातक अट्ठकथा अनुसार अजातशत्रु राजाकी महारानी प्रसेनजित् कोशल राजाकी छोरी वजिर भन्ने अजातशत्रु कुमारी थिइन् र उनको तरफबाट उदयभद्र कुमार भन्ने एकजना छोरा थिए भन्ने कुरा पालिसाहित्यबाट प्रष्ट हुन्छ।

मूलपालि र अट्ठकथाहरू अध्ययन गर्दा अजातशत्रु राजाको पालामा बुद्ध परिनिर्वाण भइसकेपछि पाटलीग्राममा नगर बसाल्ने काम गरेका थिए। जुन नगरपछि पाटलिपुत्र भयो भन्ने कुरा दीघनिकायको महापरिनिव्वान सूत्रको 'पाटलिपुत्र नगर निर्माण' शीर्षकको कुराबाट, उदानपालिको पाटलिगामिय सुत्र र महावग्गपालिको सुनीधवस्सकार वत्थुबाट तथा यिनका अर्थकथाहरूबाट प्रष्टसँग बुझ्न सकिन्छ।

सुनीध र वर्षकारको अलावा गोपकमोग्गल्लान र उपनन्द पनि अजातशत्रु राजाका मन्त्रीहरू र। सेनापतिहरू थिए भन्ने कुरा पालि साहित्यको अध्ययन गर्दा बुझिन्छ। पालि त्रिपिटकको अर्थकथाहरू तथा मूलपालिमा खोजी गरी भेटिएका कारणहरू अनुसार लेखिएको अजातशत्रु राजाको कुरा यहीं टुङ्गीन्छ।

अजातशत्रु राजाले बुद्ध परिनिर्वाणपछि २४ वर्षसम्म राज्य गरे ।



https://dhamma.digital

## सामग्री

१. जा. अ. क. I - II पृ. ६४५ : वड्ढकीसूकरजातकं, जा. नं. २८३.
२. स. नि. अ. क. 1. पृ. १२० : पठम सङ्गामसुत्तं, कोशलसंयुत्तवण्णना, जा. अ. क. I - II. पृ. ५३८ : हरितमात् जातक, जा. नं. २३९ ।।
३. दी. नि. अ. क. I. पृ. १५३ : सामअफलसुत्तवण्णना ।
४. जा. अ. क. III पृ. ४८ : थुसजातक, जा. नं. ३३८.
५. दी. नि. अ. क. I पृ. १५४ : सामञ्जफलसुत्तवण्णना ।।
६. जा. अ. क. III पृ. ४ : थुसजातक, जा. नं. ३१, दी. नि. अ. क. । पृ. १५४ सामञ्जफलसुत्तवण्णना ।।
७. दी. नि. अ. क. I पृ. १५४ ।।
८. जा. अ. क. III पृ. ८५ : जा. नं. ३३८, दी. नि. अ. क. I. पृ. १५४ ।।
९. दी. नि. अ. क. I पृ. १५४ ।
१०. सं. नि. अ. क. I पृ. ६१: सतुल्लपकायिकवग्गो, देवतासंयुत्तं ।
११. जा. अ. क. III पृ. ८५ : जा. नं. ३३८ ।।
१२. जा. अ. क. III पृ. १५० :, जा. नं. ३७३ ।।
१३. दी. नि. अ. क. I पृ. १५७- ५८ : सामञ्जफलसुत्तवण्णना ।
१४. धम्म. प. अ. क. पृ. ८३८ : जोतियसेट्ठिवत्थु, ब्राह्मणवर्ग ।
१५. दी. नि. अ. क. I पृ. १७२ : सामञ्जफलसुत्तवण्णना/
१६. दी. नि. अ. क. I पृ. १५४ ।/
१७. असीतिमहाश्रावक भनेका को को हुन् भन्ने कुरा लेखकको बु. म. भा. - १, पृ. ८९ को पादटिप्पणीमा उल्लेख भएको छ ।
१८. धम्म. प. अ. क. पृ. ८६ - ८७ देवदत्तवत्थ, यमकवर्ग, दी. नि. अ. के, 1 पृ. १५४ - ५५ ।।
१९. सं. नि./ पृ. २०१: पञ्चरथसुत्तं, लाभसक्कारसंयुत्तं ।।



https://dhamma.digital

२०. जा. अ. के. - II पृ. ३७७: संजीवजातक, जा. नं. १५० ।।

२१. स. नि. अ. क. III पृ. ४ : आदित्तसुत्तवण्णना, अनिच्चवग्गो ।

२२. दी. नि. अ. क. I पृ. १५५ ।।

२३. दी. नि. अ. क. I पृ. १५५ ।। ५ दी नि. अ. क. I पू. १५५ ( ५७: सामञ्जफलस्त्तवण्णना । यी । जनवसभ यक्षको बारेमा लेखकको बु. रा. भा. ( १, पृ. १०० वा । दीघनिकायको जनवसभ ( सुत्तमा हेर्नु बेश हुनेछ ।

२५. दी. नि. अ. क. I पृ. १५७ ( ५८ : सामत्रफलसुत्तवण्णना ।

२६. जा. अ. क. I - II पृ. ६४५ : वड्ढकी सूकरजातक, जा. नं. २८३ ।

२७. जा. अ. क. I - II पृ. ६४५ : वड्ढकी सूकरजातक, जा. नं. २८३ ।।

२८. धम्म. अ. क. पृ. ५८४ : कोसलरो पराजयवत्थु, सुखवर्ग ।।

२९. जा. अ. क. V पृ. ५० : तच्छसूकर जातकमा भने तीनपटकसम्म पराजित भएको कुरा उल्लेख भएको छैन । यो जातकको अनुवाद लेखकको जा. सं. भा ( ३, पृ. २३० मा भएको छ ।।

३०. सं. नि. अ. क. I पृ. १२१ : दुतिय सङ्गामसुत्तवण्णना, कोसलसंयुत्तंमा चाहिँ बुद्धरक्खित र धम्मरक्खित भनी उल्लेख भएको छ ।

३१. मज्झिमनिकायको पियजाति - सुत्तमा 'वजिरी ', जा. अ. क. I - II पृ. ६४६, जा. नं. २८३ मा र जा. अ. क. V. पृ. ५१, जा. नं. । ४९२ मा चाहिँ 'वजिर ' भनी उल्लेख भएको छ, बु. रा. ( १ पृ. १६८ ।।

३२. दी. नि. अ. क. I पृ. १७० ( ७१ ।।

३३. दी. नि. अ. क. I पृ. १७२ ( ७४ : सामत्रफलसुत्तवण्णना ।

३४. दी. नि. अ. क. I पृ. १७४ : सामत्रफलसुत्तवण्णना ।

३५. दी. नि. अ. क. I पृ. १७४ ।।

३६. दी. नि. अ. क.I पृ. १७५ ।

३७. यसको विस्तृत विवरणको लागि दीघनिकायको सामञ्ज, सुत्तमा हेर्नु होला ।



https://dhamma.digital

३८. दी. नि. अ. क. I पृ. २६३ : सामञ्जफलसुत्तवण्णना ।।

३९. दी. नि. अ. क. I पृ. २६३ : सामञफलसुत्तवण्णना ।

४०. दी. नि. II पृ. ३२५ - २६ ।।

४१. दी. नि. अ. क. I पृ. २६३ ।

४२. अ. नि - ४, पृ. १९३ : उपकसुतं, अ. क. II पृ. ५४४ स यी उपक मण्डिका पुत्रका कुरा लेखकको बु. गृ. भा - २, पृ. ५४ मा उल्लेख भएको छ ।

४३. धम्म. प. अ. क. पृ. ४६७ : महामोग्गल्लानत्थेरवत्थु, दण्डवग्गो जाअ. क. IV पृ. १५ : सरभङ्गजातक, जा. नं. ५५२ ; यस । जातकको अनुवाद लेखकको जा. सं. भा - ४, पृ. १६२ मा उल्लेख भएको छ ।

४४. अ. नि. अ. क. II पृ. ७०५ - ०६ र दी. नि. अ. क. क्ष. पृ. २१४ - २४ : महापरिनिब्बानसुत्तवण्णना । यस बारेमा विस्तृत कुरा लेखकको बु. ब्रा. भा - २ को पृ. २१७ मा उल्लेख भउको छ ।

४५. दी. नि. अ. क. II पृ. ३२० - २२ : महापरिनिब्बानसुत्तवण्णना ।

४६. दी. नि. अ. क. II पृ. ३२२ : महापरिनिब्बानसुत्तवण्णना ।

४७. दी. नि. पृ. १२६ ।

४८. दी. नि. अ. क. II पृ. १२७ : महापरिनिब्बानसुत्तवण्णना । अजातशत्रु ६५ ०९. दी. नि. अ. क. पृ. १२७: महापरिनिब्वानसुत्तं, अ. क. IL प. ३२३ स यस सम्बन्धमा दीघनिकायको महापरिनिब्बान सुत्तमा केही कुरा उल्लेख भएको छ ।

४९. एक उसभ भनेको कति रहेछ भन्ने कुरा जान्नको लागि लेखकको बु. म. भा ( १, पृ. ३८ को पादटिप्पणीमा हेर्नुहोला ।

५०. दी, नि, अ. क. II प. ३२५ : महापरिनिब्बानसूत्तवण्णना ।।

५१. पृ. १५१ : धातुपेतवत्थुअट्ठकथा ।

५२. दी. नि. II पृ. १२८ : महापरिनिब्बानसुत्तं, अ. क. II पृ. ३२५ स बु. रा - २, पृ. १७८ ।।



https://dhamma.digital

५३. दी. नि. अ. क. II पृ. ३२५ - २८ : महापरिनिब्बानसुत्तवण्णना।।

५४. पृ. १३६ : विसालक्खी विमान अट्ठकथा / पृ. १६० : पीतिविमान अट्ठकथा।।

५५. (१) राजगृहमा एउटा, (२) वैशालीमा एउटा, (३) कपिलवस्तुमा एउटा (३), (४) अल्लकप्पमा एउटा, (५) रामग्राममा एउटा (६) वेठद्वीपमा एउटा, । (७) पावामा एउटा, (८) कुशीनगरमा एउटा, (९) द्रोण ब्राह्मणले 'तुम्ब' राखी बनाएको एउटा तथा (१०) पिप्पलीवनीय मौर्यहरूले 'अङ्गार' राखी बनाएको एउटा गरी जम्मा दसवटा स्तूपहरू हुन् । दी. नि. अ. क. II पृ. १२८: महापरिनिब्बानसुत्तवण्णना ।। सुमं. वि. II पृ. ३२६ : महापरिनिब्बानुसुत्तवण्णना ।

५६. सुमं. वि. II पृ. ९९ : महापदानसुत्तवण्णनामा महाकश्यप स्थविरको आयु १२० वर्ष थियो भनी उल्लेख गरेको छ ।

५७. दी. नि. अ. क. II पृ. ३२६ ( २८ : महापरिनिब्बानसूत्तवण्णना । ९०. सम. पा. I पृ. ६ : बाहिरनिदानकथा ।

५८. सम. पा. I पृ. ९ : बाहिरनिदानकथा। अजातशत्रु र जातक, जा. नं. २८३ र

५९. सम, पा. I पृ. १० : बाहिरनिदानकथा ।।

९३. सम, पा, I पृ. १० ( ११: बाहिरनिदानकथा ।

९४. ४० । ९५. जा. अ. क. I - II पृ. ६४६ : वड्ढकीसूकरजातक, जा. अ. क. ख पृ. ५१: तच्छसूकरजातक, जा. नं. ४००

९६. दीघनिकायको सामञ्जफल ( सुत्त ।।

९७. दीघनिकायको महापरिनिब्बान ( सुत्त ।।

९८. मज्झिमनिकायको गोपकमोग्गल्लान ( सुत्त ।

९९. मज्झिमनिकायको गोपकमोग्गल्लान ( सुत्त ।।

१००. समं. पा. I पृ. ६३ : बाहिरनिदानकथा ।



https://dhamma.digital

# अखिल नेपाल भिक्षु महासंघद्वारा संचालित
# नेपाल बौद्ध परियत्ति शिक्षा
# प.स.पा.को सद्धम्मपालक उपाधि वर्ष (कक्षा-७)
# तृतीय पत्र तथा चतुर्थ पत्रका प्रश्नपत्रहरूको नमुना
# (वि.सं. २०७० देखि २०७८ सम्म)

Dhamma.Digital

**अखिल नेपाल भिक्षु महासंघद्वारा संचालित**
**नेपाल बौद्ध परियत्ति शिक्षा**
**प.स.पा.को सद्धम्मपालक उपाधि वर्ष**
**तृतीय पत्र (नेपाली)**
**बु.सं. २५५७ (वि.सं. २०७०)**

**समय : ३ घण्टा** **पूर्णाङ्क : १००**
**दिन : फागुण ७, २०७०** **उत्तीर्णाङ्क : ३५**

## समूह क. आर्यअष्टांगिक मार्ग ५०

**तलका प्रश्नहरुको उत्तर लेख्नुहोस् । (कुनै १० मात्र)**

१. आर्य अष्टांगिक मार्ग भनेको के हो ? यसलाई तीन भागमा विभाजन गरी व्याख्या गर्नुहोस् ।
२. मानव जीवनको मङ्गलकारक मध्ये सत्यवचन पनि एक प्रमुख अंग हुन् ? कसरी ?
३. मानिसलाई निर्वाणमा पुऱ्याउन सम्यक्व्यायामले कसरी सहायता गरिरहेको हुन्छ ?
४. कायानुपश्यनाको अभ्यास भावना कसरी गरिन्छ ? छोटकरीमा उल्लेख गर्नुहोस् ।
५. सम्यक् संकल्प कति प्रकारका छन् ? लेख्नुहोस् ।
६. आर्य अष्टाङ्गिक मार्ग ज्ञानका निम्ति सम्यक् दृष्टिलाई शीर्षस्थानमा राख्नु नै सार्थकताको सिद्धत्व हुन्छ । आफ्नो विचार लेख्नुहोस् ।
७. मानिसको चरित्र कति प्रकारका छन् ? नाम सहित छोटो व्याख्या गर्नुहोस् ।
८. सम्यक् आजीवीकाबाट आधुनिक समाजलाई व्यवस्थित तथा धार्मिक समाजमा परिवर्तन ल्याउन कतिको सकिन्छ ?
९. आश्रवक्षय गरी दुःखबाट मुक्त हुने शान्तिको एउटै मार्ग स्मृति प्रस्थान भावना हो । किन ?
१०. प्रथम ध्यान भनेको के हो ?
११. सम्यक् स्मृति र सम्यक् समाधि एक अर्काका कसरी परिपूरक हुन्छन् ?



https://dhamma.digital

**समूह ख. बहुजन हिताय बहुजन सुखाय** ३०

१. बुद्धकालीन कोलिय राज्यको अवस्था कस्तो थियो ? लेख्नुहोस् । ५

२. अनत्त लक्खण सूत्रको मूल अभिप्राय के हो ? छोटकरीमा लेख्नुहोस् । ६

३. संक्षिप्त व्याख्या गर्नुहोस् । (कुनै २ ओटा) ६

क. अङ्ग ख.मल्ल

ग.अवन्ती घ.कोलिय

४. बुद्धकालीन जनपदहरू कति प्रकारका छन् ? कुनै १० जनपदहरूको नाम लेख्नुहोस् । ५

५. सच्चक निगण्ठपुत्र को थिए ? ३

६. महाबौद्ध मन्दिरको कलात्मक स्वरूप कस्तो छ ? ३

७. "महाबोधि" को संक्षिप्त परिचय दिनुहोस् । २

**समूह ग. नेपाली विहारहरूको विशेषताहरू** २०

१. पहिलो आयाममा विकसित नेपाली बौद्ध विहारको विशेषताहरुको उल्लेख गर्नुहोस् । ५

२. नेपाली विहारको विशेषता अनुसार दुई तल्ला हुनु पनि हो । चर्चा गर्नुहोस् । ५

३. "आराम" र "विहार" भनेको के हो ? ५

४. लिच्छवीकालीन समयमा बौद्ध विहारको अवस्था कस्तो थियो ? ५

Dhamma.Digital

समाप्त



https://dhamma.digital

अखिल नेपाल भिक्षु महासंघद्वारा संचालित
नेपाल बौद्ध परियत्ति शिक्षा
सद्धम्म पालक उपाधि वर्ष
तृतीय पत्र (नेपाली)
बु.सं. २५५९ (२०७२)

**समय : ३ घण्टा** **पूर्णाङ्क : १००**
**दिन : ७ फागुन २०७२, शुक्रबार** **उत्तीर्णाङ्क : ३५**

## आर्य अष्टांगिक मार्ग

**तलका प्रश्नहरूको उत्तर दिनुहोस् । (कुनै १० वटा मात्र)** १० × ५= ५०

१. आर्य अष्टांगिक आर्यमार्गमा सम्यक्दृष्टिलाई शीर्षस्थानमा राख्नुको कारण के हो?
२. नैष्क्रम्य संकल्प भनेको के हो ? सिद्धार्थ कुमारले कसरी नैष्क्रम्य संकल्प पूर्ण गर्नुभयो ?
३. हिंसाबाट बच्न अहिंसाको शिक्षा आवश्यक हुन्छ। आफ्नै शब्दमा लेख्नुहोस्।
४. सम्यक् आजीविका भनेको के हो र यो पूर्ण हुन् कति वटा अंगले युक्त हुनुपर्छ ?
५. बुद्धको शिक्षाअनुसार मानिसको वीर्य आफ्नो चरित्र पवित्र गर्नुमा हुनुपर्छ किनभने मानिसको चरित्र नै मानव जीवन उन्नति र अवनतिका कारण हो। सम्यक् व्यायामको आधारमा व्याख्या गर्नुहास् ।
६. कायानुपस्सना भनेको के हो ? यसको अभ्यासको प्रकार लेखि कुनै एकको व्याख्या गर्नुहोस् ।
७. सम्यक् स्मृति र सम्यक् समाधि एक अर्काका कसरी परिपूरक हुन्छन् ?
८. मानिसको चरित्र कति प्रकारका छन् ? छोटकरीमा लेख्नुहोस् ।
९. सम्यक् वचनले मानिसलाई कसरी निर्वाणमा पुऱ्याउन सहयोग गरिरहेको हुन्छ ?
१०. दुःख बाट मुक्त गराउने एउटै मात्र मार्ग भनेको आर्य अष्टाङ्गिक मार्ग हो। लेख्नुहोस् ।
११. धर्मलाई जसले राम्ररी बुझ्छ, त्यसले तथागतलाई दर्शन गरेको हुन्छ। यस भनाईलाई पुष्टी गर्नुहोस् ।



https://dhamma.digital

**तलका प्रश्नहरूको उत्तर दिनुहोस् ।**

१. बुद्धकालीन अवस्थामा मगध कस्तो थियो ? ५

२. संक्षिप्त व्याख्या गर्नुहोस् । कुनै दुई वटा मात्र । ६

(क) गन्धार (ख) कोलिय

(ग) काशी (घ) पञ्चाल

३. बुद्धकालीन अवस्थाका प्रदेशको नाम लेख्नुहोस्- ५

४. बुद्धकालीन भौगोलिक अनुसार जनपद कति प्रकारका छन् ? नाम उल्लेख गर्नुहोस् । ८

५. महाबुद्धको बारे छोटो लेख्नुहोस् । ६

## नेपाली विहारहरुको विशेषता

**तलका प्रश्नहरूको उत्तर दिनुहोस् ।** ४×५=२०

१. 'विहार' र 'आरम' भनेको के हो ?-

२. पहिलो आयाममा बनाएको नेपाली विहार कस्तो हुन्थ्यो ?

३. खुल्ला दलान हुनु र विहारको चारैतिर पेटि हुनु विहारको विशेषता हुन् । लेख्नुहोस्-

४. विहारको मुख्य प्रबेश द्वारमा काठको वा ढुंगाको तोरण राख्नुको कारण के हो ?

Dhamma.Digital

समाप्त



https://dhamma.digital

# अखिल नेपाल भिक्षु महासंघद्वारा संचालित
# नेपाल बौद्ध परियत्ति शिक्षा
## प.स.पा.को सद्धम्म उपाधि वर्ष
## बु.सं. २५६० (वि.सं.२०७३)
## तृतीय पत्र (नेपाली )

**समय : ३ घण्टा** **पूर्णाङ्क : १००**

**दिन : २२ माघ, २०७३** **उत्तीर्णाङ्क : ३५**

### समूह 'क' आर्य अष्टांगिक मार्ग (५ वटामात्र) ५×१०=५०

१) आर्यअष्टांगिक मार्गलाई तीन भागमा विभाजन गरी व्याख्या गर्नुहोस् ।

२) आर्यअष्टांगिक मार्गमा सम्यक्दृष्टिलाई शीर्षस्थानमा राख्नुको कारण के होला ?

३) शुद्ध र सत्य मार्ग अवलम्बन गर्नको लागि राम्रो कल्पना वा विचार आवश्यक छ । यसलाई सम्यक् संकल्पका आधारमा ब्याख्या गर्नुहोस् ।

४) सम्यक् वचनले मानिसलाई निर्वाणमा पुऱ्याउन कसरी सहायता गरिरहेको हुन्छ ?

५) मानिसलाई निर्वाणमा पुऱ्याउन सम्यक्व्यायामले कसरी सहायता गरिरहेको हुन्छ ?

६) आधुनिक परिवेशमा सम्यक् आजीवका गर्नु कतिको सम्भव छ ? आफ्नो विचार लेख्नुहोस् ।

### समूह 'ख' बहुजन हिताय बहुजन सुखाय

१) बुद्धकालीन अवस्थामा मण्डल र राजनैतिक शासन पद्धति कति प्रकारका छन् ? नामहरू पनि लेख्नुहोस् । ५

२) १६ जनपदहरूका नाम लेख्नुहोस् । ८

३) अनत्तलक्खण सूत्रको मूल अभिप्राय के हो ? छोटकरीमा लेख्नुहोस् ५

४) संक्षिप्त व्याख्या गर्नुहोस् । कुनै दुई वटा मात्र । ६

क) मगध ख) काशी

ग) मल्ल घ) शाक्य जनपद



https://dhamma.digital

५) अभयराज भन्ने को हुन् र महाबौद्धको जीर्णोद्धार कसरी भयो ? ४

६) बुद्ध धर्मको विशेषता के हो ? बुँदागत रूपमा लेख्नुहोस् । २

## समूह 'ग' नेपाली विहारहरूको विशेषता

१) नेपाली विहारहरूको विशेषता हेरी ग्रन्थसङ्गत भएको कुरा उल्लेख गर्नुहोस् । ५

२) प्राचीन बौद्ध विहार तथा सँस्कृतिसँग तादाम्यता हुने नेपाली विहारहरूको विशेषताहरू बुँदागत रूपमा उल्लेख गर्नुहोस् । ५

३) समयगत र देशगत रूपमा विकसित भएका नेपाली विहारहरूको विशेषताहरू उल्लेख गर्नुहोस् । ५

४) हाल निर्माण भईरहेका विहारहरूलाई पुरातन विहारहरूको विशेषताहरूसँग तुलनात्मक ब्याख्या गर्नुहोस् । ५

**समाप्त**

Dhamma.Digital



https://dhamma.digital

**अखिल नेपाल भिक्षु महासंघद्वारा संचालित**

**नेपाल बौद्ध परियत्ति शिक्षा**

# सद्धम्म पालक उपाधि वर्ष

**बु.सं. २५६१ (वि.सं. २०७४)**

**तृतीय पत्र (नेपाली भाषा)**

**समय : ३ घण्टा** — **पुर्णाङ्क – १००**

**दिन : १८ माघ, २०७४** — **उत्तीर्णाङ्क – ३५**

## आर्य अष्टांगिक मार्ग

**तलका प्रश्नहरुको उत्तर दिनुहोस् । (कुनै १० वटामात्र)** **१०×५ = ५०**

१) आर्यअष्टांगिक मार्गलाई विभाजन गरी स्पष्ट पार्नुहोस् ।

२) आर्य अष्टांगिक आर्यमार्गमा सम्यक्दृष्टिलाई प्रधानता दिनुको कारण के हो ?

३) सकारात्मक विचारले नै सत्यको अन्वेषण गर्न सकिने हुन्छ । यसलाई सम्यक् संकल्पका आधारमा ब्याख्या गर्नुहोस् ।

४) सम्यक् वचनले मानिसलाई निर्वाणमा पुऱ्याउन कसरी सहायता गरिरहेको हुन्छ ?

५) शारिरीक ब्यायामभन्दा मानसिक ब्यायाम अत्यन्त आवश्यक हुन्छ । यसल( ाई सम्यक् ब्यायामको आधारमा विश्लेषण गर्नुहोस् ।

६) 'पैसा नै सबथोक हो' भन्ने आधुनिक परिवेशमा सम्यक् आजीवका गर्नु कतिको सम्भव छ ? आफ्नो विचार लेख्नुहोस् ।

७) सम्यक् आजीविकामा जीवन निर्वाह गर्ने कुनै बौद्ध चरित्रको जीवनी लेख्नुहोस् ।

८) हिंसाबाट बच्न अहिंसाको शिक्षा आवश्यक हुन्छ । आफ्नै शब्दमा लेख्नुहोस् ।

९) इरियापथ कति प्रकारका छन् ? ती के के हुन् ?

१०) द्वेष चरित्रको बारेमा ब्याख्या गर्नुहोस् ।

११) आर्य अष्टांगिक मार्गलाई किन मध्यम मार्ग भनिएको हो ?



https://dhamma.digital

## बहुजन हिताय बहुजन सुखाय

१) १६ जनपदहरुका नाम लेख्नुहोस् । ती मध्ये दुईको संक्षिप्तमा उल्लेख गर्नुहोस् । ८+६=१४

२) अनत्त लक्खण सूत्रको आधारमा संसारलाई कसरी अनित्य भएको प्रस्तुत गरिएको छ ? **५**

३) महाबौद्धको इतिहास छोटकरीमा लेख्नुहोस् । ६

४) बुद्ध धर्मको विशेषता के हो ? बुँदागत रूपमा लेख्नुहोस् । ५

## नेपाली विहारहरुको विशेषता

**तलका प्रश्नहरुको उत्तर दिनुहोस् । ४×५ = २०**

१) नेपाली सास्कृतिक धरोहरको रूपमा रहेको विहारहरुलाई निजीकरण गर्दै लानुमा सास्कृतिक एवम् कलात्मक रूपमा कस्तो असर पर्ने देखिन्छ ?

२) आफुले भ्रमण गरेको कुनै पुरानो विहारको वस्तुस्थिति बारेमा विश्लेषण गर्नुहोस् ।

३) समयगत र देशगत रूपमा विकसित भएका नेपाली विहारहरुको विशेष( ताहरु उल्लेख गर्नुहोस् ।

४) हाल निर्माण भईरहेका विहारहरुलाई पुरातन विहारहरुको विशेषताहरुसँग तुलनात्मक ब्याख्या गर्नुहोस् ।

**समाप्त**

Dhamma.Digital



https://dhamma.digital

**अखिल नेपाल भिक्षु महासंघद्वारा संचालित**
**नेपाल बौद्ध परियत्ति शिक्षा**
**परियत्ति सद्धम्मपालक उपाधि वर्ष**
**बु.सं. २५६२ (वि.सं.२०७५)**
**तृतीय पत्र (नेपाली)**

**समय : ३ घण्टा** — **पूर्णाङ्क : १००**
**दिन : १६ माघ, २०७५** — **उत्तीर्णाङ्क : ३५**

## समूह "क" आर्य अष्टाङ्गिक मार्ग

**तलका प्रश्नहरूको उत्तर दिनुहोस्। (कुनै १० वटा मात्र)** **१०×५ = ५०**

१. सम्यक् वचनको महत्व देखाउँदै यसले मानिसलाई निर्वाणसम्म पुऱ्याउन कसरी सहयोग गरिराखेको हुन्छ ? लेख्नुहोस्।
२. नैष्क्रम्य संकल्प भनेको के हो ? सिद्धार्थ कुमारले नैष्क्रम्य संकल्प कसरी पूर्ण गर्नु भयो ?
३. हिंसाबाट बच्न अहिंसाको शिक्षा आवश्यक हुन्छ। आफ्नै भाषामा लेख्नुहोस्।
४. सम्यक आजीविका भनेको के हो ? सम्यक आजीविका निर्वाह गर्ने बौद्ध चरित्रको जीवनी लेख्नुहोस्।
५. अव्यापाद संकल्प भन्नाले के बुझिन्छ ? अव्यापादको कारण माझीले के कस्तो पश्चाताप भोग्नु पऱ्यो ?
६. सम्यक व्यायाम भन्नाले के बुझिन्छ ? यसका अंगहरूबारे उल्लेख गर्नुहोस्।
७. प्रतिकूल मनसिकार भनेको के हो ? लेख्नुहोस्।
८. कायानुपस्सना भनेको के हो ? यसको अभ्यासको प्रकार लेखी कुनै एकको व्याख्या गर्नुहोस्।
९. प्रथम ध्यान भन्नाले के बुझिन्छ ? कुन कुन ध्यान अंगले पूर्ण हुनुको साथै कुन कुन नीवरणलाई हटाउँछन् ?
१०. मानिसको चरित्र कति प्रकारका छन् ? छोटकरीमा लेख्नुहोस्।
११. धर्मलाई जसले राम्ररी बुझ्छ त्यसले तथागतलाई दर्शन गरेको हुन्छ। यस भनाईलाई पुष्टी गर्नुहोस्।



https://dhamma.digital

## समूह "ख" बहुजन हिताय बहुजन सुखाय

**तलका प्रश्नहरूको उत्तर दिनुहोस् ।** **५×६ = ३०**

१. बुद्धकालीन अवस्थामा मगध राज्य कस्तो थियो ? ५

२. १६ वटा जनपदहरूको नाम लेख्नुहोस् । ८

३. संक्षिप्तमा व्याख्या गर्नुहोस् । (कनै २ वटा मात्र) ६

क) काशी ख) कोलिय

ग) शाक्य जनपद घ) पञ्चाल

४. अनत्तलक्खण सूत्रको मूल अभिप्राय के हो ? छोटकरीमा लेख्नुहोस् । ५

५. महाबौद्धको इतिहास छोटकरीमा लेख्नुहोस् । ६

## समूह "ग" नेपाली विहारहरूको विशेषता

**तलका प्रश्नहरूको उत्तर दिनुहोस् ।** **४×५ = २०**

१. पहिलो आयाममा बनाएको नेपाली विहार कस्तो हुन्थ्यो ?

२. आफूले भ्रमण गरेको कुनै पुरानो विहारको वस्तुस्थिति बारेमा विश्लेषण गर्नुहोस् ।

३. खुला दलान हुनु र विहारको चारैतिर पेटि हुनु विहारको विशेषता हुन् । लेख्नुहोस् ।

४. समयगत र देशगत रूपमा विकसित भएको नेपाली विहारहरूको विशेष( ताहरू उल्लेख गर्नुहोस् ।

Dhamma.Digital

समाप्त



https://dhamma.digital

अखिल नेपाल भिक्षु महासंघद्वारा संचालित

**नेपाल बौद्ध परियत्ति शिक्षा**

**सद्धम्मपालक उपाधि वर्ष**

बु.सं. २५५८ (वि.सं. २०७१)

**चतुर्थ पत्र (नेपाली)**

समय : ३ घण्टा | पूर्णाङ्क : १००

दिन : | उत्तीर्णाङ्क : ३५

## समूह 'क'

**प्र.नं. १ तलका प्रश्नहरुको उत्तर दिनुहोस् (कुनै पाँच वटा मात्र) (८× ५=४०)**

क) बुद्धधर्मको क्षेत्रमा डा. मललशेखरको योगदान कहिल्यै बिर्सन नसकिने स्थितिमा रहेको छ। व्याख्या गर्नुहोस्।

ख) नेपालको थेरवाद बुद्धशासनको इतिहासमा ऊ. चन्द्रमणि महास्थविर एक अविस्मरणीय व्यक्तित्वको रुपमा कसरि चिनिन्छ । लेख्नुस्।

ग) नेपालमा थेरवाद बुद्धधर्म पुनरुत्थान गर्नमा भिक्षु नारद महास्थविरको नेपाल भ्रमण बारे चर्चा गर्नुहोस्।

घ) बुद्धधर्मको व्यापक प्रचारप्रसार गर्ने महानुभावहरुमा विपश्यनाचार्य भद्दन्त ऊ. शोभन महास्थविर (महाशी सयादो) एक प्रमुख व्यक्तित्व हुनुहुन्छ। व्याख्या गनुस्।

ङ) सोमदेच् फ्रा. ञाणसंवर महास्थविरले नेपालको बुद्ध शासनमा गर्नुभएको योगदान बारे चर्चा गर्नुस्।

च) नेपालमा बिश्व शान्ति स्तूप निर्माणकार्यमा तत्कालिन प्रशासन पक्षबाट कस्ता बाधाहरु व्यहोर्नुपऱ्यो ? समीक्षा गर्नुहोस्।

## समूह 'ख'

**प्र.नं. २ "दश संयोजन रुपी बन्धनलाई चुँडाल्न सकेमा संघर्षमय जीवनबाट मुक्त हुन सकिन्छ" भन्ने भनाइलाई ग्रन्थको आधारमा प्रष्ट गर्नुहोस्। (१०)**

**प्र.नं. ३ सीलब्बतपरामास संयोजन के लाई भनिन्छ ? ग्रन्थको आधारमा कथा सहित व्याख्या गर्नुहोस्। (१०)**



https://dhamma.digital

**प्र.नं. ४ निम्न संयोजनहरु बारेमा छोटकारी व्याख्या लेख्नुहोस । (३ वटा मात्र)**
**५ × ३ = १५**

क) विचिकिच्छा
ख) रुपराग
ग) अरुपराग
घ) उद्धच्च

## समूह 'ग'

**प्र.नं. ५ तलका प्रश्नहरुको उत्तर लेख्नुहोस् । (६ × ५ = ३०)**

क) बिम्बिसार राजाको पुत्रको नाम कसरी अजातशत्रु रहन गयो ? वर्णन गर्नुहोस ।

ख) बिम्बिसार राजाको पुत्रस्नेह र अजातशत्रुको बाल्यकालको वर्णन गर्नुहोस् ।

ग) कसरी अजातशत्रुको संगत देवदत्तसँग हुन पुग्यो र यसबाट देवदत्तलाई कस्तो फाइदा भयो ?

घ) अजातशत्रुको युद्ध कोशल राजासँग कसरी हुन पुग्यो र कसरी त्यो युद्धको समाधान भयो ?

ङ) पितृहत्याको षड्यन्त्रमा विजय भएका अजातशत्रुको मनमा कसरी शान्ति भएन ? वर्णन गर्नुहोस् ।

च) राजा अजातशत्रुले बुद्ध धर्ममा उपासकत्व ग्रहण गरी बुद्धशासन चिरस्थायी गर्न कस्तो योगदान गरे ?

**☸ समाप्त ☸**



https://dhamma.digital

अखिल नेपाल भिक्षु महासंघद्वारा संचालित
नेपाल बौद्ध परियत्ति शिक्षा
सद्धम्मपालक उपाधि वर्ष
बु.सं. २५५९ (वि.सं.२०७२)
चतुर्थ पत्र (नेपाली )

**समय : ३ घण्टा** | **पूर्णाङ्क : १००**
**दिन : ८ फागुन २०७२** | **उत्तीर्णाङ्क : ३५**

**प्र.नं. १. तलका प्रश्नहरूको उत्तर दिनुहोस् । (५ वटा मात्र)** ५x८=४०

क) विश्वभरमा सतिपट्ठान भावनाको प्रचार प्रसारमा महासि सयादो एक अग्रणी व्यक्तित्व हुनुहुन्छ । यस कुरालाई कसरी पुष्टि गर्नु हुन्छ ?

ख) नेपालमा थेरवाद बुद्धशासन स्थापना गर्नमा भिक्षु चन्द्रमणि महास्थविरको उल्लेखनीय कार्य संक्षिप्तमा बयान गर्नुहोस् ।

ग) भिक्षु नारद महास्थविरको पहिलो नेपाल यात्रा नेपालमा बुद्धधर्म पुनर्स्थापनार्थ र प्रचार प्रसारार्थ किन महत्वपूर्ण मान्न सकिन्छ ? लेख्नुहोस् ।

घ) विश्वमा विद्यमान हिंसा र अशान्ति हटाउन भिक्षु निचिदात्सु फुजी गुरूजीले दिनु भएको योगदानहरू उल्लेख गर्नुहोस् ।

ङ) नेपालमा विश्व शान्ति स्थूप निर्माण कार्यमा तत्कालिन प्रशासन पक्षबाट कस्ता बाधाहरू व्यहोर्नुपर्यो ? समीक्षा गर्नुहोस् ।

च) विश्व बौद्ध भातृत्व संघका संस्थापक प्रो. मललशेखरको छोटो परिचय दिई त्यस संस्थाको उद्देश्य प्रकाश पार्नुहोस् ।

**प्र.नं. २. तलका प्रश्नको उत्तर दिनुहोस् । (३ वटा मात्र)** ३x५=१५

क) दश संयोजन भन्नाले के के बुझाउँछ ? क्रमिक रूपमा लेख्नुहोस् ।

ख) चार आर्य सत्यको यथार्थ अवबोधद्वारा नै अविद्यारूपी संयोजन निर्मूल हुन्छ भन्ने कुरा ग्रन्थको आधारमा प्रष्ट गर्नुहोस् ।

ग) मैत्री भावनाका आनिशंसबारे उल्लेख गर्नुहोस् ।

घ) प्रथम ध्यानका पाँच अंगहरू उल्लेख गरी लोभ, द्वेष र मोहको कारणले गर्दा उत्पन्न हुने शंकाहरू कुन कुन हुन् ? लेख्नुहोस् ।



https://dhamma.digital

**प्र.नं. ३. छोटकरीमा लेख्नुहोस् (३ वटा मात्र)** ३x५=१५

क) सक्कायदिट्ठि ख) सीलब्बतपरामस

ग) पटिघ घ) मान

**प्र.नं४) तलका प्रश्नहरुको उत्तर लेख्नुहोस् (५ वटा मात्र)** **५×६ = ३०**

(क) देवदत्तले अजातशत्रुलाई किन आफ्नो हातमा लियो ? चर्चा गर्नुहोस् ।

(ख) अजातशत्रुले आफ्नो पितालाई हत्या गरे पश्चात उसमा कस्तो मानसिक अशान्ति पर्यो ?

(ग) कोशल राजा र अजातशत्रु बिच के कारणले युद्ध भएको थियो ? स्पष्ट पार्नुहोस् ।

(घ) पुत्रमोहले गर्दा बिम्बिसार राजाले के कस्तो कष्ट सहनु पर्यो ? सप्रसंग लेख्नुहोस् ।

(ङ) राजा अजातशत्रुले बुद्धधर्मको महत्व बुझी बुद्ध शासन चिरस्थायी गर्न कस्तो योगदान गर्नुभयो ?

(च) धातु पूजा र स्थूप निर्माण बारेमा वर्णन गर्नुहोस् ।

समाप्त

Dhamma.Digital



https://dhamma.digital

अखिल नेपाल भिक्षु महासंघद्वारा संचालित
नेपाल बौद्ध परियत्ति शिक्षा
सद्धम्मपालक उपाधि वर्ष
बु.सं. २५६० (वि.सं.२०७३)
चतुर्थ पत्र (नेपाली)

समय : ३ घण्टा | पूर्णाङ्क : १००
दिन : २२ माघ, २०७३ | उत्तीर्णाङ्क : ३५

## समूह 'क'

**प्र.नं. १ तलका प्रश्नहरुको उत्तर दिनुहोस् (कुनै पाँच वटा मात्र) ५×८=४०**

क) नेपालमा थेरवाद बुद्धधर्म पुनर्स्थापना गर्नको लागि भिक्षु नारद महास्थविरले कस्तो योगदान दिनुभएको थियो ?

ख) प्रो मललशेखरको नेतृत्वमा स्थापित विश्व बौद्ध भातृत्व संघको परिचय सहित सो संस्थाले आयोजना गरेका विश्व बौद्ध सम्मेलनहरुको चर्चा गर्नुहोस् ।

ग) बर्माका भद्दन्त महासी सयादोले राष्ट्रिय एवं अन्तर्राष्ट्रिय रुपमा सतिपट्ठान विपस्सना भावनालाई प्रचारप्रसार गर्नमा ठूलो योगदान पु-याउनु भएको छ । प्रष्ट पार्नुहोस् ।

घ) भिक्षु चन्द्रमणि महास्थविरले नेपालमा बुद्धधर्म पुनरुत्थानको लागि गर्नुभएको कार्यहरुको विवेचना गर्नुहोस् ।

ङ) नेपाल भ्रमणमा आउनु भएका सोमदेच् फ्रा. ञाणसंवर महास्थविर समक्ष भिक्षु अमृतानन्द महास्थविरले नेपालमा बुद्धधर्म प्रचार प्रसारको निम्ति थाइलैण्डको तर्फबाट कस्तो सहयोगको प्रस्ताव गर्नुभएको थियो ?उल्लेख गर्नुहोस् ।

च) विश्वमा विद्यमान हिंसा र अशान्ति हटाउन भिक्षु निचिदात्सु फुजी गुरुजीले दिनुभएको योगदानहरु उल्लेख गर्नुहोस् ।

## समूह 'ख'

**प्र.नं. २ तलका प्रश्नहरुको उत्तर दिनुहोस् (कुनै तीन वटा मात्र) ३×१०=३०**

क) "चार आर्य सत्यको यथार्थ अवबोधद्वारा नै अविद्यारुपी संयोजन निर्मूल हुन्छ ।" पुष्टि गर्नुहोस् ।



https://dhamma.digital

ख) स्रोतापन्न व्यक्ति कुन कुन संयोजनहरुबाट मुक्त हुन्छन् ,चर्चा गर्नुहोस् ।

ग) द्वेषी व्यक्तिमा घृणा र क्रोध उत्पन्न हुने तरिका उल्लेख गर्दै सो शान्त गर्ने उपाय लेख्नुहोस् ।

घ) मानव समाजमा अहंकारले(मान) गर्दा कसरी द्वन्द भईरहेको हुन्छ ? ग्रन्थको आधारमा प्रष्ट पार्नुहोस् ।

## समूह 'ग'

**प्र.नं. ३ तलका प्रश्नहरुको उत्तर लेख्नुहोस् । (कुनै पाँच वटा मात्र) ६×५=३०**

क) कोशलदेवीले आफ्नो कोखमा रहेको बच्चालाई किन र कसरी मार्ने प्रयत्न गरे ?

ख) राजा बिम्बिसारको पुत्र स्नेहलाई चित्रण गर्नुहोस् ।

ग) देवदत्तको खराब संगतमा परेका अजातशत्रुले कस्ता कुकर्महरु गरे ?

घ) कोशल राजा र अजातशत्रु बिच के कारणले युद्ध भएको थियो ? स्पष्ट पार्नुहोस् ।

ङ) अजातशत्रु राजामा भगवान बुद्धलाई भेट्ने इच्छा किन उत्पन्न भयो ? उनको इच्छा पूरा गर्नमा राजवैद्य जीवकको भूमिका कस्तो रह्यो ?

च) धर्मसंगायन गर्नमा राजा अजातशत्रुको योगदानबारे चर्चा गर्नुहोस् ।

**☸समाप्त☸**

Dhamma.Digital



https://dhamma.digital

अखिल नेपाल भिक्षु महासंघद्वारा संचालित

नेपाल बौद्ध परियत्ति शिक्षा

# सद्धम्मपालक उपाधि वर्ष

बु.सं. २५६१ (वि.सं. २०७४)

चतुर्थ पत्र (नेपाली भाषा)

समय : ३ घण्टा — पुर्णाङ्क – १००

दिन : २० माघ, २०७४ — उत्तीर्णाङ्क – ३५

## समूह 'क'

**प्र.नं.१. तलका प्रश्नहरूको उत्तर दिनुहोस् । (४ वटा मात्र) ४×१० = ४०**

क. नारद महास्थविरको नेपाल यात्रा बारे लेख्नुहोस् ।

ख. विश्वभर सतिपट्ठान भावनाको प्रचार प्रसारमा महासि सयादोको योगदान प्रष्ट पार्नुहोस् ।

ग. नेपालको प्रायःजसो भिक्षु एवं अनागारिकाहरूका जन्मदाता भिक्षु चन्द्रमणि महास्थविर हुनुहुन्छ । प्रष्ट पार्नुहोस् ।

घ. सोमदेच फ्रा ञाणसंवरको नेपाल यात्रा संगै भिक्षु अमृतानन्दको नेपालमा बुद्धधर्म सम्बन्धीको प्रस्ताव बारे उल्लेख गर्नुहोस् ।

ङ. निचिदात्सु फुजी गुरुजीको विश्व शान्ति स्तूपको निर्माण कार्य बारे उनको जीवनीको आधारमा लेख्नुहोस् ।

## समूह 'ख'

**प्र.नं.२. तलका प्रश्नहरूको उत्तर दिनुहोस् । (कुनै ५ वटा मात्र) ५×६ = ३०**

क. अन्तो जटा बहि जटा ........बिजटये जटं ? यो गाथाको अर्थ सहित बुद्धले दिनुभएको जवाफ बारे लेख्नुहोस् ।

ख. हाम्रो समाजमा विद्यमान अन्धविश्वास बारे छोटकरीमा लेख्नुहोस् ।

ग. क्रोधरूपी रोगको औषधी के हो ? व्याख्या गर्नुहोस् ।।चाखख

घ. प्रथम ध्यानको पाँच अङ्ग बारे प्रष्ट पार्नुहोस् ।

ङ. अविद्या संयोजनको व्याख्या गर्नुहोस् ।

च. श्रोतापत्ति, सकदागामि, अनागामि र अर्हतले काट्ने दश संयोजन कुन कुन हुन् ?



https://dhamma.digital

## समूह 'ग'

**प्र.नं.३. तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् ।** **५×५ = २५**

क. पुत्र स्नेहमा मुग्ध भएका राजा बिम्बिसारले धर्मोपदेशमा चासो नदिंदा बुद्धले कुन कुन जातक सुनाउनु भयो ? त्यस जातकमा के दर्शाएको छ ?

ख. लाभसत्कार प्राप्त गर्नको लागि देवदत्तले के गरेका थिए ? अजातशत्रुले देवदत्तको सत्कारका लागि गरेको कार्य लेख्नुहोस् ।

ग. "तपाई मूसालाई लुगाभित्र राखी खुब गरे भन्नुहुन्छ" यो भनाई कुन प्रसङ्गमा भनिएको हो ? प्रष्ट पार्नुहोस् ।

घ. कोशलदेवीले आफ्नो श्रीमानप्रति गरेको मर्माहित योगदान बारे लेख्नुहोस् ।

ङ. धर्मसंगायन गर्नमा राजा अजातशत्रुको योगदान बारे चर्चा गर्नुहोस् ।

**प्र.नं.४. छोटकरीमा उत्तर दिनुहोस् ।** **५×१ = ५**

क. अजातशत्रु सानो हुंदा बाबुसंग बुद्ध दर्शन गर्नजाने कुरा के मा उल्लेख गरेको छ ?

ख. राजा बिम्बिसारले सानै उमेरमा अजातशत्रुलाई कुन पदले विभूषित गरेका थिए ?

ग. बिम्बिसार राजा मरणोपरान्त कुन यक्ष (देवता) भई उत्पन्न भएका थिए ?

घ. जातक अट्ठकथा अनुसार अजातशत्रुको श्रीमती र छोराको नाम लेख्नुहोस् ।

ङ. अजातशत्रुले आफ्नो जीवनकालमा कति वर्ष राज्य चलाएका थिए ?

समाप्त



https://dhamma.digital

अखिल नेपाल भिक्षु महासंघद्वारा संचालित

**नेपाल बौद्ध परियत्ति शिक्षा**

**सद्धम्मपालक उपाधि वर्ष**

बु.सं. २५६२ (वि.सं. २०७५)

**चतुर्थ पत्र (नेपाली)**

समय : ३ घण्टा | पूर्णाङ्क : १००

दिन : २३ माघ, २०७५ | उत्तीर्णाङ्क : ३५

## समूह 'क'

**प्र.नं.१ तलका प्रश्नहरुको उत्तर दिनुहोस् ( ४ वटा मात्र) (४×१०=४०)**

क) नेपालमा थेरवाद बुद्धधर्म पुनरुत्थानका लागि भिक्षु चन्द्रमणि महास्थविरले गर्नुभएका उल्लेख्य कार्यहरुको चर्चा गर्नुहोस् ।

ख) भिक्षु नारद महास्थविर बारम्बार नेपाल भ्रमण गरी नेपालको बुद्धशासनिक कार्यमा योगदान गर्ने एक हितैषी भिक्षु हुनुहुन्छ । प्रष्ट पार्नुहोस् ।

ग) प्रो. मललशेखरको छोटो परिचय सहित वहाँले बौद्ध साहित्यिक क्षेत्रमा गर्नुभएको योगदान बारे चर्चा गर्नुहोस् ।

घ) बर्माका भद्दन्त ऊ. शोभन महास्थविरले विश्वभर सतिपट्ठान विपस्सना भावनाको प्रचार प्रसार गर्नमा पुऱ्याउनुभएको योगदान बारे उल्लेख गर्नुहोस् ।

ङ) पोखरामा बिश्व शान्ति स्तूप निर्माण कार्यमा निचिदात्सु फुजी गुरुजीको भूमिका तथा तत्कालिन प्रशासन पक्षबाट दिइएका बाधा अड्चन सम्बन्धमा समीक्षा गर्नुहोस् ।

## समूह 'ख'

**प्र.नं.२ तलका प्रश्नहरुको उत्तर दिनुहोस् । ( कुनै दुई वटा मात्र ) (२×१० =२०)**

क) चित्त अस्थिर पार्ने स्वभाव भएको विचिकिच्छा संयोजन उत्पन्न भएमा के कस्ता बिषयहरुमा शंका उत्पन्न हुन्छ ब्याख्या गर्नुहोस् ।

ख) द्वेषी व्यक्तिमा घृणा र क्रोध उत्पन्न हुने तरीका उल्लेख गर्दै सो शान्त गर्ने उपाय लेख्नुहोस् ।



https://dhamma.digital

ग) मानिस पतन हुने विभिन्न कारणहरु मध्ये उसमा विद्यमान मान अर्थात् अहंकार पनि एक हो । अभिमानी मानिसहरुलाई कति भागमा विभाजन गरिएको छ उल्लेख गर्नुहोस् ।

**प्र.नं.३ निम्न संयोजनहरु बारेमा छोटकारी व्याख्या गर्नुहोस । (२ वटा मात्र)**

**५×२=१०**

क) सत्कायदृष्टि

ख) सीलब्बतपरामास

ग) उद्धच्च

## समूह 'ग'

**प्र.नं.४ तलका प्रश्नहरुको उत्तर लेख्नुहोस् । (५ वटा मात्र) (५×६=३०)**

क) कोशलदेवीले आफ्नो कोखमा रहेको बच्चालाई किन र कसरी मार्ने प्रयास गरिन् ?

ख) बिम्बिसार राजाको पुत्रस्नेह र अजातशत्रुको बाल्यकालको वर्णन गर्नुहोस् ।

ग) अजातशत्रु र देवदत्तले आ-आफ्ना स्वार्थ सिद्ध गर्नका लागि गरिएका कुकृत्यहरु उल्लेख गर्नुहोस् ।

घ) पुत्रस्नेहबाट हर्षित अजातशत्रु राजामा अकस्मात् कसरी पितृस्नेह उत्पन्न भयो ?

ङ) पितृहत्या पश्चात् मानसिक अशान्ति भोग्नु परेका राजा अजातशत्रु अन्तत बुद्धोपासक बने प्रष्ट पार्नुहोस् ।

च) बुद्धशासन चिरस्थायी गर्ने हेतुले आयोजना गरेको ऐतिहासिक धर्म संगायन गर्नमा राजा अजातशत्रुको कस्तो योगदान रह्यो ?

**☸ समाप्त ☸**



https://dhamma.digital

अखिल नेपाल भिक्षु महासंघद्वारा संचालित

**नेपाल बौद्ध परियत्ति शिक्षा**

**सद्धम्मपालक उपाधि वर्ष**

बु.सं. २५६५ (वि.सं. २०७८)

**तृतीय पत्र (नेपाली)**

समय : ३ घण्टा — पूर्णाङ्क : १००

दिन : १९ चैत्र, २०७८ — उत्तीर्णाङ्क : ३५

## समूह क "आर्यअष्टागिक मार्ग"

**१) तलका प्रश्नहरुको उत्तर दिनुहोस् । (१० वटा मात्र) १०×५=५०**

क) आर्य अष्टागिंक मार्गलाई शील, समाधि र प्रज्ञाका दृष्टिकोणले सविस्तार उल्लेख गर्नुहोस् ।

ख) दृष्टि (सम्यक् वा मिथ्या) नै दुःखबाट मुक्तिको लागि पहिलो खुड्किलो कसरी हुन जान्छ ?

ग) सम्यक् दृष्टि र मिथ्यादृष्टिमा फरक छुट्याउनुहोस् ।

घ) के संकल्पविना उद्देश्य प्राप्त गर्न सकिएला ? उदाहरणसहित लेख्नुहोस् ।

ङ) वचनबाट हुन सक्ने पापकर्महरू बारे उल्लेख गर्दै बोधिसत्वहरूले जस्तो परिस्थितिमा पनि यो शीलको पालना किन गर्नुभयो होला ?

च) दश कुशल कर्महरूको आधारमा सम्यक कर्मान्तलाई विश्लेषण गर्नुहोस् ।

छ) कस्तो जिविकालाई सम्यक् आजिविका भन्न सक्छौं ?

ज) आजको विषम परिस्थितिमा सम्यक् आजिविका सम्भाव्यताबारे आफ्नो विचार लेख्नुहोस् ।

झ) नकारात्मक सोचबाट सकारात्मक सोचमा परिवर्तन ल्याउन सम्यक् व्यायामले कस्तो भूमिका खेल्न सक्छ ?

ञ) स्मृतिले हामीलाई भूत र भविष्यत्मा नभई वर्तमान कालमा ध्यान दिन सघाउँछ, काय, वेदना, चित्त र धर्मको आधारमा व्याख्या गर्नुहोस् ।

ट) ध्यानभावनाबाट हुने समाधिको विकासक्रम उल्लेख गर्नुहोस् ।

## समूह ख "बहुजन हिताय बहुजन सुखाय"

**२) तलका प्रश्नहरुको उत्तर लेख्नुहोस् । ५×६=३०**

क) बुद्धकालीन अवस्थाका द्वीपहरू बारेमा चर्चा गर्नुहोस् ।



https://dhamma.digital

ख) १६ जनपदहरूको नाम उल्लेख गर्नुहोस् ।

ग) संक्षिप्तमा व्याख्या गर्नुहोस् । (कुनै २ वटा)

१) पावा — २) शाक्यजनपद

२) मगध — ३) बैशाली

घ) अनित्यका लक्षणहरू के के हुन् ? अनत्तलक्खण सुत्तमा आधारमा लेख्नुहोस् ।

ङ) पाटनस्थित महाबौद्धको इतिहास लेर्ख्नुहोस् ।

## समूह ग "नेपाली विहारहरुको विशेषता"

**३) तलका प्रश्नहरुको उत्तर लेख्नुहोस् ।** **४×५=२०**

क) विभिन्न आयामबाट नेपाली विहारहरूको चर्चा गर्नुहोस् ।

ख) आराम र विहारबीच फरक छुट्याउनुहोस् ।

ग) समयसापेक्ष विहारहरूमा आएको विशेषताहरु उल्लेख गर्नुहोस् ।

घ) देश देशान्तर विहारहरूको निर्माण तथा तिनीहरूबीचमा कसरी भिन्नता आयो ?

नेपाली विहारहरू विशेषताको आधारमा उल्लेख गर्नुहोस् ।

समाप्त



Dhamma.Digital
https://dhamma.digital

अखिल नेपाल भिक्षु महासंघद्वारा संचालित

**नेपाल बौद्ध परियत्ति शिक्षा**

**सद्धम्मपालक उपाधि परिक्षा (कक्षा ७)**

बु.सं. २५६५ (वि.सं. २०७८)

**चतुर्थ पत्र (नेपाली)**

समय : ३ घण्टा — पूर्णाङ्क : १००

दिन : २६ चैत्र, २०७८ — उत्तीर्णाङ्क : ३५

## समूह 'क' बौद्ध जगतका प्रशिद्ध व्यक्तित्वहरु

**प्र.नं. १ तलका प्रश्नहरूको उत्तर दिनुहोस् (कुनै चार वटा मात्र) ४x१०=४०**

क) भिक्षु नारद महास्थविरको परिचयसहित नेपालमा थेरवाद बुद्धधर्म पुनर्स्थापना गर्नमा वहाँको योगदान बारे चर्चा गर्नुहोस् ।

ख) महासि सयादोको नामले चिनिने भद्दन्त ऊ शोभन महास्थविरको संक्षिप्त जीवनी तथा कृतित्व बारेमा चर्चा गर्नुहोस् ।

ग) नेपालको बौद्ध इतिहासमा थेरवादी प्रब्रजित जनशक्ति निर्माण गर्नमा भिक्षु चन्द्रमणि महास्थविरको देनबारे प्रकाश पार्नुहोस् ।

घ) बौद्ध जगतका लागि प्रो. मललसेखरले प्राज्ञिक स्तरमा गर्नुभएका कार्यहरू उल्लेख गर्नुहोस् ।

ङ) विश्वमा विद्यमान हिंसा र अशान्ति हटाउन भिक्षु निचिदात्सु फुजी गुरुजीले दिनु भएको योगदान बारे चर्चा गर्नुहोस् ।

## समूह 'ख' दश संयोजन

**प्र.नं.२. तलका प्रश्नहरूको उत्तर दिनुहोस् (कुनै दुई वटा मात्र) २x१०=२०**

क) शीलव्रतपरामार्श संयोजनयुक्त व्यक्तिले गर्ने मिथ्या आचरण र त्यस सम्बन्धी सान्दर्भिक बुद्धकालीन घटनालाई उल्लेख गर्नुहोस् ।

ख) उद्धच्च संयोजनले जकडिएको व्यक्तिको मानसिक स्थिति कस्तो हुन्छ उदाहरणसहित उल्लेख गर्दै सो निर्मूलनका लागि उपायहरू प्रस्तुत गर्नुहोस् ।

ग) अनागामी आर्यपुद्गल कतिवटा संयोजनबाट मुक्त भएको हुन्छ ? ती संयोजनहरूको संक्षेपमा व्याख्या गर्नुहोस् ।



https://dhamma.digital

**प्र.नं.३. छोटकरीमा व्याख्या गर्नुहोस् । (कुनै दुईवटा मात्र)** २x५=१०

क) मान

ख) मैत्री भावनाबाट प्राप्त हुने लाभहरू

ग) अविद्या

**समूह 'ग' अजातशत्रु**

**प्र.नं. ४ तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् । (कुनै पाँच वटा मात्र) ५x६=३०**

क) राजा बिम्बिसारको पुत्र मोह र पुत्र स्नेहबारेमा चर्चा गर्नुहोस् ।

ख) देवदत्तले आफनो लाभसत्कारको लागि अजातशत्रुलाई कसरी प्रभाव पारेका थिए ? उनको योजनामा अजातशत्रुले कसरी सहयोग गरे ?

(ग) समय समयमा युद्ध गरिरहेका कोशल राजा र अजातशत्रुबीच कसरी मित्रता कायम हुनपुग्यो ? स्पष्ट पार्नुहोस् ।

घ) अजातशत्रुले आफ्नो पितालाई हत्या गरे पश्चात् कस्तो मानसिक अशान्ति भोग्नुपर्यो ?

ङ) भगवान् बुद्धको उपदेश सुन्न इच्छुक अजातशत्रुलाई जीवक बैद्यले कुन तरीकाले बुद्धसमक्ष लगे ? लेख्नुहोस् ।

च) पहिलो धर्मसंगायन गर्नमा राजा अजातशत्रुको योगदान बारे चर्चा गर्नुहोस् ।

समाप्त

Dhamma.Digital



https://dhamma.digital